'पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार'

# SOUVENIR

## 12th LIBRARY DAY

2019




# स्मारिका

## बाह्रौं पुस्तकालय दिवस

२०७६

बाह्रौं पुस्तकालय दिवस २०७६ का अवसरमा मेरो पुस्तकालय शिर्षकमा आयोजित विद्यालय स्तरीय चित्रकला प्रतियोगितामा यु.के.जी. देखि कक्षा ४ सम्मका प्रतियोगि बिच प्रथम स्थान हासिल गर्न सफल चित्र



समिक्षा भुजेल, कक्षा ३, प्याराडाइज स्कूल

# LIBRARY DAY

# SOUVENIR

# 2019

# स्मारिका

## बाह्रौं पुस्तकालय दिवस

## २०७६

**Publisher**

Twelveth Library Day Main Organizing Committee

# LIBRARY

# SOUVENIR

**2019 (2076)**

# स्मारिका

## बाह्रौं पुस्तकालय दिवस

**२०७६**

## सम्पादन समूह

याद्‌वचन्द्र निरौला - संयोजक

लिला न्याईच्याई - सदस्य

प्रविण पौडेल - सदस्य


**प्रकाशक** : **बाह्रौं पुस्तकालय दिवस मूल आयोजक समिति**

**कभर पेन्टिङ** : **आर्या महर्जन**, कक्षा-८, सेन्ट मेरिज हाई स्कूल
(बाह्रौं पुस्तकालय दिवस २०७६ का अवसरमा हाम्रो पुस्तकालय शीर्षकमा आयोजित विद्यालयस्तरीय चित्रकला प्रतियोगितामा ५ कक्षा देखि १० सम्मका प्रतियोगि बिच प्रथम स्थान हासिल गर्न सफल चित्र)

**डिजाइन/लेआउट**: **नीरज थापा**, ९८६९३२७०१२

**मुद्रण** : **सोपान प्रेस प्रा.लि.**
डिल्लीबजार, काठमाडौं, फोन नं. ०१-४४४२२०६

नेपाल सरकार


मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :-

चलानी नं.:-

मिति २०७६/०५/१२

विषय :- **शुभकामना**

बाह्रौं पुस्तकालय दिवसको अवसरमा पठन संस्कृति, पुस्तकालय तथा सूचना सेवासँग सम्बन्धित विभिन्न लेख, रचनाहरू समावेश गरेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

पठन संस्कृतिको विकास गर्नका लागि सबै खालका भौतिक पूर्वाधार भएका सार्वजनिक पुस्तकालयहरूको विकास र विस्तार गर्नु आवश्यक छ । संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार विगतमा स्थापना भएका सार्वजनिक तथा सामुदायिक पूस्तकालयहरूको प्रभावकारी ब्यवस्थापन गर्न र नयाँ स्थानमा यस्ता पुस्तकालयहरूको स्थापना गरी सेवा प्रवाह गर्न प्रयासरत रहेको अवस्था छ

पुस्तकालय दिवस मनाउन थालेको एघार वर्ष पुरा हुँदा यस दिवसको महत्व उजागर भएको छ । समयको मागसँगसँगै पुस्तकालयले पनि आफूले प्रदान गर्नसक्ने र गरिरहेका काममा विविधता ल्याउनु र समयानुकूल प्रविधिमैत्री समेत बनाउनु आवश्यक छ । **"पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार"** आदर्श वाक्यसहित मुलुकभर विविध कार्यक्रमहरूको आयोजना गरी मनाउनका लागि केन्द्रमा गठन भएको मूल समारोह समिति लगायत सबै प्रदेशस्तर र स्थानीय तहका निकायहरूमा समेत पुस्तकालय दिवस भब्य रूपमा मनाइने कुरामा म विस्वस्त छु । दिवसले जीवनपर्यन्त शिक्षा तथा दीगो विकासका लक्ष्यहरु हाँसिल गर्न सहयोग पुऱ्याउने कुरामा सुविधासम्पन्न पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्न सरोकारवालाहरूलाई अभिप्रेरित गर्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, पुस्तकालय दिवसको अवसरमा प्रकाशित यस स्मारिकामा समावेश हुने विभिन्न सिर्जनाहरूले अन्तरनिहित क्षमता प्रष्फुटन र सिर्जनशिलता एवम् पठन संस्कृतिको विकास र विस्तारमा मद्दत पुग्ने अपेक्षा सहित प्रकाशन निरन्तरताको कामना गर्दछु । हार्दिक शुभकामना !

गिरिराजमणि पोखरेल
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०७६।०५।११

**बिषयः हार्दिक शुभकामना !**

सभ्याताको विकासमा क्रममा घटेका विभिन्न घटनाका दस्तावेजहरूलाई व्यवस्थित गरी राख्ने ठाउँ नै पुस्तकालय हो । पुस्तकालयले समाज विकासका विभिन्न अवस्थाको प्रतिबिम्बन गर्दछ । सबै किसिमका पुस्तकालयको उद्देश्य पाठकवर्गका लागि अध्ययन सम्बन्धी सेवा प्रवाह गर्नु भएतापनि सार्वजनिक र सामुदायिक पुस्तकालय यस सन्दर्भमा सबैभन्दा सस्ता एवम् सहज शिक्षा प्राप्त गर्ने थलोको रूपमा लिइन्छन् । त्यसैले विभिन्न मुलुकले औपचारिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था जस्तै सामुदायिक र सार्वजनिक पुस्तकालयको स्थापना, सञ्चालन र विकासमा विशेष जोड दिएका छन् ।

नेपालमा पुस्तकालयका माध्यमबाट ऐतिहासिक दस्तावेजहरूको संरक्षण, सम्बर्द्धन र उचित प्रयोग गर्ने ध्येयले आजभन्दा २०७ वर्ष अगाडि पुस्तकालय स्थापना गर्न लालमोहर जारी गरिएको ऐतिहासिक दिनको संझना स्वरूप वि.सं. २०६५ देखि हरेक वर्ष भाद्र १५ गते पुस्तकालय दिवस मनाउन थालिएको हो । आज मनाइने पुस्तकालय दिवसले थप पुस्तकालयको स्थापना, सञ्चालन, पठन पाठन संस्कृतिको विकास र विस्तारमा टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

यस वर्ष "पठन संस्कृतिको पूर्वाधार: पुस्तकालयको विकास र विस्तार" आदर्श वाक्यका साथ मुलुकभर विविध कार्यक्रम गरी बाह्रौ पुस्तकालय दिवस मनाइदै छ । यस अवसरमा पुस्तकालयसंग सम्बन्धित समसामयिक लेख रचनाहरू सङ्कलन गरेर एक स्मारिका समेत प्रकाशन हुन लागेको थाहा पाउँदा खुसी लागेको छ । यस स्मारिकाले नेपालको पुस्तकालय साहित्यको विकासमा एक इट्टा थप गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, बाह्रौं पुस्तकालय दिवस मनाउन संलग्न सवै उपसमितिका संयोजक, सदस्य तथा प्रकाशन उपसमितिका सदस्यहरूलाई धन्यवाद दिंदै सहित प्रकाशन पाठक वर्गका लागि उपयोगी वन्न सकोस् भन्ने कामना गर्दछु ।

महेशप्रसाद दहाल
सचिव
एवम्, अध्यक्ष, बाह्रौं पुस्तकालय दिवस मूल समारोह समिति

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७६।०५।११

## शुभकामना !

मुलुकको समग्र विकासको अवस्था तथा सभ्यताको प्रतिबिम्बका रूपमा पुस्तकालय रहेको हुन्छ । शैक्षिक, सार्वजनिक, सामुदायिक तथा विशेष जुनसुकै प्रकृतिको पुस्तकालय भएपनि हरेक पुस्तकालयको प्रमुख दायित्व भनेको आफूसँग भएका सबै खालका पठन सामग्रीहरूलाई पाठकको सहज पहुँच पुग्ने गरी व्यवस्थित गरी राख्नु तथा भावी पुस्ताका लागि संरक्षण र सम्बर्द्धन गरी राख्नु नै हो ।

पुस्तकालयले समाज विकासमा पुऱ्याएको योगदानलाई आत्मसात् गर्दै वि.सं. २०६५ सालदेखि हरेक वर्ष भाद्र १५ गतेका दिन नेपालमा पुस्तकालय दिवस मनाउन थालिएको हो । यस वर्ष "पठन संस्कृतिको पूर्वाधार: पुस्तकालयको विकास र विस्तार" आदर्श वाक्यका साथ मुलुकभर विविध कार्यक्रम गरी पुस्तकालय दिवस मनाइदै छ । वास्तवमा राष्ट्रको चेतना तथा सभ्यताको विकासको प्रतिबिम्बन व्यवस्थित पुस्तकालय नै हो । यो नयाँ ज्ञानको स्रोत मात्र होइन ऐतिहासिक दस्तावेज रहेको जीवित संग्रहालय पनि हो ।

पुस्तकालय तथा सूचना सेवासँग सम्बन्धित समसामयिक लेख रचनाहरू सङ्कलन गरेर स्मारिका प्रकाशन हुन गइरहेकोमा ज्यादै गौरवान्वित महशुस गरेको छु । यसले नेपालको पुस्तकालय साहित्यको विकासमा विशेष योगदान दिनेछ भन्ने विश्वास लिएको छु । प्रकाशनको व्यवस्थापन गर्ने प्रकाशन उपसमिति र यसलाई मूर्तरूप दिन लेख रचना उपलब्ध गराउने सबै लेखक, सम्पादक तथा प्रकाशनमा संलग्न सबैप्रति आभार व्यक्त गर्दै प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

कृष्ण प्रसाद काप्री
सहसचिव
विद्यालय शिक्षा महाशाखा
एवम्, उपाध्यक्ष, बाह्रौं पूस्तकालय दिवस मूल समारोह समिति

# सम्पादकीय

**"पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार"** आर्दश वाक्य सहित बाह्रौं राष्ट्रिय पुस्तकालय दिवस मुलुकभर विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइदै छ ।

सयवटा विद्यालय बनाउनु भन्दा एउटा सुविधासम्पन्न सार्वजनिक पुस्तकालय वनाउनु सामाजिक पहुँचका हिसावले उपयुक्त हुन्छ भनिन्छ । हुन पनि विद्यालय वा औपचारिक शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा सिमित उमेर समूह वा निश्चित मापदण्ड भित्र पर्ने व्यक्ति वा समूहको मात्र पहुँच पुग्छ । तर पुस्तकालय (विशेष गरी सार्वजनिक तथा सामुदायिक) मात्र यस्तो ठाउँ हो जहाँ वर्ण, धर्म, जातजाती, उमेर, लिंग, भाषा वा शारीरिक अवस्थाका आधारमा वा कुनै पनि मापदण्ड तोकेर पहुँचमा रोक लगाइदैन । त्यसैले त यस्ता पुस्तकालयहरूलाई जनताको विश्वविद्यालय समेत भनिन्छ ।

संखुवा सभा जिल्लाको मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने गाउँका किसान, जो भूतपुर्व गोरखा सैनिक समेत हुन्, ले सो निकुञ्जमा काम गर्ने एकजना बेलायती विशेषज्ञलाई तालिमका शिलशिलामा सोधेछन् हामी नेपालीहरू किन गरिब ? तिमीहरू किन धनि ? तिमीहरू संग धनि बन्ने के जुक्ति छ ? विशेषज्ञको जवाफ थियोः हामी कुनैपनि काम गर्नु अगाडि वा कामको योजना बनाउनु अगाडि सो काम वा योजनासंग सम्बन्धित साहित्य (विभिन्न पुस्तक, पत्रपत्रिका, सो कामसंग सम्बन्धित विगतमा भएका अध्ययन, अनुसन्धान प्रतिवेदन) हरूको अध्ययन तथा अनुसन्धान गर्छौ । कति खर्च लाग्छ ? काम गर्दा के कस्ता अप्ठेरा आउन सक्छन् ? वातावरणमा कुनै असर पर्छ, पर्दैन ? कस्ता कस्ता जनशक्ति चाहिन्छन ? भन्ने कुरामा स्पष्ट हुन्छौं । त्यस कामका लागि हामी कुनै विश्वविद्यालय वा अनुसन्धान केन्द्रका पुस्तकालयमा धाइरहनु पर्दैन । हाम्रै टोल, समुदाय र स्थानीय निकायमा भएका सार्वजनिक पुस्तकालयहरूमा गएर पढ्छौ, अनुसन्धान गर्छौ । हामीलाई चाहिएका पुस्तकहरू ति पुस्तकालयमा नपाइए पुस्तकालयले नै हाम्रो माग अनुसारका अन्य पुस्तकालयबाट मगाएर उपलब्ध गराउँछन् । खै तिमीहरूसंग त्यस्तो पुस्तकालय ? के पढ्छौ तिमीहरू, के अनुसन्धान गर्छौ ? मलाई विशेषज्ञ भएर तिमीहरूको गाउँसम्म आइपुग्ने सौभाग्य मेरो विश्वविद्यालयको औपचारिक डिग्रीले भन्दा सानैदेखि पढ्नुपर्छ भनेर सिकाउने सार्वजनिक पुस्तकालयका कारणले प्राप्त भएको हो । त्यसैले सक्छौ भने तिम्रा सन्ततीका लागि गाउँमा एउटा राम्रो सार्वजनिक पुस्तकालय खोल्न पहल गर भनेर जवाफ दिएछन् । यसपछि गाउँको विद्यायल संगै पुस्तकालय बनाउनु पर्छ भन्ने विद्यालयका प्रधानाध्यापक र शिक्षकलाई साथ दिएछन् । हालसम्म पनि मोटरबाटोले नछोएको सो गाउमा विद्यालयले समेत उपयोग गर्ने गरी पुस्तकालय खोलिएको छ ।

बाह्रौं पुस्तकालय दिवसको आर्दश वाक्यले यसै मर्मलाई आत्मसाथ गर्न खोजेको छ । सार्वजनिक पुस्तकालय प्रणालीको विकास र विस्तार विना पठन संस्कृति फस्टाउन सक्तैन । पठन संस्कृति विना मुलुकले विकासको गति समाउन सक्तैन । पुस्तकालय दिवसको अवसरमा हरेक स्थानीय तहका निर्वाचित जनप्रतिनिधिज्यूहरूलाई आआफ्ना क्षेत्रमा खुलेका सार्वजनिक पुस्तकालयहरूको विकास र विस्तारमा लगानी गर्न, सो का लागि आवश्यक जनशक्ति निर्माणमा सहजीकरण गर्न तथा नखुलेका ठाउँमा सूचना तथा सञ्चार प्रविधियुक्त विद्युतीय पुस्तकालयको विकासमा दिल खोलेर सहयोग गरिदिनु हुन हार्दिक अपिल गदछौं । पुस्तकालय खोल्ने जिम्मेवारी हाम्रो हो भनेर यसतर्फ कदम चाल्ने कीर्तिपुर नगरपालिका, मोरगंको केरावारी गाउँपालिकालाई सफलताको शुभकामना समेत दिन चाहन्छौं ।

स्मारिकामा प्रकाशित अधिकांश लेखरचनाहरू पठन संस्कृतिसंगै सम्बन्धित छन् । छोटो सूचनाका आधारमा आफ्ना अमूल्य रचनाहरू उपलब्ध गराइदिनु हुने सबै लेखक वर्गमा मूलआयोजक समिति तथा प्रकाशन उपसमितिका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यहाँहरूका लेखका आधारमा नै स्मारिकाले आकार लिएको छ ।

आफ्ना सारगर्भित मन्तब्य उपलब्ध गराइदिनु हुने माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलज्यू, सचिव श्री महेशप्रसाद दहालज्यू तथा सहसचिव श्री कृष्णप्रसाद काप्रीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै आकर्षक डिजाइन गरिदिनु हुने सोपान प्रेसका निरज थापा र छपाइका लागि नारायण ढकाल तथा स्मारिका प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने सबैप्रति विशेष धन्यबाद ज्ञापन गर्दछौं ।

जय पुस्तकालय दिवस

**यादवचन्द्र निरौला**

संयोजक तथा सम्पूर्ण सदस्यहरू

बाह्रौ पुस्तकालय दिवस, प्रकाशन उपसमिति, २०७६ ।

# विषय सूची


१. मातृभाषाः बालपुस्तकालयका केही अनुभव, इन्दिरा दली ........ १

२. मेरो प्रेरणाको स्रोतः गौरीगञ्ज पुस्तकालय, डा.गोविन्दराज भट्टराई ........ ६

३. पुस्तकालय, डा.सुकुम शर्मा ........ ११

४. बालकथा लेखन, सम्पादन तथा अनुवाद, विनय कुमार कसजू ........ १३

५. सूचना सम्प्रेषणः पहिलो आयामको बारकोडदेखि तेश्रो आयामको आर.एफ.आई.डी.सम्म, आई.पी.अधिकारी ........ १६

६. पठन संस्कृतिको विकास गरौं, अनिता भण्डारी(पौडेल) ........ १९

७. दुबइबाट सिक्नुपर्ने पाठ, मुरारिविनोद पोखरेल ........ २०

८. अध्ययन संस्कृतिमा विविधता, जुजुभाइ डंगोल ........ २४

९. पठन संस्कृतिको पुर्वाधारः पुस्तकालयको विकाश र विस्तार, जवाहर लाल खरेल ........ २९

१०. मुल्य शिक्षाद्वारा श्रेष्ठ समाजको पुर्ननिर्माण, डा.बिनु बाबा अर्याल ........ ३०

११. पुस्तकालयको बहसः भ्रम र यथार्थ, सूर्य क्षेत्री ........ ३३

१२. असल पुस्तकालय व्यवस्थापकका गुणहरू, सागरराज सुबेदी ........ ३५

१३. पहिलो पुस्तकालय दिवसः केही सम्झनाहरू, भोलाकुमार श्रेष्ठ ........ ३८

१४. पाठ्यक्रम विकास केन्द्रको ई–पुस्तकालयः ज्ञान सामग्रीहरू र प्रयोगको अवस्था, अरुणकुमार राई ........ ४२

१५. प्रभावकारी पुस्तकालय सञ्चालनका चुनौतिहरू, रमेशकुमार भुसाल ........ ४७

१६. पठन संस्कृति प्रबर्द्धनः आजको आवश्यकता, धन कुमार श्रेष्ठ ........ ५०

१७. डिजिटल पुस्तकालयको तालिमः एक संस्मरण, गोमा बन्जाडे ........ ५४

१८. पुस्तकालय तथा सूचना सेवा मञ्चः एक परिचय, गीता थापा ........ ५८

१९. पठन संस्कृतिको विकासमा खुला डिजिटल भण्डारको भूमिका, जगदीश चन्द्र अर्याल ........ ६३

२०. प्रदेश नं २ को पुस्तकालय सम्बन्धी अवधारणा, तोयाराज घिमिरे ........ ६७

२१. पुस्तक किन पढ्ने ? रमेश निरौला ........ ६९

२२. **ई–लाइब्रेरीः समयको माग,** खिम लामिछाने काजि ...........................................................७२

२३. **कीर्तिपुर सार्वजनिक पुस्तकालयको परिचय तथा भावी योजना,** विजय शर्मा .......................७५

२४. **सानैदेखि लगाऊ वानी पुस्तक पढून हाम्रा नानी,** निमा धिताल (पण्डित ) .............................. ७९

२५. **शैक्षिक पुस्तकालयको सुदृढीकरणः चुनौति र अवसरहरू,** प्रेमराज अधिकारी....................... ८३

२६. **नेपालमा हस्तलिखित ग्रन्थ केन्द्र स्थापनाको आवश्यकता,** विणा वैद्य..................................८८

२७. **पुस्तकालय परिचयःश्री प्रतिभा सामुदायिक पुस्तकालय,** लेखराज जोशी ................................९२

२८. **विशाल मिलन केन्द्र सामुदायिक पुस्तकालय,** नुतन ढुंगाना (गौतम).................................. ९७

२९. **प्रदेश केन्द्रीय पुस्तकालयको आवश्यकता र महत्व,** यादवचन्द्र निरौला ............................... ९९

३०. **पुस्तकालय प्रेमीहरूको अभियान "नेपालीले सक्छौं' भाग २–गोरखा,** चिन काजी श्रेष्ठ...........१०५

३१. **मदन पुरस्कार, कदी र गोरखापत्रको जन्मोत्सवको नाता,** - प्रविण पौडेल...... .......................१०७

३२. **एघारौं पुस्तकालय दिवस, २०७५ का असरमा पुरस्कृत निबन्धहरू** ...............................१०९

३३. **Translation for Children's Literature:
A Brief Introduction,** Nirmal Man Tuladhar ........................................................ ११३

३४. **Research For Dependable Knowledge Building,** Prof. Dr. Prem Raj Pant..............११४

३५. **Arousing Curiosity in Readers as the Key to Success,** Uma Nath Sharma .............११७

३६. **Status of Digital Resources in Nepal: Share Opportunity
and its Recommendation,** Mr. Upendra Prasad Mainali........................................१२१

३७. **Union Catalog in Koha with Reference to Pazpar2,** Rajendra Neupane................१२५

३८. **Challenges and Possibilities of Library and Library
Education in Nepal,** Bhishma Prasad Bhattarai ................................................. १२८

३९. **Let's Read: A Stepping Stone In Transforming Traditional Libraries Into Digital,**
Shameera Rajbhandary.............................................................................. १३६

४०. **प्रतिवेदनः ११ औं राष्ट्रिय पुस्तकालय दिवस** ..........................................................१३९

# मातृभाषाः बालपुस्तकालयका केही अनुभव

– इन्दिरा दली
अध्यक्ष, डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
अध्यक्ष, सामुदायिक बालविकास पुस्तकालय

**भूमिका**

हरेक आमाबाबु आफ्ना छोराछोरीलाई असल र योग्य नागरिक बनाउन चाहन्छन् । यो चाहना पुरा गर्न केवल मिठो मसिनो खानेकुरा खान दिएर, राम्रा राम्रा लुगाहरू लगाउन दिएर, ठुलाठुला महँगा स्कुलमा पढ्न पठाएर मात्र पुग्दैन । उनीहरूको सर्वाङ्गीण विकासका लागि अरू कुराको पनि आवश्यकता हुन्छ । जसरी शारीरिक विकासका लागि पौष्टिक आहारको आवश्यकता हुन्छ त्यसरी नै सामाजिक, शैक्षिक, मानसिक, बौद्धिक र संवेगात्मक विकासका लागि पनि सानैदेखि मानसिक, बौद्धिक र मनोरञ्जनात्मक खुराक पनि नभइ हुँदैन । त्यसैले बालबालिकालाई आमाबाबुले सही तरिकाले लालन पालन गरेर हुर्काउन विशेष ध्यान दिनुपर्ने हुन्छ । सानैदेखि असल बानीबेहोरा सिकाउनु, जीवन उपयोगी कला, सिपहरू सिकाउनु, पढ्न, लेख्न, सिक्न र सिकाउन र आफ्ना विचार, भाव प्रस्टसित व्यक्त गर्न राम्ररी सिकाउनु पर्छ । यसका लागि मुख्यतः आमाबाबु र अभिभावक नै सबभन्दा पहिले सचेत, शिक्षित र सक्षम हुन आवश्यक हुन्छ । यही उद्देश्यलाई परिपूर्ति गर्न आजभन्दा करिब आठ-नौ वर्षअघि सानेपाका केही जागरुक महिलाहरूले (तीमध्ये कोही उच्च शिक्षा प्राप्त शिक्षित-बौद्धिक महिला छन् भने कोही कुशल गृहिणी छन्) मिलेर '**नवजीवन आमा समूह**' नाफारहित संस्था स्थापना गरेका थिए । यस समूहले स्थापना कालदेखि नै '**सामुदायिक बालविकास पुस्तकालय**' (साबाविपु) नामक एउटा नमुना बालपुस्तकालय त्यहीँ सानेपामा स्थानीय बालबालिकाका लागि मात्र होइन, आमाबाबु तथा अन्य व्यक्तिहरूका लागि समेत लाभदायी हुने गरी खोलेर सञ्चालन गर्दै आएको छ । यो लेख त्यही पुस्तकालयमा काम गर्ने सिलसिलामा आर्जन गरेका केही रमाइला, तर गम्भीर प्रकृतिका अनुभवहरू तथा मुद्दाहरूका आधारमा लेखिएको छ ।

**अनुभवहरू**

पुस्तकालयका यस्ता अनुभवहरू प्रस्तुत गर्नुअघि सन् २००५ मा विश्वप्रसिद्ध 'Astrid Lindgren Memorial Award' प्राप्त गर्ने फिलिप पुलमानको मलाई औधि मन पर्ने एउटा उद्धरण राख्न चाहन्छुः 'बालबालिकाहरूलाई जसरी माया ममता, खानेकुरा, स्वस्थ हावापानी र खेल जरुरी हुन्छ त्यसरी नै कला, कथाहरू, कविताहरू र सङ्गीतको आवश्यकता हुन्छ' (Children need art and stories and poems and music as much as they need love and food and fresh air and play) । उहाँको यो वाक्यले मलाई सधैं झकझक्याइ रहन्छ र पुस्तकालयमा बालबालिकाहरूलाई सेवा दिइ रहँदा त यस वाक्यले झनै आकर्षित गरिरहन्छ र प्रेरणा दिइ रहन्छ । हो पनि बालबालिकालाई असल र योग्य नागरिक बनाउनका लागि आधारभूत आवश्यकताहरू, जस्तैः गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य सेवाका साथै माया ममता, प्रेरणा, कला, साहित्य, मनोरञ्जन, सङ्गीत, नृत्य, खेल जस्ता मानसिक र बौद्धिक खुराकको पनि अति आवश्यकता हुन्छ । अनि मात्र उनीहरू सधैं सुखी, खुसी र सक्षम भएर जिउन सिक्छन् र भविष्यमा असल र योग्य मानिस भएर परिवार, समाज र देशको मात्र होइन पुरै विश्वलाई नै सेवा दिन सक्षम र समर्थ हुन सक्छन् ।

साबाविपुमा आउने सबै जसो बालबालिकाहरू निम्न वर्गका परिवारका छोराछोरीहरू छन् । धेरैजसोका आमाबाबुहरू आफु नपढेका वा कमै मात्र पढेका भएकाले आफ्ना छोराछोरीहरूलाई सकी नसकी नजिकैका निजी स्कुलहरूमा पढाउन पठाउने गर्छन् । कसै कसैले चाहिँ नजिकैको सरकारी स्कुलमा पनि पठाएका छन् भने कसै कसैले त मिसन स्कुलमा पनि पठाएका छन्, जहाँ बालबालिकाले किताब, कापी, ड्रेस, खाजा जस्ता केही

सुविधा समेत पाउँछन् । ती बालबालिका स्कुलबाट फर्कने बित्तिकै किताब कापी, झोला बोकेर पुस्तकालयमा आउने गर्छन् । हतार, हतार गृहकार्य गर्छन् । नजानेका र नबुझेका कुराहरू पुस्तकायकर्मीसित सोधेर गृहकार्य पुरा गर्छन् । गृहकार्य सकिसकेपछि बालबालिकाहरू विभिन्न क्रियाकलापमा व्यस्त हुन्छन् । कोही रमाइला रमाइला कथा, कविता, विज्ञान, सामान्य ज्ञान, जीवनी आदिका किताब पढ्न थाल्छन् भने कोही क्यारेमबोर्ड, कोही पज्जल गेम खेल्न व्यस्त हुन्छन् भने कोही चाहिँ बिल्डिङ्ग ब्लक खेल्न मन पराउँछन् । बेला बेलामा उनीहरूको माग हुन्छः 'माडम आज गाउने नाच्ने गरौं है, आज कथा सुनाउने है, जोक्स र चुट्किला भन्ने है, गाउँखाने कथा भन्ने है, चित्रकला बनाउने है, ओरिगामी (रङ्गीचङ्गी कागजका विभिन्न कुरा) बनाउने है आदि । जसरी हुन्छ रमाउने र आनन्द लिने क्रियाकलाप गर्छन् । विद्यालयमा दिनभरि एउटै बन्द कक्षामा सीमित विषयका पाठहरू पढेर, सुनेर, सिकेर फर्केपछि पुस्तकालयको खुला वातावरणमा स्वतन्त्रतापूर्वक पढ्न, खेल्न, नाच्न, गाउन पाएपछि उनीहरू अति दङ्ग पर्छन् । त्यसमाथि आजभोलि पुस्तकालयमा उपलब्ध कम्प्युटर र इन्टर नेटको सुविधाका साथसाथै साझा शिक्षा ई-पाटी नेपालको ७००० भन्दा बढी डिजिटल स्रोत र सुविधाले गर्दा केटाकेटीहरू बढी नै सुविधा उपभोग गर्दै पढ्न, सुन्न, सिक्न, एक आपसमा सिकाउन, खेल्न र रमाउनमा अति आकर्षित भएका छन् । यसले उनीहरूको शैक्षिक र बौद्धिक विकासमा प्रस्ट परिवर्तन ल्याएको कुरा उनीहरू पढ्ने गरेका विद्यालयकै शिक्षकहरूबाट बेला बेलामा हामीले सुन्न पाएका छौं । यसले मलाई विश्वविख्यात साहित्यकार अस्कर वाइल्डको एउटा भनाइ झलझल्ती सम्झना गराउँछः 'बालबालिकालाई असल बनाउने सबभन्दा उत्तम उपाय हो उनीहरूलाई सधैं सुखी बनाउनु' (The best way to make children good is to make them happy) ।

एक दिन मैले बालबालिकाहरूलाई सोधेकी थिएँ: 'तिमीहरूलाई यहाँ भएका विषयमध्ये कुन चाहिँ विषयका किताबहरू बढी मन पर्छ ?' सबैले आआफ्नो रुचि अनुसार विभिन्न विषयका पुस्तक पढ्न मन लाग्ने जवाफ दिए । जस्तोः कसैले चित्रकथाका किताबहरू, कसैले कविताका किताब, कसैले विज्ञानका किताब, कसैले लोककथाका किताब, कसैले परिकथाका किताब, कसैले जीवनीका किताब, कसैले सामान्य ज्ञानका किताब, कसैले गाउँखाने कथाका किताब, कसैले टप टेन (Top Ten) का किताब त कसैले पप अप किताब अनि कसै कसैले बोल्ने किताबहरू (बाक्लो किताबमा खास ठाउँमा थिच्ता पेजैपिच्छेका कथाहरू पढिदिने, सुनाउने, विभिन्न जनावर र चराहरूका आवाज आउने) पढ्न मन पराएको कुरा गरे ।

अर्को एक दिन मैले 'तिमीहरूलाई विशेष गरी कुन भाषामा लेखिएका पुस्तक पढ्न बढी मन लाग्छ ?' भनेर सोधेँ । सबै जसोले झन्डै सत्तरी प्रतिशत बालबालिकाले अङ्ग्रेजी भाषाका पुस्तक पढ्न मन लागेको कुरा एकै स्वरमा बताए । थोरैले मात्र नेपाली भाषाका पुस्तक पढ्न मन लागेको कुरा बताए र नेपाली सजिलैसँग बुझ्न सकिने कारण उनीहरूले दिए ।

तिनीहरूको यस्तो जवाफ सुनेर म छक्क परें । किनभने अङ्ग्रेजीका पुस्तक पढ्न मन लाग्छ भन्नेहरूमा धेरैजसो अङ्ग्रेजीको त कुरै छाडौं नेपाली भाषा समेत राम्ररी सजिलै पढ्न नसक्नेहरू थिए । उनीहरूले यस्तो उत्तर दिनुमा विभिन्न कारण रहेको हुन सक्छ । जस्तोः अङ्ग्रेजीमा पढ्दा आफ्नो सान बढ्छ भनेर हो कि ?, अङ्ग्रेजी भाषा सिक्न सजिलो र चाँडो हुन्छ भनेर हो कि वा अङ्ग्रेजीका पुस्तकमा चित्रहरू बढी राम्रा र आकर्षक भएर हो कि ?

यसमा उनीहरूको उत्तर के रहेछ भनेर जान्न सोधेँ: 'तिमीहरूलाई नेपाली पुस्तक पढ्न किन मन नपरेको नि ?' उनीहरूको जवाफ रमाइलो थियो । 'हाम्रो स्कुलमा नेपाली बाहेक अरू सब विषय अङ्ग्रेजीमा पढाइन्छ, अनि कक्षा बाहिर खेल्दा वर्दा समेत साथीहरूसित अङ्ग्रेजीमै बोल्नु पर्छ, नबोले सर-मिसहरूले गाली गर्नु हुन्छ । उनीहरूको कुरा केही मात्रामा सही नै हो । निजी विद्यालयहरूमा प्रायः अङ्ग्रेजीलाई नै बढावा दिएको पाँइन्छ । त्यसो नगरे कतिपय आमाबाबु, अभिभावकहरूले नै गुनासो गर्न पुग्छन्: हाम्रा छोराछोरीले अङ्ग्रेजी नै जानेनन्, यस्ता महँगा स्कुलमा पढाउँदा पनि ...' ।

यसैले होला पुस्तकालयमा आउने बालबालिकाहरूले

बढीभन्दा बढी अङ्ग्रेजी भाषाकै पुस्तकहरू जानी नजानी पढ्न रुचाएका ।

यही सन्दर्भमा मैले विभिन्न जाति समूहका बालबालिकालाई पालैपालो 'भन त तिमीहरू घरमा के के भाषामा कुरा गर्छौ ?; भनेर सोधें । धेरैजसोले एउटै उत्तर दिए: 'हामी चाहिँ नेपालीमा नै बोल्छौं माडम' । तर उनीहरूका आमाबाबु, हजुरबा-हजुरआमाहरू आआफ्नै मातृभाषामा कुरा गर्दा रहेछन् । कोही तामाङ्ग, कोही मगर, कोही गुरुङ्ग, कोही मैथिली र कोही हिन्दी भाषामा कुराकानी गर्दा रहेछन् ।

यो थाहा पाएपछि मैले उनीहरूलाई फेरि अर्को प्रश्न गरें । 'उसो भए तिमीहरूलाई आआफ्नो मातृभाषामा लेखिएका, तिम्रा आमाबाबुहरूले कुराकानी गर्ने भाषामा लेखिएका पुस्तक पढ्न मन लाग्छ कि लाग्दैन त ?' सबैजसो यसको उत्तर नदिएर मौन बसे । अलि पाका उमेरका एक दुईजनाले सानो स्वरमा जवाफ दिए 'के काम हाम्रो घरमा बोल्ने भाषाका पुस्तकहरू पढेर, स्कुलमा सबै अङ्ग्रेजीमा नै पढ्नु, लेख्नु पर्छ, अनि कलेजहरूमा पनि त त्यस्तै होला, अनि के काम अरू भाषा पढेर, सिकेर ? अहिलेलाई घरमा वा घर बाहिर नेपाली बोले पुगिहाल्छ'; उनीहरूको त्यस्तो सोच देखेर मैले फेरि सोधें: 'उसो भए तिमीहरूको आआफ्नो मातृभाषाका पुस्तकहरू यहाँ नल्याए हुन्छ त ?' सबले फुर्तीका साथ एकै स्वरमा उत्तर दिए: 'हुन्छ, क्याडम । यहाँ भएका नेपाली, अङ्ग्रेजीका पुस्तकहरू त सबै पढ्न भ्याएका छैनौं' ।

तिनीहरूको यस्तो उत्तर सुनेर मेरो मन खिन्न भयो । कति अज्ञानी हामी ? बिचरा ती कलिला बालबालिकालाई त के दोष दिने आफ्नो मातृभाषाको मर्म, अर्थ र महत्त्व नबुझेकोमा ? मुख्य कुरा त ती बालबालिकालाई हुर्काउने, बढाउने, सिकाउने आमाबाबु, छरछिमेकी, स्कुलका गुरुहरू र साँचो अर्थमा सरकार नै यसका लागि जिम्मेवार छ । यिनीहरूले नै त हो बालबालिकाहरूलाई सानैदेखि आफ्नो मातृभाषाको अर्थ, मर्म र महत्त्व बुझाउनु पर्ने । जुन मातृभाषा राम्ररी जानेर र सिकेर न अरूको भाषा राम्ररी जान्न सिक्न सजिलो हुन्छ, जुन भाषाले आफ्नो जातिको पहिचान दिन्छ र आफ्नो परम्परा, संस्कृति बुझ्न, सिक्न र संरक्षण गर्न सिकाउँछ । कति दु:खलाग्दो स्वतन्त्र देशका नागरिक भएर पनि विदेशी भाषा र संस्कृतिको खासगरी अङ्ग्रेजी भाषा र पाश्चात्य संस्कृतिको दास हुनुपर्ने ?

एक दिन पुस्तकालय बन्द हुनै लाग्दा एक जना महिला आएर पुस्तकालय बारे सोधखोज गर्न थालिन् । उनको लवाइ र रूपरेखा हेर्दा राम्रै शिक्षित परिवारकी जस्ती लागिन् । खास कुरो के भने उनी आफ्नो पाँच वर्षको छोरालाई यस पुस्तकालयमा पठाउन चाहँदी रहिछन् । दिनभरि उनी अफिस जाँदा सानो काखे छोरी सासुले हेर्दी रहिछन् । मेरो कुरा सबै बुझेपछि अर्को दिनदेखि छोरो पुस्तकालयमा पठाउने वाचा गर्दै उनी फर्किइन् ।

भोलिपल्ट चार बजेतिर एउटी पाकी महिलाले एउटा सानो केटो डोहोऱ्याउँदै ल्याइन् र 'यो मेरो नाति यहाँ पढ्न ल्याएको' भनेर प्रस्टसित नेपाली नबोली चोकैमा छाडेर हिँडिन् । उनले छाडेको केटो टाठो देखिन्थ्यो । पुस्तकालयमा सदस्यता कापीमा नामसाम दर्ता गराएँ । नाम : सुरज यादव । वर्ष : ५ । कक्षा २ । स्कुलको नाम: फोनेक्स स्कुल । बाबुको नाम : चिराग यादव । 'तिम्रो बुबा के गर्नुहुन्छ ?' यसको उत्तर दिँदा सुरजले त्यहाँ भएका सब केटाकेटीहरूलाई एकछिन गलल्ल हँसाए । उनको उत्तर थियो: 'मान्छेको रोग हेर्नु हुन्छ' । उनको बाबु डाक्टर रहेछन् ।

'आजदेखि तिमीहरूको एउटा नयाँ साथी थपियो' भन्दै पुस्तकालयमा सबैसँग उनको परिचय गराइयो । अरूहरूले पनि आ-आफ्नो परिचय दिए । त्यसपछि सबै जना आआफ्नो काममा लागे । कोही गृहकार्य गर्न, कोही किताबहरू पढ्न, कोही पज्जल गेम खेल्न, कोही क्यारेमबोर्ड खेल्न अर्को कोठातिर लागे । नयाँ केटो सुरज चुपचाप उभिएर पुस्तकालयको वरिपरि हेर्न थाल्यो ।

'सुरज हेर त यहाँ कति राम्रा राम्रा पुस्तकहरू छन्, तिमीलाई कुन मन पर्छ झिकेर त्यहाँ टेबुलमा बसेर पढ त' मैले उनलाई नयाँ नयाँ पुस्तकहरू भएको डिस्प्ले ऱ्याकनिर लगेर देखाएँ । अनि ऊ अनुसारको एउटा

ठूलो किताब झिकेर उसकै हातमा राखिदिएँ। उसले त्यो पुस्तकको यसो एक पाना पल्टाएर हेर्‍यो र थपक्क त्यहीँ राखिदियो। त्यसपछि उसको ध्यान खेलौना भएको र्‍याकतिर गयो। अनि बिस्तारै त्यतै गएर एउटा चिल्लो रातो राम्रो कार झिकेर मेरो मुख हेर्‍यो। 'ल ल खेल त्यो मन पर्छ भने' मैले उसलाई त्यहीँ छाडेर गएँ। ऊ त्यो कार भुइँमा खाली ठाउँमा गुडाउँदै एकछिन मख्ख पर्‍यो। केही बेर खेलेपछि कार फर्काएर त्यहाँ भएको पहेँलो प्लेन झिकेर उडाउन खोज्यो, नजानेपछि त्यसलाई पनि भुइँमा गुडाएर एकछिन अलमलियो। त्यसबाट पनि अघाएपछि अघि भएकै ठाउँमा लगेर राख्यो। अनि उसले अरू के कसो गर्दैछन् हेर्न थाल्यो।

'सुरज हेर त यहाँ कस्तो राम्रो किताब छ' मैले छट्ट स्यालको रङ्गीन पुस्तक पढ्न दिएँ। तर उसको त्यसमा पनि रुचि गएन। अचम्म लाग्यो। 'बाबा, तिमीलाई पढ्न मन लाग्दैन ? हेर त त्यहाँ अरू साथीहरू कस्ता राम्रा राम्रा कथाका पुस्तकहरू पढिरहेका छन्' भनेर देखाएँ।

'मलाई यस्तो नेपाली पुस्तक पढ्न गाह्रो छ, त्यसैले पढ्न मन लाग्दैन' उसले बिस्तारै भन्यो।

'अङ्ग्रेजी पुस्तक पढ्छौ त ?, हेर ऊ त्यहाँको र्‍याकमा राम्रा राम्रा पुस्तक छन् नि' मैले उसलाई त्यतातिर देखाएँ। तर उसको ध्यान त्यता पनि गएन।

मलाई आफैंलाई अप्ठ्यारो लाग्यो। के गर्ने ? तापनि उसलाई फकाउँदै सोधेँ 'के गर्छौ त ? अरू खेलौनाहरू खेल्ने हो ?'

'अहँ'। छोटो उत्तर दियो।

'अनि के गर्ने त भन तिमी आफैं ?'

उसले मसिनो स्वरमा सोध्यो: 'यहाँ हिन्दीमा कथाका पुस्तकहरू छैनन् ?' म दङ्ग परें उसको कुरा सुनेर। अघि आउने उसकी हजुरआमाले टुटेफुटेको नेपालीमा थोरै बोलेर गएको कारण पनि बुझें।

'घरमा कुन भाषा बोल्छौ तिमी ?'

उसले फेरि पनि छोटो उत्तर दियो 'हिन्दी'। उसको त्यो छोटो उत्तरले के प्रस्ट पार्‍यो भने बालबालिका आफ्नो घरमा बोल्ने गरेको मातृभाषाका पुस्तक पढ्न रुचाउँछन्। कारण आफ्नो भाषाका पुस्तक पढ्न र बुझ्न सजिलो हुन्छ।

'लौ पढ त' भनेर मैले पुस्तकालयमा भएका २-३ वटा हिन्दी भाषाका बालपुस्तक खोजेर दिएँ। ऊ दङ्ग पर्‍यो। अनि फुर्तीका साथ टेबुलमा बसेर पढ्न थाल्यो मख्ख पर्दै। त्यो दृश्य देखेर ऊभन्दा म मख्ख परें उसले आफ्नो मातृभाषामा पढ्न चाहेको देखेर।

उसले ती ससाना हिन्दी बालकथाहरू तुरुन्तै पढेर सिध्यायो। 'अरू पनि चाहियो' उसले अनुरोध गर्‍यो। हिन्दीमा उसले पढ्न सक्ने किताब अरू थिएनन्। ठुलाले पढ्न सक्ने मात्र थिए। 'बाबु तिमिले पढ्न सक्ने हिन्दीका किताबहरू अहिले यति मात्र छ। त्यसैले भोलिपर्सि त्यस्ता किताबहरू किनेर ल्याइदिउँला बरु तिमि यहाँ दिनदिनै आउनु है' भनेर मैले सम्झाएँ। दिनदिनै पुस्तकालय आउने वचन उसले पनि दियो र मुसुक्क हाँस्यो।

त्यो देखेर त्यहाँका अरू केटाकेटीहरूको पनि कान ठाडा भएका रहेछन्। अङ्ग्रेजी पढिरहेका दुई जना केटाहरूले पनि तुरुन्तै माग गरे: 'माडम हामीलाई पनि तामाङ्ग भाषाका पुस्तक किनेर ल्याइदिनुस् है'। उनीहरूको कुरा टुङ्गिन नपाउँदै छेउमा बसेर नेपाली पढिरहेका दुई जना केटीले पनि बिस्तारै अनुरोध गरे: 'माडम हामीलाई पनि हाम्रो भाषाको पुस्तक किनेर ल्याइदिनुस् न है'। म छक्क परें।

'कुन भाषाको ?' उनीहरूले तुरुन्तै जवाफ फर्काए: 'मगर भाषाको'।

अचम्म लाग्यो। खुसी पनि लाग्यो। एउटा केटाका लागि हिन्दी भाषाका पुस्तक किनेर ल्याइदिन्छु भन्ने बित्तिकै सबै केटाकेटीमा आआफ्नो भाषाप्रति रुचि जागेको देखेर।

'ल ल तिमीहरूले पढ्छु मात्र भनन, जसजसलाई जुन जुन भाषाको पुस्तक चाहिन्छ बजारमा पाइयो भने म पैसाले भ्याएसम्म किनेर ल्याइदिन्छु' मैले भनें। सब जनाले खुसी हुँदै धन्यवाद म्याडम भनेर ताली बजाए।

म हर्षले विभोर पनि भएँ। पुस्तकालयले आआफ्नो मातृभाषाप्रति माया र रुचि जगाएको देखेर।

**उपसंहार**

पक्का पनि मातृभाषामा पढ्न पाउँदा पुस्तकको स्वाद नै गहिरो र मिठो हुन्छ। किनकि बुझ्न सजिलो हुन्छ, नयाँ नयाँ शब्द छिटै सिक्न सकिन्छ। यसरी बालबालिकामा पढ्ने बानी विकास पनि हुन्छ र यसले जीवन पर्यन्त पढ्ने बानी बसाल्न निरन्तर डोऱ्याइरहन्छ। त्यसैले त पश्चिमी देशहरूमा जहाँ घरमा बोलिने र स्कुल कलेज आदिमा सिकाउने भाषा एउटै हुने हुनाले उनीहरूमा पठन संस्कृतिको विकास भएको पाइन्छ। जस्तैः अङ्ग्रेजी भाषा, फ्रेन्च भाषा, जर्मन भाषा। मातृभाषा र सिकाउने भाषा एउटै भएका देशहरूका मानिसहरूको पठन संस्कृति उच्च हुनुमा कारण यही रहेको छ। त्यस्तै पूर्वीय देशहरू जापान, चीन आदिमा पनि घरमा बोल्ने र शैक्षिक संस्थाहरूमा सिकाउने भाषा एउटै हुँदा पठन संस्कृति माथि पुगेको छ। नेपाल, भारत जस्ता विकासशील देशहरूमा भन्दा विभिन्न जातजाति भएकाले थुप्रै भाषाभाषी छन्। तर पनि घरमा बोल्ने र शिक्षण संस्थाहरूमा सिकाउने भाषा बेग्लाबेग्लै भएकाले पठन संस्कृति सोचे जति गतिमा विकास हुन सकेको छैन। त्यति मात्र होइन, भाषाको समस्याले गर्दा एक त स्कुलमा पढ्न जानेको सङ्ख्या कम अर्कोतिर गएकामध्येमा पनि धेरैले बिचमै पढाइ छाड्न बाध्य हुन्छन्। जो जतिले पढ्छन् तिनीहरू विभिन्न विषयमा फेल हुन पुग्छन्। युनेस्कोको Global Education Monitoring Report का अनुसार विश्वको झन्डै चालिस प्रतिशत जनसङ्ख्या उनीहरूले बोल्ने वा बुझ्ने भाषामा शिक्षा हासिल गर्न वा पढ्नबाट वञ्चित छन्। त्यसैगरी विभिन्न अनुसन्धानले के देखाएका छन् भने प्राथमिक स्कुलमा पढ्ने बालबालिकाको आफ्नो मातृभाषा नै साक्षरता तथा सिकाइको ज्ञान हासिल गर्ने सर्वोत्तम भाषा हो। तर पनि विश्व बजारमा बढी प्रचलित भाषा जस्तैः अङ्ग्रेजीको दबदबा भएकोले हाम्रो जस्ता देशहरू अङ्ग्रेजी भाषामा सिकाउन र बोल्न बाध्य भएका छन्। सार्वजनिक स्थान, कार्यालय, कार्यक्रमहरूमा अङ्ग्रेजी भाषामा बोल्न सक्नेहरूको छवि, स्थान र स्तर नै अरू भाषा बोल्नेहरूको दाँजोमा अग्लो भएको देखिन्छ। यसले गर्दा आफ्नो देशका विभिन्न जातजातिको भाषाभाषी मात्र नभइ राष्ट्रिय भाषा मानिने नेपाली भाषा समेत छाँयामा परेको अनुभव हुन्छ। यसले गर्दा हाम्रो अमूल्य सांस्कृतिक तथा भाषिक सम्पदा नै दिन पर दिन लोप हुने खतरा बढ्दै छ। त्यसैले यस दिशातिर सबै सरोकारवालाहरूको खासगरी सम्बन्धित सरकारी निकायको ध्यान जानु अनिवार्य छ। विश्वमा प्रचलित विभिन्न भाषहरू जस्तै अंग्रेजी, फेन्च, जर्मन, जापनिज, चिनिया, कोरियन आदि भाषाहरू पनि पक्कै पढ्ने र सिक्ने गर्नुपर्छ। त्यसको साथै अङ्ग्रेजी वा अन्य महत्त्वपूर्ण विदेशी भाषाहरूका साथसाथै हाम्रा आफ्नै अमूल्य भाषिक सम्पदाको यथोचित स्याहार सम्भार प्रबर्द्धन गर्न जरुरी छ। सबभन्दा ठुलो कुरा बालबालिकाहरूलाई आफ्नो मातृभाषाको पहिचान, आवश्यकता र महत्त्वका विषयमा सानैदेखि बोध गराउन आवश्यक छ। यसका लागि नेपालमा भएका विभिन्न भाषाभाषीहरूमा बालसाहित्यको सृजना गर्न र गराउन अति आवश्यक छ। यसले वालबालिकाहरूलाई सजिलैसंग पढ्न र सिक्न सहयोग गर्ने मात्र होइन कि पढ्ने बानी बसाल्नमा प्रेरणा दिन्छ। यसरी देशमा सबै समुदायमा पठन संस्कृतिको विकास हुन्छ।

# मेरो प्रेरणाको स्रोतः गौरीगञ्ज पुस्तकालय

**– डा. गोविन्दराज भट्टराई**

आजभन्दा ७० वर्ष अघि एक पुस्तकालय स्थापना भएको ठाउँमा आएर उभिँदा पनि मन हर्षले भरिएको छ। यस्तो समाजका सदस्यसामू पुस्तकालयको महत्व विषयमा चर्चा गर्नु हाम्रो लक्ष्य होइन। तर आफ्नो ठाउँमा यस्तो ऐतिहासिक महत्वको एक पुरालेखालय रहेको छ भन्ने सुन्दा समयको ओझेलमा परेको यस संस्थालाई स्थानीय जनमानसको चाहना अनुरूप नयाँ समयको केही प्रकाश दिन सकिन्छ भन्ने मनशायले हामी यहाँ आइपुगेका हौँ। यो स्थानमा आएर पुस्तकालय, साहित्य र चेतनाबारेमा एकदिन सत्सङ्ग गर्ने उद्देश्य ता गतवर्षदेखिकै हो। यसमा हाम्रा साहित्यकार भाइ नारायण चँदाराले निरन्तर सम्पर्क सेतूको भूमिका पूरा गर्नु भएको छ। भौगोलिक दूरत्वको कारणले होइन अनेक व्यवधानको कारणले गर्दा यो दिनको स्वागत गर्न हामीलाई डेढ वर्ष लाग्यो। दमकबाट गौरीगञ्ज आइपुग्न यति समय व्यतीत भयो।

त्यसो ता हामी दमकका बासिन्दाले अन्यत्र पुगेर पुस्तकालय खोल्नुपर्छ, खोलेकालाई जगाउनुपर्छ, पुस्तकायल भनेको सभ्यताको दीपक हो भनेर सुनाउन पनि शरम लाग्छ किनभने हामीले दमकमा पहिलो पुस्तकायल २०३६ सालमा मात्र खोलेका थियौँ। त्यसलाई पनि समयले निलिदियो र हालका दमक नगरपालिकाका मेयरले सार्वजनिक रूपमै भनिसक्नु भएको छ– अब हामीलाई पुस्तकालय चाहिँदैन दमकमा पुस्तकालयको आवश्यक छैन– घरघरै पुस्तक हुन्छन् र मोबाइलमा विश्व आउँछ।

हामी त्यस्ता गहिरा कुरा बुझ्न असमर्थ छौँ तर एक शिक्षित नागरिक नै समय सारथी हो रहेछ भन्ने कुरामा विश्वस्त छौँ। लामो अनुभवले देखाएको छ- राजनीतिमा प्रवेश गरौँ वा शिक्षा सेवामा, समाजिक कार्यमा अथवा औषधी विज्ञानमा प्रत्येक सफल व्यक्तिलाई त्यहाँ पुऱ्याउने शक्ति भनेको केवल पुस्तक हो, पुस्तकालय हो। विश्व पुस्तकालयको इतिहास, देशदेशका इतिहास, पुस्तकालय खोल्न मानिसले भोगेका बलिदानी गाथाको इतिहास लामो छ। त्यसो ता अहिले पुस्तकालय विज्ञानबारे बीए, एम ए हुँदै विद्यावारिधि सम्मको अध्ययन अनुसन्धान हुन्छ। हाम्रो त्रिविमा पनि यसको व्यवस्था छ।

त्यसो वर्तमान नेपालमा त विद्यालय सँगसँगै सानाठूला पुस्तकालय अभिन्न अंग जस्तै स्थापित हुँदैछन्। वर्तमान् शिक्षा प्रणालीले शिक्षालयको एक पूर्वाधारको रूपमै पुस्तकालयलाई मानेको छ। तर शिक्षालयसँग जोडिएका पाठ्यक्रमुखी पुस्तकालयले विद्यार्थी-शिक्षकमा हुने ज्ञानको असीम तिर्खालाई सीमित गरेर केवल पाठ्यपुस्तक र सन्दर्भ सामग्रीले त्यो तीर्खा मेटिदिने त्रुटी गर्दछ।

पुस्तकालय ता भिन्न, अलग्ग सबको पहुँचमा अनेक प्रकारका पठनरुचीलाई तृप्त गराउने एक स्वतन्त्र संस्थाको रूपमा रहनुपर्दछ। हाम्रो जिल्लाको एक मात्र त्यस्तो पुस्तकालय हो– त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी।

२००७ साल अघि नेपालमा स्थापित २० वटा पुस्तकालयमध्ये आठवटा तराईमा स्थापित भए; पाँचवटा काठमाडौँमा र बाँकी सातवटा विभिन्न पहाडी जिल्लामा। पुस्तकालय खुल्नु भनेको चेतनाको यात्रा आरम्भ हो। यसमा तराई अघि छ तर कसरी भूल भयो होला। अनुसन्धाता भवेश्वर पगेनीको **केन्द्रीय पुस्तकालयका पाँच दशक** (२०६८) भन्ने कृतिमा हाम्रो नाम (त्रिभुवन आदर्श पुस्तकालय गौरीगंज) छुटेको रहेछ।[१]

उनै भवेश्वरले पुस्तकालय स्थापनाको नेपाली इतिहासको चर्चा गर्दै यस्तो प्रसङ्ग खोलेका छन.– *नेपालमा पुस्तकालय स्थापनाको क्रम राणाकालमा पनि*

[१] **स्याङ्जा साहित्य प्रतिष्ठानको. साहित्यिक त्रैमासिक रजस्थल वर्ष २२ पूर्णाक्त ७५।**

*वृद्धि हुन सकेन । राणा शासकहरूमा जनता शिक्षित भएमा आफ्नो 'निरङ्कुशतन्त्र' टिक्दैन भन्ने आवधारणा भएकाले पुस्तकालयहरू खोल्नपनि प्रतिबन्ध थियो । राणा प्रधानमन्त्री भीमशमशेरको पालामा काठमाडौँमा केही सचेत व्यक्तिहरूले पुस्तकालय खोल्ने प्रयास गरेका कारण लक्ष्मीप्रसाद देवकोटा, हरिकृष्ण श्रेष्ठ, चित्तधर उपासक, कृष्णप्रसाद खतिवडा (शर्मा २०३३:३६७) आदिले दण्ड सजायँ भोग्नुपरेको इतिहास ताजै छ । यस प्रकारको परिस्थिति रहेको राणाकालमा पनि केही पुस्तकहरू भने खुलेको पाइन्छ । वि.सं.२००७ साल पूर्व र त्यसपछि २०१६ सालसम्म खुलेका केही पुस्तकहरूको सूची निम्नानुसार राखिएको छ ।*

**नेपालमा २००७ साल पूर्व स्थापित पुस्तकालयहरू**

- त्रिचन्द्र पुस्तकालय, सिरहा १९७२
- पशुपतिप्रताप पुस्तकालय, तौलिहवा १९९३
- आदर्श पुस्तकालय, विराटनगर, २००३
- प्रदीप्त पुस्तकालय, केलटोल- कामाडौँ, २००३
- शारदा पुस्तकालय, ललितपुर, २००३
- प्रेम पुस्तकालय, नेपालगञ्ज, २००३
- विद्यामन्दिर पुस्तकालय, सन्देशगृह, बाङगेमुढा, काठमाडौँ, २००३
- विद्यामन्दिर पुस्तकालय, बागलुङ, २००३
- धवल पुस्तकालय, तानसेन-पाल्पा, २००४
- महावीर पुस्तकालय, बुटवल, २००४
- मनोहर पुस्तकालय, सर्लाही, २००४
- छात्र पुस्तक निकेतन, तीनधारा पाठशाला, काठमाडौँ, २००४
- सार्वजनिक शिक्षा निकेतन, धनकुटा, २००४
- शारदा पुस्तकालय, रौतहट-गौर, २००४
- हिमाल सार्वजनिक पुस्तकालय, वीरगञ्ज, २००४
- पद्म पुस्तकालय, बन्दीपुर, २००४
- त्रिभुवन-मोहन पुस्तकालय, दाङ, २००५
- श्रीराम पुस्तकालय, भोजपुर, २००५
- श्री श्वेतकाली पुस्तकालय, नरदेवी-काठमाडौँ, २००७
- जनप्रिय पुस्तकालय, आठराई, २००७

**२००७ सालपछि २०१६ सालसम्म स्थापित पुस्तकालयहरू**

- सगरमाथा पुस्तकालय, ओखलढुङ्गा, २००८
- नेपाल राष्ट्रिय पुस्तकालय, खिचापोखरी-काठमाडौँ, २००९
- सङ्कटा पुस्तकालय,, टेवहाल-काठमाडौँ, २००९
- प्रभात पुस्तकालय, पाटन, २००९
- योगेन्द्र स्मारक पुस्तकालय, रक्तकाली-काठमाडौँ, २००९
- विश्वबन्धु पुस्तकालय, महाराजगञ्ज-काठमाडौँ, २०१०
- जन वाचनालय पुस्तकालय, पकनाजोल- काठमाडौँ, २०११
- अध्ययन गृह पुस्तकालय, जाउलाखेल-ललितपुर, २०१२
- नवीन विकास मण्डल पुस्तकालय, ठमेल-काठमाडौँ, २०१२
- प्रभात पुस्तकालय, इखापोखरी, २०१२
- भीमेश्वर पुस्तकालय, चिसापानी बजार, २०१३
- हेमगङ्गा पुस्तकालय, साँघुटार, २०१३
- ज्ञान विकास पुस्तकालय, पनौती, २०१४
- इन्द्रायणी पुस्तकालय, पूर्व नं. १ मण्डन, २०१४
- ज्ञान विकास पुस्तक निकेतन, बटुटोल-काठमाडौँ, २०५
- विप्लवी पुस्तकालय, भोटाहिटी-काठमाडौँ, २०१५
- प्रगतिशील वाचनालय, सानेपा-ललितपुर, २०१६
- नवचेतना पुस्तकालय, कटुन्जे, भक्तपुर, २०१६ (पंगेनी, २०१६८:५९-६०)

यसरी हेर्दा विराटनगरको आदर्श पुस्तकालय २००३, धनकुटाको सार्वजनिक शिक्षा निकेतन २००४, भोजपुरको श्री राम पुस्तकालय २००५, आठराईको जनप्रिय पुस्तकालय २००७ पूर्वका अग्रणी ऐतिहासिक पुस्तकालय रहेछन् । समयभन्दा अगाडि सोच्नसक्ने दूरदर्शीहरूले मात्रै यस्ता कर्म गरेर र अन्धकारमा दियो सल्काएर गए । खजुरगाछीस्थित यो त्रिभुवन आदर्श पुस्तकालय र तिनका संस्थापक यस्तै प्रथम कोटीका उदाहरणीय व्यक्ति र संस्था हुन् ।

तर बीचमा कालक्रममा यो ओइलाउँदै गयो, पात झरे, फूल सुक्यो । आजसम्मा धेरै फल लाग्नु पर्ने तर समयले त्यो सुष्क र बंजर भयो । अझैपनि यसको फेदमा हरियो बाँकी रहेकोले गर्दा यसलाई बाराबेरा गरौं, यसलाई मलपानी गरौं र वृक्षलाई नवजीवन दिने प्रण गरौं भन्ने आह्वानमा जुट्न हामी भेला भएका हौं ।

पुस्तकालयको महत्व कति छ कति यो वर्णनातीत छ । सभ्य मानिएका विकसित मुलुकमा गयैपिच्छे देख्तछु- त्यहाँ पुस्तकालयको संख्या प्रतिदिन बढिरहेको छ । ससानो शहरमा पनि तीनचार तले भवन छन् । भुइँतला भेटघाट कार्यक्रम पसल आदिका छन्, अरु तलामा प्रौढहरूका बेग्लै ऱ्याक, बालबालिकाका विशेष कक्षहरू, कार्पेट ओछ्याइएका भुइँमा कोही, कोही टेबल कुर्सीमा, कोही कम्प्युटर ल्यापटपको स्क्रिनमा । पढ्ने मात्र होइन कथाहरूमा आधारित छायाङ्कन हेर्ने, गीत सुन्ने, खेल हेर्ने, बाल जगत र स्वैरकाल्पनिक दुनियाँमा भूलिने अहिले स्थिति यस्तो देखिन्छ । अनुशन्धाताहरू त्यहीं छन् । विद्यार्थी, हल्का पाठक, गम्भीर अध्येता त्यहीं । विहान बेलुकी सानो शहर त्यही भेटिँदोरहेछ । गतवर्षको बेलायत भ्रमणमा जाँदा पाँचवटा मेरा कार्यक्रम यस्तै पुस्तकालयमा भएका थिए । त्यस्तै सँगसँगै वरिपरि संग्रहालय, सङ्कलन केन्द्रमा मानिस त्यत्तिकै छ ।

कोही कोही मानिस अपठितहरूको अरु मार्गमा ठूलो चहलपहल देखेर भन्ने गर्छन् पुस्तकालयको महत्व घट्तै छ तर गहिरिएर हेर्दा थाहा हुन्छ, पुस्तकालयको महत्व घटेको होइन झन् बढेको रहेछ । यसको माध्यम मात्रै परिवर्तित भएको हो । पठनको अर्थ अर्को पनि हुँदैछ, लेखनको अर्थ अर्को पनि हुँदैरहेछ । कलम मसी बिना कलम मसीले कागजमा झैं गरी लेख्न मिल्ने एक जादु कला हामीले आविष्कार गऱ्यौं । त्यसलाई लुकाउने, देखाउने, भण्डारण गर्ने, पठाउने कला सँगसँगै बढेकोले पुस्तकालय यही हो भन्ने हामीलाई भ्रम छ तर होइन विज्ञानले विकल्प बढाएको मात्र । पुस्तकालयको बारेमा ता जगत्ले उसैगरी महीमा गाइरहेको छ ।

विश्वका महानतम् स्रष्टा/चिन्तकले पुस्तकालयलाई कत्रो उच्चासनमा राखेका छन्– *म कार्ल रोम्यानको एउटा भनाइ प्रस्तुत गर्दछु–पुस्तकालय भनेको ज्ञानको मन्दिर हो, अनि इतिहासभरिका युद्धहरूले भन्दा बढी मानिसलाई ज्ञानले नै मुक्ति दिलाएको छ ।*[२]

अर्जेन्टिनाका महान्म स्रष्टा जोर्गे लुई बोर्गेसले भनेको कुराले हाम्रो हृदय छुन्छः *मैले सदैव के कल्पना गर्दछु भने स्वर्ग भनेको नै एक प्रकारको पुस्तकालय होला ।*[३]

हामीले पनि मनमा लिनुपर्दछ आजको पुस्तकालयले नानीहरूको हृदयमा त्यस्तै चित्र उत्पन्न गरोस् ।

पुस्तकालय सभ्य समाजको पहिचान हो, पुस्तकालय सभ्य परिवारको, घरघरको, प्रत्येक व्यक्तिलाई बेग्लाबेग्लै गन्तव्य पुग्ने दीप जलाइदिने अन्धकार हटाइदिने एक बरदान हो त्यसैले विकसित मुलुकको प्रत्येक घरमा अवश्य एक पुस्तकालय हुन्छ ।

शेल्बी फूटले भनेका छन्– *एउटा विश्वविद्यालय भनेको केही होइन, यो भवनहरूको समूह हो जुन एक पुस्तकालयको वरिपरि ठडिएका हुन्छन् ।*[४]

बाल्यकाल अन्त्य हुने वयःशन्धिमा मैले एक भव्य पुस्तकालयको दर्शन पाएँ; अझ त्यसमा निरन्तर प्रवेशको अनुमति पाएँ र नेपाली साहित्यका आदि गुरुहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, धरणीधर कोइराला, पारशमणि प्रधान, बालकृष्ण सम, माधव घिमिरे जस्ता महारथीहरूलाई त्यसै पुस्तकालयभित्र भेटें । त्यो एकान्तमा, अनन्त दुःखमा त्यही पुस्तकालय नै मेरो साथी, भाइ परिवार सर्वश्व हुन गयो त्यो थियो श्री आदर्श हाइस्कूल घैलाडुबाको पुस्तकालय । कालान्तरमा बिस्तारै बिस्तारै त्यो ग्रस्तता, त्यो पुस्तकालयप्रतिको सम्मोह आजीवन छुटाउन नसकिने अम्मल जस्तो हुन गयो । आज पनि म टाढा कतै छापिएका विचित्रको बास्ना आउने कागजका क्रिम-कलरे पाना सम्झन्छु

[२] The library is the temple of learning, and learning has liberted more people than all the wars in the listory—car T. Rowman.

[३] I have always inaging that paradise will be a hild of library. Torge Louis Borges

[४] A univercity is just a group of buiding gathered arouna a library— Shelby Foote

र अन्यकालसम्म म भित्रदेखि कदापि टाढा हुन्न भन्ने लागेको छ । मलाई एक साहित्यकार बनाउने प्रेरक शक्ति त्यही पुस्तकालय रहेछ । त्यसो त हाम्रा सबै नानीहरू साहित्यकारै बनून भन्ने होइन परन्तु बन्न सक्ने बनून र त्यतातिर अभिरुचि नभएकाहरूले पनि पुस्तकबाट ज्ञान, सूचना र आनन्द प्राप्त गरुन भन्ने उद्देश्यले ठाउँठाउँमा पुस्तकालयको स्थापना हुनुपर्दछ भन्ने लाग्छ । प्राथमिक विद्यालयदेखि शुरु गरेर विश्वविद्यालयसम्म पुग्दा ४५ वर्ष पढाएँछु तर पुस्तकालय जस्तो हितैषी बन्धु वा यस्तो प्यारो मित्र यसरी सुमार्ग देखाउने तत्व अन्य कुनै कतै पाइने छैन ।

नील गाइम्यानको अुभव छः *पुस्तकालयहरूले नानीहरूलाई यो जगत्‌को बारेमा प्रश्न सोध्ने अवसर मिल्छ, ती प्रश्नको उत्तर खोज्ने मौका मिल्छ । सर्वाधिक आश्चर्यको कुरा के छ भने बालबालिकाले एकपल्ट मात्र पुस्तकालय प्रयोग गर्न सिकेपछि ज्ञानका ढोका सधैंको लागि खुल्नेछन् ।*

पुस्तकालयले साना नानीहरूको पढ्ने बानी पारोस्, तरुण र युवायुवतीलाई पुस्तकालयले लोभ्याओस् । त्यसको लागि चितवनको भ्रुवानी पुस्तकालय, पनौतीको ज्ञान विकास पुस्तकालय, बाग्लुङको रत्न पुस्तकालय अथवा कोहलपुरको ज्ञानोदय पुस्तकालयको निरीक्षण गरौं–कसरी त्यहाँ बालबालिकादेखि गृहणीहरू ज्ञान दोहनमा निर्लिप्त छन् । यस्ता पुस्तकालय धेरै छन् ।

आजका पुस्तकालयको परिभाषा बेग्लै हुदैछ । यो ठूला बडा, पढेका, शिक्षित, प्रौढ, विद्वान्‌को लागि मात्र होइन, यो ता साक्षर असाक्षर सबैको लागि अपांग, बालबालिका आमा सँगै सबै जना रमाउँदै आउने र केही समय व्यतीत गर्ने उज्यालो मन्दिरको रूपमा हुनुपर्छ । हाम्रो त्रिफला राष्ट्रिय पुस्तकालयले जिल्लामै त्यस्तो पुस्तकालय विकासका सामान राखेर कुदिरहेको स्थल नभएर सबै वर्ग समूहको सत्सँग केन्द्रको रूपमा विकसित हुनुपर्दछ ।

पुस्तकालयमा नित्य नवीन पुस्तक चाहिन्छ भन्ने छैन । नेपाली साहित्य, कला, संस्कृति, इतिहासको लामो इतिहास छ । त्यसैले नयाँ पुराना सबै पुस्तकको संग्रहण उत्तिकै आवश्यक छ । तर विशेषगरी साहित्यको जीवनलाई सुमार्ग देखाउने हुँदा साहित्य विषय नै मुख्य हुनुपर्छ ।

अचेलका बाबुआमाहरू विद्यालय जाने ससाना बालबालिकालाई पुस्तकहरूको गह्रौं भारि बोकाएको देखेर खुशी हुँदैछौं । त्यो चाहिँ अविकसित देशमा हुर्किएको मूर्खताको नमूना मात्र हो । पाठ्यपुस्तकको आधिक्यले नानीहरूको मष्तिष्कलाई बँभ्याउँछ । त्यसको सट्टा उनीहरूले पुस्तकालय पुऱ्याउनुपर्छ । त्यहाँबाट रोजीरोजी पढ्ने अवसर दिनुपर्छ । उनीहरूले ५-६ वर्षदेखि १८ वर्षसम्म जति धेरै पुस्तक पढ्ने अवसर दिनोस्, विभिन्न विधाका पुस्तक उपलब्ध गराउनोस्, यो अप्ठचारो होला भन्ने नठानिकन, अप्ठचारो पनि पढ्ने बानी गरेपछि उनीहरूमा बोध क्षमता विस्तीर्ण हुँदै जान्छ । पढेपछि अलिकति टिपोट लेख्न गर्ने बानी पनि बसाउनोस् । पुस्तकालयलाई सभ्यताको प्रतीक मात्र मानिएको छैन । नील गाइम्यानका अनुसार–*पुस्तकालय भनेका सभ्यता र वर्वरता बीचका पातला राता धर्का हुन् ।* अशिक्षितहरू एकोहोरो भौतिक सुख थप्ने बल गरिरहन्छन्, सभ्य र शिक्षितहरू मात्र पुस्तकालयप्रति आकर्षित हुन्छन् । यी विभाजन रेखा पनि हुन् ।

प्रशिद्ध साहित्यकार डोरिस लेसिङले भनेकी छन्–एउटा सार्वजनिक पुस्तकालय भनेको संसारमै सर्वाधिक प्रजातान्त्रिक मूल्य बोकेको स्थान हो । पुस्तकालयभित्र प्राप्त वस्तुले ठूला ठूला अधिनायक तथा अत्याचारीलाई समेत परास्त गरेको छ ।

**पुस्तकालय सम्बन्धी केही अमूल्य धारणा**

*मेरो धर्म केही छैन रहेछ र एउटा पुस्तकभन्दा बढी महत्वपूर्ण केही रहेनछ भन्ने थाहा पाएँ । मैले पुस्तकालयलाई एउटा मन्दिर ठानें ।*

- जाँ पौल सार्त्र

*तपाईको सुन्दर भविष्यको लागि र सफलताको लागि आवश्यक पर्ने सबै कुरा तोकिएको छ । त्यो के होला ? तपाईंले अर्थोक होइन केवल पुस्तकालय जाने गर्नोस ।*

– हेन्री फ्रेडरिक एभिएल

*खराब पुस्तकालयले संग्रहण गर्दछन् असल पुस्तकालयले*

*सेवा, महान् पुस्तकालयले सुमदायको निर्माण गर्दछन् ।*

– आङ डेभिड ल्याङ्गिज्

*सबै असल पुस्तक पढ्नु भनेको विगत शताब्दीका सर्वोत्तम व्यक्तिसित वार्ता गर्नु जस्तै हो ।*

– डेकार्ट

*पठनले अज्ञात मित्रहरूलाई हाम्रो सामू ल्याइदिन्छ ।*

– अनरे डी बाल्जाक

*पुरानो कोट लाउनोस् तर नयाँ पुस्तक किन्नुहोस् ।*

– थोरो

*राम्रा पुस्तक नपढ्ने व्यक्ति पढ्नै नसक्ने भन्दा गतिलो होइन ।*

– मार्क ट्वाइन

*पढ्न जान्नु भनेको आगो बाल्न जान्नु जस्तै हो, प्रत्येक उच्चारित अक्षर नै एउटा झिल्को हो ।*

– भिक्टर ह्युगो

*पढ्नु जस्तो सस्तो मनोरञ्जन कुनै छैन, यति चीरस्थायी आनन्द पनि कुनै छैन ।*

– मेरी वर्टले मन्टेगु

*जीवनमा कतै पुग्नु छ भने धेरै पुस्तकको अध्ययन गर्नु होला ।*

– रोल डचाल

*जुन व्यक्ति सामान्यहरूको स्तरभन्दा माथि उक्लिन चाहन्छन्, तिनीहरूको लागि पठन अत्यावश्यक छ ।*

– जीम दोन

*टेलिभिजन निकै शिक्षाप्रद लाग्दछ । तर जब कसैले टिभी खोल्छ म चाहिँ अर्को कोठामा पस्छु र पुस्तक पढ्न थाल्छु ।*

– ग्रौचो

*कुनै संस्कृतिको अन्त्य गर्नु छ भने कुनै पुस्तक जलाइरहनु पर्दैन, मात्रै जनतालाई ती पुस्तक पढ्न रोक्नुभए पुग्छ ।*

– रे ब्राचाडबरी

*कृपया, कृपया मेरो बिन्ती छ, प्रार्थना छ, जानोस् आफ्नो टीभी सेट फ्याँकिदिनोस् अनि त्यस भित्तामा एउटा राम्रो पुस्तकको दराज स्थापना गर्नोस् ।*

– रोल्ड डाल

*जीवनको त्यो पूर्ण प्रशान्ति कतै मिल्ने छैन परन्तु एकान्तमा, एक विश्वासी मित्रमा र एक राम्रो पुस्तकालयमा ।*

– ओप्रा बेन

*पुस्तकको संख्या विशाल भएता पनि, पढ्ने चाहिँ कति थोरै हुन्छन् ! अनि कसैले राम्ररी हेर्‍यो भने उसलाई यो बोध हुनेछ, मूर्खहरूले, असभ्य भीडहरूले प्रत्येक दिनलाई कसरी व्यर्थमा निलिरहे हुन्छन् ।*

– भोल्तेयर

*अहा ! पढिरहेका व्यक्तिहरूबीच पुग्न पाउनु कत्रो भाग्य हो ।*

– राइनर मारिया रिल्के

*पुस्तकहरू फर्निचर होइनन् तर दुनियाँमा कुनै कुरा छैन जसले पुस्तकले जति राम्ररी त्यो घर सजाओस् ।*

– हेनरि वार्ड बीचर

*पुस्तक जलाउनुभन्दा नराम्रा अपराध पनि होलान् । ती मध्ये एक हो पुस्तक नपढ्नु ।*

– लोजेफ ब्रोड्स्की

*मेरो लागि पढ्नु भनेको एक असल मित्रसित समय व्यतीत गर्नु हो ।*

– ग्यारि पाउल्सेन

*तपाईं त्यस्तो घरमा कस्तो जीवन बाँच्नु होला जहाँ कुनै पुस्तक छैनन् ?*

– शर्मान अलेक्मी

# पुस्तकालय

- डा.सुकुम शर्मा

पुस्तक पठनपाठनको आधार भनेको पुस्तकालय नै हो । पुस्तकालयको मर्म पुस्तकसङ्ग्रह, व्यवस्थापन र सहज पठनपाठनसँग जोडिएको छ। पुस्तकको व्यवस्थित सङ्कलन र सहज प्रयोगमा जान सकिने ठाउँ नै पुस्तकालय हो । पुस्तकालयको उपयोग र उपभोग गर्दा सम्पदाको मर्म अनि मानव सभ्यतामा यसले सिर्जना गरेको ज्ञानको नवीन आधारमा पनि प्रवेश गर्नपर्ने हुन्छ । अध्ययन, अनुसन्धानमा लागेकाहरूका लागि पुस्तकालय सामग्रीको स्रोतसँगै ज्ञान संश्लेषणको थलो पनि हो अर्थात् हिजो हिँडेको मार्गको स्पष्ट आकलन गरी अबको बाटो खोज्ने स्वप्नस्थल हो। पुस्तकालयको महत्त्व पुस्तक थुपारेकै भरमा रहँदैन, त्यो त समाजको नवीन मार्गको संश्लेषणका लागि ती थुपारेका सामग्रीबाट नयाँ मार्ग पत्ता लगाउँदाको उल्लेख्य प्राप्तिसँग जोडिन्छ। यही प्राप्तिका लागि नै पुस्तकालयको अर्थ प्रगाढ छ र ज्ञानमार्गका यात्रामा सहायक बनेको छ। त्यसैले पुस्तकालय ज्ञानमार्गका लागि आधारभूत ज्ञानको स्रोत वा घर हो। यस अर्थमा व्यवस्थित रूपले पुस्तक सङ्कलन गरी सहज पठनपाठनमा सहयोगी घर नै पुस्तकालय हो भन्ने आधार बाउन सकिन्छ ।

पुस्तकालय पुस्तक र आलय मिलेर बनेको शब्द हो । पुस्तकका पर्यायमा पोस्तक, किताब, पोथी, ग्रन्थ आदि शब्द प्रयोग गरिन्छ। यस्तै आलयका पर्यायमा खाना, घर, गृह जस्ता शब्दको प्रयोग पाइन्छ। यिनै शब्दको संयोजनमा नै पुस्तकालय या पुस्तकघरसँग मिलेर यससँग सम्बद्ध विविध शब्दहरूको निर्माण भएको पाइन्छ। अर्थात् पुस्तक, पोस्तक, पोथी ग्रन्थ किताबको पर्याय लहरमा आलय, खाना, गृह, घरको पर्याय उपस्थिति या प्रयोगबाट यस क्षेत्रका समग्र शब्द निर्माण गरिएको छ। यही प्रक्रियाबाट निर्मित शब्दमा सीमित रहेर पुस्तकालय र यससँग जोडिएका शब्दको अर्थ सन्दर्भ हेर्न सकिन्छ। पुस्तकालयकै प्रसङ्गमा पुस्तकागार शब्द पनि रहेको छ। यो शब्द भने फरक बनोटका मार्गबाट आएको देखिन्छ। पुस्तकालयको मूल अर्थ पुस्तक राख्ने घरका मान्यतामा संश्लेषण भएकाले पुस्तक र आलय नै यस शब्दको बनोटसँग साटिएको मुख्य आधार हो । पुस्तकसँगै पत्रपत्रिका, पुस्तिका आदि पनि पुस्तकालयमा रहेका हुन्छन्। पत्रपत्रिका मात्र राखिएका सन्दर्भमा वाचानालय भनिए पनि यो सीमा मिचिएको छ। यसो भए पनि पुस्तक राख्ने स्थानसँग जोडिएको यस शब्दको अभिधात्मक अर्थगत आधारमा अन्य शब्दसँगको संयोजन र अर्थमूल्यका विषयमा यस प्रसङ्गमा खोजी हुनु पनि सान्दर्भिक नै देखिन्छ ।

पोस्तक पुस्तककै उच्चारणगत भेद हो। नेपाली जिब्रामा यो शब्द भिजे पनि आलयसँग पोस्तक जोडिँदा बनेको पोस्तकालय भने जनजिब्राका प्रचलनमा आएको छैन। यस्तै अरबी शब्द किताबमा संस्कृत आलय जोड्दा किताबालय पनि बन्दछ। यो शब्द पनि फरक मर्गको समायोजनपरक निर्माणमा बनेको छ। यसको प्रयोग सम्भाव्यमा मात्रै सीमित बनेको देखिन्छ। यो ठिमौरे शब्द बनोट वा प्रयोगको प्रचलन पनि आफैमा खोजीको विषय हो। पुस्तककै पर्यायमा प्रयोग भएको शब्द पोथीका आधारमा पोथ्यालय या पोथीआलय पनि शब्द बनाएर पुस्तकालयकै सन्दर्भमा नजोडिएला भन्न सकिँदैन । ग्रन्थबाट ग्रन्थालय शब्द बन्दछ। यसको अर्थ पनि पुस्तक राख्ने ठाउँ नै हो । यसो भए पनि समाजमा ग्रन्थालयको प्रयोग प्रचलनमा छैन । बरु ग्रन्थालय शब्द आफ्नै मार्गसँग जोडिएकाले होला प्रयोगमा सहज देखिन्छ तर ऐतिहासिक आधारमा यसको प्रयोग भएको सन्दर्भ भने भेटिँदैन। त्यसैले पुस्तकको संरक्षण र पठनपाठनमा सहज पुस्तक उपलब्ध गराउने उद्देश्यसँग जोडिएको पुस्तक राख्ने घरका रूपमा पुस्तकालय शब्द नै पारिभाषिक शब्दका सन्दर्भमा उल्लेख्य बनेको छ। नेपालमा वीर पुस्तकालय आरम्भदेखि परम्परा निर्माणसँग समाजमा प्रचलनमा आएको आधारबाट यो प्रयोग सहज हुँदै अघि बढेको छ ।

खानासँग पनि पुस्तक लगायतका शब्दको प्रयोग हेर्न सकिन्छ । पुस्तक र खाना मिलेर पुस्तक खाना बन्दछ ।

यसको सामान्य अर्थ पुस्तक राख्ने घर नै हो। नेपाली सन्दर्भमा पुस्तकखानाको प्रयोग पुस्तकालयसँग जोडेर नै अघि बढेको देखिन्छ। यस्तै किताबखाना पनि प्रयोगमा रहेको शब्द हो। यो शब्द पुस्तकालय भन्दा फरक सन्दर्भमा रूढ भएको पाइन्छ। किताबखाना जङ्गी निजामती आदि कर्मचारीहरूको नीयुक्ति, बढुवा, सरुवा, खोसुवा आदिको रेकर्ड राख्ने अड्डा वा घरका रूपमा रूढ भएको छ। पुस्तकालयका पर्यायमा पुस्तकखाना नै बढी उपयुक्त हुने देखिन्छ। किताबखाना र किताबघरमा पुस्तकालयको बिम्ब बनाउन नमिल्ने त होइन तर पनि यी शब्दको रूढगत अर्थ बेग्लै छ। पुस्तकको अर्को पर्याय शब्द पोथी हो र यसका आधारमा पोथीखाना शब्द पनि बन्ने देखिन्छ। यसले पुस्तक र यससँग जोडिएको अर्थ भन्दा अन्य अर्थ नै द्योतन गर्ने पनि स्पष्ट हुन्छ। त्यसैले एउटै सन्दर्भका शब्दको प्रयोग पनि समाजमा फरक अर्थ बोधमा गरिने यथार्थ पनि यस सन्दर्भमा बिर्सन मिल्दैन।

घर वा गृह पनि यस सन्दर्भमा प्रयोग भएकै शब्द हुन्। पुस्तक घर र गृहले पुस्तकालय भन्दा पनि पुस्तक पसललाई बोध गराएको हुनाले यस हारका शब्दमा प्रयोग सचेत आधार हेर्नपर्ने हुन्छ। यस्तै किताव घर वा गृह पनि उही अर्थमा साटिएको पाइन्छ। पोथीघर र पोथीगृहले अन्य अर्थ बुझाउने हुँदा पुस्तकालयमा जोडिन धेरै नै गाह्रो पर्ने देखिन्छ। ग्रन्थघर र ग्रन्थगृह शब्द पनि सहज प्रयोगमा आउन नसकेको नै स्पष्ट हुन्छ। पुस्तक, ग्रन्थ, पोथी संस्कृत सन्दर्भका शब्द संस्कृत किताब या कितापको फारसी सन्दर्भमा आलय तथा गृह संस्कृत र फारसी खाना र नेपाली घर मिलेर नै पुस्तकालयसँग सम्बद्ध धेरै नै शब्द निर्माण भएको पाइन्छ। त्यसैले पोथी शब्द नेपाली सन्दर्भमा साहित्यिक र प्राचनि सन्दभृमा प्रयोग भए पनि अहिले पुस्तकसँग विरलै जोडिएको देखिन्छ।

व्यक्तिले हस्तलिखित सामग्री सङ्कलन गर्ने, मठमन्दिरमा पुस्तक लगायत सामग्री सङ्कलनका लागि वातावरण सिर्जना गर्ने परम्परा नेपालमा रहेको छ। राज्यस्तरमा भने पुस्तक सम्बन्धी व्यवस्थाका लागि पहिलो प्रयासमा पुस्तक चिताइ तहबिल नै यस क्षेत्रको आधार हो। आरम्भमा जैसिकोठा भनी पुस्तकको पठनमा आधार बनाएको पनि भेटिन्छ। यस आधारपछि नेपालमा पुस्तकालयको परम्परा सरकारी र वैयक्तिक सन्दर्भमा पनि भएको पाइन्छ। पुस्तकालयसँगै पत्रपत्रिका पठनमा जोड दिँदा वाचानालय पनि प्रयोगमा आएको पाइन्छ। अङ्ग्रेजी प्रभावका कारण नेपाली सन्दर्भमा पनि लाईब्रेरी शब्दको प्रयोगले परम्परा नै निर्माण गरेको छ। राणा प्रधानमन्त्री जङ्गबहादुरका पालामा नै दरबार स्कुल लाईब्रेरीको सन्दर्भ जोडिएको पाइन्छ। त्यसपछि दरबार लाईब्रेरीमा सीमित नभई पुस्तकालयका पर्यायमा लाईब्रेरीको प्रयोग पनि बढ्दो नै देखिन्छ। घण्टाघर लाईब्रेरी, त्रिचन्द्र कलेज लाईब्रेरी आदिको प्रयोग मात्र होइन सेन्ट्रल लाईब्रेरीको प्रयोग पनि नेपाली समाजमा स्मरणीय नै छ र अङ्ग्रेजी प्रयोग सहजबनेको छ।

पुस्तक, पोस्तक, किताब, ग्रन्थ, पोथी शब्द पुस्तकका पर्यायमा प्रयोगमा आउने शब्द हुन्। आलय, गृह, घर, खाना वासस्थानसँग सम्बद्ध भएर घरका रूपमा प्रयोगमा आएका पर्याय शब्द नै हुन्। यी शब्दका आधारमा पुस्तकालय, किताबालय, ग्रन्थालय, पुस्तकघर, किताबघर, ग्रन्थघर, पुस्तकखाना, किताबखाना, किताबघर आदि शब्द बनेका छन्। व्युत्पत्तिगत आधारमा हेर्दा किताब घर पुस्तक घर जस्ता शब्द पुस्तक पसलका सन्दर्भमा बढी रूढ बनेका छन्। यस्तै पुस्तकखाना, किताबखाना, ग्रन्थालय, पुस्तकालय पुस्तकालयसँग जोडिए पनि ग्रन्थालय र पुस्तकखाना पनि हराउँदै गएको पाइन्छ। किताब र खाना पुस्तक र आलयको आफ्नो स्रोतमा सीमित नरही किताबालय र पुस्तकखानाका क्रस प्रयोगमा पनि रमाएको देखिन्छ। यो प्रयोग उपयोगविहीन पनि देखिँदैन। यसको सन्दर्भगत आधारमा हेर्दा किताबखाना र पुस्तकालय नै अहिले विशेष अर्थमा रूढ बनेका शब्द हुन्। अड्डा निजामतीका अभिलेखका सन्दर्भमा किताबखाना र पुस्तक राख्ने घरको पारिभाषिक अर्थगत सन्दर्भमा पुस्तकालय शब्दको प्रयोग नै रूढ बनेको देखिन्छ र समाजमा यही अर्थबिम्ब साटिएर व्यक्ति प्रयोगमा आएको छ। त्यसैले आरम्भमा जेजस्ता शब्दको प्रयोग भए पनि अहिले पुस्तक राख्ने घरका सन्दर्भमा पुस्तकालय नै प्रयोगमा सुलभ भएको छ। यो सुलभ प्रयोगमा पठन संस्कृति, अध्ययन, अनुसन्धान, ज्ञानमार्गको सामाजिक प्रतिबिम्ब पनि स्पष्ट भएको छ।

# बालकथा लेखन, सम्पादन तथा अनुवाद

– विनय कुमार कसजू

## बालकथाको महत्व

बालकथा पढ्दा, सुन्दा र अपसमा बाँडचुँड गर्दा बालबालिकाले पहिलो कुरा ध्वनि थाहा पाउँछन्, अनि शब्द र भाषा सिक्छन् । त्यसपछि प्रारम्भिक साक्षरता सीपहरू (Early literacy skills) को विकास हुन्छ । उनीहरूले पुस्तक र कथाको महत्व बुझ्न र पुस्तकलाई माया गर्न थाल्छन् । उनीहरूको कल्पना शक्ति बढ्छ । उनीहरू जिज्ञासु बन्छन् ।

बालकथाले बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, संवेगात्मक विकास हुन्छ तथा उनीहरूको सामाजीकरणमा महत्वपूर्ण भूमिका खेल्छ । उनीहरूले पढेका कथा र कथाका पात्रहरूले उनीहरूलाई राम्रो काम गर्न र असल मानिस बन्न प्रेरणा दिन्छ । धेरै पुस्तक पढ्ने बालबालिकाको आत्मविश्वासको स्तर बढी हुन्छ । उनीहरू आफ्ना अनुभव, फिलिङ, भाषा र सिकाइलाई राम्ररी व्यवस्थित र उपयोग गर्न सक्ने हुन्छन् । उनीहरूमा समस्या समाधान गर्न सक्ने क्षमता बढ्छ ।

ठूलाले सानालाई किताब पढेर सुनाउँदा दुई जनाको बीचमा भावनात्मक सम्बन्ध गाढा हुन्छ । परिवारको लागि यो महत्वपूर्ण बन्धन हो । बालबालिकामा पढ्ने रूचि जगाउनु, पढ्ने बानी बसाल्नु र किताबलाई माया गर्ने बनाउनु हरेक अभिभावकको कर्तव्य र जिम्मेवारी हो ।

## बालसाहित्य लेखनको उद्देश्य

देश र समाज सभ्य र समृध्द बन्नका लागि असल तथा योग्य नागरिकको अवश्यकता हुन्छ । असल योग्य नागरिक बन्ने बनाउने काम बाल्यकालदेखि सुरू हुन्छ । यसैले सचेत समाजले बालबालिकाको विकासमा विशेष ध्यान दिएको हुन्छ । प्राचिनकालमा बालबालिकालाई असल बनाउनका लागि अर्ति, उपदेश दिने चलन थियो । बालमनोविज्ञानको विकास भएपिछ बालबालिकाको इच्छा, चाहना बुझेर उनीहरूलाई शिक्षा दिन थालियो । फलस्वरूप मनोरञ्जन गर्दै शिक्षा दिने प्रचलन बढ्दै गयो । अहिले आएर बालबालिकालाई खुशी, अनन्दित, ज्वायफुल बनाउनु बालसाहित्यको उद्देश्य बन्दै गएको छ । अनन्दित बालबालिकाले नै असल काम गर्न सक्छन् र सफल हुन्छन् भन्ने कुरा स्थापित हुँदै गएको छ ।

## बालसाहित्य र वयस्क साहित्य बीच भिन्नता

बालबालिकाहरू केही नलेखिएको भित्ता जस्ता हुन् भने वयस्कहरू धेरै कुरा लेखिएका भित्ता वा कागत जस्ता हुन् । बालबालिकाहरू नयाँ कुरा जान्न र सिक्न सँधै उत्सुक हुन्छन् । उनीहरू वयस्कले झैं ठिक बेठिक छुट्याउन, विश्लेषण र तर्क गर्न सक्तैनन् । बालबालिकाले पढेको कुराको प्रभाव उनीहरूको जीवनभरि पर्छ । बालसाहित्य लेख्नु भनेको उनीहरूको जीवन र भविष्यलाई प्रभावित पार्नु हो । यसैले बालसाहित्य लेख्नु भनेको अत्यन्त महत्वपूर्ण र विशेषज्ञता तथा सीप चाहिने काम हो । वास्तवमा बालसाहित्य लेखन व्यक्ति, समाज, देश र मानवसमाजकै लागि जिम्मेवार भएर लेखिने जिम्मेवारपूर्ण विषय हो ।

## बालसाहित्य सम्पादनको उद्देश्य र महत्व

बालसाहित्य लेखन जस्तै बालसाहित्य सम्पादनको पनि उत्तिकै महत्व छ । सम्पादनभित्र विभिन्न काम हुन्छन् । जस्तैः हिज्जे र व्याकरणको सम्पादन, भाषा सम्पादन, संरचनाको सम्पादन, विचारको सम्पादन आदि । बालसाहित्य र वयस्क साहित्यको सम्पादन बीच भिन्नता छ । वयस्कका लागि लेखिने साहित्यको सम्पादन मुख्य रूपमा संरचनागत र भाषाको सम्पादन हो । तर बालसाहित्यको सम्पादनमा पहिलो कुरा विचार त्यसपछि संरचना अनि भाषा र व्याकरणको सम्पादन हुन्छ ।

**बालसाहित्यको अनुवादको उद्देश्य र महत्व**

बालसाहित्यको अनुवाद हजारौँ वर्षदेखि भइरहेको छः पञ्चतन्त्र, इसपका नीतिकथा, बौध्द जातक कथाहरू युरोप र एशियाका अधकांश देशमा प्रचीन कालदेखि प्रचलनमा छन् । चीन, जापान जस्ता प्रचीन सभ्यता भएका देशमा पञ्चतन्त्रका कथाको अनुवाद विभिन्न र फरक रूपमा पाइन्छ । रूस तथा छिमेकी देशहरूका बालसाहित्यमा इसपका नीतिकथाका अनुवादको विभिन्न भर्सन पाइन्छ ।

अनुवाद कला र सीपको विकास नभएको अवस्थामा भएका अनुवादले कतै कथाको स्थानीयकरण भएको देखिन्छ भने कतै कथाको मूल रूप नष्ट भएर संरचना मात्र बाकी रहेको पनि देखिन्छ । वास्तवमा बालसाहित्यको अनुवाद निक्कै चुनौतीपूर्ण छ । बालसाहित्य अनुवाद चुनौतीपूर्ण हुनुका धेरै कारण छन् । एउटा मुख्य कारण हो: बालपाठकको बुझाइको स्तर र अवस्था अर्थात् बालविकासका विभिन्न अवस्था र बाल्यपनबारे अनुवादकको बुझाइ । अनुवादकको आफ्नो ज्ञान र चेतनाको अवस्था र लक्षित बालपाठकको अवस्थाबीच भिन्नता र समन्वय गर्दा हुने द्वैधताले मुख्य समस्या ल्याउँछ । अनुवाद गर्नुको मुख्य उद्देश्य नै कुनै खास वर्ग वा समुदायका लागि लक्षित पाठ्य सामग्री तयार पार्नु भएको हुनाले लक्षित बालपाठकलाई केन्द्रमा राखेर वा ध्यान दिएर अनुवाद गर्नु नै समस्या समाधान गर्ने एउटा मुख्य उपाय हो ।

सांस्कृतिक विषयको अनुवाद अर्को महत्वपूर्ण हाँक हो । सामाजिक मूल्यमान्यता (Values) परम्परा, धर्म, चालचलनको अनुवाद कठिन हुन सक्छ । तर यो फरक क्षेत्रका पाठकका लगि रोचक पनि हुन सक्छ ।

**विदेशी बालसाहित्य नेपालीमा अनुवादः केही टिप्स**

कुनै कथा अनुवाद गर्नु भनेको मूल कथा लेखिएको ठाउँ, भाषा, देश, र संस्कृति भन्दा अर्कै ठाउँ, अर्कै भाषा, अर्कै देश र अर्कै संस्कृतिमा त्यही कथा लेख्नु हो । यसैले विदेशी कथा अनुवाद गर्दा अनुवादकले विभिन्न कुरा थाहा पाउनुपर्छ । कथा कुन देशको हो ? अनुवादकलाई कथा लेखिएको समाज, देश र भूगोल तथा त्यहाँको संस्कृति, समाजबारे थाहा हुनुपर्छ । कथा कुन समयको हो ? कथा लेखिएको मूल भाषा कुन हो ? अनुवाद गर्दा पाठकको उमेरलाई विचार गर्नुछ । साना उमेरका बालक र अलि ठूला बालकको रूचि र सोच फरक हुन्छ । उमेरअनुसार बालकको रूचि, सोच र बुझ्ने शक्ति फरक पर्दै जान्छ ।

बालबालिकको सोच्ने तरिका वयस्क वा ठूला मानिसको भन्दा फरक हुन्छ । उनीहरूको बोल्ने, कुरा गर्ने तरिका र काम गर्ने तरिका पनि वयस्कको भन्दा फरक हुन्छ । ठूलालाई अनेक चाल, ढाँट, छलकपट थाहा हुन्छ र तर बालबालिका सरल, निष्कपट, इनोसेन्ट हुन्छन् । भविष्यको अनुमान उनीहरूले गर्न सक्तैनन् । उनीहरूसँग पहिलेदेखि नै बनिबनाउ बिचार हुँदैन । पूर्वाग्रह हुँदैन । बालबालिकाहरू अनुभवहीन हुन्छन् । तर कल्पनाशील हुन्छन् । उनीहरूले कल्पनामा आफ्नै संसार सिर्जना गर्छन् । उमेर बढ्दै जाँदा उनीहरूको यो गुण कम हुँदै जान्छ । तर बालबालिकाले आफ्नो वरिपरिको संसारलाई ठूलाले झैँ बुझ्न सक्छन् । उनीहरूले पढ्ने कुरा र भोग्ने कुराले उनीहरूको जीवनलाई प्रभावित पार्छ ।

उमेर बढेसँगै बालबालिकाको रूचि पनि तत्कालै फेरिने हुनाले उनीहरूको विभिन्न प्रकारका रूचिलाई बुझ्नुपर्छ । एउटै उमेर समूहका बालबालिकाको पनि रूचि नमिल्न सक्छ । अनुवादकले अनुवाद गरिएको पुस्तक कुन उमेरका पाठकका लागि हो ? पाठकले बुझ्ने र बोल्ने भाषाको स्तर के हो ? पाठकको शैक्षिक स्तर र उसको एक्स्पोजर वा चेतनाको स्तर कस्तो छ ? यी कुरा बुझ्नु आवश्यक छ । चित्रकथामा भएका चित्रलाई अनुवादकले राम्ररी बुझ्नुपर्छ ।

चित्रकथामा भएका चित्रले मूल कथा लेखिएको स्थानको परिवेश (स्थान र समय), पहिरन, व्यवहार, प्रकृति, जीव र बनस्पति, जमिन र अन्य वातावरणीय कुरा थाहा दिन्छ ।

अनुदित कथामा पनि मौलिक चित्र राख्ने हो भने चित्रमा भएका कुराको अनुवाद गर्नु पर्दैन । तर चित्रमा लक्षित पाठक वर्गले नबुझ्ने वस्तु वा विषय भने त्यसलाई

स्पष्ट पार्नु पर्छ। चित्रकथा यदि कुनै भाषाका शब्द सिकाउनका लागि तपार पारिएको भए त्यसको अनुवाद गर्नु उपयुक्त हुँदैन ।

**क) अनुदित वस्तु (प्रडक्ट) को गुणस्तर ।**

- सरल र सललल बग्ने भाषा (फ्लुएन्सी),
- सत्य, यथातथ्य (एक्युरेसी),
- शैलीमा अफ्नोपन, मौलिकता वा नयाँपन,
- अनुवादकका अन्य गुणः

अनुवादकसँग भाषाको कमान्ड हुनुपर्छ। उसँग मूल कथा लेखिएको भाषा र अनुवाद गरिने भाषाको ज्ञान र पर्याप्त शब्दभन्डार हुनुपर्छ। साना नानीहरूको शब्दभन्डार (भोकाबुलरी) थोरै हुन्छ। उसलाई विभिन्न उमेरका केटाकेटीले बुझ्नसक्ने र बोल्ने भाषा कस्तो हुन्छ भन्ने थाहा हुनुपर्छ।

**अनुवादकले विचार पुऱ्याउनु पर्ने अन्य विषयः**

जाति, क्षेत्र, धर्म, लिंग, भाषाको अधारमा पात्रलाई होच्याउने, हेला गर्ने, शब्द प्रयोग गर्नु हुँदैन। कसैलाई अपमानित गर्ने शब्द, विशेषण, उखान, सन्दर्भ गर्नु हुँदैन। (जस्तै स्वास्नीमान्छे, मधिसे, भोटे, पहाडे, पुड्के, बाउन्ने, काले, गोरे, अन्धा, बहुलाहा, लुला, लंगडा, गाइने, दमै, सार्की आदि ।)

नाता सम्बन्धको अनुवाद गर्दा अंग्रेजी र अन्य भाषाको तुलनामा नेपाली भाषामा नाता जनाउने शब्द धेरै छन्। जस्तै Uncle को अर्थ काका, मामा, बाका दाइ भाइ, Brother दाइ, भाइ। Sister दिदी, बहिनी। Cousin काकाको छोरा, मामाको छोरा, बाका दाइ भाइका छोरा। ब्गलत काकी, माइजु, फुपु। यस्ता शब्द आउँदा वास्तविक नाता बुझेर लेख्नु पर्छ।

ध्वनि वा आवाजको अनुवाद। जस्तै (अम्माची कथामा) Soorajs stomach went: "GRRRRRRÛ" Ammachi giggled. लेखिएको छ। यसलाई सूरजको पेट करायोः "ग्वार्रर्र!" हजुरआमाले जिस्काइन्। Then we crack the shell…like THIS!" KHATAK! यसलाई "अब हामीले नरिवलको बोक्रा फोर्छौं …. यसरी !" कर्याक्क ! Now cut it into neat little slices… SQUEAK SQUEAK यसलाई "अब यसलाई मसिना साना साना टुक्रामा काटौं …"सर्याक, सर्याक ! बनाउन सक्छौं।

भोजन वा खानेकुराको परिकारको अनुवाद गर्दाः कथामा लेखिएको परिकार नेपालमा नहुन सक्छ। यस्तोमा परिकारको नाम उही राखेर त्यो परिकार पकाउँदा राखिने सामग्री, मसला र पकाउने विधि संक्षेपमा उल्लेख गर्नु बेस हुन्छ। पात्रको नाम फेरेर नेपाली नाम राख्दा पाठकमा कथा नेपालको हो कि भन्ने भ्रम पर्न सक्छ। यसैले पात्रको नाम सकेसम्म जस्ताको तस्तै राख्नुपर्छ। नाम उच्चारण गर्न गाह्रो छ भने त्यसलाई मिल्ने वा स्थानीय नाम राख्न सकिन्छ। कथाका घटना, स्थानको नाम, मौसम, चाडपर्व, पात्रको नाम, पहिरन जस्ता कुराले मूल कथा उत्पत्ति भएको देश र समाजको परिचय दिने हुँदा तिनलाई फेर्न वा तिनको स्थानीयकरण गर्नु हुँदैन। शब्द रोज्ने कि भाव रोज्ने भन्ने दुविधा भयो भने भाव वा विचारलाई महत्व दिनुपर्छ। कथाको मूल विचारलाई बिगार्नु वा मार्नु हुँदैन। मूल कथामा भएका कुरामा अनुवादकले आफ्नो तर्फबाट केही कुरा थप्न हुँदैन।

**सारमाः** बालसाहित्यले पाठकलाई कल्पनाशील बनाउँदै खोजी तथा साहसिक कार्यका ढोका खोल्न सक्नुपर्छ। यसका लागि उसलाई खुशी, आनन्दित, ज्वायफूल बनाउनु, साहित्यिक सम्पदाको हस्तान्तरण गर्नु, विभिन्न समाज, क्षेत्र, समुदायको सांस्कृतिक मूल्य मान्यतालाई बुझ्न प्रेरित गर्नु र प्रवाशाली अनुभवहरू उपलब्ध गराउनुका साथै ज्ञानको हस्तान्तरण आवश्यक हुन्छ।

# सूचना सम्प्रेषणः पहिलो आयामको बारकोडदेखि तेश्रो आयामको आर.एफ.आई.डी.सम्म

- **आई.पी.अधिकारी**
अध्यक्ष, नेपाल पुस्तकालय संघ

**परिचय**

'हो रहेछ' भन्नुपर्छ -"सूचना नै शक्ति हो (इन्फर्मेसन इज पावर)।" गत दुई दशकयता सूचना तथा सञ्चार प्रविधिले हाम्रो समाजलाई यति विघ्न प्रभावित पारिसक्यो कि यसको अभावमा संसारमा के होला त्यो कल्पना समेत गर्न नसक्ने भइसकेको छ। एउटा उदाहरण लिउँ, एक दिन मोबाइल बोक्न बिर्सियौं भने दिनभरि कति बेचैनी खप्नु पर्ने हुन्छ त्यो तपाईं हामीले अनुभव गरेकै हौंला। तपाईंको हातमा स्मार्ट फोन अर्थात मोबाइल फोन छ भने सम्झनोस् कि तपाइँ २१ औं शताब्दीको एक जना भाग्यशाली व्यक्तिमा पर्नुहुन्छ। भाग्यशाली मात्र होइन एक किसिमको शक्तिशाली पनि ! सन्दर्भ यहाँ सूचना संग्रहको, सूचना सम्प्रेषणको हो। यही सूचना भण्डारण र सम्प्रेषणको प्रविधिमा आजभोलि हामीलाई प्रभाव पारेका तीन प्रविधि छोटो र सरल रूपले चर्चा गर्ने प्रयास गरिएको छ। ती हुन् बारकोड, क्यू.आर.कोड र आर.एफ.आई.डी. ।

(**द्रष्टव्यः** यस लेखकले अनुमान लगाएको छ कि यस लेखका पाठकले आफ्नो मोबाइलमा बारकोड रिडर, क्यू.आर.कोड रिडर राख्नु भएको छ। छैन भने गुगल एप स्टोरमा गई डाउनलोड गरी यस आलेखमा आएका कोडहरूलाई डिकोड गरी त्यहाँका सूचना आ-आफ्नो मोबाइलमा डिजिटल रूपमा प्राप्त गर्न सक्नुहुनेछ।)

**बारकोडः**

अहिलेको समयमा तपाईंहामी सबैले देखेकै छौं पुस्तक, कापी, कलम, पुस्तकालयको कार्ड, चाउचाउको पाकेट आदि सामानमा लामालामा काला र सेता धर्सा (खासमा सेता धर्सा होइनन् खाली ठाउँ हुनाले सेतो देखिएका मात्र हुन्), जसलाई हामी बारकोड भन्ने गर्दछौं। यो बारकोड रूपी धर्साहरूको पुञ्ज ती वस्तुलाई राम्रो देखाउन राखिएका अवश्य होइनन्। विशेष मेसिनको सहयोगद्वारा यी बारकोडमा सूचना संग्रह गराइएको हुन्छ। यसमा सम्बन्धित वस्तुको परिचायक अद्वितीय क्रमाङ्क, किसिम...आकार र अन्य आवश्यक विशेषता...आदि सूचना हुन्छन् ताकि यस्तो सूचना हातलेभन्दा सजिलोसँग राख्न सकियोस् र सजिलोसँग प्राप्त गर्न बुझ्न सकियोस्। यी धर्सायुक्त आकृति अर्थात् बारकोडमा संग्रहित सूचना पाउनका लागि बारकोड रिडर नामको सफ्टवेयरसहितको इलेक्ट्रोनिक डिभाइस हामीसँग हुनुपर्दछ, जस्तो कि मोबाइल एप, पुस्तकालयमा बारकोड रिडिङ् गर्न, डिपार्टमेन्टल स्टोरमा बारकोड रिडिङ टेबुल आदि जसले लेजर स्क्यानरको माध्यमले बारकोडको सूचना डिकोड गरेर वास्तविक सूचना डिजिटल रूपमा हाम्रो स्क्रिनमा देखाइदिन्छ।

माथि नै भनियो कि बारकोडको प्रयोजन खासगरी व्यापारिक दृष्टिकोणले एकै किसिमका संख्यात्मक सूचना संग्रह, सम्प्रेषण एवम् कार्य सम्पादनमा हातले गरेको भन्दा पनि धेरै शीघ्रता र शुद्धताका साथ सामानको लगत राख्न, सरल छिटो ढंगले सूचना पढ्न र प्राप्ति गर्ने कार्यमा आवश्यकता पर्दछ। यो बारकोड प्रविधिलाई पहिलो आयामिक (फस्ट डाइमेन्सनल) प्रविधि भन्ने गरिन्छ। किनभने यसमा सूचना एकतर्फि अर्थात् काला धर्सा र खालि ठाउँको चौडाइको आधारमा दायाँबायाँ दिशामा भण्डारण गरिएको हुन्छ। पुस्तकालयमा यो बारकोड पुस्तकमा टाँस्न, पुस्तकालय सदस्यता कार्डमा टाँस्न प्रयोग गरिन्छ। पुस्तकमा टाँसेको बारकोडमा

स्क्यानर मेशिन (बारकोड रिडर) मा देखाउने बित्तिकै त्यसले त्यस पुस्तकबारे जानकारी दिन्छ भने पुस्तकालय सदस्यता कार्डमा टाँसिएको वा छापिएको बारकोडले पुस्तकालय सदस्यको बारे परिचायक सूचना दिन्छ ताकि पुस्तक लिनेदिने बेलामा हातले पुस्तकबारे वा सदस्यबारे लेख्न नपरोस् वा विवरण टाइप गरिरहन नपरोस् अनि टाइपगर्दा हुने सम्भावित गल्ती पनि हुन नपाओस् ।

यसैगरी आई.एस.बी.एन.बारकोडमा स्क्यान गर्ने बित्तिकै त्यस पुस्तकको नम्बर, लेखक, प्रकाशक आदि विवरण तुरुन्तै स्क्रृनमा देखाउँछ ताकि सोही विवरण हातले लेखिरहने, टाइप गर्ने झन्झट नपरोस् । यस सुविधाले पुस्तक प्रकाशक र बिक्रेतालाई व्यावसायिक रूपले सहज गराएको छ । यो बारकोड कागजमा वा प्लाष्टिकमा छापिने हुनाले सस्तो पनि पर्दछ । छिटो, सस्तो र सजिलो भएकोले बारकोड प्रविधि अद्यापि पुस्तकालयहरूमा, व्यापारिक निकायहरूमा प्रचलनमा छ । यसको बेफाइदा भनेको स्क्यानरलाई बारकोडको अगाडि नजिकै ल्याएर लेजर बिम देखाउनु पर्ने हुन्छ नत्र सूचना सम्प्रेषण गर्दैन ।

ISBN 978-1-78504-214-0

9 781785 042140

**(चित्रः तपाइँको मोबाइलमा रहेको आई.एस.बी.एन.स्क्यानरले माथि दिइएको आई.एस.बी.एन.बारकोडको आकृतिमा स्क्यान गरी हेर्नुस् र थाहा पाउनोस् कि उक्त आकृतिमा केके सूचना लुकेको छ ।)**

**क्यू.आर.कोड (क्वीक् रेस्पोन्स् कोड):**

आजभोलि खुब प्रचलनमा आउन थालेको कोड हो यो । सामान्यतया चारकुने आकारभित्र छापिने गज्याङ-गुजुङ किरमिर चित्र जस्तो देखिने यो कोड बारकोडभन्दा एक कदम आधुनिक छ । किनकि यसमा सूचना बारकोडको जस्तो दायाँबायाँ अर्थात तेर्सो मात्र नभई तलमाथि पनि कोडिङ गरेर राखिएको हुन्छ, त्यसैले यसलाई टु डाइमेनसनल (द्वि-आयामिक) कोड भनिन्छ । आजभोलि पुस्तकमा, सामानमा, भिजिटिङ कार्डमा, पोस्टरमा, सडकमा टाँगिएका ठूला ठूला बिज्ञापन बोर्डहरूमा, विश्वविद्यालय कलेजका सूचना पाटीमा, रेलवे स्टेशनका भित्ता आदि धेरै ठाउँमा यो कोड भएको आकृति छापिएको पाउन सकिन्छ । (गत वर्ष यस लेखक चीनको बेइजिङ भ्रमणमा रहँदा बाटोमा हिँडने मानिसले आ-आफ्नो मोबाइलबाट पोष्टरहरूमा अंकित यस्ता कोड स्क्यानिङ गरिरहेको दृश्य देख्न सकिन्थ्यो ।)

यो कोड पढ्न अर्थात डिकोड गर्न **अप्टिकल स्क्यानर** आवश्यक पर्दछ तर यसका लागि कुनै यन्त्र खरिदको आवश्यकता पर्दैन । हाम्रो मोबाइलमा भएको क्यू.आर.रिडर एप् (एप्लिकेसन) ले नै पढ्न सक्छौं । हाम्रो मोबाइलमा छैन भने पनि तुरुन्तै गुगल प्लेस्टोरबाट डाउनलोड गर्न सक्छौं । सूचना पाउन जिज्ञासु व्यक्तिले यो कोडलाई आफ्नो मोबाइलको क्यू.आर.रिडर एपबाट स्क्यानिङ गरेर त्यस क्यू.आर.कोडको आकृतिभित्र अदृश्यरूपले अंकित विविध सूचनाहरू, नाम, मोबाइल नम्बर, इमेल तथा वेबसाइटहरूको लिंक पाउन सक्छ र सोझै कोडमा अंकित विश्वविद्यालयको वेबसाइट खोलेर सो विश्वविद्यालयबारे विविध जानकारी लिन सक्छ । पुस्तकको क्यू.आर.कोड.स्क्यानिङ गरिएको भए पुस्तकको शीर्षक, लेखक, आदि सूचना आफ्नो मोबाइलमा तान्न सकिन्छ ताकि टाइप गरिरहने झन्झट नपरोस् ।

व्यक्तिको भिजिटिङ कार्डको क्यू.आर.कोड.स्क्यानिङ गरिएको भए उक्त व्यक्तिको नाम, फोन नं, इमेल ठेगाना आदि जानकारी हाम्रो मोबाइलमा डिजिटल रूपले प्राप्त गर्न सक्छौं । सामान्यरूपले बुझ्ने हो भने यो कोड भनेको छापिएको विशेष आकृतिभित्र अंकित सूचनालाई निमेषभरमै डिजिटल माध्यममा रूपान्तरण गरी हामीलाई दिने सूचना सञ्चार प्रविधि हो । लामो आयतनको लिखित सूचना वा विज्ञापनभन्दा छोटो, सजिलो र छिटो गरी सूचना सम्प्रेषण गर्न व्यापारिक प्रयोजनका लागि यस्तो कोड वितरण गर्ने चलन अत्यधिक आउन थालेको छ । अबदेखि तपाइँहामीले

कतै जाँदा यस्तो क्यू.आर.कोड देख्यौं भने आफ्नो मोबाइलबाट स्क्यानिङ गरिहेरौं, केही उपयोगी सूचना पो देखाउँछ कि ?

**(चित्र : यहाँ माथि राखिएको क्यू.आर.कोड स्क्यानिङ गरी हेरौं अनि थाहा पाऔं कि यस कोडमा के सूचना रहेछ ।)**

**आर.एफ.आई.डी.(रेडियो फ्रिक्वेन्सी आइडेन्टीफिकेसन) :**




माथिका दुईवटै कोडभन्दा आधुनिक मानिने यो कोडलाई थ्री डाइमेन्सनल कोड भनिन्छ । यसको लागि टाँसिने ट्याग (एक इन्च आकारको कम्प्युटर चिप्स) आवश्यक पर्दछ जसमा सूचना संग्रह गरिन्छ । यसलाई रेडियो तरंग प्रयोग गरेर यसले आफूमा रहेको सूचना सम्प्रेषण गर्दछ । यो ट्याग पढ्न रेडियो फ्रिक्वेन्सी डिभाइसको जरुरत पर्दछ । यसको गुण भनेको यसको ट्याग टाँसिएको वस्तु केही टाढाबाट नै रेडियो फ्रिक्वेन्सीको माध्यमबाट थाहा पाउन सकिन्छ बारकोड तथा क्यू.आर.कोडलाई जस्तो नजीकै स्क्यानर ल्याएर देखाउनु पर्दैन । यसको अवगुण भनेको यो रेडिमेड किन्नु पर्दछ र निकै महँगो पर्छ । यसको प्रयोग कुन सामान कहाँ छन भन्ने अर्थात वस्तुको लगत राख्न ठूला-ठूला डिपार्टमेन्टल स्टोर, बन्दरगाह, अस्पताल, एयरपोर्ट, लाइब्रेरीका लागि अति उपयोगी मानिएको छ । पुस्तकालयको सन्दर्भमा भन्ने हो भने यो विधि प्रयोग गरियो भने पाठकले पुस्तकालय कर्मचारीको सहायता विना आफैं पुस्तक चेक आउट अर्थात इस्यु गरेर लैजान सक्छन् (बारकोडमा जस्तो कर्मचारीकहाँ गइरहनु पर्दैन र बारकोडमा जस्तो हरेक पुस्तकलाई स्क्यानिङ गरिरहनु पर्दैन एकैपटक थुप्रै पुस्तक निमेषभरमै चेकआउट गर्न सकिन्छ ।) अर्को फाइदा भनेको कुनै पुस्तक हराएको छ कि वा झुक्किएर कतै राखिएको छ कि भनेर स्क्यानर डुलाउँदा रेडियो फ्रिक्वेन्सीबाट सो पुस्तक सहजै पत्ता लगाउन सकिन्छ । भनिन्छ कि बारकोड बल्छिबाट एकएक गरी माछा मार्नु हो भने आर.एफ.आई.डी.जाल फालेर एकैपटक धेरै माछा मार्नुजस्तै हो ।




**(चित्रः पहिलो-आर.एफ.आई.डी. ट्याग र दोस्रो-बारकोडको दाँजोमा यसको तुलनात्मक फाइदा )**

**सारांश तथा एन.एफ.सी.:**

अन्तमा, झन्डै यही प्रकृति र कार्यको अर्को यस्तै प्रविधि आएको छ, त्यो हो- एन.एफ.सी.(नियर फिल्ड कम्युनिकेसन) । यसबारे पढेर, बुझेर अनि प्रयोग गरेर अनुभवसहित अर्को वर्ष यही स्मारिकामा चर्चा गरिनेछ । जे होस्, सारांशमा भन्नुपर्दा बारकोड, क्यू.आर.कोड र आर.एफ.आईडी यी तीनैवटा प्रविधि ठूलो परिमाणको डाटा वा सूचनालाई सानो चित्रात्मक आकृतिमा रूपान्तरण गर्ने र पुनः डिकोड गरी डिजिटल सूचनाको रूपमा प्राप्त गराउने सूचना तथा सञ्चार प्रविधिका आधुनिक उपज हुन् । यी तीनवटै प्रविधिले




व्यक्ति एवं मझौला तथा ठूला व्यापारी, प्रकाशक, पुस्तकालय, डिपार्टमेन्टल स्टोर, बन्दरगाह, अस्पताल, एयरपोर्ट आदिमा सामान आदिको लगत राख्ने, अनधिकृत गल्ती पत्ता लगाउने, परिचयात्मक विवरण दिने तथा सेवा र व्यापारिक विनिमय कार्यमा सहजता, शीघ्रता, कम श्रम र कम लागतमा कार्य सम्पादनमा सहयोग पुऱ्याएका छन् र हामी आधुनिक मानिसको जीवनमा सहजता थपेका छन् । यी तीनै किसिमका प्रविधिका आ-आफ्नै विशेषता, कमजोरी र सबलता होलान् तर पनि आधुनिक जमानाका उपयोगी माध्यम हुन् । हामीले यस्ता प्रविधिलाई चिनेर, जानेर, आत्मसात गरेर कमजोरीलाई हटाएर फाइदा लिँदै अघि बढ्नु आजको आवश्यकता भएको छ । (साभारः गुगल इमेज तथा विविध स्रोत सामग्री) ।

# पठन संस्कृतिको विकास गरौं

**- अनिता भण्डारी(पौडेल)**
नयाँ बानेश्वर काठमाडौँ

पठन संस्कृतिको पूर्वाधार
पुस्तकालयको विकास र विस्तार
बालक युवा बृद्ध उमेर अनुसार
ज्ञान, बुद्धि विवेकको भण्डार ।

संस्कृती जोगाउने, ज्ञान बढाउने
उदेश्य लिई अभियान चलाउने
हिजोसम्म किताब लेनदेन गर्ने ठाउँ
आज सूचना केन्द्रले बदलियो नाउँ ।

सहकार्य सहमती गर्दै अघि बढेको छ
अहिले शिक्षा नीतिले गाउँ पढेको छ
जातभात दर्जा हटाउछ सबै शिक्षाले
भेदभाव भन्दैन कहिल्यै गुरू दीक्षाले ।

संसारलाई साँघुरो बनायो प्रविधिले
जोशिलो र जाँगरिलो प्रतिनिधिले
गर्न सक्छौ हामी बदलियो आचरण
हक अधिकार खोज्ने हैन बनौं जागरण ।

अब गार्हो छैन इतिहाँस खोतल्न
नंया पुराना सामग्री खोजी बटुल्न
मनले सोच्नु मात्र पर्छ के गर्ने भनी
छुट्टीदैनन् अब को गरीब को धनी ।

संसार बदलिएको छ ज्ञान विज्ञानले
धेरै कुरा बदल्नु पर्छ अब संविधानले
हरेक बर्ष नारा फेरिन्छ फेरिदैन नीति
अग्रजहरूलाई भेटिदैनआजकल सितिमिती ।

सिक्ने सिकाउने पुस्तकालय क्षेत्रमा हेर्दा
साप्ताहिक मात्र असर देखिन्छ नारा फेर्दा
हिजो जे जस्तो जति भयो सबले मनन गरौं
अरुलाई जिम्मा नदिकन आफैं अघि सरौं ।

जुर्मुराउ सबै आजै देखी नहुने केही छैन
दुई चार जनाको मात्र पुरै जिम्बेबारी हैन
साथ दिउँ विचार दिउँ गरौं हातेमालो
पुस्तकालय क्षेत्र गरौं विकास अब हाम्रै पालो ।

# दुबइबाट सिक्नुपर्ने पाठ

- **मुरारिविनोद पोखरेल**
प्रथम अयक्ष, नेपाल पुस्तकालय संघ

### पृष्ठभूमि

समय पनि गज्जबको हुन्छ। काम विशेष वा तालिम आदि कारणले यदाकदा घुम्ने अवसर जुटेकै हो। भारत र बंगलादेशका विभिन्न स्थानमा धेरै पटक त्रय संस्था साझेदारी कार्यक्रम अन्तर्गत युनाइटेड मिसन टु नेपालबाट र अस्ट्रेलिया, बैंकक, बाली, सिंगापुर तथा अमेरिका तालिम वा निजी भ्रमणमा पुगिएका स्थानहरू हुन। वर्षमा केही दिन घर छाड्ने भन्ने योजना फलीभूत हुनथालेको भने केही वर्ष भएको छ। त्रिहत्तरको दशैंमा अन्नपूर्ण आधार शिविर, चौहत्तरको दशैंमा इजिप्ट हुँदै पचहत्तरको दशैंको छेकोमा कार्तिक ७ देखि ११ सम्म दुबइ घुम्ने वातावरण बन्यो। यो भ्रमणको सशुल्क व्यवस्थापन एस एक्सप्रेस ट्राभल सर्भिस, नारायण हिटी, काठमाडौंले गरेको थियो।

पहिलो दिन निर्धारित समय ३:४० मा काठमाडौंबाट उडान भएर हामी दुबइको स्थानीय समय साँझ ७:४५ बजेतिर पुगेका हौं। हवाई गृहबाट बाहिरिँदै गर्दा हामीमध्येको एक नम्बरमा नाम भएको व्यक्तिको नाम अंकित हाते पोष्टर बोकेर हामीलाई कुरिरहेको सजिलै देखियो। होटल एम्बेसडरको बससहित कर्मचारी हामीलाई लिन आएका रहेछन्। कुनै बाधा व्यवधान, ढिलासुस्तीविना शहरको महत्वपूर्ण स्थलमा रहेको स्थापनाको हिसावले दोस्रो तीनतारेहोटेलमा पुगियो र खानपिन तथा बास बसियो।

### दुवइको परिचय

पर्सियन खाडीको दक्षिण किनारमा अवस्थित, युनाइटेड अरब इमिरेटस्का सातमध्येको एक देश हो दुबइ। यी सात देशहरूमध्ये धेरै जनघनत्व हुनेमा दुबइ पर्दछ। पहिले बेलायतको अधीनमा रहेका खाडी मुलुकहरू सन् १९७१ मा वेलायतबाट उन्मुक्त भएका हुन्। समुद्र पुर्दै जमिन थपेको समेत गरी दुबइको क्षेत्रफल ४,११० वर्ग किलोमिटर पुगेको छ। अरेबियन मरुभूमिभित्र रहेको, अधिकांश भूभाग बालुवै बालुवाले भरिएको मुलुक रहेछ दुबइ। भनिएको छ पश्चिममा थोरै पहाड भएको यो देशमा नदी तालतलैया छैनन् र पानी नगन्य रूपमा मात्र पर्दछ। पृथ्विका ठूला भूखण्डहरू (एबितभक)को किनारामा नपरेको र बलियो चट्टानमाथि रहेकाले यस देशमा भूकम्पीय जोखिम नरहेको पढ्न पाइन्छ। यसैगरी सुनामी आदि समुद्री आँधीको प्रभाव पनि यहाँ नपर्ने भनिएकोछ। छोकडा (Date palm), निम यहाँका उल्लेख्य रुख बिरुवाहरूहुन्। तातो मरुभूमिमय यहाँको हावापानी हो र गर्मीमा औसत ४१ डिग्री तापमान हुन्छ भने वर्षमा दुई अढाई महिनालाई जाडो मौसम मानिन्छ र औसत १४ देखि २४ डिग्रीसम्मको तापमान रहन्छ। गहिरो समुद्री खोंचहरू यस क्षेत्रमा रहेकोले पनि ठूला जहाजहरू आदान प्रदान गर्न सहज भएको छ। जसको कारणले धेरै अघिदेखि यो देश इरानको लागि व्यापारिक केन्द्र थियो। सन् १९३० सम्म यहाँबाट मोती व्यापार हुन्थ्यो भने विश्व बजारमा नक्कली मोतीको चलन चल्ती बढेपछि यो व्यापारमा मन्दी आयो र दुबइलाई ठूलो धक्का पुग्यो। सन् १९६० सम्म सुनको व्यापारमा यो देश रूपान्तरित भयो। तर भारतले निर्यातमा रोक लगाएपछि सुन व्यापार पनि सेलाउन थाल्यो। साठीको मध्यदेखि दुबइमा तेलखानीको काम सुरु भयो। यहाँ सन् १८३३ देखि अल मकतौम परिवारले शासन गर्दै आएका छन्। हाल यही परिवारका सदस्य महमद विन रसिद अमीर बनेका छन्। दुबइ विश्वका अति सुरक्षित मुलुकमध्येमा गनिएको छ। राष्ट्रिय धर्म इस्लाम रहेको यस देशको जनसंख्या २०१७ को जुनमा २७ लाख ८९ हजार पुगेको रहेछ। देशको विकासको गतिमा उपयुक्त दिशा छनौट गर्ने काम अमुक हुन्छ नै। एउटा निर्दिष्ट गतिमा मात्रै भर नपरेर उपयोगी विकल्पहरू सोच्दै जानु राम्रो हुन्छ। मोती, सुनपछि तेलको व्यापारबाट अलि

तंग्रिएको देशले यति भौतिक संरचना खडा गरेको छ कि आइन्दा त्यस्ता विकल्प नहुँदा पनि पर्यटक भित्राएर, उड्डयनबाट तथा व्यापारिक वा नाफामूलक गतिविधि संचालन गरेर आत्मनिर्भर हुन सक्ने देखिन्छ ।

दुवइमा दुइटा मात्र मौसम हुन्छ । यो भनिरहँदा सन् १९९४ फेव्रुअरीको चेन्नाई याद आयो । त्यहाँ एक कार्यक्रममा स्थानीय निर्देशकले नेपाली र बंगदादेशी सहभागीहरूलाई स्वागत गर्दै भनेका थिए: यहां तीन मौसम हुन्छ:गर्मी, बढी गर्मी र अति गर्मी, तपाईंहरू भाग्यमानी हुनुहुन्छ यो गर्मी मौसम हो । त्यस्तै दुबइमा गर्मी र अति गर्मी मात्र हुन्छ, हामी गर्मी मौसममा थियौं ।

कार्तिक ८ गते दोस्रो दिन काठमाडौंबाट सो ट्राभल्स मार्फत एकै डफ्फामा गएका १९ सहित करीब ४० जनालाई एक पथप्रदर्शकको अगुवाइमा दिनको पहिलो प्रहरमा शहर भ्रमणमा लगियो । यस समयमा शैक्षिक जगत, चिकित्सा फाँट, हुँदै शेख जैयद सडक जहाँ अग्ला भवनहरू, दुबइ मल तथा ब्रुज खलिफा टावरहरू अवलोकन गराइयो । त्यसपछि मारिना बिच, पानी मुनिको सुरु हुँदै पाम आइजल्याण्ड, एटलान्टिस होटल, बाइस क्यारट होटल, राजदरबार आदिको अवलोकन गर्ने अवसर बन्यो । गगनचुम्बीबुर्ज खलिफा अर्थात् संसारको सबभन्दा अग्लो भवन दुबइमै छ । १६३ तले यस भवनको उचाइ ८२८ मिटर (चुच्चो समेत जोडदा ८२९.८ मिटर) भनिएको छ । यहाँ विभिन्न कार्यालयहरू र धनी मानिसहरूको आवास पनि रहेको छ भन्ने सुनियो । सोही दिन साँझमा दुई तले सानो पानी जहाज (Cruise) मा सयर गर्दै रात्रिभोज तथा सांस्कृतिक नृत्य एवं झाँकीसँग आत्मसात् गर्ने सुअवसर जुर्‍यो ।

तेस्रो दिन अपराह्न३ बजेपछि होटलबाट मरुमूभिमा सफारी अवलोकन गर्न, केही हदमा सहभागी गराउन र मनोरञ्जन दिन लगिने रहेछ । हामीलाई होटलबाट सात सात जनाको दरले एक एक वटा लायण्डक्रुजर खालको बलियो गाडी (Four wheel) मा एक सवा घण्टाको बाटो पूर्वतर्फ लगियो । प्रथमत : शुल्क तिरेर अग्लो होचो, खाल्डे भिरालो एवं तेर्प्याँई रतेम्लो बालुवामा तीन पाङ्ग्रे मोटरसाइकल वा चार पाङ्ग्रे जीप आफैं चलाउन लगाइने रहेछ । जसले मोटर चलाउने गरेकाछन् उनीहरूले मोटर, हैन भने साना बच्चादेखिजो कोहीले मोटरसाइकल चलाउने रहेछन्।ससाना बालकहरूले पनि यति बेजोड दौडाउँछन्कि बेलाबेलामा मोटर उनीहरूबाट बच्नुपर्ने हुन्थ्यो । मोटरको शुल्क एक घण्टाको ५०० दिराम र अर्कोको २०० पर्ने रहेछ । हामी ६ र अन्य दुई मिलेर दुइटा मोटर लियौं र ३ जनाले चलाएर आनन्द लुट्यौं । यो कार्य यसो हेर्दा अग्लो होचोमा गाडी पल्टिदैंन भन्ने अग्रिम महसुस गराउन गरिएको जस्तो लाग्यो । त्यसपछि मोटर सफारी अन्तर्गत करीव १ घण्टा बालुवाको ढिस्कोमा चढाउने, ढल्काउने, खस्काउने, कुनै पांग्राले भुइँ नछोई दौडाउने जस्ता ल पल्ट्यो, ल ड्याम्मै खस्यो जस्ता धेरै डरमर्दा क्षणहरू भएको तर शाहसी मोटर सफर गराइएको थियो ।

सोही साँझ अलि पर उत्तरदिशामा दोस्रो कार्यक्रम गाउँ बस्तीविनाको नितान्त मरुभूमिमा (होटेल वा विशेष भवनमा हैन) पाल आदिको अस्थायी व्यवस्थापनमा स्थानीय रमाइलो कार्यक्रम तथा रात्रिभोजको आनन्द लिन पाइयो । त्यहाँ पुग्नासाथ के के सुविधाहरू प्रयोग गर्न पाइन्छ भनेर बताइन्छ । ऊँट २।४ मिनेट निशुल्क चढन पाइन्छ तर फोटो ऊँटचालकले मात्र लिन सक्छन् र पछि शुल्क तिरेर लिनुपर्ने हुन्छ । पैसा तिरेर हेना लगाउन पाइन्छ । हुक्का तानेर नाक मुखबाट धुँवा उडाउन सकिन्छ । जानासाथ चिया, कफी वा चिसो पेयपदार्थ पाइन्छ र साथै चटपटे खाजा पनि । तर, बियर रक्सी जस्ता पेयपदार्थ सेवन गर्न भने शुल्क तिर्नुपर्दछ । पिउँदै र खाँदै स्थानीय मीठो अरेबियन संगीतमा मुखबाट आगो ओकल्ने र तनुरा नृत्यहरूको मजा लिँदालिँदै विभिन्न प्रकारका खानाहरूबाट रुचिकर छानेर रात्रिको भोजन गरियो ।'बालुवा पेलेर पनि तेल निकाल्न सकिने रहेछ': यी दुवै कार्यक्रमहरू हेर्दा यस्तै लाग्यो । मरुभूमिको उजाड, निकम्मा भूभागलाई पनि तौरतरिकायुक्त दोहन गरेर पर्यटक आकर्षक कार्यक्रम बनाउने र फलस्वरूप पर्यटन व्यवसाय मजबुत हुन सक्दो रहेछ ।

**दुवइबाट सिक्नुपर्ने पाठ**

दुई दशक अघिसम्म खाना र पानी केही पनि नभएको बालुवाको देश थियो दुबइ, अहिले विश्वको तेस्रो ठूलो व्यापारिक मुलुक बनिसकेको छ । सही नेतृत्वले टाढा जमिनको धेरै गहिरो भूभागबाट निकालेर प्रशोधन गरी पानी उपयोगमा ल्याए, बन्जर मरुभूमिमा माटो छापेर रुख बोटबुट्यानयुक्त हरियालीमा रूपान्तरण गरे, शिक्षास्वास्थ्यलाई Knowledge Based Economyagfo, विश्वको उत्कृष्ट कल्पनाभन्दा परका विशेषताहरूले युक्त एक नम्बरको शहर बनाउन थाले: जस्तै सबभन्दा अग्लो भवन (Bruj Khalifa), समुद्रमा हेलिप्याडलेयुक्त ७ तारे होटल Bruj Al Arab Jumeirah जहाँ अग्रिम भुक्तानी गरेर समय लिएपछि मात्र तोकिएको मिति र समयमा छिर्न पाइन्छ), विश्वको ठूलो सुन व्यापारिक केन्द्र, संसारको ठूलो डिस्नेल्याण्ड भन्दा २ गुना ठूलो दुबइल्याण्ड, समुद्रमुनि सडक, बहुराष्ट्रिय ठूला लगानीकर्ताहरू र व्यापारी संस्थालाई भित्राएर पर्यटकमा आधारित अर्थोपार्जन पद्धति जस्ता छला लगाउने योजना आदि । त्यहाँका शेखको दूरदर्शिताले यो सब हुनसकेको रहेछः विश्वका उत्कृष्ट वैज्ञानिक, योजनाकार र सिल्पकारहरूबिच प्रतिस्पर्धा गराएर भनिएछः कित विश्वकै एउटा मात्र होस् अथवा एक नम्बरको होस् त्यो दुबइमै हुनु पऱ्यो, अन्यत्र हैन ।

उनले मानवनिर्मित समुद्रमा टापु बनाउने योजना गरे तर एउटा गोलो आकारको थुम्को र दुई चारवटा भवन मात्रको सोच हैन । उनले त पाम जुवेरा बनाए जसमा हातको औंलाजस्ता गोलाइ आकारमा दुवैतर्फ समुद्र छोएका अनगिन्ती भवनहरू (एउटाको साढे ३ करोड डलरमा बिक्री हुने) निर्माण गरे । मेहेनत गरेर कमाउ, सरकारलाई कर तिर्नु पर्दैन भने । प्रतिघण्टा १५० किलोमिटर गुड्ने यात्रु ड्रोन चल्नेछ, १० हजार यात्रुले १२ मिनेटमा दुबइ-अवुधावी यात्रा गर्न सक्नेछन्, आदि आदि उनका धेरै थप योजनाहरू कार्यान्वयनमा पनि छन् । भनिन्छ १० प्रतिशत स्थानीय र बाँकी बाहिरका त्यहाँ बसोबास गर्छन् । वार्ताको क्रममा एक व्यक्तिले भने 'दुबइ भारतीयले बनाएको हो' । अर्थात धेरै भारतीय अनि नेपाली, बंगलादेशी, पाकिस्तानी र फिलिपिनोहरूले त्यहां आफ्नो श्रम बेच्दा रहेछन् । अनुशासन कडा छ र त यो सब भइरहेछ । रातो बत्तीमा मोटरले धर्सा मात्र छोयो भने २०० दिराम जरिवाना भइहाल्छ । त्यहाँ पुलिस सडकमा देख्न पाइँदैन तर विशिष्टसरसुविधाले सुसज्जित छन् र प्रविधि प्रणालीले गर्दा जो कोही तत्काल दण्डित हुनसक्छन् (हेर्नोस् :Vivek Bindra को युट्युवमा रहेको प्रस्तुति पनि) ।

चौथो दिन हाम्रा लागि किनमेल वा बजार घुम्ने भनेर आफुखुसी गर्न दिइएकोमा काठमाडौंबाटै सो दिन अबुधावी जाने भनेर सोच बनाएका थियौं । हामीले पुगेको भोलिपल्टै त्यहां हाम्रो भ्रमणको जिम्मावाल Exotic Destinations का प्रमोद रेग्मीलाई सो कुरा अवगत गराएर ठाउँ देखाउन, सोबारे बताउन र हामीलाई पुऱ्याई ल्याउने बन्दोबस्त होस् भनेका थियौं । बिहानै हामी दुबइमा पुरानो र UAE मै एक मात्र भनिएको श्रीकृष्ण मन्दिर गएर दर्शन तथा कृष्ण भजनमा केही समय तल्लीन हुन पायौं । धार्मिक सहिष्णुताको सानो उदाहरण त्यहाँ देख्न पाइयो । बिहानको नास्ता पश्चात तय भए मुताविक अबुधावीतिर लागियो । हिन्दी वाचक पाकिस्तानी चालकले हाम्रो अबुधावी जाने काम फत्ते गरे गराएका थिए । दुबइ हवाई अड्डाबाट अबुधावी १५७ किलो मिटरको दुरीमा रहेछ । मोटरबाट १०० किलोमिटरको द्रुत गतिमा सो नाप्न डेढ घण्टा अलिबढीमा सकियो । त्यहाँ हामीलाई सर्वप्रथम Shekh Jayed Grand Mosque लगियो । यो भव्य र अतिनै सुन्दर परिवेशमा निर्मित छ । बहुमूल्य लाग्ने सरसजावट तथा सामाग्रीहरूले युक्त सो मस्जिद अद्वीतीय नै छ। मुलुकको सबभन्दा ठूलो यो मस्जिद सन् १९९६ देखि २००७ भित्र निर्माण भएको रहेछ । गाडी बिसौनी, बाहिरी आवरण चुलिँदै बनेको बगैंचा घेराबाहेक मस्जिदले मात्रै ओगटेको जमिनको क्षेत्रफल १२ हेक्टरभन्दा वढी रहेको नेटबाट जानकारी पाइन्छ ।

तदुपरान्त अबुधावी सहर, राजप्रासाद, राष्ट्रपति आवास क्षेत्र नजिकबाट ८ किलोमिटर लामो हरियाली वगैंचायुक्त कोर्निच (corniche) सडकलाई चिर्दै इमिरेट्स होटेलको बाह्य दृश्यावलोकन गर्दै हामी हेरिटाज भिलेजतर्फ लाग्यौं । यो भिलेजमा हाम्रा जस्तै ढुंगे जाँतो, काठ

माटाका भाँडाहरू पुराना पहिरन आदि हेर्दा मानव पूर्वजहरूको सिकाइ एकै प्रकारको हुँदो रहेछ भन्ने ज्ञान आर्जन गरियो । मध्याह्नपश्चात् झण्डै ३९ हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको Ferrari World मा पुगियो । जहाँ विविध किसिमका गतिविधिहरूमा भागलिन सकिन्छ । ती पानीजन्य वा साहसी कृयाकलापहरू जे पनि हुनसक्छन् । जस्तै एक घण्टामा २५० किलोमिटर गतिको कोष्टरमा दौडने, रेसिङ कारमा भागलिने वा माथि फोटो ३ मा जस्तै सुरुमा बग्दै पानीमा फालहाल्ने आदि आदि गरेर त्यो ठाउँमा रमाउन पाइन्छ ।

अबुधावीबाट फर्केपछि यसै दिनको सन्ध्याकालीन समय हामीले दुबइ मलमा बितायौं । विकिपेडिया अनुसार सन् २००८ नोभेम्बरमा यो मलको उद्घाटन भएको थियो । भाडामा दिने ३ लाख ५० हजार वर्गमिटर क्षेत्रफलको हिसाबले संसारको यो दोस्रो ठूलो व्यापारिक केन्द्रमा १२ सय पसलहरू रहेका छन् । दुई तीन तलाको एउटा ठूलो चौडा भित्तामा यो मलको सूचना लगायत विभिन्न विज्ञापनहरू हेर्दाको मज्जा नै बेग्लै थियो । एक ठूलो खण्डमा जलचरखाना (Aquarium) समेत रहेको यो मलमा सन् २०११ मा ५४ मिलियन आगन्तुकहरू भित्रिएका रहेछन् । यस्तो लाग्थ्यो कम्तीमा एक दिन पुरै यस मलमा बिताउनु उपयुक्त हुन्थ्यो ।

फ्लाई दुवइको जहाजबाट जाँदा ४ घण्टा ५० मिनेट र आउँदा ४ घण्टा ५ मिनेट लाग्ने तालिका हो तापनि ५ औं दिनमा फर्कंदा दुबइमा आँधीको संकेतले गर्दा उड्न तयारी गरेपछि ४५ मिनेट बिलम्ब हुन पुग्यो भने काठमाडौंमा जहाज उत्रेपछि बिसौनीको अभावले पुनः ४५ मिनेट जतिनै हवाइ मैदानको एक कुनामा जहाजसहित हामीले कुरेच खानु परेको थियो । फ्लाई दुवइको जहाज साधारणतया बजेट उडान नै हुन्छन् । यी उडानमा पानी, कफी, चिया, खानापिना जे सुकै पनि किनेर मात्र खान पाइन्छ । तथापि अग्रिम अनुरोधको कारणले होला हामीलाई दुवैतर्फ निःशुल्क खाना उपलब्ध गराइएको थियो । तर, चियालाई भने डलर तिर्नुपरेको थियो ।

एस एक्सप्रेस तथा सोको समकक्षी दुबइका संस्था इक्जोटिक डेस्टिनेशनका सम्वन्धितले आफ्आफ्ना जिम्मेवारी सही ढंगले निर्वाह गरेका कारण भ्रमण अवधिभर कुनै किसिमको कठिनाइ भएन । रमाइलै रमाइलोको बिच समय बित्यो । दुवै संस्थाका सम्वन्धित सबै धन्यवादका पात्र छन् । गत वर्ष इजिप्ट जाँदा ४ वटा उडान, अन्यसहित एक रात ५ तारे होटलमा बास समेतको जम्मा ७३ को तुलनामा यो ७० हजार अलिक महँगो हो तापनि बास, खाना, कार्यक्रमको हिसाबमा यो खर्च नगन्य नै मान्नु पर्दछ झैं लाग्यो ।

होटलमा स्वागत कक्षमा वा खाना खुवाउने स्थान वा दुबइका पसलहरूमा जतातती नेपालीहरू भेट्दा हामी नेपालबाहिर नभएको आभास भयो । खाना पनि पिरो चिल्लोविनाको नेपाली स्वादकै पाइएकोले झन् घरमै रहेको महसुस भयो । समग्रमा ५ दिने दुबइ घुमाइ उल्लास, मनमोहक र कतिपय स्थानमा त वाह ! थियो । नेपालजस्तो देशमा भएका अपार प्राकृतिक स्रोत साधनको उचित सदुपयोग गर्न सके हामीले अनगिन्ती मात्रामा कति उपल्लो स्तरका पर्यटकहरू भित्राउन सक्थ्यौं होला । सुनमा सुगन्ध किन भनिन्छ ? धातुमा सुगन्ध कसरी आउँछ ? तथापि नेपालको प्राकृतिक बनोटमा दुवइको जस्तो विकासको लहर मिसिन्थ्यो भने सुनमा सुगन्ध अवश्य हुन्थ्यो ।

# अध्ययन संस्कृतिमा विविधता

- जुजुभाइ डंगोल
संस्थापक सदस्य
काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज

## १. अध्ययन संस्कृतिको शुरुवात

हरेक वर्ष श्रीपञ्चमीका दिन हामीहरू मञ्जुश्री, सरस्वती वा वागेश्वरी देवीको पूजा, आराधना गर्दछौं। बालबालिकाहरूलाई नजिकका सरस्वती मन्दिरमा लगी अक्षराम्भको लागि नमोबागिश्वराय: लेखी पढ्न, लेख्न सिकाउने अर्थात् अध्ययन संस्कृतिको जग हाल्दछौं। सोही दिन बालबालिकाहरू भर्ना गराउन आकर्षित गर्न विद्यालयहरूले विविध कार्यक्रमहरू सञ्चालन गरेका हुन्छन्।

हाम्रो वैदिक सनातन धार्मिक समाजमा घर घरमा विहान भगवान्को आराधना गर्ने क्रममा श्लोकहरू पाठ गर्ने तथा धार्मिक ग्रन्थहरू अध्ययन गर्ने परम्परा छ। हिन्दू धर्ममा आस्था राख्ने परिवारमा वेद, उपनिषद्, पुराण, रामायण, महाभारत लगायत अन्य ग्रन्थहरूको श्रद्धासाथ सङ्कलन मात्र हैन अध्ययन अध्यापन गरिन्छ। बौद्ध समाजमा त्रिपिटक, जातक कथा, भगवान बुद्धका जीवनी तथा उपदेशहरू भएका ग्रन्थहरू सङ्कलन गरिएका हुन्छन्। जैन समुदायका व्यक्तिहरू भगवान महावीरको उपासना गर्दछन् र पाठहरू गर्दछन्। सिख परिवारहरू गुरु नानकको सम्मानमा गुरु ग्रन्थको पाठ गर्दछन् भने मुस्लिम समुदाय कुरानको पठन पाठन गर्दछन्। त्यस्तै क्रिस्चियन धर्मालम्वीहरू बाइबलको अध्ययन गर्दछन् र प्रभु इशुको आराधना गर्दछन्।

## २. औपचारिक शिक्षा

नेपालमा शिक्षा मन्त्रालयको पछिल्लो प्रतिवेदन अनुसार मुलुकभर पूर्वप्राथमिक बालविकास संस्थाहरूको संख्या ३५,५६८, साधारण विद्यालयहरूको संख्या ३५,६०१, सामुदायिक अध्ययन केन्द्रहरू २,१५१, प्राविधिक तथा व्यवसायिक विद्यालय (९–१२) २८३, प्राविधिक तथा व्यवसायिक स्कुलहरू ७२४, डिप्लोमास्तरीय प्राविधिक विद्यालय तथा संस्थाहरू ४९६, विश्वविद्यालयहरू १०, क्याम्पसहरू १४०७, चिकित्सा अध्ययन संस्थानहरू (विश्वविद्यालय स्तरका) ४ र खुला विश्वविद्यालय १ रहेको छ।

साधारण विद्यालयअन्तर्गत सामुदायिक विद्यालयहरूको संख्या २९,०३५ र संस्थागत विद्यालयहरूको संख्या ६,५६६ रहेको छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको संख्या ७३,९१,५२४ रहेकोमा छात्राहरू ३७,६९,१२४ र छात्रहरू ३६,२९,४०० छन्।

**तालिका १: विद्यालय तथा विद्यार्थीहरूको संख्या**

| प्रदेश | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा विद्यालय | छात्राहरू | छात्रहरू | कुल विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ५,४९८ | १,२२३ | ६,७२१ | ६,०५,४९८ | ५,६९,५०४ | ११,७५,००९ |
| २ | ३,३२० | ५३३ | ३,८५३ | ६,४३,२९२ | ६,१२,३४३ | १२,५५,६३५ |
| ३ | ५,२४३ | २,१४५ | ७,३८८ | ७,२८,३५४ | ७,१०,२४५ | १४,३८,५९९ |
| ४ | ३,७७२ | ८३५ | ४,६०७ | ३,६५,६२० | ३,४९,४५७ | ७,१५,०७७ |
| ५ | ४,६२९ | १,१३५ | ५,७६४ | ६,६८,४९५ | ६,५४,५६५ | १३,२३,०६० |
| ६ | ३,०१३ | १८६ | ३,१९९ | ३,०३,०८४ | २,९२,७१९ | ५,९५,८०३ |
| ७ | ३,५६० | ५०९ | ४,०६९ | ४,५४,७८१ | ४,३३,५६६ | ८,८८,३४७ |
| **जम्मा** | २९,०३५ | ६,५६६ | ३५,६०१ | ३७,६९,१२४ | ३६,२२,४०० | ७३,९१,५२४ |

स्रोत: Flash Report 1 (2017-018).

नेपालका शैक्षिक विशेषताहरूमध्ये परम्परागत तथा धार्मिक विद्यालयहरूको निरन्तरता पनि एक हो । मुस्लिम समुदायको बाहुल्यता भएको क्षेत्रमा ९०७ मदरसा स्कुलहरू, हिमाली तथा पहाडी बौद्ध धर्मावलम्वीहरूको समुदायमा ११४ गुम्बा तथा विहारका स्कुलहरू, पहाडी तथा सनातन अथवा वैदिक परम्परा अनुसार सञ्चालित आश्रम तथा गुरूकुलहरू १०० गरी कूल १,१२१ विद्यालयहरू सञ्चालनमा आएको देखिन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसाकि तालिम परिषद्सित आवद्ध भएका संघ संस्थाहरूद्वारा सञ्चालित विद्यालयस्तरका स्वास्थ क्षेत्रका २३४ कार्यक्रमहरूमा ९,३४० विद्यार्थीहरू, इन्जिनीयरिङ क्षेत्रका २४७ कार्यक्रमहरूमा ९,७६३ विद्यार्थीहरू, कृषि क्षेत्रका २२ कार्यक्रमहरूमा ८,८८४ विद्यार्थीहरू तथा अन्य क्षेत्र (होटेल व्यवस्थापन, कार्यालय व्यवस्थापन, सामाजिक परिचालन, उद्यमशिल विकास, पाककला) क्षेत्रहरूका २१ कार्यक्रमहरूमा ७९० विद्यार्थीहरू गरी यी विविध क्षेत्रका ७२४ कार्यक्रमहरूमा २८,७७७ विद्यार्थीहरू अध्ययन गर्न सक्ने प्रावधानहरू छन् ।

त्यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सित आवद्ध भएका संघ संस्थाहरूद्वारा सञ्चालित डिप्लोमा स्तरीय स्वास्थ्य क्षेत्रका २९८ कार्यक्रमहरूमा १०,९२२ विद्यार्थीहरू, इन्जिनीयरिंग क्षेत्रका १२४ कार्यक्रमहरूमा ५,८२४ विद्यार्थीहरू, कृषि क्षेत्रका ६९ कार्यक्रमहरूमा २,७६८ विद्यार्थीहरू, होटेल व्यवस्थापन क्षेत्रका ३ कार्यक्रमहरूमा १२० विद्यार्थीहरू र सामाजिक क्षेत्रका २ कार्यक्रमहरूमा ८० जना विद्यार्थीहरू गरी यी विविध क्षेत्रका कार्यक्रमहरूमा १९,७१४ विद्यार्थीहरू अध्ययन गर्न सक्ने प्रावधानहरू छन् ।

उच्च शिक्षा अन्तर्गत १० वटा विश्वविद्यालयहरू, ४ वटा चिकित्सा शास्त्र संस्थान/विश्वविद्यालयहरू र १ वटा खुल्ला विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको संख्या ३,६१,०७७ रहेको शिक्षा मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

**तालिका २: उच्चशिक्षा प्रदायक संस्था र विद्यार्थीहरूको संख्या, २०७४ साल ।**

| सिनं. | विश्वविद्यालयहरू | विद्यार्थी संख्या |
|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | २,१४,४५३ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | १,४७१ |
| ३ | काठमाडौं विश्वविद्यालय | १६,६५८ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | २३,५३९ |
| ५ | पोखरा विश्वविद्यालय | २६,०३२ |
| ६ | लुम्बिनी बौद्ध विश्वविद्यालय | १९६ |
| ७ | कृषि तथा बन विश्वविद्यालय | १,५८३ |
| ८ | मध्यमाञ्चल विश्वविद्यालय | ३,०४६ |
| ९ | सूदुर पश्चिमाञ्चल विश्वविद्यालय | २,२११ |
| १० | वि.पि. कोइराला स्वास्थ्य विज्ञान संस्थान | १,४४८ |
| ११ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान | ९० |
| १२ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३५० |
| १३ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ० |
| १४ | नेपाल खुला विश्वविद्यालय | ० |
| १५ | राजर्षी जनक विश्वविद्यालय | ० |
| | **जम्मा** | ३,६१,०७७ |

स्रोतः Flash Report 1 (2017-018).

### ३. विदेशमा अध्ययनरत विद्यार्थीहरू

अध्ययन संस्कृतिको विकासमा विदेशमा अध्ययनरत विद्यार्थीहरूको पनि ठूलो भूमिका हुन्छ । नेपाल सरकार शिक्षा मन्त्रालयबाट २०७३ देखि २०७४ सालको अवधिमा ६७,२२६ जनाले विदेशमा अध्ययनको लागि स्वीकृति (No Objection Certificate) लिएको देखिन्छ । पाँचसय भन्दा बढी विद्यार्थीहरू गएको देशहरूमा अष्ट्रेलिया (३३,२४१), भारत (१५,२५९), अमेरिका (२,४१८), चीन (१,८६०), पोल्याण्ड (१,६२४), दक्षिण कोरिया (१,१७६),

क्यानाडा (१,०५२), बंगलादेश (८२०), साइप्रस (७५९), न्युजिलैण्ड (७५६) र जर्मनी (६८२) रहेको छ ।

### ४. अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षा क्षेत्रमा सरकारी निकायका २ संस्थाहरू, अर्न्तराष्ट्रिय स्तरका १० संस्थाहरू, गैरसरकारी क्षेत्रका ३९ संस्थाहरू, २ वटा सामुदायिक अध्ययन केन्द्रहरू र अन्य क्षेत्रका २ संस्थाहरू गरी ५५ संस्थाहरू कार्यरत रहेको शिक्षा मन्त्रालयको २००९ को प्रतिवेदनमा उल्लेख भएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयको २०१७ को प्रतिवेदन अनुसार ५ वर्षभन्दा माथिका साक्षर व्यक्तिहरूको संख्या १,६०,९८,५१९ रहेको छ, जसमध्ये पुरुषको संख्या ८८,३२,३५२ र महिलाको संख्या ७२,६६,१६७ रहेको छ । सो प्रतिवेदनअनुसार १६ देखि २४ वर्ष सम्मको साक्षर दरमा महिलाको ७९ प्रतिशत र पुरुषको ९१ प्रतिशत भएको पाइन्छ भने २४ वर्षभन्दा माथिको साक्षरता दरमा महिलाको ४६ प्रतिशत र पुरुषको ५८ प्रतिशत देखिन्छ ।

### ५. मिडियाको सहयोगी भूमिका

नेपाल सरकार, सूचना विभागबाट प्रकाशित पछिल्लो तथ्याङ्क अनुसार दैनिक पत्रिका ३४२, अर्धसाप्ताहिक ५, साप्ताहिक १२०५, पाक्षिक ७८, मासिक ३७६, द्वैमासिक ५० र त्रैमासिक ७२ पत्रिकाहरू प्रकाशित भैरहेका छन् । सबै प्रकारका पत्रिका गरी २१२८ शीर्षकका पत्रपत्रिकाहरू प्रकाशित भएको देखिन्छ ।

**तालिका ३: प्रदेश अनुसार प्रकाशित पत्रपत्रिकाहरू**

| सिनं. | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मसिक | द्वैमासिक | त्रैमासिक |
|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | ३५ | | १२१ | ५ | १० | १ | १ |
| प्रदेश २ | ७७ | १ | २४८ | ६ | १२ | २ | ३ |
| प्रदेश ३ | ७९ | १ | ६०१ | ५८ | ३१९ | ३९ | ५२ |
| प्रदेश ४ | ३९ | | ९४ | २ | १६ | ३ | ८ |
| प्रदेश ५ | ४४ | ३ | ८० | ४ | १३ | १ | ७ |
| प्रदेश ६ | १२ | | १२ | | २ | | |
| प्रदेश ७ | ५६ | | ४९ | ३ | ४ | ४ | १ |
| जम्मा | ३४२ | ५ | १२०५ | ७८ | ३७६ | ५० | ७२ |

स्रोतः नेपाल सरकार, मेडिया डाइरेक्ट्री, २०७५ ।

### ६ पुस्तक वजार

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले सन् २००० जनवरीदेखि प्रकाशित पुस्तकहरूको लागि विश्वभर मान्यता प्राप्त मानक अंक International Standard Book Number (ISBN) दिन शुरुवात गरेको थियो । यस मानक अंकबाट संसारको जुनसुकै मुलुकबाट पुस्तक खोजिएमा पनि पुस्तकको लेखक, शीर्षक, संस्करण, पुस्तकको विषय बस्तुबारे जानकारी लिन सकिन्छ । साथै, यो मानक नम्वर त्रिवि केन्द्रीय पुस्तकालयबाट मात्र वितरण गरिने भएकोले देशमा कति पुस्तकहरू प्रकाशन भएको छ भनी तथ्याङ्क पनि प्राप्त हुन्छ । त्रिवि केन्द्रीय पुस्तकालयको प्रगति प्रतिवेदनमा उल्लेख भए अनुसार सन् २००० देखि सन् २०१२/१३ को अवधि भित्र २८,००० पुस्तकहरू दर्ता भएको पाइन्छ । २०१७/१८ सम्मको अवधिभित्र ४२,००० भन्दा बढी पुस्तकहरूको आइएसबिएन दिएको छ । गत वर्ष २०१७/१८ सालमा मात्र १५५९ पुस्तक आइएसबिएनको लागि त्रिवि केन्द्रीय पुस्तकालयमा आएको देखिन्छ ।

पुस्तक वजार पनि निकै फराकिलो भै रहेको छ। नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार आर्थिक वर्ष सन् २०१७/१८ मा १४३१.५ मिलियन रूपैया बराबरको पुस्तक आयात गरेको देखिन्छ। मुलुक भरी आठ हजार भन्दा बढी पुस्तक पसलहरू सञ्चालनमा छन्। नेपाल पुस्तक विक्रेता तथा प्रकाशक संघका अध्यक्ष लिखितप्रसाद पाण्डेका अनुसार पाठ्यपुस्तक, शव्दकोष, कला, विज्ञान, दर्शन विषय लगायतका पुस्तक एकै कोडमा राखेर नेपाल भित्रिन्छ र आ.व. २०७५/७६ मा झण्डै १ अर्व २४ करोड रूपैयाको पुस्तक नेपालमा भित्रिएको छ।

विद्यालयस्तरीय शिक्षाको लागि नेपालीले लेखेको र नेपालमा नै प्रकाशित भएका पुस्तकहरू पर्याप्त छ। एक अनुमान अनसार नेपालमा चार हजार भन्दा बढी पुस्तकहरू प्रकाशित हुने गर्दछ। विश्वविद्यालयमा अर्थात उच्चशिक्षाको पाठ्यक्रमका पुस्तकहरू धेरै जसो भारत र तेश्रो मुलुकबाट ल्याउनु पर्ने बाध्यता छ। त्यस्तै विदेशमा छापिएका समसामयिक विषयका पुस्तकहरूको माग निकै बढी रहेको छ।

### ७. सार्वजनिक पुस्तकालयहरू

आज सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको संस्थागत विकासको लागि निकै प्रयासहरू भैरहेको छ। ऐतिहासिक महत्वका पुस्तकालयहरूको पुन:सञ्चालन गर्ने तर्फ र नयाँ पुस्तकालय स्थापना गर्ने काममा व्यक्ति, समूह, संघ संस्थाहरू लागि परेका छन्। एउटा अनुमान अनुसार नेपालमा १५०० जति सामुदायिक पुस्तकालयहरू सञ्चालनमा छन्। लगभग १८०० को हाराहारीमा पुस्तकालय व्यवस्थापन तालिम प्राप्त व्यक्तिहरू र करिव १२०० जना औपचारिक शिक्षा (स्नातक तथा स्नातकोत्तर तह) अध्ययन गरेका गरी ३,००० जति पुस्तकालय सेवीहरू कार्यरत रहेको अनुमान गरिएकोछ।

विगत २५/३० वर्षको दौरानमा सामुदायिक पुस्तकालयहरूको संस्थागत विकासमा सहयोग गर्न रिड नेपाल, नेपाल लाईव्रेरी फाउण्डेशन, वल्ड नेवर्स, युनाइटेड मिसन नेपाल, वल्ड भिजन, गुड नेगवर्स, लगायतका अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत छन्। रिड नेपालले मात्र ४० भन्दा बढी जिल्लाका ५० वटा सामुदायिक पुस्तकालयहरूको लागि पुस्तक, पुस्तकालय व्यवस्थापन तालिम, फर्निचर, पुस्तकालय उपकरण, भवन तथा दीगो विकासकोलागि परियोजना सञ्चालन गर्न आर्थिक सहयोग दिई आएकोछ। यस्तै लायन्स मनराम फाउण्डेशन २००५ जस्ता नेपालीहरूले स्थापना गरेका पुस्तकालय क्षेत्रमा समर्पित संस्थाहरू छन्। २०७२ सालको महाभूकम्प पश्चात् ध्वस्त भएका स्कुल तथा पुस्तकालय भवनको निर्माणको लागि केही अन्तर्राष्ट्रिय संस्थाहरू अगाडि आइ रहेको अवस्था छ।

नेपाल पुस्तकालय संघ, नेपाल सामुदायिक पुस्तकालय संघ, नेपाल निजामती पुस्तकालय समाज, विद्यालय पुस्तकालय संघ, भक्तपुर पुस्तकालय संघ, कास्की पुस्तकालय संघ, चितवन पुस्तकालय संघ, लुम्बिनी पुस्तकालय संघ, पूर्वाञ्चल पुस्तकालय संघ, दाङ पुस्तकालय संघ, सिराहा पुस्तकालय संघ, त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सूचना केन्द्रीय विज्ञान विभागका भूतपूर्व विद्यार्थीहरूको संगठन तथा वर्तमान विद्यार्थीहरूको संगठन जस्ता पुस्तकालय क्षेत्रसित सम्वन्धित व्यावसायिक संगठनहरूले पुस्तकालय क्षेत्रको विकासकोलागि सरकारको नीतिगत तथा आर्थिक सहयोगको आवश्यकतालाई महशुस गरी केही वर्षदेखि त्यसतर्फ पैरवीका कार्यक्रमहरू गरी आएका छन्।

### ८. साहित्यिक संघ संस्थाहरू

नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन लगायत साहित्यिक, शैक्षिक तथा धार्मिक संघ संस्थाहरूबाट नीयमित तथा विशेष पर्वहरूमा विविध प्रकारका कार्यक्रमहरू सञ्चालन भै रहेका छन्। ती संघ संस्थाहरूबाट विविध विधाका पुस्तकहरू तथा पत्रपत्रिकाहरू पनि प्रकाशन भै रहेका छन्।

### ९. सूचना तथा प्रविधिको सहयोग

आज गाउँ घरमा टेलिफोन, इन्टरनेट र मोवाईलको सेवा पुगेकोछ। कम्प्युटर्सको माध्यमबाट विविध

विषयमा तालिम दिने सघ संस्थाहरू प्राय जसो शहरी क्षेत्रमा पुगेकोछ । सामाजिक सञ्जाल फेसबुक, युट्युव जस्ता विद्युतीय सञ्चारका माध्यमहरू प्रचुर मात्रामा प्रयोगमा छ ।

आज प्रायःजसो पुस्तकालयहरूमा अनलाईन सेवा उपलव्ध छ । आज दैनिक अथवा ताजा समाचारको लागि पत्रपत्रिका भन्दा अनलाईन सेवा बढी प्रयोग भैरहको छ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउदै लैजाने प्रयास भै रहेकोले नेपाल भरी नै कम्प्युटर तथा इन्टरनेट पहुँचमा वृद्धि भै रहेको छ ।

नेपाल दूर सञ्चार संस्थानको पछिल्लो तथ्याङ्क अनुसार २०७६ वैशाखसम्म १ करोड ८६ लाख इन्टरनेट प्रयोगकर्ता पुगेको छ ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा मात्र ईरिसोर्सेसको रूपमा थुप्रै डाटावेसहरू छन् । INASP, UK डाटावेसमा २५,००० भन्दा बढी विश्वमा प्रख्याती वैज्ञानिक जर्नलहरूको पूरा पेज पढ्न सकिने, छाप्न सकिने निःशुल्क सुविधा रहेको छ । त्यस्तै NepJOL (Nepal Journals Online) अर्को जर्नलहरूको लागि महत्वपूर्ण इ रिसोर्सेस हो । यस डाटावेसमा हाल १३१ वटा नेपालबाट प्रकाशित हुने जर्नलहरूको फूल टेक्स्ट पढन सकिन्छ ।

ओपन लर्निन इक्सचेन्ज (OLE) नेपालबाट सञ्चालित **साझा शिक्षा पाटी** अर्को ई रिसोर्सेस हो । जसमा विद्यालयस्तरका पाठ्यपुस्तक, सन्दर्भ पुस्तकहरू, अडियो बुक तथा शिक्षण पद्धति बारेका आठ हजार भन्दा बढी शैक्षिक सामग्रीहरू उपलव्ध छन् । यस्ता ई रिसोर्सेसहरू थुप्रै नेपालमा उपलव्ध छन् जसबाट विद्युतीय सामग्रीमा पहुँच पुगेको छ । हालसालै द एशिया फाउण्डेशन, काठमाडौंबाट अध्ययन संस्कृति प्रवर्द्धनको निमित्त Let's Read मोवाइल एप (ई-रिसोर्सेस) उपलब्ध गराएको छ जसमा अंग्रेजी भाषाका बालकथाहरूका साथै स्थानीय भाषा (नेपाली, नेपालभाषा, थारु, तामांग, आदि) हरूमा अनुवाद गरिएका कथाहरू पढ्न सकिन्छ ।

**१०. सरकारी नीति**

नेपाल सरकारको पछिल्लो जनगणना २०११ (२०६८) अनुसार ६५.९ प्रतिशत साक्षरता रहेको देखिन्छ । साक्षरता दरमा बृद्धि हुनु भनेको अध्ययन संस्कृतिमा फराकिलोपन आएको हो । पठन संस्कृति आफैमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने जिवित प्रकृया हो । भनाइ पनि छ, शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ, अनि परम्परा हराए मान्छे नै हराउँछ । तसर्थ शास्त्र (पुस्तक) को लेखन, पठन पाठन, र संरक्षणको जरुरी छ । त्यसो भएको हुनाले पुस्तकालयको उपादेयता र महत्व हिजो पनि थियो, आज पनि छ र भोली पनि रहने छ ।

नेपालको संविधान (२०७२) मा शिक्षालाई मौलिक हक र कर्तब्य अन्तर्गत राखिएको छ । स्पष्ट रूपमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ ।

शिक्षामा सबैको पहुँच र गुणस्तरिय अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पूँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण गर्ने शिक्षा क्षेत्रको सोच चौधौं योजना

(२०७३/७४-२०७५/७६) मा उल्लेख छ । जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधार भूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने यस योजनाको रणनीतिको रूपमा लिएको छ ।

"समृद्ध नेपाल, सुखी नेपाली" का लागि सरकार प्रतिवद्ध भै अगाडि बढी रहेको अवस्था छ । सूचित, शिक्षित र सभ्य नेपाली हुनको लागि शिक्षा महत्वपूर्ण मात्र हैन आधारभूत कुरा हो । स्वाध्यायबाट होस्, या अनौपचारिक वा औपचारिक माध्यमबाट होस्, शिक्षा प्राप्त गर्नु नागरिकको अधिकार हो । शिक्षा (ज्ञान) तथा सूचनामा पहुँच पुऱ्याउनु सरकारको दायित्व हो ।

चिनीयाँ दार्शनिक तथा सन्त कन्फ्युसियसका अनुसार यदि एक वर्षको लागि योजना बनाउने भए धान रोप्नु,

दश वर्षको लागि योजना बनाउने भए रुखहरू रोप्नु र सय वर्षको लागि योजना बनाउने भए बालबालिकाहरूको लागि शिक्षा दिनु पर्दछ। बालबालिकाहरूको लागि शिक्षा दिन सर्वप्रथम उनीहरूमा पढ्ने बानीको विकास गर्नु पर्दछ। पढ्ने बानीको विकासको लागि बालमनोवैज्ञानिक आधारमा तयार गरिएका शैक्षिक सामग्रीहरूको निर्माण तथा सहज रूपमा प्राप्तीको लागि पुस्तकालयहरूको आवश्यकता हुन्छ। ***घरघरमा पुस्तकः टोल टोलमा पुस्तकालय अभियान***को सफल कार्यान्वयन गर्नु नै समृद्ध नेपाल सुखी नेपालीको अभियानको लागि पहिलो आधारभूत काम हो।

**सन्दर्भ सामग्री**

१. नेपाल सरकार, सूचना विभाग, (२०६६). मिडिया डाइरेक्ट्री, २०६६, काठमाडौः लेखक।

२. नेपाल सरकार, सूचना तथा प्रसारण विभाग, २०७५।

३. त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको प्रतिवेदनहरू।

४. नेपाल सरकार, शिक्षा मन्त्रालयको वेबसाइट।

# पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार

**– जवाहर लाल खरेल**

पठनपाठन संस्कृतिको, चलायमान् ज्ञान,
भण्डारणको विकाश गरौं, भगाऊ अल्प ज्ञान !!
संस्कृति र संस्कारको, हुर्काऊ कल्पतरू,
ज्ञानको भण्डार कतै नहोस, जर्जर भूमि मरू !!
आल्मारिमा थाकैथाक, पुस्तकका माला,
खोज, अनुसन्धान अनि, विज्ञानका शाला !!
पढन पाइयोस् आदि ज्ञान, एकै छाना मुनि ,
अमृत पानको अभाब नहोस्, अब कहि पनि !!
बडा बडा पुस्तकका, ज्ञानका भण्डार हऊन् ,
ज्ञानका भोका पाठकहरू, अध्ययनमा रहून !!
ज्ञानीहरूका अमृत वाणी, लिपिबध्द होऊन,
पाठकहरूले ज्ञान धारा, छानि छानि पिऊन !!
राष्ट्रलाई माथि लान, ज्ञान शक्तिको ताला,
पुस्तकालय गाऊँ गाऊँमा, बनोस् पाठशाला !!

# मुल्य शिक्षाद्वारा श्रेष्ठ समाजको पुर्ननिर्माण

**- डा. बिनु बाबा अर्याल**

विकास एउटा विशिष्ट अवस्था हो यो आफैमा प्रकृया पनि हो । एक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण गर्नु हो । मानिसलाई इज्जत र सम्मानपूर्वक वाँच्नको लागि आवश्यक पर्ने उपयुक्त वातावरणको सृजना गर्नु हो । आज भन्दा लगभग दुईसय वर्ष भन्दा अगाडि फ्राँन्सका प्रसिद्ध क्रान्तिकारी Danton ले रोटी पछि शिक्षा (After Bread, Education) पनि शिक्षाको महत्वलाई जोडदिएका थिए । यसरी विकासको लागि शिक्षा हो, शिक्षाको लागि विकास एक अनिवार्य शर्त हो, समाजमा स्थायित्व, शान्ति कायम गर्ने औजार हो, सकारात्मक सोच हो जीवनलाई बर्षले होइन, आर्शिवादको वर्षाले भरपुर बनाई दिन्छ । अध्यात्मको बीज नै सकारात्मक चिन्तन हो, सकारात्मक सोच हो । सकारात्मक चिन्तन, सोच विना सफल जीवन सम्भव हुदैन । चिन्तनले आफू भित्र साथै वाह्य वातावरणमा सुख शान्ति समृद्धि र पवित्रता सिंजना गर्दछ । पवित्र व्यक्तित्वमा शुद्ध गन्तव्यको पहिचान हुन्छ । जब व्यक्तिले गन्तव्यको पहिचान गर्दछ तव उसले आफ्नो जीवन बुभ्दछ, जीवनको महत्वलाई महत्व दिन्छ । जीवन प्रशंसनीय सराहनीय बनाउन ठूलो रचनात्मक हो, सुखमय, आनन्दमय जीवन नै रचनात्मक हो । जन्म त सबैको सामान्य हुन्छ तर रचनात्मक कार्यबाट मृत्युलाई समेत ऐतिहासिक बनाउन सकिन्छ ।जहाँ सोच विचार नै नयाँ हुन्छ, त्यहाँ कृति, वृति । स्मृति सबै नयाँ हुन्छ, श्रेष्ठ हुन्छ, सुन्दर हुन्छ । त्यस्तो समाजको रूपान्तरण गर्दै नयाँ युगको शुभारम्भ श्रेष्ठ समाजको पुर्ननिर्माण गर्न शिक्षाको नै महत्वपूर्ण भूमिका हुन्छ । भनिन्छ महान व्यक्तिहरू नौलो काम गर्दैनन् तर उनीहरू कुनै पनि काम नौलो प्रकारले गर्दछन् । जसरी पानिको धर्म चिसो, आगोको धर्म तातो जस्तै व्यक्तिको धर्म खुसि लिने, खुसि दिने हो, त्यसैले व्यक्ति भित्रका अमृतमय तत्वहरूबाट व्यक्तित्व बन्दछ व्यक्तिको सवै पक्षहरूलाई सुसज्जित गर्ने शिक्षा नै हो । दृश्य एकै भए पनि हेर्ने दृष्टिकोण भने व्यक्ति पिच्छे फरक फरक हुने कुरामा कुनै सन्देह रहदैन त्यो किन त ? भन्दा विद्या, शिक्षाको दृष्टिकोण हो जति शिक्षित हुदै जान्छ उ त्यत्ति नै सोचमा फराकिलो हुदै तथ्य तथा सत्य तिर नजिकिँदै जान्छ । तर यो शिक्षा विद्यालयमा भर्ना हुँदैमा हाँसिल भएको मान्न सकिदैन, सो हासिल नहुन पनि सक्छ । अतः हामिले पनि नयाँ सोच नयाँ धारणा लिएर समय सापेक्ष भएर शिक्षालाई grass root या प्रारम्भिक जगदेखि स्थापना गरेर परिपक्वतामा राष्ट्रिय व्यक्तित्व वनि राष्ट्रमा Towering and showering Personality बाट स्वर्णिम राष्ट्रको स्थापना होस् ।

जसरी वगेको नदीले आफ्नो मार्गमा आएका ढुङ्गामुढा अड्चन अवरोध हटाएर अगाडि वढे जस्तै हामिले पनि आफ्नो गन्तव्य तर्फ अगाडि बढेर सफलता हाँसिल गर्नु पर्दछ । मूल्यहरूको आधारमा नै जीवन मुल्यवान बन्न सक्तछ । मुल्य नै मुल्यवान जीवनको आधार हो । यस्तो उदात्त उद्देश्यहरूको परिपूर्ति पनि योग्य व्यक्तिहरूबाट मात्र हुन सक्ने हुनाले प्राचीन कालका ऋषिमुनिहरूले यस जगत र जीवनका अल्झोहरूलाई सुल्झाउनमा पाशविकताको दलदलबाट मानव जीवनलाई बचाउन गुरुकुलीय शिक्षा प्रणालीको विकास गरेको इतिहास साक्षी छ ।

प्राचीनकालमा प्रत्येक बालकहरूको मनमा के कुरा अंकित गराइन्थ्यो भने ऊ समाजको एउटा महत्वपूर्ण अंश (Part) हो, घटक हो, सात, आठ, वर्षको उमेरमा वालकलाई ब्रहमचार्यमा प्रविष्ट गराएर कमसेकम २५ वर्षको उमेरसम्म उसलाई गुरुकुलमा बस्न अनिवार्य हुन्थ्यो । गुरु र चेलाको वीच आत्मियताकको भावना जागृत हुन्थ्यो । गुरुको व्यक्तित्व र सच्चरित्र बालकको कोमल हृदयमा पर्दथ्यो । ऊ साँचो अर्थमा मनुष्य बन्दथ्यो । आर्दश र कर्तव्यनिष्ठ संरक्षकको रूपमा रहेको गुरुको निर्देशनबाट ऊ पूर्ण मानव बन्दथ्यो यसै सन्दर्भमा भन्नुपर्दा भगवान श्रीकृष्णलाई पनि गुरुको शिक्षाको आवश्यकता परेकोले सान्दीपिनी गुरुको

गुरुकुलबाट ६४ दिनमा ६४ विद्याको पारंगत हुनु भयो। सान्दिपिनी गुरुले विद्या समाप्तगरी कृष्णलाई "सत्यंवद सत्यंचर" को अन्तिम उपदेश दिएर बिदा गरे। श्री रामको जीन्दगीले पनि गुरुकुलबाट प्राप्त शिक्षा लिएर जीवनलाई जीवन्त बनाए।

तर आज भौतिकता र व्यक्तिवादी प्रवृत्तिले गर्दा गुरु र विद्यार्थी बीच फासला बढदै गइरहेछ, हटाउनु नितान्त आवश्यक छ। अतः यस महान कार्यमा शिक्षकले साथै अभिभावकले पनि शिक्षाको महत्व (Value of Education) बुझ्नु पर्दछ। वहाँहरूले बच्चालाई दुईवटा कुरा बुझाउनु पर्दछ- (१) ऊ अद्वितिय र महत्वपूर्ण छ (२) दोश्रो पनि महत्वपूर्ण छ।

नीतिशास्त्रले बताउँछ "सबै अक्षर मन्त्र हुन, सबै झारपात औषधी हुन, सबै मानिस योग्य छन्"।

अँध्यारो कोठामा राखेको गमलाको विरुवा पनि उज्यालो तर्फ लर्किन्छ त्यस्तैगरी मानिसहरू मात्र हैन, वनस्पति किटपतंग पनि उज्यालो तर्फ उन्मुख हुन खोज्दछ। त्यसैले वेदले भन्छ, "तमसोमा ज्योर्तीगमय चाँडक्य भन्छन- "समयमा नगरेको कामको फल समयले दिन्छ।" बच्चा भनेको कुमालेले बनाएको माटोको भाँडो जस्तो हो जो एकपल्ट बनाएपछि दोहऱ्याएर त्यस माटोबाट अर्को भाँडो बन्दैन। त्यसैले बच्चाहरूलाई, विद्यार्थीहरूलाई बडो होसियार पूर्वक मायाले सम्हालेर उज्यालोतर्फ डोहोऱ्याउन सकियोस् ताकि ऊ Light house बन्न पुग्दछ। एउटा असल व्यक्ति तीन पुस्ता बनाउनको लागि जिम्मेवार बन्दछ। ऊ बन्छ, छोराछोरी बन्दछन, नातीनातिनीहरू त अवश्यै बन्दछन्। जीवनको मूल्य र महत्वको गरिमालाई उच्च मूल्याङ्कन दिनु हरेकको लागि आवश्यक हुन्छ जसले जीवनको उचाईलाई अझ बढाउदै लैजान्छ। मान्यता छ अँध्यारो मार्गमा पनि उज्यालो बाटो देखिन्छ र उज्यालो वाटोमा पनि हिड्दा ठेस लाग्छ यो केवल दृष्टिकोणको कुरा हो। सही दृष्टिकोण सहि शिक्षाबाट नै मिल्दछ। यसरी शैक्षिक विकास भनेको मनुष्यको जीवनमा आउने जीवन्तता र परिपक्वता हो।

नेपाल भित्र विशेष गरी नकारात्मक सोचले सम्भावना खोज्न चाहिएको छैन यो हुदैन होला, पहिले भएकै थिएन भन्दै नयाँ कोणबाट सोच्न कोही पनि तयार छैनन् सरकारले व्यवस्था गरिदिएको बजेट तथा सुविधा फ्रिज भएर फर्कन्छ तर वेरोजगारको ध्यान गएको छैन त्यसैले हाम्रो सोचमा देखिएको समस्यालाई जरैदेखि पुनरावलोकन समयको धारलाई पछयाउन परिस्थिति अनुसार आफूलाई अनुकूलिन तुल्याउन र मस्तिष्कलाई निरन्तर क्रियाशिल राखी राख्न शिक्षाको महत्वपूर्ण भुमिका हुन्छ। शिक्षण संस्था, अनुसन्धान केन्द्र राष्ट्रका इज्जत हुन् मा या सम्मान छन इजरायल सानो मुलुक भएर पनि शिक्षा र अनुसन्धानमा अग्रणी भएकै कारण विकसित देशमा दाँजिन पुगेको छ।

विश्वविद्यालयदेखि विद्यालयसम्म नियुक्तिदेखि वृतिविकाससम्म पारदर्शी र क्षमताका आधारमा गरिने आधार खडा गरेमात्र शिक्षामा उन्नती भई शैक्षिक क्षेत्रको विकास हुन्छ। यो अवसर र चुनौती दुवै छ। हामी आधुनिक विकासका संघारमा उभिएका छौं विकासको स्वाद उन्नतिका पाइलाहरू भावी पुस्तालाई सुम्पनु हाम्रो सामाजिक दायित्व पनि हो। हरेक शैक्षिक क्षेत्रमा कुनै पनि विद्यार्थीले आफूलाई महत्वपूर्ण रूपमा या विशेष रूपले लिइरहेको हुन्छ। यो सूक्ष्म अभियानलाई गोडमेल गर्न ढिलाइ भयो भने मनोइच्छित फूल तथा फल टिप्न पाईदैन। तिमी विशेष हौं तिमी महत्वपूर्ण, भूमिका सबैलाई अपरिहार्य छ भन्ने कुराको वोध गराउनु एक प्रकारको शिक्षा प्रति जागृत गराइ वातावरणको जागरण गर्नु हो। यसबाट स्वाभिमानको जागृति हुन्छ। फूलले आफ्नो वास्ना आफै लिन सक्दैन नदीले आफ्नो पानी आफै पिउन सक्दैन, वृक्षमा फलेका फलहरू वृक्षले आफै खान सक्दैन, वास्ना लिने, पानी पिउने तथा फलहरू अरु या दोश्रो नै हुन्छ। यसै गरी मानवभित्र भएका अनेकौ विशेषताहरू पनि आफैले पहिचान गर्न सकिरहेको हुदैन। अरुले नै मूल्याङ्कन गर्ने हो अतः विद्यार्थीहरूको मूल्याङ्कन सहि लक्ष्यमा पुऱ्याउन शिक्षामा नयाँ सोच नयाँ चिन्तन र नयाँ दिव्यदर्शनको आवश्यकता पर्दछ। विद्यार्थीहरू अनेक घटना एवम परिघटनाको सञ्जालले ढाकिएको हुन्छ वडो गम्भीरताका साथ परिस्थितिलाई संवेदनशील

पूर्वक आत्मविश्लेषण गर्नु पर्ने अनिवार्यता हुन्छ । यस्ता रचनात्मक कार्यका लागि शुभ सङ्कल्प राख्दै उन्नति प्रगति एवम समुन्नति होस् भन्ने भावनाले गरिएको कार्यले उन्नतिको शिखरमा पुऱ्याउन उत्साह भरिदिन्छ र यो फलदायक पनि मानिन्छ । आजको सहि नैतिकवान् विवेकी, आध्यात्मिक विद्यार्थी जसले विश्व वजारमा गर्न सक्ने शैक्षिक मानव शक्ति उत्पादन गर्नु हामी सबैको लागि आवश्यक चुनौती दुवै रहेको छ । त्यसका लागि पूर्ण रूपमा सहभागितामा आधारित शैक्षिक प्रणालीको निर्माण र प्रयोग गर्नु अनिवार्य आवश्यकता हो ।

शिक्षा नै विकासको मेरुदण्ड हो भने शिक्षाको भण्डार पुस्तकालय हो । विना भण्डार सानो गृहस्थति चल्दैन भने विना पुस्तकालय शैक्षिक क्षेत्र चल्दैन । सभ्यताको चिन्ह नै व्यवस्थित पुस्तकालय हो । विद्यार्थीमा ज्ञानको भोक जगाउन सक्नु पर्दछ । उसको सिर्जनशीलतालाई उजागर गर्नु पर्दछ सो दायित्व पुस्तकालयले मात्र गर्दछ । विद्यालय विश्व विद्यालय राष्ट्रको मन्थन हुने थलो हो भने सो मन्थनलाई प्रयोगमा ल्याउन मद्दत गर्ने पुस्तकालय हो । शिक्षालय र पुस्तकालय एक अर्काको पूरक हुन् जो एक अर्कामा आर्सित हुन्छ र ज्यादै न्यून विद्यार्थीलाई मात्र बजारको कितावले सन्तुष्टि देला आम विद्यार्थी त पुस्तकालयमा नै निर्भर हुन्छन् । यदी पुस्तकालय छ भने विद्यार्थी पढेर सिंजनशिल हुने संस्कार वन्छ नत्र भने सस्तो राजनिति लिएर सडकमा रमाइ समाज, देशमा विकृति फैलाउँछन् । त्यस प्रकृतिबाट हटाउन घर घरमा, टोल टोलमा विद्यालय, विश्वविद्यालयहरू शैक्षिक क्षेत्रमा व्यवस्थित पुस्तकालय हुनै पर्दछ । सरकारको र सम्बन्धित क्षेत्रको ध्यान जानै पर्दछ ।

शैक्षिक क्षेत्रमा विद्यार्थीको आर्कषण बढाउनको लागि पहिलो सर्त हो भने पुस्तकालयका लागि व्यवस्थित व्यवस्थापन दोश्रो सर्त हो । पुस्तकालय शिक्षकले दिलाउदै जानुपर्दछ । तव शिक्षाको क्षेत्र सभ्य र भव्य बन्दछ, अनि बन्दछ, शिक्षाको क्षेत्रमा नयाँ युगको सुरुवात विश्वका विभिन्न राष्ट्रले गरेको अदभूत आर्थिक अनि सामाजिक सफलताको वारेमा अध्ययन गर्दा विकासको मेरुदण्ड शिक्षा नै हो भन्ने देखियो । अतः शैक्षिक क्षेत्रमा पुस्तकालयको महत्व मूल विकासको औजारको रूपमा लिइन्छ ।

अव्राहम लिङ्कनले आफ्नो वाल्यकालका दिनहरूमा पुस्तकालयमा फ्याँकिएका किताबहरू पढदा कैयौं पटक मुसाहरूले टोकेको घटना आज पनि स्मरणयोग्य छ । लोकतन्त्रको अवधारणालाई पुस्तकालयले पनि अंगीकार गर्नसकोस् । पुस्तकालयलाई नियन्त्रण हैन राजनीतिकको हस्तक्षेप हैन जतिसक्यो धेरै पुस्तकालय खोलियोस् नीजी र सार्वजनिक दुवै क्षेत्रतिर पुस्तकालय खुल्नु पर्दछ सवै पढ्न चाहने र सक्नेको पहुँचको विषय वनाउन आवश्यक छ ।

# पुस्तकालयको बहसः भ्रम र यथार्थ

- सूर्य क्षेत्री
पुस्तकालय अधिकृत
वन विज्ञान अध्ययन संस्थान, पोखरा

विश्व बजारमा हिजोआज मुद्रित र विद्युतीय (डिजिटाइज्ड) ज्ञान सामग्रीहरूको उत्पादन तीव्र रूपमा बढिरहेको छ । तुलनात्मक रूपमा विद्युतीय सामग्रीहरू नै बढी छन् । लेखन तथा प्रकाशनमा यति धेरै व्यापकता आउनु भनेको धेरैभन्दा धेरै मानिसहरू पढ्न र लेख्नमा रुचि राख्छन् भन्ने हो । ती विविध ज्ञान सामग्रीमाथि नागरिकहरूको सहज पहुँच हुनुपर्छ । तर त्यो नहुँदा मूल्यवान ज्ञान सामग्रीहरूबारे बहुसङ्ख्यक मानिस बेखबरजस्तै छन् ।

हाम्रो यथार्थ खोतल्ने हो भने दैनिक रोजीरोटीको खोजिमा भौंतारिनु पर्ने बहुसङ्ख्यक मानिसहरूलाई ज्ञानगुनका लागि पुस्तक पढ्ने न त फुर्सद छ, न रहर छ, न पठन सामग्री र पुस्तकालयबारे जानकारी नै छ । न त देशमा पुस्तकालयको सुलभ व्यवस्था नै छ । पढ्ने भनेको त स्कुल र कलेजको परीक्षा र अन्य प्रतियोगिता उत्तीर्ण गर्नका लागि मात्रै हो भन्ने बुझाइ छ । यसबाट के बुझिन्छ भने पुस्तकालय र पठन संस्कृति हाम्रो समाजको प्राथमिकतामै पर्दैन । देशमा यो अवस्था कायम रहनुको मुख्य कारण राज्यपक्षको चरम उपेक्षा नै हो । यद्यपि ज्ञानमा आधारित सभ्य समाजको रहर सबैलाई छ । गुणस्तरीय शिक्षा राष्ट्रिय आवश्यकता हो । अब यसबारे गम्भीर बहस गर्नुपर्ने भएको छ ।

मानिसहरू हिजोआज अनलाईन सामग्रीतर्फ आकर्षित भएको देखिन्छ । तर डरलाग्दो पक्ष बालबालिका र किशोर-किशोरीहरू सामाजिक सञ्जालमा क्षणिक मनोरञ्जनका सामग्रीहरूमा मात्र केन्द्रित भएका कारण उनीहरूमा पढ्ने संस्कार क्रमशः हराउँदै छ । नेपालमा मात्र होइन संसारभरिकै बालबालिका र युवाहरूमा पढ्ने बानी घटिरहेको देखिन्छ । हाम्रा प्रायः मन्त्री, सांसद् र राजनीतिकर्मीसमेत पुस्तकालय प्रयोगमा रुचि राख्दैनन् भन्ने तथ्य संघीय संसद् पुस्तकालयको पछिल्लो अभिलेखले बताउँछ । पुस्तकालय नजानुका कारण खोजेका पुस्तक नपाइने, पुस्तकालय व्यवस्थित नभएको र पढ्ने वातावरण नभएको बताउँछन् । हाम्रा शैक्षिक पुस्तकालयहरूको अवस्था पनि यो भन्दा फरक छैन । कलेजहरूमा पनि कमै विद्यार्थीले पुस्तकालय प्रयोग गर्छन् । उनीहरूको पढाइ परीक्षा केन्द्रित छ । शिक्षकले प्रदान गरेका छोटाछोटा स्लाईड/नोट र बजारमा उपलब्ध गेसपेपरमा भरपर्नेहरूको सङ्ख्या अधिक छ । स्नातकोत्तर तहको शोधपत्रमा समेत सकभर अरुले लेखेका र अनलाईनमा उपलब्ध सामग्रीहरू कपी पेस्ट गर्न पाए खुसी हुन्छन् । अपवादका रूपमा देशभरका केही सहरी क्षेत्रका विद्यालयबाहेक अन्यत्र पुस्तकालय नै छैनन् । स्थानीय समाजसेवी र गैरसरकारी संस्थाहरूको सहयोगमा खुलेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू प्रायःले पाठकका माग बमोजिमका उपयोगी पुस्तकहरू थप गर्दै जाने औकात राख्दैनन् । ज्ञान र सूचनाको यति धेरै प्रचुरताको जमानामा पनि पठन संस्कृतिमा कमी आउनु र पुस्तकालयले महत्व नपाउनु सुखद विषय होइन । त्यो भन्दा पनि अनलाईनमा सबथोक पाइन्छ भन्ने भ्रमका कारण समाजका विभिन्न शक्तिकेन्द्रका मानिसहरूले नै पुस्तकालय आवश्यक नभएको तर्क गर्नु चाहिँ थप पीडादायी विषय हो ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले 'विद्यालय क्षेत्र विकास योजना' (वि.सं.२०७३/०७४-२०७९/०८०) अन्तर्गत विद्यालय शिक्षाको सुधारका लागि प्रस्तावित कुल बजेट १० खर्ब ५८ अर्ब रूपैयाँमध्ये २०७५ सम्म करिब पौने चार खर्ब रकम खर्च भएको जनाएको छ । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि घट्दो दरमा रहेकाले सरकारको लगानी वालुवाको पानी सावित भएको छ । पुस्तकालय र पठन संस्कृतिविना सिकाइमा सुधार र शिक्षामा गुणस्तरियताको प्रश्न कोरा कल्पना मात्र हो भन्ने तथ्य हाम्रो खस्कँदो शैक्षिक नतिजाले प्रमाणित गरिसकेको छ । त्यसैले अब प्रभावकारी

सिकाइ, गुणस्तरीय शिक्षा र ज्ञानमा आधारित सभ्य समाज निर्माणका लागि नयाँ प्रयोग अपेक्षित देखिन्छ। त्यो भनेको पुस्तकालयको संस्थागत विकास नै हो।

पहिलोः प्रत्येक शिक्षण संस्था (विद्यालय र कलेज) मा तोकिएका मापदण्ड बमोजिमको व्यवस्थित पुस्तकालय र त्यसको प्रयोग सम्बन्धी स्पष्ट नीति बनाई लागू गर्नुपर्छ। आधारभूतदेखि माध्यमिक तहसम्मका सबै विद्यार्थीहरूलाई हप्ताको न्युनतम दुई र खालि पिरियडसमेत पुस्तकालयमा बसेर आ-आफ्ना रुचि अनुसारका रोचक र ज्ञानबर्द्धक पुस्तकहरू पढ्ने व्यवस्था मिलाउन सकियो भने सानै उमेरदेखि उनीहरूमा पढ्ने बानी पर्छ। छोराछोरीले अतिरिक्त पुस्तकतिर ध्यान दिन थाले भने पढाइ बिग्रेला भनेर चिन्ता गर्ने अभिभावकहरू पनि छन्। तर त्यस्तो कहिल्यै सोच्नुहुँदैन। बाहिरी पुस्तक पढ्ने रुचि भएका विद्यार्थीहरूले पाठ्यक्रम निर्देशित पुस्तक राम्रोसँग पढ्न सक्छन्। बिदाका दिनमा उनीहरूलाई सामुदायिक पुस्तकालयमा जान प्रेरित गर्नुपर्छ। आफ्नो स्तर र रुचि अनुसारका पुस्तक आफूखुसी पढ्न पाए भने उनीहरूमा पुस्तकप्रति उत्सुकता बढ्छ।

डा. जोन्ना सिकोराको नेतृत्वमा अमेरिकी सामाजिक विज्ञान अनुसन्धान संस्था 'साइन्स डाइरेक्ट' ले सन् २०११-२०१५ मा गरेको अध्ययनले घरमा पुस्तकालयसहितको पढ्ने वातावरणमा हुर्किएका बालबालिकाहरू तुलनात्मक रूपमा तीक्ष्ण, जिज्ञासु र आत्मविश्वासी भएको अनि पाठ्यपुस्तकमा मात्र केन्द्रित बालमस्तिष्कले रचनात्मक क्रियाकलाप गर्न नसकेको देखाएको छ। साहित्यिक लगायतका अतिरिक्त पुस्तकको नीयमित अध्ययनले बालबालिकाहरूमा जिज्ञासा, कल्पनाशीलता, स्मरण शक्ति बढ्नुका साथै सिर्जनात्मक र विश्लेषणात्मक क्षमताको विकास हुन्छ। पढ्दा आनन्द मान्ने र आनन्दका लागि पढ्ने बानी बस्छ, जुन कुरा उनीहरूलाई जीवनभरि काम लाग्छ। बालबालिका अध्ययनशील, सृजनशील र विवेकी बन्नु नै औपचारिक शिक्षा सफल बन्नु हो।

दोस्रोः सार्वजनिक तथा सामुदायिक पुस्तकालय भनेका सामाजिक विकासका पूर्वाधार हुन्। समाजका सदस्यहरूको ज्ञान आर्जन गर्ने थलो हो। त्यहाँ हरेक तह र तप्काका मानिसहरू जमघट भएर पुस्तकालयको सुविधा लिन सक्छन्। विभिन्न पेशा व्यवसायमा संलग्न हुनेहरूलाई सार्थक जीवन जिउनका लागि थप ज्ञान र सीपको आवश्यकता पर्छ। सेवानिवृत्त तथा वृद्धवृद्धाहरूलाई फुर्सदको समय बिताउने ठाउँको झन बढी आवश्यकता हुन्छ। उनीहरूलाई पुस्तक पढ्ने, आनन्द लिने र एकअर्का बीच आफ्ना अनुभव आदानप्रदान गर्ने रहर हुन्छ। मानव जीवनको सफलता नै अध्ययन, सकारात्मक चिन्तन, मनन् र मिहिनेतमा निर्भर गर्दछ। सफल मानिसहरू कुनै पनि विषयमा सार्वजनिक बहस गर्नुपूर्व सम्वन्धित विषयमा पर्याप्त अध्ययन गर्छन् र आत्मविश्वासका साथ प्रस्तुत हुन्छन्, जसका कारण आम दर्शक र स्रोतामाझ सधैं प्रशंसित हुन्छन्। विश्वभरका धनी र सफल मानिसहरू दैनिक थेरथोर समय निकालेर पढ्छन्। माइक्रोसफ्टका मालिक विल गेट्स, आइफोनका निर्माता स्टिभ जब्स, फेसबुकका संस्थापक मार्क जुकरवर्ग, चर्चित विलेनीयर वारेन बफेट आदि दैनिक पढ्ने उदाहरणीय पात्र हुन्। नीयमित पढ्नेको आयु औषत मानिसको भन्दा बढी रहेको एक अमेरिकी अनुसन्धानको निष्कर्ष रहेको छ। पढ्ने मान्छे मानसिक रूपमा स्वस्थ हुन्छ। मनमा तनाव हुँदैन।

अब यक्षप्रश्न छ- के पुस्तकमा कर लगाउने वर्तमान सरकार पुस्तकालयलाई आधारभूत सेवाको रूपमा स्वीकार्न तयार छ ? घट्दो पठन संस्कृति र बढ्दो सामाजिक विकृतिका कारण समयले पलपल पुस्तकालयको आवश्यकता महसुस गराइरहेको छ। बालबालिकाहरूको सिकाइमा सरकारले वर्षेनी गरेको लगानी खेर गइरहेको छ। उनीहरूले सिकेनन् भन्नेमा सर्वत्र चिन्ता छ। तर उनीहरूलाई सानैदेखि कसरी अध्ययनशील बनाउने भन्नेतर्फ कुनै कार्यक्रमहरू छैनन्। विभिन्न पेशा व्यवसायबाट अवकाशप्राप्त र वृद्धवृद्धाका लागि फुर्सदको समय बिताउने उपयुक्त ठाउँहरू छैनन्। उनीहरूलाई एक्लोपन, चिन्ता, कुलत र डिप्रेशनजस्ता समस्याबाट जोगिन र सुखी बन्नका लागि सबैभन्दा उपयुक्त विकल्प पुस्तकालय नै हो, जहाँ सबै उमेरसमूहका मानिसहरूलाई हरेक दिन साथीहरूसँग भेटघाट गर्ने, नयाँ साथी बनाउने, बातचित गर्ने, आराम गर्ने र इच्छा अनुसार पढ्ने अवसर हुन्छ।

# असल पुस्तकालय व्यवस्थापकका गुणहरू

– सागरराज सुबेदी
उपपुस्तकालय अध्यक्ष, क्याम्पस इन्जिनियरिङ

समग्र पुस्तकालय तथा यसको व्यवस्थापनको जिम्मेवारी वहन गर्ने प्रमुख वा भनौ पुस्तकालयध्यक्ष (Librarian) नै पुस्तकालय व्यवस्थापक हो । यो व्यवस्थापक नै कुनै पनि पुस्तकालयको अभिभावक पनि हो । उसको दूरदर्शितामा नै पुस्तकालयको क्रियाकलाप सक्रिय रूपमा सञ्चालन हुन्छ तसर्थ एउटा पुस्तकालय व्यवस्थापक असल हुनु जरुरी छ। असल भन्ने कुरा व्यवस्थापकमा रहेका निश्चित गुणहरूका आधारमा तय गरिन्छ । पुस्तकालय व्यवस्थापकले तयार गर्ने रणनीतिक योजना तथा निर्णय, उसले गर्न सक्ने समन्वय, उसको नीयन्त्रण क्षमता इत्यादिबाट नै पुस्तकालयको कार्यदक्षता प्रदर्शन हुन्छ । व्यवस्थापनका कार्यहरू अर्थात योजना गर्ने, संगठनको क्षमता, निर्देशनको ल्याकत, कर्मचारी व्यवस्थापनको ज्ञान, समन्वय गर्न सक्ने रणनीति, बजेटको व्यवस्थापन तथा खर्चको परीक्षण जस्ता कुराहरू एउटा पुस्तकालय व्यवस्थापकमा पनि हुनु जरुरी छ। यस लेखमा असल पुस्तकालय व्यवस्थापकमा हुनुपर्ने न्यूनतम् गुणहरूका बारेमा चर्चा गरिएको छ। पुस्तकालय व्यवस्थापक असल हुनको लागि उसमा केही व्यक्तिगत गुणहरू र केही पेशागत गुणहरू हुनु जरुरी हुन्छ। यस्ता गुणहरू व्यवस्थापकले आफ्ना अनुभव, क्षमता, योग्यता तथा सीपबाट प्राप्त गर्न सक्तछ। असल पुस्तकालय व्यवस्थापकमा हुनुपर्ने न्यूनतम् गुणहरू निम्नानुसार रहेका छन्:

### १. व्यक्तिगत गुणहरू (Personal Qualites)

उर्जा (Enery) असल व्यवस्थापकमा आफ्नो जिम्मेवारी बहन गर्ने उर्जा हुनुपर्दछ। धेरै समयसम्म काम गर्ने शारिरीक ताकत तथा मानसिक सामर्थ यस अन्तर्गत पर्दछ। एउटा पुस्तकालय व्यवस्थापकमा एउटा तोकिएको समयभन्दा पनि बढी काम गर्न सक्ने उर्जा हुनुपर्दछ। उसले आफ्नो कार्य स्थलमा आवश्यक पर्दा जुनसुकै समयमा पनि खटिएर काम गर्न सक्ने हुनुपर्दछ। यसको लागि शारिरीक रूपमा पनि उ निरोगी र बलियो हुनुपर्दछ साथै कार्य गर्दा आवश्यक औजार तथा उपकरण उठाउन सक्ने शारिरीक तागत उसमा हुनुपर्दछ। कुनै पनि काम गर्न विशेष शक्ति तथा उर्जाका साथ उसले काम गर्न सक्नुपर्दछ।

परिपक्वता (Maturity) असल पुस्तकालय व्यवस्थापकले आत्मविश्वासका साथ विना रिस तथा राग परिपक्व एवं विवेकी निर्णय दिनुपर्दछ। पुस्तकालय व्यवस्थापकमा स्थिरता, शान्त मिजास, हसिलोपन, सहन सक्ने कला, उपयुक्त व्यवहार गर्न सक्ने गुणहरू हुनुपर्दछ। परिपक्व तरिकाबाट गरिएका क्रियाकलापहरूको प्रतिफल पनि सकारात्मक नै हुन्छ। कुनै पनि व्यक्तिलाई परिपक्व उसको ज्ञान, शिक्षा, अुनभव, तालिम, विचार तथा रहनसहनले बनाउँदछ। पुस्तकालय सामुदायिक संस्था हुने हुँदा यसको व्यवस्थापकलाई अन्य साधारण व्यक्तिहरूले उच्च तहको व्यक्तिको रूपमा स्वीकार गरेका हुन्छन् र त्यस्तो व्यक्तिको व्यवहार पनि परिपक्व रूपमा नै प्रश्तुत हुन्छ भन्ने आशा गरेका हुन्छन्। अझ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा त पुस्तकालय व्यवस्थापकलाई शैक्षिक तथा प्रशासनिक क्षेत्रका मानिसहरूले पनि फरक तरिकाले व्यवहार गर्दछन यस अवस्थामा पुस्तकालय व्यवस्थापकले समय परि स्थिति, काल बेला हेरेर आफूमा भएको परिपक्वतालाई व्यवहारमा ल्याउनु पर्दछ।

वुद्धि (Intelligence) असल पुस्तकालय व्यवस्थापकमा प्रसस्त मात्रामा ज्ञान र बुद्धि हुनुपर्दछ। तर्कसंगत विचार गर्ने, समस्याहरूलाई सही ढंगबाट पहिचान, विश्लेषण र समाधान गर्न आवश्यक बौद्धिकता हुनु जरुरी छ। बुद्धि हुनका लागि उसमा शैक्षिक ज्ञान हुनुका साथै आफ्नो विषयको योग्यता पनि हुनु जरुरी छ। निश्चय पनि विषयगत ज्ञानले मानिसमा बुद्धि बृद्धि गराउदछ। बुद्धि भन्ने कुरा परिपक्वता, अनुभव, काम प्रतिको लगाब र मेहनतको प्रतिफल हो। माथि नै भनिएजस्तै एउटा

पुस्तकालय व्यवस्थापक समाजको एउटा सम्मानित व्यक्तित्वको रूपमा परिभाषित गरिएको हुन्छ। अझ विकाशसील क्षेत्रमा त पुस्तकालय व्यवस्थापकलाई एउटा वुद्धिजिवीको रूपमा हेरिएको हुन्छ र उसका निर्णय तथा भनाईहरूलाई बौद्धिक वर्गले सम्मान पुर्वक ग्रहण गर्दछन । तसर्थ पुस्तकालय व्यवस्थापकमा बुद्धिको मात्रा अरुको तुलनामा बढी नै हुनुपर्दछ ।

निष्पक्षता (Fairness) असल पुस्तकालय व्यवस्थापकमा निष्पक्षताको गुण हुनुपर्दछ। उसले कार्यास्थल अर्थात् पुस्तकालयमा आफ्ना कर्मचारी तथा कामदारहरूलाई कामको आधारमा निष्पक्ष व्यवहार गर्नुपर्दछ। यसका साथै उसले पुस्तकालय प्रयोगकर्ताहरूलाई पनि आफ्नो तर्फबाट समान व्यवहार गर्नुपर्दछ। डर, धम्की, राजनैतिक दवाव, तथा अन्य कुनैपनि मोलाजिसमा नपरी आफ्ना क्रियाकलाप गर्नुपर्दछ। बौद्धिक वर्गमा पर्ने पुस्तकालय व्यवस्थापक सबै कुरामा निष्पक्ष हुने कुरा आम व्यक्तिको धारणा हुन्छ। तेरो र मेरो भावना त्यागी निष्पक्ष हुन सकेको खण्डमा पुस्तकालयको विकास सम्भव हुन्छ ।

संबेगात्मक स्थिरता (Emotional Stability) पुस्तकालयमा काम गर्दा विभिन्न परिस्थितिहरूको सृजना हुन्छ। कर्मचारीका क्रियाकलाप, पाठकका क्रियाकलाप तथा समय र परिस्थितिको कारणले उव्जने व्यवधानका कारणले कहिलेकाही समस्याहरू आई रहन्छन्। यस्तो स्थितिमा एउटा असल पुस्तकालय व्यवस्थापकले आफ्नो संबेगात्मक परिस्थितिलाई कहिल्यै गुमाउनुहुदैन। संबेगलाई स्थिरता राख्न सकेमा काम विग्रने सम्भावना कम हुन्छ। एकैछिन धैर्य गरेर आफनो संबेगलाई रोक्न सकेको खण्डमा कुनैपनि अपठ्यारो परिस्थिति सृजना हुदैन। तसर्थ पुस्तकालय व्यवस्थापक धैर्यशील र संबेगलाई रोक्न सक्ने हुनुपर्दछ। निश्चय पनि बौद्धिक बर्गमा पर्ने पुस्तकालय व्यवस्थापकले समय, परिस्थिति, काल र बेला अनुसार आफूलाई सयंमित बनाई कार्यथलोको वातावरण सधै शान्त र विवेकी बनाई राख्दछ। हामीले देखेका कतिपय पुस्तकालय व्यवस्थापकहरू ठूलो पदमा पुग्ने वित्तिकै दम्भता देखाउने, अन्य सहकर्मीलाई दुरुत्साहीत गर्ने, ठूलो पल्टिने गर्दछन् जुन गलत हुन्छ र यसको परिणाम पछिल्ला दिनमा नराम्रो हुन्छ। तसर्थ कुनै कुनै परिस्थिति आफ्नो अनुकुल नभएपनि त्यसलाई आत्मसात गर्दै आफ्नो संवेगलाई नगुमाउने व्यक्ति सफल बन्न सक्तछ ।

नैतिक चरित्र र इमान्दारीता (Moral Character and Integrity) पुस्तकालय व्यवस्थापकको नैतिक चरित्र असल हुनु पर्दछ। पुस्तकालय बौद्धिक स्थल हुनाले त्यहा कार्यरत कर्मचारी नैतिकवान् हुनुपर्ने कुरामा दुईमत छैन। नैतिकवान् मान्छेको अगाडि जो पनि नतमस्तक हुन्छ। नैतिक चरित्र सही हुनको लागि उसमा इमान्दारीता हुनुपर्दछ। नैतिकता नै मानिसको सबभन्दा ठूलो गुण हो। एकपटक नैतिकता गुम्यो भने ऊ सबैको नजरमा सधै नराम्रो व्यक्तिको रूपमा इंगित हुन जान्छ। बौद्धिक व्यक्तिको दर्जा पाएको पुस्तकालय व्यवस्थापक समाजमा नैतिक चरित्र र इमान्दारीतामा उदाहरण भएर कार्य गर्ने किसिमको हुनुपर्दछ। उसले आफ्ना सहकर्मीहरूलाई सम्मानपूर्ण व्यवहार गर्नुपर्दछ। लैगिक विभेदात्मकताको कुरा त्याग्नु पर्दछ ।

**पहल (Initiative)**

असल व्यवस्थापकले कुनै पनि काम गर्दा आफ्नै पहलमा गर्दछ अर्थात् कामको सुरुवात कसैले गर्न नखोजेको अवस्थामा उसले काम गर्नको लागि सुरुवात गर्दछ। काममा आउने व्यवधानबाट कर्मचारी वा मजदुरको टाढा भाग्ने प्रवृत्तिको निरुत्साहित गर्न कामको शूरुवात गर्ने काम व्यवस्थापकले गर्दछ। पुस्तकालय व्यवस्थापकले पनि आफ्ना कर्मचारी तथा पाठक तथा प्रयोगकर्ताहरूलाई उत्प्रेरणा प्रदान गर्न कुनैपनि क्रियाकलापमा आफै सक्रिय भएर लाग्ने, कामको सफलताको लागि पहल गर्नुपर्दछ ।

**जिम्मेबारीको भावना**

असल व्यवस्थापकले कामको जिम्मेवारीको भावना (Sense of responsibility) राख्दछ। कुनैपनि गरिएका कामको उत्तरदायित्व ग्रहण गर्ने कार्य व्यवस्थापको हो। पुस्तकालय व्यवस्थापकले पनि पुस्तकालयभित्र भएका काम कारवाहीको वारेमा जिम्मेवारी लिने गर्नुपर्दछ। यो पुस्तकालय मेरो हो र मैले गरेको कामको उत्तरदायित्व मेरै हुन्छ भन्ने भावना उसमा हुनुपर्दछ। जिम्मेवारीबाट भाग्ने व्यक्ति असल व्यवस्थापक हुन सक्तैन। अधिकार र जिम्मेवारी भनेको एकै सिक्काका दुईवटा पाटा हुन।

पुस्तकालय व्यवस्थापकलाई पुस्तकालयको सम्पुर्ण अधिकार दिएसगै उसमा जिम्वेवारीको भावना पनि स्वतः आउनुपर्दछ ।

**लचकदार (Flexible)**

व्यवस्थापक कामको सिलसिलामा आफ्ना विचार र दृष्टिकोणमा लचकदार हुनुपर्दछ । आफूलाई परिस्थिति अनुसार ढाल्न सक्ने व्यवस्थापक नै सही अर्थमा असल ठहर्छ । पुस्तकालय सामुदायिक स्थल भएको हुँदा पुस्तकालय व्यवस्थापकले सबै कुरा आफ्नो विचार अनुसार मात्र गर्न सक्दैन । कतिपय परिस्थितिमा आफूले गरेका निर्णयमा फेरबदल गर्न परेमा पनि उसले हिचकिचावट गर्नु हुँदैन । समय परिस्थिति आफनो अनुकुल नहुँदा पुस्तकालयको विकासको लागि उसले आफ्नो विचार तथा निर्णयमा लचकदार बन्न सक्नुपर्दछ ।

**२. व्यवस्थापकीय गुणहरू (Managerial qualities)**

प्राविधिक ज्ञान (Technical knowledge) असल व्यवस्थापकमा आफनो विषयवस्तुसंग सम्वन्धित प्राविधिक ज्ञान हुनु जरुरी छ । उसले संगठन भित्रका प्राविधिक औजार, क्रियाकलाप, नीति नीयम इत्यादिको बारेमो जानकारी राखेको हुनुपर्दछ । एउटा पुस्तकालय व्यवस्थापकमा पनि पुस्तकालय सम्बन्धी प्राविधिक ज्ञान हुनु जरुरी हुन्छ । पुस्तकालयमा गरिने प्राविधिक कार्यहरू जस्तो वर्गीकरण, सूचीकरण, डाटाबेशको निर्माण, विषय शीर्षकको ज्ञान तथा पुस्तकालय औजारहरू चलाउनसक्ने ज्ञान उसमा हुनु जरुरी हुन्छ ।

सञ्चारको सीप (Communication skill) पुस्तकालय व्यवस्थापकमा सञ्चार गर्नसक्ने सीप हुनुपर्दछ । पुस्तकालय संगठनका कतिपय काम कार्वाहीहरू सञ्चारसंग नै सम्वन्धीत हुन्छन् । उसले आफ्ना मातहतका कर्मचारीहरूलाई सही तरीकाले सञ्चार गर्ने, निर्देशन दिने र उत्प्रेरणा दिन सक्नुपर्दछ । असल सञ्चारको लागि उसमा सञ्चारका साधनहरूको वारेमा ज्ञानका साथै भाषा, लेखनमा पनि दखल भएको हुनुपर्दछ । यसका साथै आधुनिक सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्ने क्षमता हुनुपर्दछ । पुस्तकालय सार्वजनिक थलो भएको हुँदा वर्तमान् परिप्रेक्ष्यमा विभिन्न भाषा, धर्म, संस्कृतिका व्यक्तिहरूको पनि अध्ययन स्थल हुने हुँदा सबै किसिमका व्यक्तिहरूसंग सञ्चार गर्न सक्ने सीप पुस्तकालय व्यवस्थापकमा हुनुपर्दछ ।

संगठन क्षमता (Organizational skills) पुस्तकालय एउटा संगठन हो । तसर्थ पुस्तकालय व्यवस्थापकमा संगठन सम्वन्धी क्षमता हुनुपर्दछ । अर्थात् उसमा कर्मचारी तथा मजदुरलाई उत्प्रेरित गर्न सक्ने, निर्देशन गर्न सक्ने, मूल्याङ्कन गर्न सक्ने, निरीक्षण गर्न सक्ने र नीयन्त्रण गर्न सक्ने क्षमता हुनुपर्दछ । उसले एउटा उदाहरण भएर कार्य गर्न सक्ने व्यक्तिको रूपको आफ्नो क्षमताको प्रर्दशन गर्नुपर्दछ ।

मानवीय सम्बन्ध (Human relation) पुस्तकालय व्यवस्थापकले आफ्नो पुस्तकालय संगठनमा कार्यरत मजदुर तथा कर्मचारीहरूलाई मानवीय सम्बन्ध कायम राख्नु पर्दछ । मानिसलाई मानिस जस्तो व्यवहार गर्नु, उनीहरूका कुरा सुनिदिनु, उनीहरूका पीरमर्कामा सहयोग गरिदिनु, उनीहरूको भावनालाई कदर गरिदिनु नै मानवीय सम्बन्ध राम्रो राख्ने उत्तम प्रक्रिया हुन् । पुस्तकालय सामाजिक संगठन भएको हुँदा यहाँ विभिन्न प्रकारका व्यक्तिहरू कार्यरत रहने तथा विभिन्न प्रकारका पाठकहरू आउने हुँदा उनीहरूसंग मानवीय सम्बन्ध राख्न सक्ने गुण भएको व्यवस्थापकलाई सबैले सम्मान प्रदान गर्ने हुन्छन् ।

निर्णय क्षमता र उत्प्रेरित गर्ने सीप (Power of decision making and motivational skill) असल पुस्तकालय व्यवस्थापकमा जस्तो सुकै परिस्थितिमा पनि सही निर्णय गर्न सक्ने क्षमता हुनुपर्दछ । निर्णय लिदा कुनैपनि कुराको दवाबमा नपरी निस्पक्ष निर्णय लिन र कर्मचारीहरूलाई उनीहरूको आवश्यकता बुझेर सही उत्प्रेरणा दिन सक्नुपर्दछ । उत्प्रेरणा त्यस्तो उर्जा हो जसले व्यवस्थापनको लक्ष्य अरुबाट काम लिन सक्ने कलालाई सहि मार्ग प्रशस्त गर्न सक्दछ ।

यसरी व्यवस्थापकले व्यक्तिगत तथा व्यवस्थापकीय गुणहरूलाई आत्मसात् गरेको खण्डमा ऊ असल व्यवस्थापक बन्न सक्दछ । यस्ता गुणहरू कसैले पनि जन्मजात लिएर आएको हुदैन । कार्याअनुभव, सीप विकास, दक्षता अभिबृद्धि, योग्यताको विकास, तालिम, शिक्षा, सम्मेलन जस्ता क्रियाकलापहरूबाट यस्ता गुणहरू प्राप्ति गर्न सकिन्छ ।

# पहिलो पुस्तकालय दिवसः केही सम्झनाहरू

- भोलाकुमार श्रेष्ठ
सदस्य सचिव, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय

## परिचय

नेपालमा पुस्तकालय दिवस मनाउनु पर्छ भन्ने धेरै वर्षको प्रयासपछि पुस्तकालय तथा सूचना विज्ञान विद्यार्थी संघ (लिसा) को सक्रियतामा मिति २०६४ भाद्र ३ गते नेपाल पुस्तकालय संघका पुर्व अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक रुद्रप्रसाद दुलालको संयोजकत्वमा त्रिवि. पुस्तकालय तथा सूचना विज्ञान भूतपुर्व विद्यार्थी संघका अध्यक्ष विष्णुप्रसाद अर्याल, तथाा लिसाका सदस्यहरू अशोक थापा र यज्ञराज भट्टको एउटा समिति बन्यो। उक्त समितिले इतिहासविद् त्रिरत्न मानन्धर र दिनेशराज पन्तसँग भेटी सल्लाह र सुझाव लिने काम भयो। विशेष गरेर दिनेशराज पन्तको सुझाव अनुसार भीम शमशेरले पुस्तकालय खोल्न खोज्नेहरूलाई दण्ड गरेको दिन भन्दा गीर्वाण युद्ध वीर विक्रमले "पुस्तक चिताई तहविल" स्थापना गर्नका लागि कानुनीरूपमा लालमोहर जारी गरेको मिति वि.सं. १८६९ साल भाद्र १५ गतेको दिनलाई पुस्तकालय दिवसको रूपमा मनाउन उपयुक्त हुने सल्लाह दिनु भएकोले सोही दिनलाईलाई आधार मानी वि.सं. २०६५ सालदेखि हरेक वर्ष पुस्तकालय दिवस मनाउँदै आएको छ।

## पहिलो पुस्तकालय दिवस २०६५

नेपाल पुस्तकालय संघको तत्कालीन अध्यक्ष भएको नाताले प्रथम पुस्तकालय दिवस मनाउने मूल समारोहको अध्यक्षता ग्रहण गर्ने मौका मिल्यो। मलाई गर्व लाग्छ प्रथम पुस्तकालय दिवस- २०६५ को अध्यक्षता ग्रहण गर्न पाएकोमा।११ सदस्यीय मूल आयोजक समितिमा नेपाल पुस्तकालय संघका अध्यक्ष भोलाकुमार श्रेष्ठ, अध्यक्ष, पुस्तकालय सूचना विज्ञान केन्द्रीय विभागका भीमध्वज श्रेष्ठ, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयका, जुजुभाइ डंगोल, पब्लिक युथ क्यापसका विष्णु अर्याल, तुलसाका सागरराज सुवेदी, त्रि.वि.केन्द्रीय पुस्तकालयका विणा वैद्य, लिसाका मीना कुमारी डल्लाकोटी, लिसाका रेजु पोखरेल, रिड- नेपालका चिनकाजी श्रेष्ठ, शिक्षा तथा खेलकुद मन्त्रालयका ओमकुमार श्रेष्ठ- सदस्य र लिसाका विश्वराज गौतम सचिव हुनुहुन्थ्यो।

हामीमा दिवस मनाउने अनुभव पनि थिएन, बजेट पनि थिएन। कसरी सफल बनाउने भन्नेमा मात्र थियो। हामी अलमलमा पनि थियौं। तर हामीमा मनाउनै पर्ने बाध्यता पनि थियो, चुनौती पनि थियो। नारा तय गऱ्यौ "सबैका लागि पुस्तकालय"। जहाँसम्म लाग्छ पहिलो पुस्तकालय दिवस भएकोले यो नारा एकदम सार्थक थियो। कार्यक्रमका लागि पैसाको आवश्यकता थियो। साथीभाइहरूबाट केही पैसा उठायौ। नेपाल पुस्तकालय संघले २० हजार, रुम टु रिडबाट २० हजार, रिड-नेपालबाट १० हजार, तुल्साबाट १० हजार पुस्तकालय विज्ञान विभागबाट ५ हजार, एकता बुक्सबाट ५ हजार। यसरी पैसा उठाएपछि केही राहत भयो।

### प्रथम पुस्तकालय दिवसका उद्देश्यहरू

- पुस्तकालय प्रयोग एवं सम्वर्द्धनमा जनचेतना जगाउने,
- अध्ययन संस्कृतिको विकास गर्ने र सूचना एवं ज्ञानमा आधारित समाज निर्माणका लागि वातावरण सिर्जना गर्ने,
- शैक्षणिक क्रियाकलापमा पुस्तकालयहरूको प्रयोग र महत्वलाई बढवा दिने,
- पुस्तकालय तथा सूचना विज्ञानको क्षेत्रमा भएका प्रगति तथा गतिविधिहरू बारे आमनागरिक, विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता लेखक, पाठक, पुस्तकालय प्रेमी एवं अन्य सरोकारवालाहरू बीच प्रचार-प्रसार गर्ने,

- पुस्तकालय दिवसलाई संस्थागत गर्दै राष्ट्रिय मान्यता दिलाउने प्रयास गर्ने ।
- पुस्तकालय सेवामा लाग्ने व्यक्तित्वलाई सम्मान गर्ने ।

**कार्यक्रमहरू**

यिनै उद्देश्यहरू परिपूर्ति गर्न निम्नलिखित कार्यक्रमहरू गर्ने तय गरियो ।

- **सामाजिक सेवा** – रक्तदान, सरसफाई, वृक्षारोपण
- **शैक्षिक कार्यक्रम** – निबन्ध प्रतियोगिता, हाजिरी जवाफ, कथा वाचन, कविता वाचन, सडक नाटक पुस्तक प्रदर्शनी, वक्ततृत्व कला आदि
- **मूल कार्यक्रम** – प्रभात फेरी, पुरस्कार वितरण, अन्तरक्रिया, मन्तव्य, गोष्ठी आदि
- **प्रचारप्रसार** – पत्रकार सम्मेलन, स्मारिका प्रकाशन, रेडियो, टेलिभिजन
- **सम्मान कार्यक्रम** – पुस्तकालय सेवामा उत्कृष्ट व्यक्तित्वलाई सम्मान

**पत्रकार सम्मेलन**

पुस्तकालय दिवसका बारेमा किन, कसरी, कहाँ कहाँ, के गरी मनाउँदै छ भन्ने जानकारी दिन २०६५ भाद्र ५ गते शिक्षा पत्रकारको सभाकक्ष अनामनगरमा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । उक्त अवसरमा आयोजक समितिका अध्यक्षका नाताले “सबैका लागि पुस्तकालय” नारा सहित प्रथम पुस्तकालय दिवसका सम्बन्धमा तयार पारिएका प्रेस विज्ञप्ति पढेर सुनाएको थिए । पत्रकारहरूद्वारा राखिएका विविध जिज्ञासाहरूको समाधान गरिएको थियो । पत्रकार सम्मेलनमा इतिहासविद् दिनेशराज पन्तले भाद्र १५ गते नै पुस्तकालय दिवस मनाउनको ऐतिहासिक प्रमाण प्रस्तुत गर्नु भएको थियो । विभिन्न कार्यक्रमहरूका साथ सप्ताहाव्यापी रूपमा मनाउन सम्बन्धित संघ, संस्था, सरकारी निकाय र पुस्तकालय प्रेमीहरूलाई अनुरोध गरिएको थियो । भाद्र ६ गतेको राष्ट्रिय दैनिक पत्रिकाहरू, एफ.एम रेडियोहरू, टेलिभिजनहरूमा पुस्तकालय दिवस कार्यक्रमबारे समाचारहरू प्रकाशन गरिएको थियो ।

**मूल समारोह**

२०६५ साल भाद्र १५ गते पुस्तकालयकर्मी र पुस्तकालय प्रेमीहरूका लागि ठूलो पर्खाइका दिन थियो । विहान सबेरै २ घण्टा अगाडि कार्यक्रम स्थल काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयमा पुगियो । सिमसिम पानी परिरहेको थियो । सहभागिता कतिको हुने हो सोको डर थियो । तर डर विस्तारै हराउँदै गयो । साथीहरू आ-आफ्नो संस्थाका व्यानर सहित आउन थाले । बाल केन्द्रका बालबालिकाहरू, नेपाल राष्ट्रिय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, केसर पुस्तकालय, रिड-नेपाल, रुम टू रिड, तुल्सा, नेपाल पुस्तकालय संघ, लिसा, ऋषि दत्त पुस्तकालय, नेपाल सामुदायिक पुस्तकालय संघ, पुस्तकालय तथा सूचना विज्ञान विभाग, पब्लिक युथ क्याम्पस, डिल्लीरमण पुस्तकालय, काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय, लगायत बालविनोद मा.वि., जालपा नि.मा.वि., ट्रिनिटी इन्टरनेशनल, बुढानिलकण्ठ स्कुल, जेम्स उ.मा.वि., जनमैत्री बहुमुखी क्याम्पस, हिरालाल उच्च मा.वि., नेशनल कलेज, क्यापिटल हिल एकेडेमीका विद्यार्थीहरूको भव्य सहभागितामा विभिन्न नारा लेखिएका प्ले कार्ड सहितको जुलुसले नगर परिक्रमा गरिएको थियो । नेपालमा पहिलो चोटी पुस्तकालय विषयमा निस्किएको जुलुस थियो । सडकमा मानिसहरूमा पुस्तकालयप्रतिको मायाँ, उत्सुकता देखिएको थियो । नगर परिक्रमा पश्चात् भृकुटी मण्डपमा रहेको पर्यटन बोर्डको सभा हलमा पुगेपछि मूल कार्यक्रममा समाहित भयो । सभाहल खचाखच भरिएको थियो भने भित्र ठाउँ नपुगेर बाहिरसम्म सहभागीहरू बसेका थिए । भोलाकुमार श्रेष्ठको सभापतित्वमा शुरु भएको मूल समारोहको प्रमुख आतिथ्यता शिक्षा मन्त्री रेणुकुमारी यादवले गर्नु भएको थियो । मन्त्री यादवले रक्तदान गर्ने २६ जनालाई सम्मान पत्र र “सबैका लागि पुस्तकालय” विषयक निबन्ध प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने क्रमशः कृष्णप्रसाद आचार्य, ट्रिनीटि कलेज, मोलीका रिमाल-जेम्स कलेज, नीता पोखरेल, जनमैत्री क्याम्पस र सुरेश लामिछाने बुढानिलकण्ठ स्कुललाई पुरस्कार प्रदान गर्नु भएको थियो । उक्त समारोहमा पुस्तकालय विकासमा महत्वपूर्ण योगदान

पुऱ्याउनु भएको पुस्तकालय सेवी पूर्णप्रसाद अमात्यलाई उहाँ बिरामी हुनु भएकोले घरमा नै गई आयोजक समितिका अध्यक्षबाट सम्मान गरिएको थियो। श्री अमात्यले प्रथम पुस्तकालय दिवस सम्बन्धमा दिनु भएको मन्तव्यको भिडियो रेकर्ड समेत समारोहमा प्रस्तुत गरिएको थियो।

उक्त अवसरमा सभासद लीला न्याइच्याईले गाउँगाउँ तथा टोलटोलमा तास खेलेर समय कटाउनेहरू तथा पाठ्यपुस्तकको परिवेशबाट बाहिर आउन नसकेका विद्यार्थीहरूलाई पुस्तकालयमा गएर पढ्ने बानीको विकास गर्नुपर्ने कुरा बताउनुभयो। त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय प्रमुख कृष्णमणि भण्डारी पुस्तकालय तथा सूचना विकास बोर्डको आवश्यकता औँल्याउनु भयो। काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय समाजका उपाध्यक्ष तिर्थराज वन्तले क्यासिनो कहाँ कहाँ छ सूचना सजिलै पाइन्छ तर पुस्तकालय कहाँ कहाँ छ सूचना थाहा पाउन सकिदैन, यो बिडम्बना हो भन्नुभयो।

सभापतिको आसनबाट अध्यक्ष भोलाकुमार श्रेष्ठले "एक विद्यालय एक पुस्तकालय, एक गाउँ एक पुस्तकालय" को नारालाई सार्थक बनाउनु पर्ने कुरामा जोड दिनुभयो। उक्त नारालाई छैठौँ पुस्तकालय दिवसले आदर्श वाक्यको रूपमा लिएको थियो।

आयोजक समितिका सचिव विश्व गौतमबाट स्वागत गरिएको उक्त कार्यक्रम नेपाल पुस्तकालय संघका पूर्व अध्यक्ष मुरारी विनोद पोखरेलले कार्यक्रम सञ्चालन गर्नु भएको थियो। पुस्तकालय दिवसको दिन पर्यावरण चक्र एफ्.एम्ले दिनभरी पुस्तकालय सम्बन्धी विशेष कार्यक्रमहरू प्रत्यक्ष प्रसारण गरिएको थियो।

## उपत्यका बाहिर

उल्लेखित तय गरिएका कार्यक्रमहरूलाई सफल बनाउन देशव्यापी रूपमा विद्यालय, पुस्तकालय, सम्वन्धीत संघ संस्था र जिल्ला शिक्षा कार्यलयहरूलाई अनुरोध गरिए अनुसार उपत्यका भित्र र बाहिरका करीब ४४ वटा जिल्लाहरूमा विविध कार्यक्रम गरी पुस्तकालय दिवस मनाएका थिए। यसमा मुख्य गरी कास्कीको पोखरा सार्वजनिक पुस्तकालय, रिडबाट स्थापित ३५ जिल्लामा ५० वटा सामुदायिक पुस्तकालयहरूमा पुस्तकालय दिवस सम्बन्धी कार्यक्रम गरिएका थिए भने रुम टु रिडबाट ६ वटा जिल्लामा २२ वटा विद्यालय पुस्तकालयहरूको उद्घाटन गरिएको थियो। रामेछापको भीमेश्वर सूचना तथा स्रोतकेन्द्र, चिसापानी, झापाका त्रिफला राष्ट्रिय पुस्तकालय आदि अग्रणी थियो। यसमा रुम टु रिडबाट राजीवधर जोशी र रिड नेपालबाट चिनकाजी श्रेष्ठको सक्रिय सहभागिता थियो। उहाँहरूले आफ्नो संस्था मार्फत् विभिन्न जिल्लामा कार्यक्रम गर्न मद्दत गर्नु भएको थियो।

## पुस्तकालय दिवसले ल्याएको केही सकारात्मक पक्ष

- पहिलो पुस्तकालय दिवसले पुस्तकालय दिवसलाई संस्थागत गर्दै राष्ट्रिय मान्यता दिलाउन प्रयास गर्ने भने अनुसार छैठौँ पुस्तकालय दिवस-२०७० देखि शिक्षा मन्त्रालयले यो दिवस मनाउन जिम्मेवारी बहन गरिसकेको छ। यो एउटा ठूलो उपलब्धी हो। अब पुस्तकालय दिवस संस्थागत भैसकेको छ।
- २०६९ सालमा शिक्षा मन्त्रालयबाट पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका बन्यो।
- नेपालको संविधान (२०७२) मा राज्यका निर्देशक सिद्धान्तको नीति तथा दायित्वको ५१ को (ज) को (४) मा नागरिकको व्यक्तित्व विकासका लागि, सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भन्ने उल्लेख भएको।
- प्रत्येक विद्यालयमा अनिवार्य पुस्तकालयको व्यवस्था गर्न नेपाल सरकारबाट ६ लाख ५० हजार बजेटको व्यवस्था भइ आएको।
- सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई केही वर्षदेखि एक मुष्ट आर्थिक सहयोग गर्दै आएको अब यो साल देखि प्रदेशले यो काम गर्दै आएको छ।
- २०७४ कार्तिक १२ र १३ गते शिक्षा मन्त्रालयबाट नेपालमा पहिलो पटक सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन आयोजना भयो।
- नेपाल राष्ट्रिय पुस्तकालय भवन निर्माणका लागि

नेपाल सरकार मन्त्रीपरिषद्बाट जमलको जग्गा दिने निर्णय भएर लालपूर्जा लिने काम भयो। राष्ट्रिय पुस्तकालय भवनको नक्सा निर्माणको घाम भइरहेको छ।

- २०७५ भाद्र २४ गते प्रथम प्रदेश स्तरीय पुस्तकालय सम्मेलन, गुल्मीमा सम्पन्न भइसकेको।
- राष्ट्रिय पुस्तक नीति, पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना २०७३ को मस्यौदा शिक्षा मन्त्री समक्ष पेस भइसकेको आशा गरौं चाँडै पास हुनेछ।
- कर्णाली प्रदेशमा प्रदेश केन्द्रीय पुस्तकालय निर्माण गर्ने काम अगाडि बढिरहेको छ।

**अन्त्यमा**

नजिक आउँदै गरेको भाद्र १५ मा बाह्रौ पुस्तकालय दिवस मनाउँदै छौं। यो वर्षको आदर्श वाक्य "पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार" रहेको छ। अहिले सम्म आइपुग्दा १२ वटा आदर्श वाक्य भनौं या नारा तय भैसकेको छ। सूचना प्रविधिको द्रुततर विकासले गर्दा पठन संस्कृतिमा ह्रास आएको बखत यो वर्ष पठन संस्कृतिलाई विशेष जोड दिइएको छ।

अब पठन संस्कृति भनेको छापिएका पुस्तक पत्रपत्रिकाको पठन मात्र रहेनन् डिजिटलको पढाइ पनि पठन हो। डिजिटलबाट पनि ज्ञान, सूचना, सीप सजिलै सिक्न सकिन्छ। यो युग कागज रहित समाज निर्माणमा निकै अगाडि बढिसकेको छ। तर विचारणीय कुरा के छ भने यदि पठन संस्कृति बढाउने हो भने बालबालिकालाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ। बालबालिकालाई मोबाइल, ल्याप्टप, कम्प्युटर कतिको उपयोगी हुन्छ। यो भने सोचनीय कुरा छ। किनकी बालबालिकालाई आवश्यक नभएका अनगिन्ती सूचनाहरू इन्टरनेटमा पाइन्छ। मनपर्ने कार्टुन आदि पनि अनगिन्ती छ। रह्यो कुरा बालबालिकाका लागि यी डिभाइसहरू दिने कि नदिने। विश्वमा भएका सर्वेक्षणहरूबाट इलेक्ट्रोनिक डिभाइस प्रयोग गर्ने बालबालिकाहरूमा आँखा कमजोर हुने, टाउको दुख्ने, रिगटा लाग्ने, एकोहोरिने, साथीभाइहरूसँग खेल्न मन नपर्ने, एक्लै बस्न रुचाउने आदि रोगहरू देखा पर्न थालेको छ। नेपालमा पनि यी रोगहरू दिनप्रति दिन बढ्दै छ। यसलाई अभिभावक, शिक्षक, सरकारले बेलैमा सोच्नु पर्ने भैसकेको छ। नत्र यसले भयावह रूप लिन सक्छ। भर्खर जन्मेको बच्चाको नाममा फेसबूक खोलेर आमा बाबु गर्व गर्ने होइन अब मोबाइल, ल्याप्टप, कम्प्युटरहरूबाट बच्चाहरूलाई कसरी टाढा राख्ने यो प्राथमिकताका साथ सोच्नु पर्ने बेला आइसकेको छ।

यदि बच्चौदेखि पठन संस्कृतिको विकास गर्ने हो भने छापिएका बाल साहित्यहरू हामी पनि पढौं बालबालिकालाई पनि पढाऔं। विशेष गरेर बेलुका बच्चाहरू सुत्ने बेलामा विद्यालयको पुस्तकालयमा, सामुदायिक पुस्तकालयमा, कक्षा कोठामा राम्रा राम्रा कथाहरू, चुट्किलाहरू, गीतहरू आदि सुनौं र सुनाऔं। अनि मात्र बाह्रौ पुस्तकालय दिवसको आदर्श वाक्य सार्थक होला भन्ने लाग्दछ।

# पाठ्यक्रम विकास केन्द्रको ई-पुस्तकालयः ज्ञान सामग्रीहरू र प्रयोगको अवस्था

- **अरुणकुमार राई**
पुस्तकालय अधिकृत
पाठ्यक्रम विकास केन्द्र

**सारांस**

सूचना तथा सञ्चार प्रविधिको विकासले गर्दा आधुनिक पुस्तकालयहरूका एउटा पर्खाल भित्र सिमित नरही भूमण्डलीकरण भइसकेको छ। त्यसैले पुस्तकालय स्वयम् खुल्ला विश्वविद्यालय हो । साथै सूचना र ज्ञान सामाग्रीहरूको व्यवस्थित भण्डारण हो जसलाई जति आवश्यकता पर्दछ उसले त्यति नै प्रयोग र उपभोग गर्ने सकिने ज्ञान सामाग्रीहरूको भण्डारण हो भन्दा फरक पर्दैन । यस लेखमा मुख्य गरी ज्ञान सामग्रीहरू उत्पादन गर्ने क्रममा जसरी परिवर्तन हुदै आएको छ । सो ज्ञान सामाग्रीहरूको सङ्कलन र व्यवस्थापनको आधरमा पुस्तकालयको विकास क्रम साथै म्यानुअल पुस्तकालय, हाइब्रिड पुस्तकालय, डिजिटल पुस्तकालय र ई-पुस्तकालयको बारे चर्चा गरिएको छ। ई-पुस्तकालयका विभिन्न मोडेलहरूको चर्चा गर्दै नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलय, पाठ्यक्रम विकास केन्द्रले विकास गरेको इ-पुस्तकालय र यसको उपयोगिता र प्रयोग बारेमा उल्लेख गरिएको छ ।

किवर्डः E-Library, PMB, Resource Space

**पृष्ठभूमि (Background)**

पुस्तक राख्ने कोठा वा दलान पुस्तकालय हो साथै पुस्तकहरू रहने घर पुस्तकालय हो भन्ने अवधारणा आजको सूचना प्रविधिको युगमा असान्दर्भिक भइसकेको छ। मानव सभ्यताको विकासक्रममा मानिसहरूले सिर्जना गरेका ज्ञान सामग्रीहरूको सङ्कलन र संरक्षण गरिएको स्थानलाई पुस्तकालय भन्ने मान्यता आजको सन्दर्भमा ज्यादै पुरानो र असान्दर्भिक भएकोछ ।

मानव सभ्यताले कृषि युग, औद्योगिक युग हुँदै सूचना तथा सञ्चार प्रविधिको युगसम्म आइपुग्दा मानवहरूले सूचना तथा ज्ञानहरूलाई जीवन्त राख्नको लागि विविध ज्ञान सामाग्रीहरूको विकास गरे साथै सो ज्ञान सामग्रीहरूको व्यवथापन गर्ने विधिहरूमा पनि अमुल परिवर्तन भएको पाइन्छ ई.पु. ५५०० भन्दा अगाडि विकास गरिएका क्युनिफर्म लिपीमा गिला माटाको खबटाहरू, ढुंगामा कुदिएका चित्रहरू जस्ता ज्ञानसामग्रीहरूको संरक्षणको लागि भण्डारण गरिएको संग्रालय नै आजको आधुनिक पुस्तकालयको प्राचिन स्वरूप भन्दा हुन्छ ।

यसरी माटाका खपटे पुस्तकालयवाट शुरु भएको पुस्तकालय क्रमशः पपाइरस पुस्तकालय, पार्चमेन्ट पुस्तकालय, पाण्डुलिपि पुस्तकालय, छापिएको ज्ञान सामग्रीको पुस्तकालय हुदै सूचना तथा सञ्चार प्रविधिको विकास सगै विद्युतीय ज्ञान सामग्रीहरूको उत्पादनले विद्युतीय पुस्तकालयको रूपमा परिणत भई आज विश्वमा व्यापक प्रयोग हुन् थालेका छन् । सूचना तथा सञ्चार प्रविधिको चरम विकासले सिमित भूगोलमा रहने पुस्तकालय आज सिमा विहिनको अवस्था सिर्जना भएको छ। खबटाका ज्ञान सामाग्रीहरूको संरक्षण गर्ने उद्देश्यले जन्मेको पुस्तकालयले विभिन्न उतार चढाव पार गर्दै विद्युतीय पुस्तकालय (ई-पुस्तकालय) को अवस्थामा आइपुगेको छ। आज यसलाई नयाँनयाँ नामले सम्बोधन गर्ने गरिएको पाइन्छ जस्तै डिजिटल पुस्तकालय (Digital Library), कागजविहिन पुस्तकालय (Paperless Library), विद्युतीय पुस्तकालय (Electronic Library), वा अमुर्त पुस्तकालय (Virtual Library) आदि सूचना सञ्चार प्रविधिको विकासक्रम यहि गतिमा

हुदै जना हो भने आउने दिनको पुस्तकालयको स्वरूप कस्तो हुने हो त्यसको अनुमान गर्न कठिन हुन्छ ।

आधुनिक पुस्तकालयहरूका कुनै निस्चित सीमा वा पर्खाल रहन्दैन । त्यसैले आज पुस्तकालय एउटा पर्खाल भित्र सिमित नरही भूमण्डलीकरण भइसकेको छ । आजको सन्दर्भमा पुस्तकालय स्वंयम खुल्ला विश्व विद्यालय हो साथै सूचना र ज्ञान सामाग्रीहरूको व्यवस्थित भण्डारण हो जसलाई जति आवश्यकता पर्दछ उसले त्यति नै प्रयोग र उपभोग गर्ने सकिने ज्ञान सामाग्रीहरूको भण्डारण हो । सूचना सञ्चार प्रविधिको विकासले हरेक क्षण लाखौ लाख ज्ञान सामाग्रीहरूको सिर्जना भैरहेको अवस्थामा त्यस्ता ज्ञान सामग्रिहरूका सहि छनोट, सङ्कलन, व्यवथापन, प्रसारण गर्ने र भावी पुस्ताका लागि संरक्षण साथै सम्वर्धन गर्ने महत्वपूर्ण जिम्मेवारी आजको पुस्तकालयको हुन्छ ।

## ई-पुस्तकालय

ई-पुस्तकालयलाई विद्युतीय पुस्तकालय तथा छोटकरीमा ई-पुस्तकालय (E-Library) भनिन्छ। यो सूचना तथा सञ्चार प्रविधिको विकाससगै विकास भएको पुस्तकालयको आधुनिक स्वरूप हो। विद्युतीय ज्ञान सामाग्रीहरू (सीडी, डीविडी, हार्ड्डिस्क, लगायतका विद्युतीय सामग्रीहरूमा सङ्कलन गरिएका ज्ञान सामाग्रीहरू (डीजीटल विद्युतीय ज्ञान सामाग्रीहरू डकुमेन्ट (text), भिडियो, अडियो, फोटो साथै एनिमेशनको रूपमा विकास गरिएका हुन्छन्) लाई पुस्तकालय तथा सूचना विज्ञानको नियमानुसार व्यवस्थापन गरि छुट्टै वेबसाईट वनाई पुस्तकालय तथा सूचना विज्ञानको नियमानुसार विकास गरिएका पुस्तकालयलाई ई-पुस्तकालय (E-Library) भनिन्छ जहाँ पाठकहरूले विद्युतीय ज्ञान सामाग्रीहरू विभिन्न माध्यमबाट (लेखक, शीर्षक, विषय, किवर्ड, प्रकाशक आदि) खोजि गर्दा पूर्ण पाठ (Full Format) नै प्राप्त गर्न सकिन्छ। साथै पुस्तकालयहरूमा राखिएका ज्ञान सामग्रीहरू इन्टरनेटको मध्यमबाट ज्ञान सामग्रीहरू खोजी पूर्ण अंश नै अध्ययन गर्ने सकिन्छ। यसलाई अनलाइन पुस्तकालय (ONLINE Library) पनि भन्ने गरिन्छ प्राय जसले यस लाई डिजिटल पुस्तकालय पनि भन्ने गर्दछन्न सबै वेबसाइटहरू ई-पुस्तकालय (E-Library) होइनन् किनकि सबै वेबसाइटहरूले चाहिएको ज्ञान सामग्रीहरू खोजी गरी इ-पुस्तकालयमा जस्तो उपलब्धता गराउदैन तर ई-पुस्तकालयले खोजी गर्ने सुबिधा साथै ज्ञान सामग्रीका उपलब्धताको सुनिस्चितता गराउदछ ।

वास्तवमा ई-पुस्तकालय सञ्चालन, व्यवस्थापन, साथै प्रयोग गर्न इन्टरनेट आवश्यकता पर्दछ इन्टरनेटको सुबिधा यस्ता गरी ई-पुस्तकालयको दुईओटा मोडेलहरू (Models) को रहेको देखिन्छ। ती मोडेलहरू निम्न बमोजिम रहेका छन्:

### अनलाइन मोडेल

सही अर्थमा भन्ने हो भने अनलाइन मोडेल (Online Model) ई-पुस्तकालयको वास्तविक मोडेल हो। यो मोडेलमा भएको ई-पुस्तकालय संचालन, व्यवस्थापन र अध्यावधिक गर्न इन्टरनेटको आवश्यकता पर्दछ। यस्ता मोडेलको पुस्तकालयमा रहेका ज्ञानसामाग्रीहरू प्रयोग गर्न, प्राप्त गर्न (Download) पनि इन्टरनेटको अनिवार्यता हुन्छ। अनलाईन मोडेलमा थप गरिएका ज्ञान सामाग्रीहरू तत्काल अध्यावधिक हुन्छन् साथै तत्काल उपलब्ध हुन्छन। नेपालमा यस्ता मोडेलका पुस्तकालय विशेष गरी पाठ्यक्रम विकास केन्द्र, साझा शिक्षा ई-पाटी नेपाल, शैक्षिक जनशक्ति विकास केन्द्र, सामान्य प्रशासन मन्त्रालय, वन अनुसन्धान, कृषि अनुसन्धान परिषद्, नेपाल स्वास्थ्य अनुसन्धान काउन्सिल आदिले संचालनमा ल्याएको छ ।

### अफ लाईन मोडेल

वास्तवमा यो मोडेलको ई-पुस्तकालयको पुस्तकालयको परिभाषा भित्र पर्दैन। यो मोडेल भनेको इन्टरनेट सुबिधा नभएको अवस्थामा पनि चलाउन सकिने ई-पुस्तकालयलाई बुझ्नु पर्दछ। यस्ता पुस्तकालयमा ज्ञान सामाग्रीहरूको व्यस्थापन, सञ्चालन गर्न इन्टरनेटको आवश्यकता हुदैन साथै ज्ञान सामाग्रीहरू प्रयोग गर्न, प्राप्त गर्न (Download) पनि अनलाइन मोडेलमा जस्तो

इन्टरनेटको आवश्यकता पर्दैन। यस्ता किसिमका ई-पुस्तकालयहरू Local computer मा नै राखिएको हुन्छ र खोज्न (Search) साथै प्राप्त गर्ने (Download) गर्ने काम local computer बाट नै गरिन्छ। अफलाईन मोडेल (Offline model) मा भने e-library update गरेपछि मात्र उपलब्ध हुन्छन। साझा शिक्षा ई-पाटी नेपालले (OLE Nepal) दुवै किसिमको मोडेलहरू भएको ई-पुस्तकालय निर्माण गरेको छ।

**पा.वि.के.पुस्तकालय**

पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय अन्तर्गत विद्यालय शिक्षाको पाठयक्रम, पाठ्यपुस्तक एवम् अन्य शैक्षिक सामाग्रीहरूको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउनका लागि वि.सं. २०२८ भद्र ५ गते पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण केन्द्रको नामबाट स्थापना भएको प्राज्ञिक केन्द्र हो। वि.सं. २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र नामकरण गरिएको हो। स्थापना कालदेखि नै राष्ट्रिय आवश्यकता अनुरूपको नागरिक उत्पादन गर्न यस केन्द्रले सहयोग पुराउदै आएको छ। रा.प. प्रथम श्रेणी (शिक्षा सेवा) का कार्यकारी निर्देशक प्रमुख रहने पाठ्यक्रम विकास केन्द्रमा हाल ६० जना दरबन्दी रहेको छ। हाल यस केन्द्रको उद्देश्य परिपूर्ति गर्न १६ ओटा शाखाको व्यवस्था गरिएको छ।
स्थापना संगसंगै केन्द्रमा विशेष गरी शिक्षा, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका महत्वपूर्ण ज्ञान सामग्रीहरूको सङ्कलन साथै यस केन्द्रले उत्पादन गरेका ज्ञानसामग्रीहरूका सङ्कलन, व्यवस्थापन, साथै संरक्षण र सम्बर्द्धन गर्न एउटा छुट्टै पुस्तकालय व्यवस्था गरिएको छ साथै यस केन्द्रले आफ्नु छुटै ई-पुस्तकालयको विकास वि.सं.२०६७ सालमा गरिको छ, जहाँ पाठ्यक्रम विकास केन्द्रले उत्पादन गरेका ज्ञान सामग्रीहरूका प्राय जस सबै डिजिटल सामग्रीहरू समाविष्ट गरिएको छ। शिक्षा मन्त्रालयले वि.सं.२०४६ सालमा पाठ्यक्रम विकास केन्द्रको पुस्तकालयलाई बढी उपयोगी बनाउन शैक्षिक पुस्तकालय तथा प्रलेखन केन्द्र (Educational Library and Documentation Centre) को नामकरण गरेको थियो तर हाल यो पाठ्यक्रम विकास केन्द्रको पुस्तकालय तथा सूचना प्राविध शाखा अन्तर्गत व्यबस्थापनमा रहेको छ।

**पा.वि.के. को ई-पुस्तकालय**

पाठ्यक्रम विकास केन्द्रले स्थापनकाल देखि नै पुस्तकालय तथा सूचना सेवा उपलब्धता गराउने उद्देश्यले पुस्तकालयको व्यवस्थापन गर्दै आएकोमा वि.सं.२०६७ देखि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पुस्तकालय तथा सूचना विज्ञानको नियमानुसार ई-पुस्तकालयको व्यवस्थापन गरेको छ। यस ई-पुस्तकालयमा विषेशता पाठ्यक्रम विकास केन्द्रले सिर्जना गरी उत्पादन गरेका विविध प्रकारका ज्ञान सामग्रीहरूको (Text, Audio, Video, and Images) वास्तविक ई-पुस्तकालयमा हुनुपर्ने सबै आवश्यक मूल्य मान्यता प्रयोग गरी पूर्ण अंश राखिएको छ। सबै ज्ञान सामाग्रीहरू पूर्णरूपमा निःशुल्क रूपमा प्रयोग गर्न साथै प्राप्त गर्ने (Download) गर्न सकिन्छ। विशेषत यस ई-पुस्तकालयको एउटा प्रमुख बिशेषता OPAC र ई-पुस्तकालयलाई एकै ठाउँमा समायोजन गरिएको छ। एकै ठाउमा समायोजनको अर्थ अनलाईन पुस्तकालयको गृह पृष्ठमा रहेको Search Option बाट शीर्षक, लेखक, विषय, प्रकाशक आदि बाट नै OPAC र ई-पुस्तकालयको सेवा प्राप्त गर्न सकिन्छ। उक्त ई-पुस्तकालयमा लगभग ३००० शीर्षकका विविध प्रकारका ज्ञान सामग्रीहरू समाविष्ट गरी व्यवस्थापन गरीएका छन्।

**ज्ञानसामग्री खोज्ने विधि**

सबै ई-पुस्तकालयमा ज्ञान सामग्रीहरू खोज्न र प्राप्त गर्न पुस्तकालयको वेबसाईट हुनु पर्दछ। सोही बमोजिम केन्द्रको ई-पुस्तकालयबाट ज्ञानसामग्रीहरू खोज्दा सर्वप्रथम केन्द्रको वेबसाईट www.moecdc.gov.np मा लग अन (Log on) गर्नुपर्छ यस पछि पा.वि.के.गृह पृष्ठमा रहेको CDC library भन्ने एउटा मेनुमा क्लिक गरेपछि पा.वि.के.को अनलाइन क्याटलग पृष्ठ देखापर्छ। अलाइन क्याटलग पृष्ठमा रहेको विभिन्न मेनुहरूबाट बिभिन्न प्रकारका ज्ञान सामग्रीहरू खोज्न सकिन्छ साथै अलाइन क्याटलग पृष्ठमा रहेको Search Option मा हामीलाई आवश्यक परेका ज्ञान सामग्रीहरू लेखकहरू,

शिर्षकहरू, विषयहरू, (by authors, titles, subjects, keyword, etc, आदिबाट खोजी गरि प्राप्त गर्ने सकिन्छ, यस्तै अलाइन क्याटलग पृष्ठमा CDC E-Library मेनुमा क्लिक गरेपछि पा.वि.के को ई-पुस्तकालय पृष्ठ देखापर्छ, अब ई-पुस्तकालय पृष्ठमा रहेको search options बाट आवश्यकाता अनुसार (by authors, titles, subjects or keywords) ज्ञान सामग्रीहरू खोजि निःशुल्क प्राप्त गर्न साथै पढ्न सकिन्छ ।




(अलाइन क्याटलग पृष्ठमा खोजी गर्दा प्राप्त भएको ज्ञान सामग्री )




(पा.वि.के.को ई-पुस्तकालय गृह पृष्ठ)




(पा.वि.के.को ई-पुस्तकालय पृष्ठमा खोजि गरी प्राप्त भएको ज्ञान सामग्री)

## ५. पा.वि.के.ई–पुस्तकालयको प्रयोग

जुनसुकै किसिमका पुस्तकालय भए पनि यसको मुख्य उद्देश्य भनेको सही सूचना सही समयमा सही पाठकलाई सही स्वरूपमा उपलब्ध गराउनु हुन्छ । यसरी पाठ्यक्रम विकास केन्द्र वि.सं. २०६७ देखि आधुनिक पुस्तकालयको उद्देश्य अनुरूप अनलाइन सूचीकरण (OPAC) र पाठ्यक्रम विकास केन्द्रले विकास गरेका ज्ञानसामग्रीहरूलाई सही समयमा आवश्यक भएको पाठक समक्ष उपलब्धता गराउन ई-पुस्तकालयको व्यवस्था गरेको हो । यसको प्रयोग साथै उपयोगिताको विषयमा चर्चा गर्दा पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका ज्ञानसामग्रीहरू प्राप्त गर्न छिटो छरितो साथै इन्टरनेट भएको विश्वको जुसुकै कुनाबाट पनि प्राप्त गर्ने ज्यादै सजिलो भएको छ । वि.सं २०६७ मा विकास गरिएको पा.वि.के.को ई-पुस्तकालयको व्यापक प्रयोग भई रहेको छ । यसको प्रोयोगको सन्दर्भमा तल दिइएको तथ्याङ्कलाई एक पटक हेर्दा मात्र थाहा हुन्छः-




(पा.वि.के. ई-पुस्तकालयवाट सन् २०१६ वर्ष भरीमा Download भएको ज्ञान सामग्री विवरण)




पा.वि.के. ई-पुस्तकालयवाट सन् २०१७ वर्ष भरीमा Download भएको ज्ञान सामग्री विवरण )

माथिको चित्रमा सन् २०१६ र सन् २०१७ वर्ष भरी ज्ञान सामाग्रीहरूको खोजी गर्ने पाठकहरूले पाठ्यक्रम विकास केन्द्रको ई-पुस्तकालयवाट ज्ञानसामग्रीहरू डाउनलोड गरिएको विवरण हो । यस विवरणमा सन् २०१६ भरी ६७८४९ पटक विभिन्न ज्ञान सामग्रीहरू डाउनलोड गरेको र सन् २०१७ भरी १,७७६६१ पटक विभिन्न ज्ञान सामग्रीहरू डाउनलोड भएको देखिन्छ ।

सन् २०१६ मा October को अन्ततिर सबै भन्दा बढी २७१७ पटक र सन् २०१७ मा April को अन्ततिर सबै भन्दा बढी ४०३० पटक download भएको देखिन्छ। यस विवरणबाट के भन्न सकिन्छ भने यस केन्द्रले विकास गरेको ई-पुस्तकालय प्रयोग बढी रहेको देखिन्छ।

## ६. निष्कर्ष

यसरी पाठ्यक्रम विकास केन्द्रको स्थपनाकालदेखि रहेको परम्परागत पुस्तकालयले सूचना सञ्चार प्रविधिको विकास संगै विकास गरको ई-पुस्तकालयको प्रयोगकर्ताहरू बढी रहेको देखिन्छ। इन्टरनेट सुबिधा भएको विश्वको जुन कुनाबाट पनि यो पुस्तकालयमा रहेको ज्ञान सामग्रीहरू निःशुल्क प्राप्त गर्न सहजता भएको छ। हाल आएर यो पुस्तकालयको भू-मण्डलीकारण भएको छ साथै पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ज्ञान सामग्रीहरूको संरक्षणमा कोशेढुंगा साबित होला। यो सबैको लागि सुखद विषय हो। पुस्तकालयको व्यवस्थापन, संरक्षण र प्रशारण जस्ता काम यो कार्य ज्यादै महत्वपूर्ण रहेको छ तर यसको दिगोपन (Sustainability) को लागि भने सबैले सरोकारवालाहरूले विचार गर्नु पर्दछ।

## ७. सन्दर्भ ग्रन्थसूची


1. Varatharajan, N. (2007). Digital Library Initiatives at Higher Education and Research Institutions in India, Library Philosophy and Practice Journal, Vol.5, No.2:27-30.
2. Jebaraj, V.F.D & Deivasigamani, M.(2003). Electronic library: an Indian scenario, Library Philosophy and Practice Journal, Vol. 5, No. 2 :1-3 .
3. Vaidya, Bina (2002).The need of developing electronic libraries in Nepal, TULSSAA Journal, Vol.2, No.2 :26-29.
4. Borgman, C.L.(1999) .What are digital libraries? competing visions, Information Processing and Management Journal, Vol.35, No.3:227-243.
5. Chopra, R.N. (1992) . Dictionary of library science, New Delhi: Anmol Publication.
6. शिक्षा मन्त्रालय, शिक्षा विभाग(२०७१).विद्यालयमा न्यूनतम शैक्षिक सामग्री सहितको पुस्तकालय तथा सूचना व्यवस्थापन सम्बन्धी सहयोगी पुस्तिका, भक्तपुरः शिक्षा विभाग

# प्रभावकारी पुस्तकालय सञ्चालनका चुनौतिहरू

**- रमेशकुमार भुसाल**
उपाध्यक्ष, नेपाल सामुदायिक पुस्तकालय संघ
तथा प्रकाशक/सम्पादक, पुस्तकालय आवाज मासिक

पुस्तकालय ज्ञानको भण्डार मानिन्छ । मानव जीवनमा आशातित सफलता हासिल गर्न पुस्तकालयको भूमिका महत्वपूर्ण हुन्छ। पुस्तकालयमा संग्रहित पाठ्यसामग्रीहरूको विविधता र प्रयोगमा सहजताले पुस्तकालयको महत्व र आवश्यकता रहदै गएको हो । कुनैसमय नेपालमा नेपालको राष्ट्रिय पुस्तकालय, ब्रिटिस काउन्सिल पुस्तकालय, नेपाल भारत पुस्तकालय, केसर पुस्तकालय लगाएतमा पाठकको घुँइचो लाग्ने गरेको देखिन्थ्यो । तर पछिल्लो समय सूचना प्रविधिको विकास र त्यसको प्रयोगका कारण पुस्तकालयमा पाठकको आकर्षण घट्दै गएको पाइन्छ। पछिल्लो समय पुस्तक पल्टाएर पढ्ने बानी ह्वात्तै हराएर गएको छ । जसलेगर्दा भौतिक पुस्तकालयको विकासमा चुनौति थपिंदै गएको छ । भौतिक रूपमा संकलित पाठ्यसामग्रीको अध्ययनमा पाठकको रुचि नभएकै कारण नेपालको एकमात्र राष्ट्रिय पुस्तकालयमा संकलित अध्ययन सामग्रीहरू लामो समयसम्म बोरामा थन्किदा समेत पाठकहरूबाट ति सामग्री अध्ययनको सुबिधाका लागि कहीं कतै आवाज उठाएको पाइएन । यस अवधीमा केही पुराना लेखक, अनुसन्धानकर्ता र स्व-अध्ययनमा रुची राख्नेहरू समेत आफ्नै निजि सङ्कलनको अध्ययनमै रमाएको देखियो । मदन पुरस्कार पुस्तकालय, केसर पुस्तकालय, राष्ट्रिय पुस्तकालय र त्रिवि केन्द्रीय पुस्तकालय जस्ता ठूला र ऐतिहासिक पुस्तकालय २०७२ सालको भुकम्पबाट पूर्णरूपमा क्षतिग्रस्त हुँदा पनि पाठकबाट खासै चिन्ता र चाँसो व्यक्त नहुनु पुस्तकालयप्रति पाठकको आकर्षण घट्दै गएको प्रमाण हो ।

नेपालमा पछिल्लो १० वर्षमा पुस्तकालय प्रयोग गर्ने पाठकको संख्यालाई हेर्दा ती पाठकको दिनानुदिन घट्दै गइरहेको देखिन्छ। पछिल्लो समय पुस्तकालय प्रयोग गर्ने पाठकको संख्या घट्दै जानुमा बढ्दो सामाजिक सञ्जालको प्रयोगप्रतिको आकर्षण पनि एक हो। अहिले अधिकांश युवा पुस्ता विद्युतीय ज्ञान सामग्रीको अध्ययनमा आकर्षित भइरहेको देखिन्छ। त्यसैले अन्य विकसित मुलुकहरूले पनि विद्युतीय ज्ञान सामग्री उत्पादनमा नै जोड दिएको पाइन्छ। मानवको प्राकृतिक स्वभाव नै हो की नयाँ नयाँ खोज, अनुसन्धान र प्रयोगमा रमाउनु । त्यसैले नेपालमा पनि पछिल्लो समय प्रकाशन भइरहेका पुस्तक तथा अन्य अध्ययन सामग्रीको भौतिक प्रकाशनको साथसाथै विद्युतीय माध्यमबाट अध्ययन गर्ने सुबिधा पनि पाउन थालिएको छ। यसले पाठकलाई एक प्रकारले सजिलो पनि बनाइ दिएको छ। पाठकले आफ्नो रुचि अनुसारका पाठ्यसामग्री संसारका जुनसुकै ठाउँमा इन्टरनेटको माध्यमबाट क्षणभरमै प्राप्त गर्न सक्दछ। सूचना प्रविधिको विकास र वढ्दो प्रयोगले गर्दा ज्ञानको विस्तार पनि तिव्र रूपमा भइरहेको छ। सूचना प्रविधिले गर्दा पुस्तकको त के कुरा अहिले छापा माध्यमका पत्रपत्रिका पढ्नेहरूको संख्या पनि ह्वात्तै घटेर गएको छ। पत्रकारितामा पनि इन्टरनेटको निकै ठूलो प्रभाव परेको देखिन्छ। इन्टरनेटको सुबिधाले गर्दा एकातिर विश्वभरका हरेक घटना, सूचना र जानकारीहरू पल पलमा पाठकको पहुँचसम्म पुगिरहेका छन् भने अर्कोतर्फ समयको पनि बचत भएको छ ।

अहिले सञ्चालनमा रहेका सबै पुस्तकालयमा पुस्तक र पाठक सर्वेक्षण गर्ने हो भने ति पुस्तकालयमा संकलित अध्ययन सामग्रीको १० प्रतिशत अध्ययन सामग्री पनि पाठकको हातमा पुगेको वा उनीरूको नजर लागेको देखिदैन । जव पुस्तकालयमा संकलित सामग्रीको समुचित प्रयोग हुदैन तव पुस्तकालय व्यवस्थापन/सञ्चालन समितिलाई निरन्तर सङ्कलनमा चुनौति थपिन्छ। सामान्यतया पुस्तकालयमा पाठकको रुचिलाई ध्यानमा राखेर अध्ययन सामग्रीको सङ्कलन गरिनु पर्दछ भन्ने मान्यता रहेको हुन्छ । जव पुस्तकालयमा पाठकको संख्या अत्यन्त न्यून् हुन्छ तव पुस्तकालयले कसरी पाठकको

रुचि अनुसारका अध्ययन सामग्री सङ्कलन गर्न सक्दछ ? त्यसैगरी कथनकदाचित पाठकका रुचि अनुसारका अध्ययन सामग्री सङ्कलन गरेपनि जुन पाठकको माग र रुचिका आधारमा अध्ययन सामग्रीको सङ्कलन गऱ्यो पछि उही पाठक आफ्नो छनोटका अध्ययन सामग्री अध्ययन गर्न पुस्तकालयमा प्रवेश नै नगरेको देखिन्छ । जसलेगर्दा पुस्तकालयमा नयाँ अध्ययन सामग्रीहरूको सङ्कलनमा पनि चुनौति थपिएको छ ।

ज्ञानलाई बुझ्ने सवालमा पछिल्लो समय विकास भइरहेको सूचना प्रविधिले अन्योलता सिर्जना गरिदिएको देखिन्छ । किनभने हामी नेपालीहरूमा विषयवस्तुको गहिराइसम्म नपुगी इन्टरनेटको माध्मबाट सूचना र जानकारीको रूपमा प्राप्त हुने अध्ययन सामग्रीको सामान्य अध्ययन गरेकै भरमा आफ्नो धारणा बनाउने प्रचलन बढ्दै गएको छ । जसले गर्दा सामान्य भन्दा सामान्य विषयमा पनि ठूलाठूला विवाद (मतभेद) सिर्जना हुने, हरेक कुरामा विश्वासको संकट खडा भइरहने देखिन्छ । ऐतिहासिक तथ्यहरूको अध्ययन नै नगरी हरेक विषयमा विवाद सिर्जना हुनु त्यसैको परिणाम हो । किनभने जुनसुकै विषयबस्तुसँग सम्बन्धित ऐतिहासिक तथ्य र प्रमाणहरू आजको इन्टरनेटको पहुँचमा छैनन् भने तिनको अध्ययनविना तथ्यको गहिराइसम्म कसरी पुग्न सकिन्छ ? सानो उदाहरणको लागि नेपाल सरकारका पछिल्ला निर्णयहरू बारम्बार विवादमा आउने र पटकपटक सरकार आफ्नो निर्णयबाट पछि हट्ने गरेको दृष्टान्त हाम्रो सामु घाम जत्तिकै छर्लङ्ग छ ।

अहिले हामीले १२ औं पुस्तकालय दिवस मनाउँदै छौं । विगत ११ वर्षदेखी यो दिवस मनाउने गरिएको छ । पुस्तकालय दिवस मार्फत् नेपालको पुस्तकालय विकास र पठन संस्कृतिमा थोरै भएपनि टेवा पुगोस् भन्ने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउँदा एक-एक वटा नारा (आदर्श वाक्य) तय गर्ने परम्परा रहदै आएको परिप्रेक्षमा यसपटकको नारा “पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार” तय गरिएको छ । यसको अर्थ हो- “जहाँ पुस्तकालय हुन्छ त्यहाँबाट पठन संस्कृतिको पुर्वाधार तयार हुन्छ ।” त्यसैले पुस्तकालयको विकास र विस्तारमा जोड दिऔं । तर गत जेठमा एउटा अनलाईन सञ्चारमा राजधानीका विभिन्न पुस्तकालयमा स्थलगत रिपोर्टिङ गरेर एउटा फिचर न्युज प्रशारण भएको छ । जसमा अन्य पुस्तकालयको तुलनामा नेपाल भारत पुस्तकालयमा पाठकको संख्या अत्याधिक रहेको उल्लेख गरिएको छ । त्यस लेखमा पुस्तकालयमा पाठकको कमी हुनुमा पुस्तकालय प्रमुखहरूले विभिन्न कारणहरू औंल्याएका छन् । उनीहरूले भने जस्तै हो भने पुस्तकालय खोलेर मात्र पठन संस्कृतिको विकास हुन सक्दैन । आजको परिवेशमा पठन संस्कृतिको विकास गर्न पुस्तकालयले धेरै मिहिनेत गर्नुपर्ने देखिन्छ । अहिले त पाठकको रुचिको पुस्तक कुन हो भन्ने छुट्टयाउन पनि कठिन भइसकेको छ । अहिले पाठकको रुचि अनुसारका पुस्तक सङ्कलन गरेर मात्र पुस्तकालयमा पाठकको आकर्षण बढ्ने देखिंदैन । अहिले हरेक दिन पाठकका रुचि बदलिने गर्दछन् । पुस्तक पुरै पढ्ने भन्दा पुस्तकको आवरण पृष्ठ र विषय सूचिको अध्ययन गरेर आफ्नो पुस्तक प्रतिको मोह दर्साउने पाठकको संख्या अत्याधिक रहेको छ । सबैभन्दा बढी पाठक आउने भनिएको नेपाल भारत पुस्तकालयमा पनि अधिकांश पाठक पत्रपत्रिका र इन्टरनेटमा व्यस्त रहेको देखिन्छ भने केही पुराना नियमित पाठकहरू आउने गरेको पाइन्छ । अन्य पुस्तकालयको पनि अवस्था त्यो भन्दा फरक देखिदैन । त्यसैले पुस्तकालयको उपादयता किन घट्दै गयो र यस निदान के हुनसक्छ भन्ने विषयमा सरोकारवालाको ध्यान जानु जरुरी देखिन्छ ।

हरेक वर्ष पुस्तकालय दिवस मनाउँदा तय गरिएका नाराहरूको सार्थकता पुष्टी गर्न सप्ताहव्यापी कार्यक्रम पनि गर्ने गरिएको छ । तथापी यसको तात्विक असर परेको कहीं देखिदैन । पछिल्लो समय पुस्तकालय दिवसलाई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आयोजना गर्दै आएको छ । मुलुकभर विविध कार्यक्रमहरूको आयोजना गरी भव्य रुपमा मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा तथा मानवस्रोत विकास केन्द्रमार्फत सबै प्रदेश, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइहरूमा साथै संघीय मामिला तथा स्थानीय

विकास मन्त्रालयमार्फत सबै प्रदेश सरकार तथा स्थानीय तहहरूमा रूमटु रिड, रिड नेपाल लगायतका संस्थाबाट आ-आफ्नो सञ्जालमा परिपत्र गरिको भएपनि प्रभावकारी भएको पाइएको छैन । पुस्तकालय दिवसमा तय गरिएका नाराहरू सार्थक बनाउन सरकारी निकायको रवैयामा परिवर्तन जरुरी छ । जिम्मेवार पदमा बसेका पदाधिकारीहरूले पनि पुस्तकालय दिवसका दिन औपचारिकता निर्वाह गरेर मात्र पुग्दैन । नेपालमा पठन संस्कृति र पुस्तकालयको विकास गर्न तीनै तहका सरकारी संरचनाको प्रतिवध्दता अत्यावश्यक देखिन्छ । यसकाममा सरकारी निकायले गैरसरकारी निकायबाट भएका सफल उदाहरणबाट पाठ सिक्नु पर्छ । नेपालमा सामुदायिक पुस्तकालयले समुदायमा पारेको सकारात्मक प्रभाव र सिर्जनशीलताबाट सार्वजनिक पुस्तकालयले धेरै कुरा सिक्न सक्दछन् तर त्यसका लागि सरकारले आवश्यक वातावरण बनाइदिनु पर्दछ । जसका लागि सार्वजनिक पुस्तकालयमा आवश्यक जनशक्ति र भौतिक संरचनाको निर्माण गर्नुपर्दछ । सार्वजनिक/समुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई पुस्तकालय जाने वातावरण बनाउनु पर्दछ। त्यसैगरी ती विद्यालयहरूलाई पायक पर्ने ठाउँमा पुस्तकालय खोल्न अभिप्रेरित गर्नुपर्दछ। पुस्तकालय नियमित रूपमा खोल्ने वातावरण बनाउनु पर्दछ। त्यसका लागि हरेक पुस्तकालयमा कम्तिमा सम्बन्धित विषयमा आधारभूत तालिम प्राप्त कर्मचारीको व्यवस्था हुनुपर्दछ। सरकारले सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना गर्न दिने गरेको अनुदानको रकम वृद्धि गरी कम्तिमा १० लाख बनाउनु पर्दछ भने हरेक विद्यालयमा एकजना पुस्तकालयकर्मीको दरवन्दी सिर्जना गरिनु पर्दछ। अनि मात्र नेपालमा पठन संस्कृतिको विकास हुनुका साथै पुस्तकालयको पनि विकास भएर जानेछ। विद्यालय तहको औपचारिक शिक्षा हासिल गरुन्जेल पुस्तकालयमा जाने फूर्सद नै नहुने, त्यो शिक्षा हासिल गरेपछि विदेशिन हतार हुने, अनि कसरी हुन्छ पुस्तकालयको विकास र पठन संस्कृतिको विकास ? अव त बालबालिकालाई होइन जेष्ठ नागरिकलाई लक्ष्यित गरेर पुस्तकालय सञ्चालन गर्नुपर्ने जस्तो पो देखिन्छ त। अहिलेका फूर्सदिला भनेका त जेष्ठ नागरिक नै त हुन् नि । त्यसैले यस पटकको पुस्तकालय दिवसमा जेष्ठ नागरिकलाई लक्षित कार्यक्रम सञ्चालन गर्ने हो की ?

# पठन संस्कृति प्रबर्द्धनः आजको आवश्यकता

- धन कुमार श्रेष्ठ
महासचिव, नेपाल लाइब्रेरी फाउन्डेसन

प्रयोगबिहिन पुस्तकालयहरूलाई कसरी प्रयोगमुखि बनाउने? पाठक(मन खिच्न नसकेका पुस्तकालयहरूलाई पाठक (आकर्षण कसरी गराउने ? समस्याग्रस्त पुस्तकालयहरूलाई कसरी चलायमान गराउने ? पठन संस्कृति विकास नहुनुको पछाडि के के कारण छन् ? प्रस्तुत लेख यहि विषयमा केन्द्रित छ । पठनसंस्कृति भएन बढाउनु पर्छ भनेर हामी खुब फलाक्छौं, मञ्च पाएमा ठुल्ठूला स्वरमा गर्जिन्छौं तर, पठन (सुरूची कसरी बृध्दि गराउन सकिन्छ भनेर ठोस निकास दिन भने सक्दैनौं । पुस्तकालय चाहियो भन्छौं, नहुञ्जेल पुस्तकालय सहयोग गर्ने संस्था, निकायहरूको दैलो चहाछौं र पाईएपछि केहि समय अन्तराल बन्द गरिराख्छौं । हो, हामी बिच समस्या यहिँनेर छ । यहि कुरालाई सम्बोधन गर्ने जमर्को गरेको छ यो बाह्रौं पुस्तकालय दिवसले । 'पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार' आदर्श वाक्य पनि पठन संस्कृति प्रवर्धन र विकासप्रति नै लक्षित छ । भएका पुस्तकालयहरूमा पठन संस्कारयुक्त वातावरण बनाउदै सो सम्बन्धी जनसचेतना फैलाउँदै नभएका स्थाहरूमा खोल्दै ब्यापक बिस्तार गर्ने थिम बनाईएको छ ।

जे होस पुस्तकालयको विकास र बिस्तार बिना पठनसंस्कृति प्रवर्धन संभव छैन र बिस्तार गर्दैमा पठन संस्कृति ह्वात्तै बढ्छ भन्ने पनि छैन, मलाई यहि लाग्दछ ।

**समस्याको उठान**

कतिपय पहिलै खुलिसकेका, कुनै हालै स्थापित अधिकांस शैक्षिक तथा सामुदायिक पुस्तकालयहरू स्रोत, सोच, र योजना अभावको कारण समस्या ब्यहोर्न बाध्य छन् भने कतिपय न बन्द न खुल्लाको अवस्थाबाट गुज्रिरहेका छन् । पुस्तकालयहरू पठन संस्कृति विकासमा भूमिका बिहिन हुनुको सटिक कारणको खोजीमा लागेको हुँदा आफुले देखे, भोगेका कुराहरू यस लेखमा प्रस्तुत गरिएको छ ।

**क. भौतिक पुस्तकालय**

नेपाल लाईब्रेरी फाउण्डेशनमा काम गर्ने ब्यक्ति भएको नाताले नेपालका धेरै सामुदायिक विद्यालयहरूमा सञ्चालित विद्यालय पुस्तकालयहरू तथा अलवा सामुदायिक पुस्तकालयहरूको स्थलगत अवलोकन गर्ने मौका मिलेको छ । यी पुस्तकालय भित्र छिर्दा कम प्रयोग वा प्रयोगै नभएको अवस्था भेट्ने गरेको छु । गोरखाको एक विद्यालय पुग्दा पुस्तकालय प्रवेश गर्ने ढोका माथि  कृपयाँ अनुमति बिना प्रवेश निषेध  भन्ने बोर्ड झुन्ड्याईएको पाएर दुःखित भएँ । पर्वतको कुनै एक पुस्तकालय छिर्दा छ बर्ष अघि व्यवस्थापन भएको उक्त पुस्तकालयका पुस्तकहरू कसैले नछोए जस्तै चिल्ला गातामा सजिएको देखेर मनै रोयो । बर्दिबासको नजिक रहेको एक विद्यालयमा भने पुस्तकले कोठा नपाएर बोरामा थन्किएको अबस्थामा भेटियो । अधिकांश विद्यालय भित्र सानो वा मझौला पुस्तकालयहरू रहेतापनि ती पुस्तकालयहरू ब्यवस्थित एवं स्वचालित हुन सकेको देखिएन । यति मात्र कहाँ हो र, भवन हेर्दा सानदारको, भित्र छिर्दा कर्नर पुस्तकालय जस्तो भएको ठाउँमा पनि पुगियो । पुस्तकालयको नाउँमा बनेका साना वा ठूला भवनहरू भित्र पुस्तकालय कम चलेको र सर्टरकोठाहरू बढि चलेको अबस्था माथि पनि नजर पर्यो । आम्दानीको स्रोत भरपुर भएपनि सालमा पुस्तकै खरिद नगर्ने पुस्तकालय पनि देखियो, जहाँ ५ वा दश बर्ष अघिकै पुस्तकहरू दराजमा राखिएको भेटियो ।

अधिकांश पुस्तकालयहरूमा तालिम अप्राप्त पुस्तकालय कर्मचारीहरू भएको, नयाँ पुस्तकहरू नराखिएको, व्यवस्थापनको दृष्टिले पनि अव्यवस्थित, बार्षिक योजना नभएको, कतै पुस्तकालय ब्यवस्थापन तथा सञ्चालन

उप-समिति भएको, कतै नभएको, उप-समिति भएका स्थानको हकमा निस्कृय रहेको, सामुदायिक विद्यालय भित्र अबस्थित पुस्तकालयहरूलाई नीयमित सञ्चालनका बारेमा प्रधानाध्यापकको कुनै चासो र सकृयता नदेखिएको, कतिपय सामुदायिक पुस्तकालयहरू शनिबार नखुल्ने लगायतका थुप्रै उदाहरणहरू भेटिएका छन् ।

सामुदायिक विद्यालय नजिक रहेका सामुदायिक पुस्तकालयले सो विद्यालयका शिक्षक, कर्मचारी र बिद्यार्थीहरूलाई खासै प्रभाव पार्न सकेको पाईन्न । कुनै ठाउँको कुरा हो, दश(पन्ध्र मिटरको दुरीमा रेष्टुराँ र पुस्तकालय रहेका छन् बिहान दिउँसो र साझपख यी दुईमा को को धेरै छिर्छन् भनेर आन्तरिक सर्भेपनि गरियो, समाजका ठूलाबडा, शिक्षक, कर्मचारी, राजनीतिककर्मी, ठेकेदारहरू पुस्तकालयतर्फ पिठ्यू फर्काएर रेष्टूराँ छिर्ने गरेको तथ्यपनि फेला पर्यो । कतिपय पुस्तकालयहरूले पुस्तकालयमा पाठक बृद्धि गराउन वाईफाई फ्री सम्मको बिज्ञापन गरेछन् । यो सूचना पाएर युवापीडिहरूको पुस्तकालयमा आकर्षण बढेछ तर पुस्तकालय छिर्ने ती युवाहरूको ध्यान पुस्तकमा भन्दा मोबाईलमा बढ्ता गएको थाहा भएपछि व्यवस्थापकले फ्री वाईफाई बन्द गर्न बाध्य भएछन् ।

**ख. ई-पुस्तकालय**

समयको मागअनुसार जानेर वा नजानेर, बुझेर वा नबुझेर अधिकांसको मुखबाट सुन्ने गरिएको छ ई-पुस्तकालय । जसलाई बिद्युतीय पुस्तकालय पनि भनिन्छ । बर्तमान अबस्थामा भौतिक पुस्तकालयलाई उछिन्दै ई-पुस्तकालयले फड्को नै मारेको छ भन्दा फरक पर्ने छैन् । बिशेषतः सामुदायिक विद्यालयहरूमा यस्ता पुस्तकालयको बढि बिस्तार भएको पाईन्छ । अनुमान गरौं, हार्डकपी पुस्तक पढ्ने लत नहुनेहरू कम्प्युटर, ल्याप्टपमा घन्टौ भुलेर बिद्युतीय सामग्री पढ्न लालयित होलान् ? ई-पुस्तकालय संख्यामा धेरै काम गरिएको भएपनि प्रयोगको अबस्था भने सन्तोषजनक पाईएको छैन् । कसरी चलेको छ भन्ने बारेमा केहि स्थानमा बेलाबखत स्थलगत अवलोकन र अनुगमन पनि गर्ने गरिएको छ । विद्यालयसंग सम्झौता गर्दा सम्झौता पत्रमा विद्यालय पक्षले पालना गर्ने कुरा अन्तरगत 'नियमित खोल्नु पर्ने, कक्षागत समयतालिकामा समाबेस गर्नु पर्ने, पुस्तकालय हेर्ने ईन्चार्ज तोक्नु पर्ने, द्वैमासिकरूपमा गतिबिधि तथा प्रगति बिबरण पेस गर्नु पर्ने' समाबेस गरिएको हुन्छ । यस अनुरूप कमैले मात्र पालना गरेको पाईन्छ । प्रगति विवरण पेस गर्न हिकमत नै गर्दैनन् विद्यालयहरू । म यस्ता धेरै विद्यालयहरूमा पुग्ने गरेको छु । यस संस्थाका संस्थापक नरेश कोईराला पनि नेपाल आगमनको बेला धेरै स्थानमा पुग्नु भएको छ । ई-पुस्तकालय कक्षमा छिर्दा कम्प्युटरहरू छोपेर राखेको, धुलाम्मे भएको अबस्था देखिएको छ । उदयपुरको कुनै सामुदायिक विद्यालयमा ई-पुस्तकालय जडानको क्रममा त्यस क्षेत्रमा पुग्दा ल्याबकोठामा एउटापनि कम्प्युटर देखिनँ, प्रधानाध्यापकलाई ई-पुस्तकालय के मा जोड्ने भनी सवाल राख्दा २०-२५ थान ल्यापटप छन् भन्ने जवाफ आयो । कहाँ छन् भनी जिज्ञासा राख्दा शिक्षकको घरमा भन्ने उत्तर आयो । गत साल नेपाल लाईब्रेरी फाउण्डेशन र मोनाको संयुक्त आयोजनामा म्याग्दी सदरमुकाम स्थित बेनी बजारमा पर्वत, बाग्लुङ्ग र म्याग्दी सम्मिलित ३ जिल्ला स्तरीय 'ई-पुस्तकालय पुनर्ताजगी तालिम' सञ्चालन गरिएको थियो । सो तालिममा प्रयोग र समस्याको बारेमा दिनभर समीक्षा गरिएको थियो । अन्तिम दिन कसरी प्रयोग गर्ने र यस भित्र के के छन् भन्ने सवालमा बिस्तृत अभिमुखिकरण गरिएको थियो । यस परीक्षणबाट ई-पुस्तकालय अधिकांस विद्यालयमा चलाईएकै रहेनछ भन्ने जानकारी भयो । गाउँपालिका, नगरपालिका, प्रदेश सरकार, मोना, गैर आवासीय नेपालीमन लगायतले यस क्षेत्रको विकासकानिम्ति निकै धेरै योगदान गरेका छन् । प्रयोगै नभएको पाउँदा सहयोगी मनहरू निरास हुने अबस्था छ ।

**केहि सफल प्रयासहरू**

खुलेका जति सबै लथालिङ्ग र प्रयोगहिन छन् भन्ने होईन । केहि केहि पुस्तकालयहरूले अन्तर्राष्ट्रिय पुरस्कार जित्न सफल भएको उदाहरण पनि हामी सामु छन् । पठन संस्कृति प्रबर्द्धनका निम्ति केहि पुस्तकालयले गरेका काम प्रसंशनीय छन् ।

नेपाल लाईब्रेरी फाउण्डेशनले गतसाल सामुदायिक पुस्तकालय तर्फ गाईघाटस्थित संगम सामुदायिक पुस्तकालयलाई नमुना निर्माण गर्ने घोषणा गर्यो। सो पुस्तकालयको बार्षिक साधारण सभाले समेत यस कुरालाई आत्मसात गर्यो। नमुना हुने थुप्रै सूचक मध्ये 'आत्मनिर्भर र प्रयोग' लाई बिशेष प्राथमिकता दिईयो। सो पुस्तकालयले ई-साक्षरताका निम्ति कम्प्युटर शिक्षा, ई-अध्ययनका निम्ति ई-पुस्तकालय, ई-भिलेज केन्द्र सञ्चालनमा ल्यायो। भौतिक पुस्तकालयलाई परिमार्जित स्वरूपमा सञ्चालन गर्न थाल्यो। सभा हललाई सामुदायिक बहस केन्द्रको रूपमा सञ्चालन गर्न थाल्यो। पुस्तकालयमा निम्तो अभियान निकै सफल मोडेल हुने संगम पुस्तकालयको। संस्थागत, सामुदायिक विद्यालय, स्थानीय कलेज, शिक्षक, प्राध्यापक, लेखक, पत्रकार, राजनीतिककर्मी, सर्वसाधारण, स्थानीय सरकारका प्रतिनिधिहरूको ध्यान आकर्षित हुन थालेको छ। पुस्तकालयको विकास, पठनसंस्कृतिको प्रवर्धन, सर्वसाधारणको पहुँच आदि बिषयमा बहस हुन थालेको छ। जिल्लाको विकासको योजना पुस्तकालयमा निर्माण गर्न थालिएको छ। नयाँ पुस्तक खरिद योजना बनाई भित्र्याईन थालियो। यि सब कारण यस पुस्तकालयमा दिनानुदिन पाठक आकर्षण बढ्न थालेको छ।

पर्वतको फलेवासमा निकै पुरानो पुस्तकालयको रूपमा मोती सामुदायिक पुस्तकालयले पठन संस्कृति प्रवर्धनका निम्ति गरेको योगदान सम्झन योग्य छन्। नेपाल लाईब्रेरी फाउण्डेशनको प्रयासमा आज भन्दा १० बर्ष अघि Readers Club गठन गरी शुरू भएको सो अभियानले हालसम्म पनि निरन्तरता पाएको छ। हालै प्रकाशित नयाँ पुस्तकहरू सदरमुकाम केन्द्रित धेरै पुस्तकालयहरूमा पुग्न नसकिरहेको अबस्थामा मोती सामुदायिक पुस्तकालयमा पुग्नु चानचुने कुरा होईन।

बाग्लुङ्ग जिल्ला सदरमुकाममा केन्द्रित बिद्यामन्दिर पुस्तकालय साहित्यकार र पत्रकारहरूको निकै ठूलो जमघट हुने स्थल हो। नेपाल लाईब्रेरी फाउण्डेशनले यस पुस्तकालयमा ई-पुस्तकालय सेवा जडान गर्न सहयोग गरेको छ। पठन संस्कृति प्रवर्द्धनमा यो पुस्तकालयले खेलेको भूमिका प्रसंशनीय छ। स्थानीय सरोकारवालाहरूको चासो सकृयता पाएकाले यो पुस्तकालयले हालसम्म जीबन्तता पाएको छ।

भारतको सिमा नजिक रहेको सिमरा गाउँ मलंगवा जिल्लाको पश्चिम तर्फ पर्दछ। आजभन्दा ८ बर्ष अघि अमेरिका बस्ने डा. विजय झाको सोच र निजको बुबा समाजसेवी महानन्द झाको आफ्नै लगानीमा 'शिक्षा दान 'अभियान' अन्तरगत स्थापित सुबुधि महानन्द प्राज्ञिक पुस्तकालय व्यवस्थापनमा नेपाल लाईब्रेरी फाउण्डेनले सहयोग गरेपछि सञ्चालनमा आएको हो। पाठ्यपुस्तक बाहेक अन्य पुस्तकको अनुहारसम्म देख्न नपाएका सिमराबासीका निम्ति यो पुस्तकालय बरदान साबित भएको छ। पुस्तकालय खुल्नुपुर्ब एकजना पनि लोकसेवा उत्तीर्ण हुन नसकेका सिमराबासीहरू यस पुस्तकालयको उदयपछि पुस्तकालयकै सहरा पाएर २ दर्जन भन्दा बढिले शिक्षक सेवा, प्रहरी सेवा, सरकारी सेवामा प्रतिष्पर्धा गरी सफल भएका छन्।

यी र यस्ता थुप्रै प्रयासहरू नभएका होईनन्। यहाँ सबै पुस्तकालयको नाम समाबेस गर्न सकिएन। पाठकको मायाँले सुचारू भएका मध्ये चितवनस्थित रामेश्वर पुस्तकालय पनि पर्दछ। झुवानी पुस्तकालयको नाम त झन् छुटाउनै हुन्न। काठमाण्डौ भित्र पुस्तक किनेर पढ्न नसक्नेहरूका निम्ति खोलिएको 'काठमाण्डौ उपत्यका सार्वनजनिक पुस्तकालय' को योगदान पनि कम छैन।

**पठन संस्कृति विकासः आजको आवश्यकता**

पठन संस्कृति प्रवर्द्धनका निम्ति नवीनतम् प्रयोग र अभ्यासको खाँचो छ। पुस्तकालयमै धाएर पढ्छन् भनेर पाठक कुर्ने चलनमा सुधार गर्नैपर्ने भएको छ। पुस्तकालयध्यक्षलाई तालिम मात्र दिएर हुँदैन, उनीहरूमा किताबी पठन सीप जगाउन सक्नुपर्छ। ज्यादै मिहिनेति, ईमान्दार, पढन्ता ब्यक्ति लाईब्रेरियन भए भने पुस्तकालयले नयाँ गति लिन थाल्ने छ।

**पठन संस्कृति विकासका लागि चालिनु पर्ने कदमहरू**

- घरैमा पुस्तक अभियान
- पुस्तक साथी कार्यक्रम
- पुस्तक चक्र कार्यक्रम
- पुस्तक प्रदर्शनी/मेला
- पठनसंस्कृति सचेतना कार्यक्रम
- पाठक क्लव निर्माण
- प्रतियोगितात्मक हाजिरी जवाफ कार्यक्रम
- वर्ड मिनिङ प्रतियोगिता
- निवन्ध र कथा लेखन प्रतियोगिता
- नयाँ पुस्तक पुस्तकालय भित्र्याउने कार्यक्रम
- सामुदायिक एफ.एम. रेडियोबाट पुस्तकालय कार्यक्रम प्रशारण
- सामाजिक सञ्जालबाट पुस्तक चर्चा नीयमित पोष्ट अभियान
- नीयमित पुस्तकालय जाने र धेरै वटा पुस्तक पढ्नेलाई पुरस्कृत गर्ने योजना
- कम्तिमा १०-५ शनिबारका दिनपनि पुस्तकालय खोल्ने चलन
- पुस्तकालय अध्ययन भ्रमण
- पुस्तकालय निम्तो अभियान

**लेखकको आग्रह** .....

देखाउन र सजाएर राख्नको लागि पुस्तकालय नखोलौं, कसैले चोर्छन् कि भनेर पुस्तक र्‍याकमा ताला चाबी नलगाऔं, पुस्तकालय प्रवेशद्वारमा अनुमति बिना प्रवेश निषेध नलेखौं, पुस्तकालय यहाँहरूकालागि सदैब खुल्ला छ भन्ने सूचना राखौं, पाठक मैत्री र प्रबिधि मैत्री पुस्तकालय विकास गरौं, पुस्तकालयमा राजनीतिकरण बन्द गरौं, सदस्यता खुल्ला राखौं, नयाँ पुस्तक भित्राउने योजना बनाऔं, पाठकको मन जितौं, समुदायको मन जितौं, पुस्तकालय जस्तो पवित्र संस्थाको सर्वोपरी विकासमा हामी सबै एकाकार भै लागौं । जय पुस्तकालय, जय १२ औं, पुस्तकालय दिवस ।

# डिजिटल पुस्तकालयको तालिम: एक संस्मरण

- गोमा बन्जाडे

## विषय प्रवेश

हालसालै छिमेकी मुलुक भारतको गुजरातमा पर्ने गान्धीनगरस्थित सूचना एवं पुस्तकालय नेटवर्क केन्द्र अर्थात Information and Library Network (INFLIBNET) Centre df "Open source सफ्टवेयर प्रयोग गरी डिजिटल पुस्तकालयको श्रृजना र व्यवस्थापन "(Creation and management of digital library using open source software)" विषयक एउटा डिजिटल पुस्तकालयसम्बन्धी एकहप्ते तालिम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट गौरी ढकाल र पंक्तिकार गोमा बन्जाडे सहभागी हुने अवसर प्राप्त भएको थियो । उक्त तालिमको अनुभव एवं स्मरण यस लेखमा प्रस्तुत गर्ने जमर्को गरिएको छ । अनुभवमा व्यक्त गरिएका अभिव्यक्तिहरू स्पष्ट पार्न विद्युतीय पुस्तकालय (DL)/Institutional Repository (IR) बीच भिन्नता तथा तालिममा अभ्यास गरिएको सफ्टवेयर DSpace को पनि संक्षेपमा चर्चा गरिएको छ। यस लेखबाट पुस्तकालय सम्बन्धी शैक्षिक संस्थाहरू तथा प्रशिक्षण केन्द्रहरूले तालिम प्रदान गर्दा अवलम्बन गर्न चाहेमा यस क्षेत्रलाई आवश्यक जनशक्ति सक्षम र सबल हुने आशयले आफ्नो व्यक्तिगत अनुभवलाई अभिव्यक्त गरिएको हो ।

## INFLIBNET Centre

**INFLIBNET Centre** भारतको विश्वविद्यालय अनुदान आयोगको एउटा स्वतन्त्र र स्वशासित अन्तर-विश्वविद्यालय केन्द्रको रूपमा स्थापित संस्था हो । यसको स्थापना सन् १९९६ मा भएको थियो । स्थापनाकालदेखि नै यसले भारतका पुस्तकालयहरूलाई सूचना प्रविधिको प्रयोग गरी आधुनिकीकरण गर्दै आएको छ । यसले मुख्यतया निम्न लिखित डाटाबेसहरू बनाई अद्यावधिक गर्दै आएको छ:

## डाटाबेस कार्य

IndCat Online Union Catalogue सबैजसो भारतीय विश्वविद्यालयहरूमा रहेका पुस्तक, थेसिस एवं जर्नलहरूको एकीकृत सूचीकरण (Union Catalogue), Shodhganga database भारतका विश्वविद्यालयहरूका पी.एच.डी. शोधपत्रहरू Shodhagangotri database पी.एच.डी. प्रस्तावहरू IR@INFLIBNET INFLIBNET Centre को IR Vidwan database वैज्ञानिकहरू, अनुसन्धाता तथा महत्वपूर्ण प्रशिक्षण केन्द्रका विभिन्न सङ्कायका पदाधिकारीहरूको प्रोफाइल यस संस्थाले पुस्तकालयहरूको विकास र प्रवर्द्धन कार्यक्रमका लागि वार्षिक कार्यतालिका नै बनाई पुस्तकालय तथा सूचना विज्ञान सम्बन्धी तालिमहरू पनि सञ्चालन गर्दै आएको छ । (INFLIBNET Centre, 2019)

## तालिमका उद्देश्यहरू

- डिजिटल पुस्तकालय सम्बन्धी सफ्टवेयरहरूसँग परिचित गराउनु,
- संस्थागत भण्डार (Institutional repository) हरूको प्रबर्द्धन गर्नु,
- पुस्तकालय कर्मचारीहरूको सीप अभिवृद्धि गर्नु,
- पुस्तकालय कर्मचारीहरूलाई DSpace आफैले install, configure, backup tyf restore गर्न सक्षम बनाउनु ।

## डिजिटल पुस्तकालय र संस्थागत भण्डारमा भिन्नता

सामान्यतया: प्रारम्भमै डिजिटल रूपमा उत्पादित वा पछि डिजिटाइजेशन गरिएका सामग्रीहरूलाई पुस्तकालय सम्बन्धी सफ्टवेयरहरूको प्रयोग गरी आवश्यकतानुसार सहज र सरल तरिकाले पाठकले खोज्न र पढ्न सक्ने गरी राखिएको व्यवस्थित एवं सुरक्षित सङ्कलनलाई डिजिटल पुस्तकालयको रूपमा लिइन्छ। डिजिटल पुस्तकालयमा इन्टरनेट समेत जडान गरियो भने त्यसलाई अनलाईन पुस्तकालय भनिन्छ ।

कुनै पनि संस्थाबाट प्रकाशित तथा उक्तसँग सम्वन्धित सामग्री तथा अभिलेखहरू सुरक्षित तवरले राखिने स्थानलाई संस्थागत भण्डार भनिन्छ। हाल धेरै संस्थागत भण्डारहरू अनलाईनबाट प्राप्त गर्न सकिने (Online Access) बनाइएको हुन्छ। त्यसैले डिजिटल पुस्तकालय र संस्थागत भण्डार उस्तै लागे तापनि यी दुईबीच केही भिन्नता छन्। डिजिटल पुस्तकालय संस्थागत भण्डार हो तर संस्थागत भण्डार पुस्तकालय नहुन पनि सक्छ। संस्थागत भण्डारको सङ्कलन सम्वन्धित संस्थासँग सम्वन्धित हुने भएकोले प्रायः संस्थासँग सरोकार राख्ने विद्वानहरूको ऐच्छिक योगदान (Voluntary Contribution) मा भर पर्दछ भने विद्युतीय पुस्तकालयको सङ्कलन पुस्तकालयको सङ्कलन बढाउने नीति अनुसार संस्था भन्दा बाहिरका सामग्रीहरू पनि सङ्कलन गरिने हुँदा यो बृहत प्रकृतिको हुन्छ। विद्युतीय पुस्तकालयमा भएका सामग्रीहरू के-के छन् भनी हेर्न तथा Full-text डाउनलोड गर्न सबैलाई Access दिइन्छ र पुस्तकालयका सबै सेवाहरू उपलब्ध गराइन्छ भने संस्थागत भण्डारमा पाठकलाई सिमित सेवाहरू प्रदान गरिन्छ। (Maril, 2016)

विद्युतीय पुस्तकालय तथा संस्थागत भण्डार बनाउनका लागि विभिन्न किसिमका सफ्टवेयरहरू पाँइन्छन्। उदाहरणको रूपमा Greenstone, DSpace, ResourceSpace, EPrints, Fedora आदिलाई लिन सकिन्छ। यी विभिन्न सफ्टवेयर मध्ये INFLIBNET Centre बाट प्राप्त एक हप्ते तालिम DSpace सफ्टवेयरमा केन्द्रित थियो।

## DSpace

DSpace एउटा यउभल source software हो। यो सफ्टवेयर सबै खाले (text, audio-visual, picture आदि) डिजिटल सामग्रीहरू लामो समयसम्म भण्डारण र संरक्षण गरी सबैको पहुँच (Open access) हुने गरी व्यवस्थित गर्न उपयोगी हुन्छ। यस सफ्टवेयरको निर्माण तथा विकास गर्ने संस्था DuraSpace हो जुन संस्थामा Lyrasis भन्ने संस्था पनि मिसिएको छ। यसको प्रथम प्रकाशन सन् २००२ को November मा भएको थियो। यो सफ्टवेयर JavaScript programming language मा लेखिएको छ। यसको सबैभन्दा पछिल्लो व ा अद्यावधिक संस्करण DSpace 7.0 हो। (Duraspace, 2019)

## तालिमको ढाँचा तथा व्यवस्थापन

प्रत्येक दिनको पूर्वार्द्धमा दुई घण्टाको एउटा कक्षा सैद्धान्तिक (Theoretical) हुन्थ्यो। उक्त कक्षा पछि हुने प्रयोगात्मक कक्षा (Practical Class) सँग सम्वन्धीत हुने गर्दथ्यो। प्रयोगात्मक कक्षाका लागि कम्प्युटर ल्यावको राम्रो प्रबन्ध थियो। वातानुकूलन र कम्प्युटरको लागि २४ सै घण्टा विद्युत सेवा तथा इन्टरनेटको राम्रो प्रबन्ध गरिएकोले कुनै पल पनि बत्ती र इन्टरनेटको कारणले रोकिनु परेन। हरेक प्रयोगात्मक कक्षामा एकजना प्रशिक्षक (Instructor) र दुई जना सहजर्कता (Facilitator) हरूको व्यवस्था गरिएको थियो। सहभागीहरूलाई कुनै जिज्ञाशा तथा समस्या भएमा सहज रूपमा अभिव्यक्त गर्ने प्रोत्साहन गरिन्थ्यो, जति नै पटक सोध्दा पनि झर्को नमानी जिज्ञासा मेटाउन तथा समस्या समाधान गर्न प्रशिक्षकहरू तयार हुनुहुन्थ्यो। जति बढी जिज्ञासा राख्यो उति बढी खुशी भई प्रस्तुत हुने प्रशिक्षकहरूको शैली अत्यन्त अनुकरणीय थियो।

तालिमको कार्यतालिका अनलाईन रजिष्ट्रेशन पछि तत्कालै प्राप्त भएको थियो र सोही कार्यतालिका बमोजिम नै तालिम सञ्चालन भएको थियो। तालिम सम्बन्धी सैद्धान्तिक प्रस्तुतीकरणहरू सैद्धान्तिक कक्षा सकिंदा बित्तिकै तालिमको अनलाईन पोर्टलमा राखिन्थ्यो भने प्रयोगात्मक कक्षाका लागि आवश्यक सामग्रीहरू तथा सफ्टवेयरहरू कहाँ र कसरी खोज्ने निर्देशन प्रदान गर्नुका साथै आवश्यक सामग्री तथा सफ्टवेयरहरू कक्षा शुरू हुनु अगावै उक्त तालिमको पोर्टलमा राखिन्थ्यो।

## तालिमका विषयवस्तु

तालिमका मुख्य विषयवस्तु open source software, DSpace को प्रयोग गरी संस्थागत भण्डार एवं विद्युतीय पुस्तकालय बनाउनु थियो भने अन्य विषयवस्तुहरू विद्युतीय पुस्तकालय कै सेरोफेरोमा केन्द्रित थिए।

सैद्धान्तिक कक्षाका विषयवस्तुहरूमा Open source software तथा proprietary software मा भिन्नता, संस्थागत भण्डार यसका फाइदाहरू एवं चुनौतिहरू संस्थागत भण्डार बनाउँदा बौद्धिक सम्पत्तिको अधिकार तथा प्रतिलिपी अधिकारका सबालहरू, डिजिटाइजेशन र डिजिटल संरक्षण एवं चुनौतिका सबालहरू, संस्थागत भण्डार अथवा विद्युतीय पुस्तकालयको निर्माणमा म्कउबअभ सफ्टवेयरको उपयोग आदि थिए ।

विद्युतीय पुस्तकालय बनाउने प्रयोगात्मक कक्षा (Practical class) DSpace सफ्टवेयरमा केन्द्रित रहयो । यो सफ्टवेयर Linux Operating System मा आधारित भएकोले Linux का विभिन्न Version मध्ये CentOS-7 मा DSpace जडान (Install) गरियो । यसमा आधार भूत Customization गर्ने तथा Communities र Collection हरू बनाई डिजिटल सामग्रीहरू अपलोड गर्ने, Metadata हरू Import तथा Export गर्ने अभ्यास (Practice) गरियो । तालिमको अन्तमा Project work को रूपमा प्रत्येक सहभागीलाई आ-आफ्नो Institutional Repository को ढाँचा तयार गरी प्रस्तुत गर्न लगाइयो जसले गर्दा तालिम लिएर फर्किसकेपछि आ-आफ्नो कार्यालय, कलेज तथा विश्वविद्यालयको Institutional Repository बनाउन सकिन्छ भन्ने कुरामा ढुक्क हुन सकियो ।

## पुस्तकालय तथा सूचना केन्द्रहरूको विकास र बिस्तारका लागि केही सुझावहरू

नेपालमा पुस्तकालय तथा सूचना केन्द्रहरूको विकास र बिस्तारका लागि विभिन्न सरोकारवालाहरूले आ-आफ्नो काम, कर्तव्य र दायित्व पूरा गर्न हमेसा लागि पर्नुपर्दछ । पुस्तकालय क्षेत्रको आधुनिकीकरणका लागि विभिन्न सरोकारवाला संस्था एवं व्यक्तिहरूले निभाउनु पर्ने भूमिकाहरू यस प्रकार छन्:

### पुस्तकालय तथा सूचना विज्ञानको प्रशिक्षण दिने संस्थाहरू

- पाठ्यक्रममा समयसापेक्ष सुधार गर्नुपर्दछ ।
- पुस्तकालयका आधुनिक कार्यमा जोड दिई पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ ।
- पुस्तकालय एवं सूचना प्रविधिमा दक्ष प्रशिक्षकको व्यवस्था गर्नुपर्दछ ।
- प्रशिक्षक - प्रशिक्षक, प्रशिक्षक - प्रशिक्षार्थी एवं प्रशिक्षार्थी - प्रशिक्षार्थी बीचको सम्बन्ध सुमधुर हुनुपर्दछ ।

### लोकसेवा आयोग

- पुस्तकालय कर्मचारीको नीयुक्तिका लागि लिइने लोकसेवा परीक्षाको पाठ्यक्रमको ५०५ भागमा पुस्तकालय सूचना प्रविधि, स्वचालीकरण, डिजिटल पुस्तकालय आदि समावेश गर्नुपर्दछ ।
- लोकसेवाबाट लिइने परीक्षामा पुस्तकालय विज्ञानको एउटा पत्र पुस्तकालयको प्राविधिक पक्ष तथा पुस्तकालय स्वचालीकरण (Library Automation) सम्बन्धी प्रयोगात्मक सीप परीक्षण (Practical Skill Test) राख्नुपर्दछ ।

### नेपाल सरकार तथा विश्वविद्यालय अनुदान आयोग

- नेपालमा पनि विश्वविद्यालय अनुदान आयोग अन्तर्गत एउटा स्वशासित पुस्तकालय तथा सूचना नेटवर्क केन्द्रको स्थापना गर्नुपर्दछ ।
- उक्त नेटवर्क मार्फत नेपालका विश्वविद्यालयहरूको Union Catalogue का साथै अनुसन्धानमूलक कार्यहरूको व्यवस्थापनका लागि विश्वविद्यालयहरू अन्तर्गत पूरा भएका M. Phil/Ph. D का शोधपत्रहरू सबैको पहुँच (Open Access) हुने गरी विद्युतीय पुस्तकालयको स्थापना गर्नुपर्दछ ।
- विश्वविद्यालय वा संस्थाका आधिकारिक पदाधिकारीहरू
- कार्यसम्पादनको आधारमा पुस्तकालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनुपर्दछ ।
- सम्वन्धीत संस्थाका पदाधिकारीहरूले डिजिटल पुस्तकालयमा के के र कस्ता कस्ता सामग्री राख्ने उपयुक्त सुझाव र सल्लाह दिनुपर्दछ ।
- "भ्रमणखर्च नीयमावली २०६४, अनुसूची ५" को व्यवस्थामा संशोधन गरिनुपर्दछ किनकि यो प्रावधानले प्रशिक्षार्थी वा कर्मचारीहरूलाई तालिमको

गुणस्तर भन्दा भौगोलिक ठाउँको भत्ता हेरेर वैदेशिक तालिममा जाने प्रवृत्तिलाई प्रोत्साहन गर्दछ । (नेपाल सरकार, २०६४)

**पुस्तकालय कर्मचारीहरू**

- पुस्तकालय कर्मचारी पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रको ज्ञानमा अद्यावधिक हुनुपर्छ ।
- Windows तथा Linux Operating System को पनि राम्रो ज्ञान हाँसिल गर्नुपर्दछ ।
- पुस्तकालय एवं डिजिटल पुस्तकालयको तालिम, गोष्ठी, सेमिनार आदि कार्यक्रमहरूमा सहभागी हुनुपर्दछ ।
- जुनसुकै माध्यमबाट पनि पाठकहरूलाई आवश्यक सामग्री वा सूचना यथाशिघ्र उपलब्ध गराउन तल्लीन रहनुपर्दछ ।
- पुस्तकालयको विकास र बिस्तारको लागि सम्वन्धीत संस्थाका पदाधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही सञ्चार र समन्वय गर्नुपर्दछ ।
- वार्षिक कार्ययोजना सहित वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुपर्दछ ।

**निष्कर्ष**

उपर्युक्त तालिमबाट डिजिटल पुस्तकालयको बारेमा सैद्धान्तिक एवं व्यवहारिक ज्ञान प्राप्त भएकोले सो तालिम अत्यन्त उत्साहजनक एवं प्रभावकारी रहयो । पुस्तकालय सफ्टवेयरमा आधारित भएकोले उक्त तालिम सूचना प्रविधिको ज्ञान भएका पुस्तकालय पेशाकर्मीहरूको लागि अझ बढी बोधगम्य थियो । Online information system व्यवस्थापनका लागि यो तालिम अत्यन्त लाभदायी थियो । कार्यालय वा संस्थाको कार्य वातावरण उपयुक्त भएमा यस तालिमबाट प्राप्त ज्ञान तथा सीपको प्रयोग गरी तुरून्त डिजिटल पुस्तकालयको शुरूवात गर्न सकिन्छ । यस प्रकारको तालिममा सहभागी हुनका लागि कम्युटरको राम्रो ज्ञान, अझै भन्नु पर्दा Linux Operating System को ज्ञान भएमा सहज हुने रहेछ । त्यसैगरी पुस्तकालय कर्मचारी र ICT कर्मचारी बीच सुमधुर र परस्पर सहयोगी सम्बन्ध हुनुपर्ने कुराको उदाहरणको रूपमा तालिम प्रदायक संस्था INFLIBNET Center लाई लिन सकिन्छ ।

अन्त्यमा, सूचना प्रविधि विना कुनैपनि क्षेत्रको विकास र बिस्तार सम्भव छैन । त्यसैले पुस्तकालय क्षेत्रको विकास, बिस्तार र लोकप्रियताको लागि सूचना प्रविधिको महत्वलाई आत्मसात् गर्दै सबै सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट उल्लिखित सुझावहरूलाई मन, वचन र कर्मद्वारा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

Duraspace. (2019). DSpace: Duraspace. Retrieved from Duraspace: https://duraspace.org/dspace

INFLIBNET Centre. (2019). Major Activities. Retrieved August 1, 2019, from INFLIBNET Centre: https://www.inflibnet.ac.in/

Maril, M. (2016, October 21). Family Tree. Retrieved July 2019, from The Difference Between a Library, a Repository and an Archive: https://www.familytreemagazine.com/premium/library-repository-archives/

नेपाल सरकार. (२०६४). भ्रमणखर्च नीयमावली, २०६४. काठमाडौं ।

# पुस्तकालय तथा सूचना सेवा मञ्चः एक परिचय

– गीता थापा, पूर्व अध्यक्ष,
नेपाल पुस्तकालय संघ
जुजुभाई डंगोल, संस्थापक सदस्य,
काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज

**१. कार्यक्रमको शुरुवात**

हाल नेपालमा पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा ५०० भन्दा बढी व्यावसायिक (अर्थात् यस क्षेत्रमा स्नातक तथा स्नात्तकोत्तर तह उत्तिर्ण गरेका) पुस्तकालयसेवीहरू नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभाग, विश्वविद्यालय अन्तर्गका क्याम्पसका पुस्तकालय, सुंयक्त राष्ट्र संघ मातहतका कार्यालयहरूका डकुमेन्टेशन सेन्टरहरू, अनुसन्धान केन्द्रहरू अन्तर्गतका स्रोत केन्द्रहरू, विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरू मातहतका अध्ययन केन्द्रहरूमा कार्यरत रहेका छन् । पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा छोटो अवधिका तालिम प्राप्त अर्ध व्यावसायिक पुस्तकालय सेवीहरूको अनुमानित संख्या दुई हजार भन्दा माथि रहेका छन् ।

मुलुकमा नीयमित रूपमा भैरहने गोष्ठी, सेमिनार, छलफल कार्यक्रममा पुस्तकालय तथा सूचना सेवीहरूको सहभागिता हुने भएता पनि पुस्तकाल तथा सूचना क्षेत्रलाई लक्ष्यित गरी सञ्चालन गर्ने मञ्च नभएको तथ्यलाई नजर गरी काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयले निम्न विषयबस्तुलाई समेतेर मासिक रूपमा पुस्तकालय तथा सूचना सेवा मञ्च (LIS Forum) को सञ्चालन गर्ने निधो गरेको थियोः

- पुस्तकालय तथा सूचना सेवा सम्वन्धी प्रकाशित पुस्तक तथा लेख रचना सम्वन्धमा छलफल गर्ने,
- पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा कार्यरत पुस्तकालय सेवीहरूको अनुभव आदानप्रदान गर्ने,
- पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा भएका नौलो प्रविधिहरू (New Technology) बारे जानकारी गराउने, तथा
- विश्वमा भएका पुस्तकालय तथा सूचना सेवा सम्वन्धी गतिविधिहरू वारे जानकारी गराउने ।

**२. कार्यक्रमको बिबरण**

- पहिलो श्रृङ्खलाः श्री मुरारी विनोद पोखरेल (जेठ १५, २०७५)
- दोस्रो श्रृङ्खलाः श्रीमती गिता थापा (अषाढ १५, २०७५)
- तेस्रो श्रृङ्खलाः श्री इन्द्रप्रसाद अधिकारी (श्रावण १५, २०७५)
- चौथो श्रृङखलाः श्री यादवचन्द्र निरौला (भाद्र १५, २०७५)
- पाँचौ श्रृङखलाः चौरासियौ मलेसियामा भएको इफ्ला कंग्रेसमा नेपाली सहभागि द्वारा अन्तरक्रिया आदानप्रदान (अश्विन १५, २०७५)
- छैठौं श्रृङ्खलाः श्री इन्द्र प्रसाद अधिकारी (कार्तिक ३०,२०७५)
- सातौं श्रृङ्खलाः श्री यादवचन्द्र निरौला (मंसिर १५, २०७५)
- आठौं श्रृङ्खलाः श्री महेशचन्द्र शर्मा, नेपाल भारत पुस्तकालय (फागुन १०, २०७५)
- नवौं श्रृङ्खलाः भिक्षु कृष्णमान लामा, त्रिवि केन्द्रीय पुस्तकालय (चैत्र ८, २०७५)
- दशौं श्रृङ्खलाः सुश्री युई साकिटो, जापान (चैत्र १९, २०७५)
- एघारौं श्रृङ्खलाः श्री जुजुभाई डंगोल (वैशाख १६, २०७६)

## ३. कार्यक्रमको विस्तृत बिबरण

### ३.१ पहिलो श्रृङ्खलाः श्री मुरारी विनोद पोखरेल (जेठ १५, २०७५)

नेपाल पुस्तकालय संघका संस्थापक अध्यक्ष मुरारी विनोद पोखरेलले आफ्ना पाँच दशकको पुस्तकालय क्षेत्र, शैक्षिक प्रशासन, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा काम गरेका अनुभव र आफूले सिकेका कुरा बारे चर्चा गर्नु भएको थियो ।

कार्यक्रममा तीर्थराज वन्त (काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज), भोला श्रेष्ठ (रिड नेपाल), इन्दिरा दली (सामुदायिक वाल पुस्तकालय, सानेपा), गीता थापा (नेपाल पुस्तकालय संघ), इन्द्र प्रसाद अधिकारी (त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुर), रेणुका गुरागाई (मार्टिन चौतारी पुस्तकालय), यादवचन्द्र निरौला (शिक्षा मन्त्रालय, पुस्तकालय समन्वय शाखा), विजय शर्मा (त्रिचन्द्र क्याम्पस पुस्तकालय), चन्द्रकिरण श्रेष्ठ (प्राथमिक स्वास्थ सेवा स्रोत केन्द्र), सागरराज सुवेदी (इन्जिनीयरिंग क्याम्पस, पुलचोक), जानकी कर्माचार्य (पूर्व प्रमुख, केशर पुस्तकालय), प्रेमराज अधिकारी (नेपाल राष्ट्रिय पुस्तकालय), नीला मल्ल, अमुल्य नारायण कण्ठ, यादव गौतम, विकेन्द्र थापा, रविनदास श्रेष्ठ, छत्रवहादुर थापा, रितेश नेवा, शोभा भण्डारी, गोविन्दराज दाहाल, एम.पि. आचार्य, अरिना लामा, अन्जु श्रेष्ठ, युवराज विष्ट, सरोज गैरे लगायतका पुस्तकालय तथा सूचना सेवीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको शुरुवातमा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजका महासचिव मोहनकुमार इङनामले प्रस्तुतकर्ता मुरारी विनोद पोखरेललाई खादा ओढाई स्वागत गर्नु हुँदै कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो ।

**श्री मुरारीविनोद पोखरेलको प्रस्तुतीबाट प्राप्त केही मनन योग्य कुराहरूः**

- अनुसाशित जीवन तथा आफ्नो स्वास्थ्य प्रतिको ख्याल ।
- कलैया र वीरगञ्जमा काम गर्दा तराईको रहन सहन भाषा, भेषभुषा तथा कार्य पद्धति सिकेको ।
- भारतका तत्कालीन प्रधानमन्त्री इन्दीरा गान्धी तथा राष्ट्रपति भी.भी.गिरी संगको भेटमा विशिष्ट व्यक्ति प्रति देखाउनु पर्ने सिष्टता २०२६ सालमा सिकेको ।
- काम प्रतिको सम्मान तथा समयको ख्याल गर्न सिकेको ।
- मिहेनत र परिश्रममा विश्वास ।
- मानवीय सम्बेदनशिलता प्रति सजग हुनु पर्ने ।

### ३.२ दोस्रो श्रृङ्खलाः श्रीमती गिता थापा (अषाढ १५, २०७५)

नेपाल पुस्तकालय संघका अध्यक्ष श्रीमती गिता थापाले अन्तर्राष्ट्रिय पुस्तकालय महासंघ "International Federation Library Associations and Institutions (IFLA)" को Global vision को बारेमा जानकारी दिनु भएको थियो । IFLA को GLobal Vision को सम्बन्धमा एसिया ओसिनियाको पहिलो गोष्ठी सिंगापुरमा 28-29 June, 2017 मितिमा National Library of Singapore मा सञ्चालन भएको थियो भन्ने दोस्रो गोष्ठी भियतनामको हनोइमा 23-25 May 2018 मितीमा National Library of Vietnam, Hanoi मा सम्पन भएको थियो । जसको उद्देश्य "Our vision our future" रहेको थियो । सोहि उद्देश्यलाई नेपालमा पुर्ति गर्नको लागि र सूचना प्रवाह सवैलाई गर्नको लागि यो पुस्तकालय तथा सूचना सेवा मञ्चमा मौका पाएकोमा काठमाण्डौं उपत्यका सार्वजनिक पुस्तकालय (KVPL) प्रति आभार प्रकट गर्नु भएको थियो ।

मञ्चमा सहभागी पुस्तकालय सेवीहरूलाई चार समूहमा विभाजन गरी छलफल कार्यक्रमलाई अगाडि बढाउनु भएको थियो । IFLA को सिंगापुरमा सम्पन्न भएको (Together we create the Future!) GLobalVision बाट निर्ष्कषमा आएका १० अवसरहरूलाई बुँदागत रूपमा छलफल गरी नेपालको सन्दर्भमा तथा एसिया, ओसियानामा उपयुक्त हुने बुँदाहरू निकाल्न प्रयास गरेका थिए ।

सहभागीहरू बीच छलफलबाट नेपालको लागि उपयुक्त ठानिएका तीनओटा अवसरहरू:

1. We must update our traditional roles in the digital age.
2. We need to maximize access the world's documentary heritage.
3. We must give young professional effective opportunities to learn develop and lead.

त्यस्तै ओसियानिक क्षेत्रका निमित्त निष्कर्षमा आएका ५ वटा अवसरहरू:

1. We must be the champions of intellectual freedom.
2. We must update our traditional roles in the digital age.
3. We must keep up with ongoing technologicalchanges.
4. We need to challenge current structures and behaviors.
5. We need to maximize access to the world's documentary heritage

३.३ **तेस्रो श्रृङ्खला: श्री इन्द्रप्रसाद अधिकारी**, पुस्तकालय प्रमुख त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (सावण १५, २०७५)

पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवम् सञ्चालन पुस्तक सम्बन्धमा श्री इन्द्रप्रसाद अधिकारीले आफ्नो लेखकीय अनुभव र सिकाइबारे जानकारी दिनु भएको थियो । उहाँले आफ्नो अनुभवको आदान प्रदान भागवत गीताको श्लोक "यत्तदग्रे विषमिय परिणामे अमृतोसमम् । तत्सुखम सात्विकम् प्रोक्तमात्मवुद्धि प्रसादजम" बाट प्रभावित भएर उँहाले पुस्तक लेख्ने यात्रा शुरु गर्नु भएको वताउनु भएको थियो। स्कुलदेखि नै उहाँले आफ्नो सानो कापिमा उखान टुक्का, गाँउखाने कथा, कवितादेखि पुस्तक लेख्ने यात्रा शुरु गर्नुभएको थियो ।

हालसम्म प्रकाशित उँहाका लेखनहरूमा

१. पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवम् सञ्चालन पुस्तक (प्रथमदेखि तेस्रो संस्करण)
२. गोरखा पत्र दैनिकीमा सम्पादकलाई चिठ्ठी
३. Current awareness bulletin (थापाथली क्याम्पसबाट प्रकाशित)
४. Annual Report
५. बाल साहित्य पुस्तक तितामिठा कुरा २०६४
६. Glossari and Information Science

त्रिवि केन्द्रीय पुस्तकालयको पुस्तकालय प्रमुख पदमा कार्यरत श्री अधिकारीले आफ्नो अनुभव आदान प्रदान गर्ने क्रममा महत्वपूर्ण समय, शक्ति, सम्भाव्य मित्रहरू, राम्रा मित्रहरू, सन्दर्भ पुस्तक किन्नमा खर्च भएको मुल्य गुमाएको कुरा गर्नु हुदै श्रृजनात्क कृतिहरू, आत्मसन्तुष्टि, लेखक हुनुको नामको उपलब्धी हाँसिल गर्न सफल हुनु भएको वताउनु भयो ।

३.४. **चौथो श्रृङखला: श्री यादवचन्द्र निरौला** उपसचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय पुस्तकालय समन्वय तथा अभिलेख शाखा, सिंहदरबार (भाद्र १५, २०७५)

पारिवारिक पृष्ठभूमिबाट आफ्नो अनुभव वताउनु हदै श्री यादवचन्द्र निरौलाले सानै उमेरदेखि लय हालेर पढ्ने, सरस्वती वन्दना कण्ठ पार्ने र ध्यानमग्न भएर सुन्ने गर्ने कुरा वताउनु भयो । कक्षा ६ मा पढ्दा छात्रवृत्ति स्वरूप प्राप्त गरेकत्त ३१० रूपैया आमालाई दिंदा उँहाको अनुहारमा देखिएको खुशी र सन्तुष्टिले पढ्ने प्रेरणा प्राप्त भएको कुरा श्री निरौलाले वताउनु भयो ।

विसं. २०४८ सालमा अस्थायी प्राथमिक शिक्षकबाट सरकारी सेवा शुरु गरेको, स्थानीय राजनीतिका कारण स्थायी हुन नसकेपछि काठमाडौं आएर स्नातक गरेपछि पुन:२०५४ सालमा निजामती सेवामा प्रवेश गरेको कुरा वताउनु भएको थियो । निजामती सेवा छोडेर वि.सं. २०५५ त्रिवि सेवामा प्रवेश गरेपनि पुन: २०५६ असोज २४ गते निजामती सेवा अन्तर्गत पुस्तकालय अधिकृत पदमा शैक्षिक जनशक्ति विकास केन्द्रमा नीयुक्त हुनु भै २०६६ भाद्रमा उच्च अध्यनको लागि फेलोसिपमा नयाँ दिल्लिमा २ वर्षको लागि जानु भएको थियो र नयाँ दिल्लिमा रहदा एम.एल.आइ.एस र भारतको युजिसिले लिने नेटमा सहभागी भएर सफलता पनि हासिल गर्नु भएको वताउनु भयो ।

नेपाल राष्ट्रिय पुस्तकालयको प्रमुखको कार्यभार बहन गरी सक्नु भएका श्री निरौला हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत पुस्तकालय समन्वय तथा अभिलेख शाखाको प्रमुखको रूपमा कार्यरत हुनुहुन्छ ।

**३.५ पाँचौ श्रृङ्खलाः चौरासियौ मलेसियामा भएको इफ्ला कंग्रेसमा नेपाली सहभागीहरूद्वारा अनुभवको आदान प्रदान**

२०१८ अगष्ट २४ देखि ३० तारिखसम्म क्वालालम्पुर, मलेसियामा सञ्चालन भएको अन्तर्राष्टिय पुस्तकालय महासंघको महासभामा भाग लिने नेपालीहरूमा श्रीमती गीता थापा, पूर्व अध्यक्ष नेपाल पुस्तकालय संघ, श्रीमती बिणा बैद्य, पुर्व सहलाईब्रेरियन त्रि.वि. केन्द्रीय पुस्तकालय, श्रीमती. नीला मल्ल, लाईब्रेरियन, नेपाल मेडिकल कलेज, श्रीमती रेश्मा डंगोल लाईब्रेरियन, सार्क सचिवालय पुस्तकालय तथा पुस्तकालय आवाजका प्रकाशक तथा सम्पादक श्री रमेश भुसाल र कार्यकारी सम्पादक श्री प्रविनबाबु ढकाल हुनुहुन्थ्यो ।

यस वर्षको इफ्ला कंग्रेसको नारा "Transform Libraries, Transform society" रहेको थियो । उक्त सहभागीहरूका अनुभबहरू "पुस्तकालय आबाज" बर्ष ११ अङ्क ४ कार्तिक २०७५ को अंकमा प्रकाशित गरिएको छ ।

**३.६ छैठौं श्रृखला - श्री इन्द्रप्रसाद अधिकारी**, प्रमुख, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (३० कार्तिक २०७५)

श्री इन्द्रप्रसाद अधिकारीले सन् २०१८ मा कोलम्बो, श्रीलंकामा भएको सूचनामा विश्वब्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय कार्याशालाको अनुभव प्रस्तुत गर्नु भएको थियो । उहाँको विषय "शिक्षाका खुला स्रोतहरूः नेपाल सर्न्दभ" रहेको थियो । नेपालको संक्षिप्त चिनारीबाट शुरु गर्नु भएर उहाँले नेपालको क्षेत्रफल, जनसंख्या, भाषा, धर्म, शैक्षिक तथा उच्चशिक्षा प्रणाली सम्बन्धी जानकारी दिएको वताउनु भयो । सो अवसरमा उहाँले त्रि.वि. केन्द्रीय पुस्तकालयको सेवा सुविधाबारे पनि जानकारी दिनु भएको र नेपालमा हाल सामाजिक सञ्जालको प्रयोग बारेको तथ्याङ्क पनि प्रस्तुत गरेको जानकारी दिनु भयो ।

श्री अधिकारीले आफ्नो कार्यपत्रमा डिजिटल डिभाइड तथा विश्वव्यापी सूचनामा पहुँचको व्यवधानहरू बारे विस्तृत रूपमा चर्चा गरेको वताउदै एशियाली मुलुकहरू सूचना प्रविधिको क्षेत्रमा क्रान्तिकारी परिर्वतनको मोडमा रहेका छन् भन्नुभयो । त्यस्तै उहाँले नेपालमा भैरहेका प्रयासहरूबारे पनि जानकारी दिएको वताउनु भयो ।

**३.७ सातौं श्रृङखलाः श्री यादवचन्द्र निरौला** उपसचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय पुस्तकालय समन्वय तथा अभिलेख शाखा (मंसिर १५, २०७५)

यस श्रृङ्खलामा श्री यादवचन्द्र निरौलाले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ को मस्यौदामा पुस्तकालय सम्वन्धी भएको व्यवस्थाबारे छलफल गर्नु भएको थियो । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनमा पुस्तकालयको सन्दर्भको दस्तावेज पुस्तकालय आवाज फागुन २०७५ (वर्ष ११, अंक ८) मा प्रकाशित भएको छ ।

**३.८ आठौं श्रृङ्खलाः श्री महेशचन्द्र शर्मा**, नेपाल भारत पुस्तकालय (फागुन १०, २०७५)

यस श्रृङ्खलाका प्रस्तोताको रूपमा नेपाल भारत पुस्तकालयका प्रमुख श्री महेशचन्द्र शर्मा हुनुहन्थ्यो । आफ्नो अनुभव आदानप्रदान गर्ने क्रममा उहाँले नेपाल भारत पुस्तकालयद्वारा प्रदान गरी आएका सेवाहरूको विस्तृत रूपमा जानकारी दिनु हुदैं नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूका लागि पुस्तक उपलब्ध गराउदैं आएको कुरा वताउनु भयो ।

पुस्तकालय पेशा एक मर्यादित पेशा भएको वताउन हुदैं श्री शर्माले आफ्नो काममा लगनशील भै लाग्दा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पुरस्कृत हुने कुरा वताउनु भयो ।

**३.९ नवौं श्रृङ्खलाः भिक्षु कृष्णमान लामा**, पूर्व अमेरिकन लाईब्रेरीका पूर्व प्रमुख (चैत्र ८, २०७५)

कृष्णमान लामाले यस श्रृङ्खलामा पुस्तकालय सेवा र लामावादबारे आफ्नो अनुभव प्रस्तुत गर्नु भएको थियो । त्रिवि केन्द्रीय पुस्तकालय सभाहलमा भएको सो कार्यक्रममा सहभागीहरूको ठूलो संख्यामा उपस्थिति थियो ।

**३.१० दशौं श्रृङ्खलाः सुश्री युई साकिटो, जापान (चैत्र १९, २०७५)**

इनोभेशन हव, टेकुको हलमा भएको दशौं श्रृङ्खलामा नेपाल भ्रमणमा आउनु भएका जापानी टोलीका प्रमुख सुश्री युई साकिटोले THINK BIG ! शिर्षकमा आफ्नो अनुभव सुनाउनु भएको थियो । ज्ञानको व्यवस्थापनमा पुस्तकालय सेवीहरूको ठूलो भूमिका रहेको र धेरै चुनौती पनि सामना गर्नु परेको कुरा वताउनु हुदै सुश्री युई साकिटोले विश्वमा प्रत्येक सेकेण्डमा नयाँनयँ सूचना तथा ज्ञानको विस्फोट भै रहेको सन्दर्भमा पुस्तकालय सेवीहरूको अगाडि ती सूचनाहरूमा पहुँच पुऱ्याउन र ती सूचनाहरू मध्ये आप्ना पाठकहरूलाई उपयुक्त हुने सूचनाहरू छनौट गर्न निकै मुस्किलको काम हो भन्नु भयो ।

**३.११ एघारौं श्रृङखलाः श्री जुजुभाइ डंगोल (बैशाख १९, २०७५)**

टेक्सास (अमेरिका) राज्यको डेन्टन काउन्टीको सभानामा ६ महिनाको बसाई पछि चैत्र १५, २०७५ मा काठमाडौं फर्कनु भएका श्री जुजुभाई डंगोलले यस श्रृङखलामा आफ्नो अमेरिका बसाईको अवधिमा अमेरिकाको सार्वजनिक पुस्तकालय पद्धति बारे प्रस्तुती दिनु भएको थियो । काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयमा भएको सो कार्यक्रममा प्रस्तुत गरेको कार्यपत्र पुस्तकालय आवाज जेष्ठ २०७६ (वर्ष ११ अंक ११) मा प्रकाशित भएको छ ।

# पठन संस्कृतिको विकासमा खुला डिजिटल भण्डार (Open Access Digital Repository) को भूमिका

- जगदीश चन्द्र अर्याल
पुस्तकालय प्रमुख
सोशल साईन्स वहाः

## पृष्ठभूमि

मानिस चेतनशील प्राणी भएकोले ऊ आफ्नो चेतना प्रयोग गर्न, चेतनाको स्तर अभिबृद्धि गर्न सदैव लालायित हुन्छ र त्यसकालागि उसले कुनै न कुनै उपाय गरिरहेकै हुन्छ । जस्तै हामी हाम्रा पाँच ज्ञानेन्द्रिय आँखा, कान, नाक, छाला र जिब्रो मार्फत् चेतना प्राप्त गरिरहेका हुन्छौं । अर्थात् देखेर, सुनेर, सुँघेर, छामेर वा चाखेर हामी केहि कुरा थाहा पाउछौं । कुनै एक ईन्द्रिय कमजोर हुँदा वा नहुँदा त्यसको सट्टा अन्य ईन्द्रिय मार्फत् जानकारी लिन्छौ भने अन्य माध्यमबाट भन्दा देखेर प्राप्त जानकारी बढी प्रभावकारी हुन्छ । तसर्थ पठनपाठनमा श्रव्यदृश्यको प्रयोग बढी उपयोगी सावित भएको छ । कक्षामा शिक्षकले पढाएको भन्दा आफैले अध्ययन गरे बढी स्मरणीय रहने विश्वास गरिन्छ । ति ईन्द्रियहरू जानकारी लिनमात्र नभई आमोदप्रमोदको लागि पनि क्रियासिल रहन्छन् । अतः चाहे ज्ञान बढाउन होस वा आनन्द प्राप्तिको लागि वा फुर्सदको समय व्यतित गर्न नै पुस्तक तथा पत्रपत्रिका पढ्ने गरिन्छ ।

तर आजकल प्रविधिको व्यापक विस्तारले गर्दा तथा मनोरञ्जनका विभिन्न साधन उपायहरूको उपलब्धताले गर्दा मानिसमा जानकारी लिने वा मनोरन्जन गर्ने तरिकामा परिवर्तन आएको छ । पुस्तक पढ्ने वानीमा कमी आएको छ । यसरी अध्ययन गर्ने वानी घट्नुमा नवीनतम् प्रविधिको विकासमात्रै कारक नभएर समयानुसार रुचिकर पाठ्यसामग्रीको अभाव हुनु पनि हो । अध्ययनशील पाठकका लागि चाहना अनुरूप पर्याप्त अध्ययन सामग्री उत्पादन हुन सकेका छैनन, उत्पादित सामग्रीहरूमा पनि उनीहरूको सहज पहुँच छैन । कतिपय पाठकहरू त आफै पुस्तक किनेरै भएपनि पढ्ने गर्छन् तर अधिकांश पाठकालागि सधै नयाँनयाँ पुस्तक खरिद गर्न सम्भव नहुने हुदा पुस्तकालयको आवश्यकता महशुस हुन्छ । तर नेपालमा पुस्तकालयको अवस्था अझै रुग्ण नै छन् । नामचलेका पुस्तकालयहरू कामचलाउ भएका पनि सबैलाई पक्कै पायक पर्दैन, कार्यलय समायमा मात्रै खुल्ने हुँदा कतिलाई समय मिल्दैन ।

पाठकको चाहनालाई बुझी पुस्तकालय सेवामा पनि समय सापेक्ष सुधार गर्दै लैजान सकिन्छ । पुस्तकालय क्षेत्रमा पनि नवीनतम् प्रविधि भित्र्याउन सकिन्छ । बढी भन्दा बढी पाठकमैत्री उपायहरू खोजिनु पर्छ । पाठक पुस्तकालय धाउने होइन पुस्तकालयले नै आफ्नो सेवा पाठकको घरदैलोमा पुऱ्याउने बेला आएको छ । घुम्ति पुस्तकालय, बिद्युतीय पुस्तकालय आदिको अवधारणा संसारमा धेरै पहिले आइसकेका हुन् । ईन्टरनेट मार्फत् चाहेको कुरा चाहेको समयमा घर, अफिस, कलेज, विद्यालयमा नै बसेर अध्ययन गर्न सकिन्छ । अझ मोबाइल एप मार्फत हातहातमा पुस्तकालय भन्ने अवधारणा आइसकेको छ । नेपालमा पनि यस्ता अभियान सञ्चालन गर्न सकिन्छ ।

## डिजिटल भण्डारण

आफ्ना पाठकको रुचि एवं आवश्यकतालाई बुझेर थुप्रै देशहरूले पुस्तकालय सेवामा समय सापेक्ष परिवर्तन गर्दै लगेका छन् । विभिन्न नयाँनयाँ तकनिकिहरूको प्रयोग गरी पुस्तकालय सेवा एवं सामग्रीहरूलाई कसरी बढीभन्दा बढी पाठकको पहुँचमा पुऱ्याउन सकिन्छ भनेर उनीहरू लागि परिरहेका छन् । पुस्तकालयमा उपलब्ध समाग्रीहरूलाई डिजिटिइजेशन गरेर इन्टरनेट मार्फत्

२४ सै घन्टा अनलाईन हेर्न सकिने व्यवस्था मिलाईएको हुन्छ । डिजिटल लाईब्रेरि, ई-लाईब्रेरि, अमुर्त पुस्तकालय (Virtual library), Institutional Repository, Digital Archive आदि विभिन्न स्वरूप अनि नामले चिनिने यस्ता सेवाहरू समष्टिमा डिजिटल भण्डारणकै उदाहरण हुन् । विभिन्न मुलुकमा पुस्तकालयले मात्र नभएर आफ्ना पाठक एवं ख्याति बढाउने उद्देश्यले बिभिन्न संघसंस्था, विश्वविद्यालय एवं प्रकाशकहरूले समेत यस्ता सेवा प्रदान गर्न थालिसकेका छन् । तर केहिले यो सेवा निःशुल्क दिईरहेका छन् भने केहिले सस्शुल्क दिईरहेका छन् ।

**खुला डिजिटल भण्डारण**

डिजिटल भण्डारमा भएका सामग्रीहरूप्रति पाठकको रुची बढेसंगै व्यावसयिक प्रकाशकहरूले आफ्ना डिजिटल भण्डरमा भएका सामग्री प्रयोग गर्न चर्को शुल्क तिर्नु पर्ने वाध्यता सिर्जना गरे । जसले गर्दा अल्पविकसित एवं विकासोन्मुख मुलुक मात्र नभएर बिकसित देशहरूलाई समेत अध्ययन अध्यापनमा समस्या पर्न थाल्यो । गुणस्तरिय शिक्षाका लागि धेरै भन्दा धेरै अध्ययन गर्नु पर्ने र शैचिक सामग्रिको अभावमा यो सम्भव नहुने हुदा यस्ता अध्ययन सामग्रीहरू निःशुल्क एवं खुला हुनु पर्ने अवधारणा अघि सारियो र यसले संसारभर एउटा आन्दोलनको रूप लियो जसलाई ओपेन एसेस मुभमेन्ट (Open Access Movement) भनिन्छ । यसमा विभिन्न संघसंस्थाले ऐक्यबद्धता जनाईसकेका छन् । यसैलाई आधार मानेर विभिन्न संझौता एवं सहकार्यहरू शुरु भए ।

जसमध्ये सन २००२ मा भएको Budapest Open Access Initiative एक हो । यसले खुला पहुँच Open Access लाई खुला पहुँच भन्नाले कुनै पनि कृति ईन्टर नेटमा खुलारूपमा निःशुल्क उपलब्ध हुनुको साथसाथै कुनै आर्थिक, कानूनी र प्राविधिक अवरोध विना यसलाई पढ्न, डाउनलोड गर्न, पुनर्उत्पादन गर्न, वितरण गर्न, प्रिन्ट गर्न, खोजिगर्न अथवा अन्य साईटमा पूर्ण पाठको रूपमा लिन्क गर्न, इन्डेक्सिडकालागि खोस्रिन, कुनै डाटाको रूपमा सफ्टवेयरमा पठाउन वा यस्तै अन्य कानुनी रूपमा बैध कामको लागि प्रयोग गर्न अनुमति प्राप्त भन्ने बुझिन्छ । जुन कृति पुर्नउत्पादन गर्दा वा वितरण गर्दा भने लेखकलाई श्रेय दिनु पर्नेछ आवश्यक ठाउँमा प्रस्टसँग उद्धरण गर्नु पर्नेछ भनेर परिभाषित गर्दै यस अभियानको सार यसरी व्यक्त गरिएको छः

An old tradition and a new technology have converged to make possible an unprecedented public good. The old tradition is the willingness of scientists and scholars to publish the fruits of their research in scholarly journals without payment, for the sake of inquiry and knowledge. The new technology is the internet. The public good they make possible is the world-wide electronic distribution of the peer-reviewed journal literature and completely free and unrestricted access to it by all scientists, scholars, teachers, students, and other curious minds." -Budapest Open Access Initiative

त्यस्तै खुला पहुँच अभियानले विभिन्न अन्य क्षेत्रको पनि वकालत गरेको छ जस्तैः खुला शैक्षिक सामग्री (Open Educational Resources), खुला डाटा (Open Data), खुला सफ्टवेयर (Open Source Software), खुला पत्रिका (Open Access Journals), खुला पुस्तक (Open Access Book), खुला डिजिटल भण्डारण (Open Access Repository), तथा पछिल्लो संस्करणमा खुला विज्ञान (Open Science) आदि ।

**नेपाली परिप्रेक्ष्यः**

अतर्राष्ट्रिय मर्म बुझेर होस् वा पाठकको चाहना बुझेर नेपालमा पनि केहि डिजिटल भन्डारणको शुरुवात भएका छन् । जसमध्ये केहि प्रमुख यसप्रकार छन्ः

**ई-पुस्तकालय**

साझा शिक्षा ई-पाटीको निःशुल्क डिजिटल पुस्तकालय हो यसमा विद्यालय तहका भाईबहिनीहरूलाई लक्ष्यित गरेर खुला अध्ययन सामग्री पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षण निर्देशिका, तथा साहित्य लगायत अन्य खुला अध्ययन सामग्रीहरू समेत राखिएका छन् ।

## HimalDoc

ICIMOD द्वारा सञ्चालित हिमालय तथा वातावरणको बारेमा अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी एक डिजिटल पुस्तकालय हो यहाँ हिमालय सँग सम्बन्धित प्रकाशनहरू निःशुल्क उपलब्ध छन् ।

## Central Open Access Repository in Nepal

Nepal Library and Information Consortium द्वारा संचालित यस डिजिटल भण्डारमा संस्था वा लेखक स्वयंले आफ्ना लेख रचना, पुस्तक, पुस्तकको अंश, शोध ग्रन्थ, रिपोर्ट, सम्मेलन कार्यपत्र, तथा अन्य उपयोगी सामग्रीहरू निःशुल्क भण्डारण गर्न सक्छन् भने अन्य पाठकहरूले निःशुल्क प्राप्त गर्न सक्छन् ।

## Digital Library of Nepal National Library

नेपाल राष्ट्रिय पुस्तकालायले पनि डिजिटल भण्डारको सुरुवात गरेको छ यसमा केहि नेपाली विद्वानहरूका विद्यावारिधिका शोधग्रन्थहरू संग्रहित छन् जुन सजिलै डाउनलोड गर्न र पढ्न सकिन्छ ।

### त्रि वि केन्द्रीय पुस्तकालय

त्रि वि केन्द्रीय पुस्तकालयले पनि डिजिटल भण्डारको शुरुवात गरेको छ जसमा त्रिविका बिद्यार्थीहरूका शोधग्रन्थहरू राखिएका छन ।

## NepJOL

नेपाल जर्नल अनलाईन (NepJOL) एक खुला पत्रिका व्यवस्थापन प्रणालिमा (Open journal System) आधारित डिजिटल प्रकाशन एवं भण्डारण गर्ने पोर्टल हो । यसमा नेपालवाट प्रकाशित हुने पत्रपत्रिकाका लेखरचनाहरू अनलाईन समावेस देखि अनलाईन समीक्षा गरी अनलाईनमा नै प्रकाशित हुन्छ जुन खुला पहुँचको रूपमा भन्डारण गरिन्छ । छापामा प्रकाशित पत्रपत्रिकाहरू पनि पछि अपलोड गर्न सकिन्छ । यसको रेखदेख त्रिवि केन्द्रीय पुस्तकालयले गर्दै आएको छ ।

## UN Digital Library in Nepal

संयुक्त राष्ट्र संघले आफ्ना प्रकाशनहरूको नेपाली नागरिकलाई जानकारी दिने उद्देश्यले UN Digital Repository in Nepal नामक पोर्टल सञ्चालन गरेको छ जुन मोबाईल एपको रूपमा पनि उपलब्ध छ यसले हातहातमा पुस्तकालय भन्ने नारालाई साकार पारेको छ ।

### समीक्षा

यसरि डिजिटल भण्डारणको शुरुवातले पक्कै पनि केहि हदसम्म पाठकलाई घरमै बसेर अफ्नो रुचि आवश्यकता अनुसारको पुस्तकपत्रपत्रिका पढ्न सुविधा पुगेको छ । तर यतिले मात्र पाठकको आवश्यकता पुराहुने होईन यस्ता थुप्रै डिजिटल भण्डारको खाचो छ । नेपालमा १४ वटा विश्वविद्यालय भईसके तिनीहरू सबैको आ-आफ्नै डिजिटल भण्डार आवश्यक छ । त्यस्तै नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, आदि प्राज्ञिक संस्थाहरूले पनि डिजिटल भण्डार शुरुवात गर्न सके पाठकहरू लाभान्वित हुन्थे । शुरुवात भएकाहरूमा पनि केहिलाई छोडेर अन्यमा पर्याप्त सामग्रिहरू छैनन् थपिनु पर्छ । यसलाई व्यवस्थित गर्दै प्रचार प्रसार गर्नु पर्ने देखिन्छ ।

त्यस्तै यसकोलागि सरकारी तवरबाट पनि आवश्यक थालनि गर्नु पर्छ । किनकि नागरिकलाई सूचनाको हक दिलाउनुका साथसाथै शैक्षिक पुर्वाधार विकासका लागि आवश्यक पाठ्यसामग्रिहरू दुरदराजमा पुऱ्याउन एउटा डिजिटल भण्डारको आबश्यकता छ । साथै यसरी छरिएर रहेका सबै डिजिटल भण्डारहरूलाई एउटै पोर्टलमा समेटर लान सके आवश्यक जानकारि खोज्न धेरै तिर भौतारिनु पर्दैनथ्यो । २०७६ साल तिर नेपाल सरकार शिक्षा मन्त्रालयको पहलमा पुस्तकालय गुरु योजना, अभिलेख व्यवस्थापन लगाएत थुप्रै कार्य योजनाहरू प्रस्ताबित भै त्यसको प्रतिवेदन पनि बुझाईएको थियो त्यसमा सरकारले ध्यान दिनसके कर्यान्वयन गर्न पक्कै पनि हामी पुस्तकालय कर्मिहरू साथ दिनेछौ ।

**निश्कर्ष**

हामीले नेपालमा पुस्तकालय दिवस मनाउन थालेको पनि १२ वर्ष भईसकेछ । तर प्रत्येक वर्ष एकएकओटा नारा अघि सारिन्छ त्यसको कार्यान्वयनमा जोड नदिने हो भने कुनै औचित्य भएन । यसबर्षको नारा पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार रहेको छ । पुस्तकालयमा पाठक किन घटे ? पठन संस्कृति कसरी हराउदै गयो भनी कारण नखोज्ने हो भने जतिसुकै नाराबाजी गरेपनि केहि हुनेवाला छैन । हामीले पुस्तकालय सेवालाई परिवर्तन गरी पुरातन मान्यतावाट अघि बढी विश्व परिप्रेक्ष्य बुझ्रेर डिजिटल पुस्तकालयको अबधारणा अनुरूप घरघरमा अझ सकिन्छ भने उपयुक्त प्रबिधि प्रयोग गरी जुनसुकै बेला पनि उपलब्ध हुने गरी हातहातमा पुस्तक अभियान चलाउनु पर्छ यसको लागि सरकारी तवरबाट पहलको खाँचो छ ।

# प्रदेश नं २ को पुस्तकालय सम्बन्धी अवधारणा

**- तोयाराज घिमिरे**
सुहृद् पुस्तकालय, जनकपुर

ज्ञान, सूचना र जानकारी दिने सार्वजनिक थलोको रूपमा परिचित पुस्तकालयको इतिहास पुरानो छ। मानवले मनमा आउने तर्क, विचार, भावना, कल्पना, ज्ञान, विज्ञानलाई लिखित रूपमा व्यक्त गर्छ, कलम चलाउँछ। आफ्नो कुरा अरुलाई सुनाउन, बुझाउन किताबमा छापिन्छ। लिखित, मुद्रित, छायाङ्कित, भूर्ज, ताड, धातु वा कागतका पानालाई आवरण दिई भावनालाई दीर्घकालसम्म सुरक्षित राखिन्छ। एक अर्काको भावना बुझ्न किताबी रूप दिई सबै ठाउँमा पुऱ्याइन्छ।

धेरै लेखक, धेरै पाठक भएपछि सङ्कलन सम्बर्द्धन हुँदै गयो र पुस्तकहरूलाई सुरक्षित गर्नेतर्फ पुस्तकप्रेमीहरूको ध्यान गयो। पुस्तकालयका लागि किताब-घर, किताबखाना जस्ता बिभिन्न शब्दहरू प्रचलनमा आए र अन्यवस्तुहरूको संग्रहालय जस्तै पुस्तकालयको पनि स्वरूप र शैली निर्माण हुन गयो। पाटि, पौवा, धर्मशाला निर्माणमा जुन खाले पवित्र भावना जनमानसमा विकास भएको थियो त्यस्तै भावना पुस्तकालय स्थापनामा पनि आउन थाल्यो।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, बिकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न २०७२ सालमा नेपालको नयाँ संविधान जारी भएपछि देश नयाँ परिवर्तित स्वरूपमा गयो। संविधानको धारा ५६ मा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह हने व्यवस्था छ। धारा ५६ को उपधारा ३ को अनुसूची ४ मा नेपाललाई सातवटा प्रदेशमा विभाजन गरिएको छ।

सातवटै प्रदेशका सातवटा राजधानी तोकिएको छ। जनताबाट चुनिएर आएका प्रतिनिधि छन्। प्रादेशिक रूपमा सामाजिक विकास मन्त्रालय गठन गरिएको छ। प्रदेश सरकार कार्यविभाजन नीयमावली, २०७४ अनुसार यस मन्त्रालयले स्वास्थ्य, शिक्षा, महिला, जेष्ठ नागरिक, अपाङ्ग, सामाजिक सुरक्षा, भाषा संस्कृति, पुरातत्व, युवा खेलकुद श्रम तथा रोजगारीसँग सम्वन्धित विषयहरू हेर्ने गर्छ। पुस्तकालयका लागि नीति निर्माण गर्छ। संरक्षणका उपायहरू अवलम्वन गर्छ। प्रदेश नं २ अन्तर्गत सप्तरी, सिरहा, धनुषा महोत्तरी, सर्लाही रौतहट, वारा र पर्सा गरी आठवटा जिल्ला रहेका छन्।

क्षेत्रफलको दृष्टिले ९६६१ किलो मिटर (३७३०.१वर्ग मि) ओगटेको यस प्रदेशले समग्रमा नेपालको कूल भूभागको ६.५६% क्षेत्रफल ओगटेको छ। यस प्रदेशमा २०.४% जनसंख्या रहेको छ। यहाँको कूल जनसंख्या ५४ लाख ४ हजार १ सय ४५ रहेको छ। यस प्रदेशको साक्षरता ४९.५४ % रहेको छ। संसदीय निर्वाचन क्षेत्र ३२ र प्रादेशिक निर्वाचन क्षेत्र १०७ वटा रहेको प्रदेश नम्बर २ मा १३६ वटा स्थानीय तह रहेका छन्। जस अन्तर्गत वीरगञ्ज महानगरपालिका, जनकपुर, जितपुर सिमरा, कलैया गरी तीन उपमहानगरपालिका, ७३ वटा नगरपालिका र ५९ वटा गाउँपालिका रहेका छन्।

प्रदेश नं २ शिक्षा, ज्ञान, कला, दर्शन र विज्ञानका क्षेत्रमा प्राचीनतम् स्थलका रूपमा परिचित छ तर वर्तमान् समयमा पुस्तकालयहरूको सञ्चालन र सुदृढीकरणमा केहि शिथिलता आएको छ। पुस्तकालय नभएका स्थानीय निकायले पुस्तकालयको स्थापना र स्थापित पुस्तकालयहरू नीयमितरूपमा सञ्चालन र विद्युतीय पुस्तकालयकारूपमा विकसित गर्नुपर्छ।

### प्रदेश सरकारको दायित्व

प्रदेश अन्तर्गतका पुस्तकालयहरूको अभिलेख व्यवस्थापन, नीयमन, आवश्यक जनशक्तिको व्यवस्था गर्न जरूरी छ। प्रदेशले अवलम्वन गर्नुपर्ने उपायहरू निम्न रहेका छन्:

१. अनुसन्धानको व्यवस्था गर्नु,
२. प्रकाशक र पुस्तकालय वीच सहकार्य गराउनु,

३. इलाईब्रेरीका लागि सहयोग,
४. एक विद्यालय एक पुस्तकालय,
५. एक स्थानीय निकाय एक पुस्तकालय,

प्रदेश नम्बर दुईका महानगर, उपमहानगर नगरपालिका तथा गाउँपालिकाहरूमा कतिपय ठाउँमा पुस्तकालयहरू छन् कतिपय स्थानीय निकायमा छैनन् । अवको चुनौति भनेको हरेक स्थानीय तहमा पुस्तकालय व्यवस्था गर्नुपर्ने हुन्छ । समृद्ध प्रदेशको सूचकाङ्कमा अब्वल देखिन अन्य सूचकाङ्क सँगसंगै पुस्तकालय सहितको स्थानीय निकाय बनाउनु आवश्यक छ । मूलरूपमा प्रदेशस्तरीय सम्मेलन, तालिम र गोष्ठी अभिलेख व्यवस्थापन, नीयमन र जनशक्तिको व्यवस्था गर्नु जरुरी छ ।

**स्थानीय निकायहरूको दायित्व**

प्रदेश नम्वर दुईमा रहेको एकमात्र महानगरपालिकाको रूपमा वीरगंज महानगरपालिकाको रूपमा रहेको छ । तीनवटा उपमहानगरपालिकामा जनकपुर, जितपुर सिमरा, कलैया रहेका छन् । त्यसैगरी ७३ वटा नगरपालिका र ५९ वटा गाउँपालिका रहेका छन् । पुस्तकालयहरूको रेखदेख अनुगमन साधारण पुस्तकालयलाई विद्युतीय पुस्तकालयका रूपमा रूपान्तरण, नयाँ पुस्तकालय सञ्चालन, पुस्तकालयको आयस्रोतको व्यवस्थापन एवं पारदर्शी आयव्यय विवरणका लागि अनुगमनको नीयमित व्यवस्था गर्नुपर्छ । मूलरूपमा स्थानीय निकायहरूले सार्वजनिक पुस्तकालयहरूका लागि निम्नलिखित काम गर्नु आवश्यक छः

- जग्गा र भवनको व्यवस्था,
- विधागत पुस्तकहरूको व्यवस्था,
- वरिपरिको वातावरण,
- उपकरणहरूको व्यवस्था,
- स्वच्छ खानेपानीको व्यवस्था,
- शौचालयको व्यवस्था,
- पत्रपत्रिकाहरूको व्यवस्था,
- मानचित्र,
- श्रव्यदृश्य,
- खेलौना,
- सूचनापाटि आदि ।

पुस्तकालय त्यस्तो ठाउँ हो जहाँ विभिन्न प्रकारका ज्ञान, सूचनाहरूको संग्रह रहन्छ । पुस्तकहरूलाई दस्तावेजका रूपमा सुरक्षित राख्ने प्रणाली पनि हो । पुस्तकालय अध्ययन केन्द्र हो र यसलाई अध्ययन केन्द्रकै रूपमा विकास गर्नुपर्छ । प्रदेश नम्बर २ ले र यस अन्तर्गतका सम्पूर्ण स्थानीय निकायहरूले अन्य प्रकारका विकास संरचनाहरूलाई प्राथमिकतामा राखेजस्तै पुस्तकालय स्थापना सञ्चालन र संरक्षणमा पनि ध्यान दिनु आवश्यक छ ।

यद्यपि प्रदेश नं २ का हरेक जिल्लामा पुस्तकालय सम्बन्धी धेरथोर संरचना छन् तर ती संरचना जागरुक अवस्थामा छैनन् । वारा जिल्लाको कलैयामा रहेको जनहित पुस्तकालय, पशुपति पुस्तकालय, सिद्धेश्वर संस्कृत पुस्तकालयहरू सञ्चालनमा छन् । सर्लाहीको चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय, महोत्तरीको वर्दिवास सामुदायिक पुस्तकालय, धनुषा जनकपुरको सुहृद् पुस्तकालय, राधाकृष्ण पुस्तकालय, उपमहानगरपालिकाले सञ्चालन गरेको भ्ुलाघरमा रहेको सार्वजनिक पुस्तकालय, सिरहाको लहानमा रहेको सिर्जना पुस्तकालय, धनगढीमाई नगरपालिकामा रहेको जय गोविन्द साह स्मृति पुस्तकालय आदि केही पुस्तकालयहरू जसोतसो चलिरहेका छन् । प्रदेश नं. दुईको एकमात्र महानगरपालिकामा रहेको पर्सा जिल्लाको वीरगंज महानगरपालिका अन्तर्गत रहेको सार्वजनिक पुस्तकालयको स्थिति राम्रो नहुनु महानगरपालिकाको पनि प्रतिष्ठासँग जोडिएको विषय हो । बडाहाकिम वद्रीविक्रम थापाको विशेष पहलमा २०१६ सालमा स्थापना गरिएको सप्तरीको राजविराजमा रहेको पुस्तकालयको अवस्थासमेत सन्तोषजनक छैन । मूलरूपमा भन्नुपर्दा अन्य प्रदेशका तुलनामा प्रदेश नं दुईमा संघ, प्रदेश र स्थानीय निकायले समेत पुस्तकालयलाई वेवास्ता गरेको देखिन्छ । त्यसैले पुस्तकालयहरूको स्थिति राम्रो बनाउन सबैको सामुहिक प्रयास आवश्यक छ ।

# पुस्तक किन पढ्ने ?

- रमेश निरौला
orameshg@gmail.com

नेपालको परिवेशमा पुस्तकालय थोरै छन्, ज्ञानको दायरा फराकिलो छ । उपलब्ध साधनलाई बढी प्रयोग गर्ने ल्याकत भएकैले हुनुपर्छ मानव प्राणीहरूमध्ये सर्वश्रेष्ठ ठहरियो । भएका ज्ञान लिने मात्र हैन तिनको आफू अनुकूल विश्लेषण र प्रयोग नै मानवको आधुनिक अवस्थामा आइपुग्ने मुख्य साधन हो । सूचना भएर मात्र हुदैन त्यसको मूल तत्व धारण गरेर शक्तिशाली बन्नु मानवको उद्देश्य हुनुपर्छ । संसारमा आज फेसबुक, ट्वीटर, लिङ्कडइन, फ्लिकर, भाइवर, ह्वाट्सएप जस्ता सामाजिक सञ्जालको विस्तार ठूलो कुरा होइन बरु तिनले संग्रह गर्ने सूचना महत्वको छ । फेसबुक जति लोकप्रिय हुदै गयो त्यसले संग्रह गर्ने सूचना र यस्ता सूचनाको आफू अनुकूल प्रयोगका कारण आलोचित समेत छ ।

व्यक्तिका सूचना सङ्कलन र तिनको बिक्री हामीले सोचेभन्दा धेरै यस्ता सामाजिक सञ्जालले दुरूपयोग गरेका खवर बेलाबखत सञ्चारित भइरहेका छन् । हामीले गर्ने हरेक क्रियाकलाप जस्तैः पोष्ट, लाइक, कमेन्ट, सेयरिङबाट भन्दा बढी यस्ता सामाजिक सञ्जालले गर्ने व्यक्तिगत गोपनियताको हननले नियमनकारी निकाय हैरान छन् । फेसबुकको उदाहरण लिँदा यसले व्यक्ति वा राज्यबाट इन्टरनेट प्रयोगमार्फत् प्राप्त गर्ने आम्दानी थोरै र हाम्रा व्यक्तिगत डाटा बेचेर प्राप्त गर्ने अनधिकृत आम्दानी धेरै भएका विवरण सार्वजनिक हुन थालिसके । अमेरिकी राष्ट्रपति चुनावमा सर्वेक्षणले देखाएभन्दा कमजोर डोनाल्ड ट्रम्पले लोकप्रिय हिलारी क्लिन्टनलाई पराजित गर्नुमा यस्ता सामाजिक सञ्जाल जिम्मेवार ठहरिए । यस विषयमा अमेरिकी संसदले मिहिन छानविन गरिरहेकै छ । नतिजा सुन्ने बेलासम्म हामीले सामाजिक सञ्जालमा के गर्ने वा के नगर्ने सम्वन्धी धेरै सुझाव पनि बाहिरिने अपेक्षा राखिएको छ । सामाजिक सञ्जालले बाहिरी गुप्तचर निकायलाई मतदाताको मनस्थिति विश्लेषण गरी गोप्य सूचना प्रवाह गऱ्यो भने बाहिरी निकायले आफू अनुकूलको उमेद्वारलाई सहयोग पुग्ने गरी रणनीति लागू गरेको मुख्य आरोप ट्रम्प र उनको पार्टीलाई लागेको छ ।

लन्डनको ब्रिटिस लाइब्रेरी सवैभन्दा आकर्षक लाग्ने अलका आत्रेय चूडाल भियना विश्वविद्यालय अस्ट्रियामा प्राध्यापनरत-अनुसन्धानरत छिन् । चूडाल १८ वर्षकै उमेरमा तीनवटा विषयमा स्नातकोत्तर गरिसकेकी नेपाली विद्यार्थी थिइन् । वनारसको सम्पूर्णानन्द विश्वविद्यालयबाट प्राचीन व्याकरण र तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट सर्वदर्शनमा आचार्य गरेकी उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर पुस्तकालयकै मद्दतमा गरेकी थिइन । व्यक्तिगत सङ्कलनलाई प्रयोग गर्न सक्नु प्राज्ञिक क्षेत्रमा अव्वल ठहरिनेको रोजाईमा पर्छ । उनले पुस्तकालयको सहयोग र पुस्तकको मनलाग्दी अध्ययनले सानै उमेरमा यो सफलता प्राप्त गरेकोमा शंका छैन । यस्ता सफलताका लागि पुस्तक पढ्नै पर्नेछ, पुस्तकालय खोल्नै पर्नेछ । निजी पुस्तकालय भएको घरमा हुर्किएका बालबालिका तुलनात्मक रूपमा सचेत र सुसंस्कृत हुने कुरा पछिल्लो समयमा अध्ययनहरूले पुष्टि गरेका छन् ।

काठमाडौंका सामुदायिक पुस्तकालयले जसोतसो खुट्टा टेक्ने प्रयास गरिरहेको धारणा त्रि.वि. केन्दिय पुस्तकालयका प्रमुख इन्द्रप्रसाद अधिकारीको छ । उनले नागरिकन्यूजसँगको कुराकानीमा जनतामा पुस्तकालय चेतनाको कमी, दिगो आर्थिक स्रोतको कमी, निम्नस्तरको शैक्षिक सामग्रीहरूको सङ्कलन हुनु, अनुभवी कर्मचारीको अभाव जस्ता समस्यामा पुस्तकालय रुमल्लिएको स्वीकारेका छन् । सरकारको सहयोग र समुदायको सहभागितामा मात्र पुस्तकालय प्रवर्द्धन हुनसक्छ भन्दै पुस्तकालयको आधुनिकीकरण

तथा विकासका लागि राज्यले पनि यस तर्फ ध्यान दिएमा सामुदायिक पुस्तकालयले अहिलेको भन्दा धेरै पाठक तान्न सक्ने थियो ।

बीबीसीले किताबको सहयोगले मानसिक स्वास्थ्य सन्तुलन राख्न सहयोग गर्नेहरूबीच चलाएको छलफलबाट चलचित्र वा टीभीमा चित्रहरू देखाइन्छ तर पुस्तकमा त्यो आफैँले कल्पना गर्नुपर्छ, त्यसैले यो धेरै शक्तिशाली हुन्छ भनिएको थियो । बिब्लियोथेरपिस्टहरू थप अर्को कुरामा पनि एकमत छन् जुन हो - मानसिक सन्तुलनका लागि पढिने कथाहरू सुखद कथा हुनुपर्दैन, ती सकारात्मक रूपमा दुःखद भए पनि हुन्छ । युवा पाठकहरूको सन्दर्भमा पुस्तकले विश्वभरि छलफल भइरहेको युवा मानसिक स्वास्थ्य समस्यालाई समाधान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

किताबको शक्तिको कुरा गर्दा जेल वा बन्दी अवस्थाले मानिसलाई बढी स्वतन्त्र भएर लेख्न प्रेरित गरेका उदाहरण प्रशस्त छन् । अस्ट्रेलियाले प्रशान्त क्षेत्रको एउटा टापुमा वर्षौंदेखि थुनामा राखिएका एक इरानी पत्रकारले सबैभन्दा ठूलो धनराशिको साहित्यिक पुरस्कार प्राप्त गरेका छन् । शरणार्थी बन्न अस्ट्रेलिया जान खोज्दा समातिएका बेहरूज बोचानीले थुनाबाट ह्वाट्सएपमा सन्देश पठाउँदै 'नो फ्रेन्ड बट द माउन्टेन्सः राइटिङ फ्रम मानुस प्रिजन' लेखेका थिए । त्यो पुस्तकले एक लाख अस्ट्रेलियन डलर (नेरु ८२ लाख ६० हजार बराबर) राशिको सन् २०१९ को साहित्यतर्फको भिक्टोरियन पुरस्कार जितेको छ । सहित्यतर्फको पुरस्कारबाहेक बोचानीको पुस्तकले २५ हजार अस्ट्रेलियन डलर (नेरु २१ लाख बराबर) राशिको गैरआख्यानतर्फको भिक्टोरियन पुरस्कार पनि जितेको छ । बोचानीले हिरासत केन्द्रमा रहँदा आफ्नो अनुवादकलाई फारसी भाषामा ह्वाट्सएपमार्फत् सन्देश पठाउँदै किताब लेखेका थिए । "ह्वाट्सएप मेरो कार्यालयजस्तो हो, उनको भनाई सञ्चार माध्ययममा बाहिरिएको छ "मैले कागजमा लेखिनँ किनभने प्रत्येक हप्ता सुरक्षाकर्मीले हाम्रो कोठामा छापा मार्थे । मलाई आफ्नो लेखन हराउने डर थियो । त्यसलै मलाई ह्वाट्सएपमा लेख्दै पठाउँदै गर्न सजिलो थियो ।" सामाजिक सञ्जालको भर परेपनि पुस्तकबाटै संसारभरि चर्चित हुने यो काइदाले पुस्तक पढ्नुपर्ने बोध गराउँछ । आधुनिक प्रजातान्त्रिक जमाना २०१९ मा मात्र हैन प्रजातन्त्र अपहरण भएको बखत विश्वेश्वर प्रसाद कोइरालाले जेल जर्नल जेलमै लेखेका थिए । नेपालमा सर्वाधिक धेरै मान्छेले मनपराएको किताबको अघिल्ला नम्वरमा जेल जर्नल अझै पर्छ । देश नै औपनिवेशिक भएका बखत महात्मा गान्धीले आफ्नो आत्मकथा जेलमै लेखेका थिए । महात्मा गान्थीको आत्मकथा किताबका रूपमा मात्र हैन पुस्तकालय सङ्कलनका लागि पनि ठूलो श्रोत हो । पुस्तकालयहरू बौद्धिक सम्पदाका संरक्षक हुन् । यिनले प्रतिनिधि अधिकारको संरक्षकका रूपमा भूमिका खेल्नु जरुरी छ । कुनै पनि लेखकले पुस्तकालयलाई पुस्तक दिनु भनेको ज्ञानको वितरण हो । प्राप्त ज्ञानलाई सही पाठकसम्म सही तरिकाले पुऱ्याउन पुस्तकालय सक्षम हुनैपर्छ । पुस्तकालयमा भएका सामग्रीमाथि नियन्त्रण वा अतिक्रमण हुन दिनु हुदैन ।

नेपालमा २०७६/०७७ को बजेटमार्फत् सङ्घीय सरकारले सबै प्रकारका पुस्तक आयातमा १० प्रतिशत भन्सार महशुल लगाउने घोषणा गरेपछि प्रकाशकदेखि लेखकसम्मले त्यसप्रति असन्तुष्टि र विरोध जनाइरहेका छन् । कतिपयले युनेस्कोको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सामग्रीको आयातसम्बन्धी सन् १९५० सम्झौतालाई उद्धृत गर्ने गरेका छन् । जसअनुसार पुस्तक, प्रकाशन र दस्तावेजको आयातको सम्बन्धमा कुनै पनि भन्सार कर अथवा अन्य महशुल लगाइने छैन भन्ने उल्लेख छ । तर युनेस्कोको वेबसाइट अनुसार उक्त सम्झौताको पक्षमा सन् २०१७ सम्ममा १०३ देशले हस्ताक्षर गरे पनि त्यो सूचीमा नेपालको नाम छैन । बढेको १० प्रतिशत कर देखाउदै हाल काठमाडौं लगायतका पुस्तक बजारमा विदेशमा प्रकाशित पुस्तक पर्याप्त मात्रामा पाउन छाडेको छ । पशुपती बुक्स काठमाडौंका सञ्चालक चित्र शर्मा पुस्तकमा कर लगाइएमा आयात, भन्सार र बजारसम्म पुऱ्याउदा हालको मूल्यमा थप २८ प्रतिशतसम्म लागत बढ्ने

बताउछन् । भन्सार महशुल लगाउने पछिल्लो कदमबाट सबै पाठक प्रभावित हुनेमा लेखक तथा प्रकाशक सहमत देखिन्छन् । तर सामाजिक सञ्जालका बहसमा स्वतन्त्र पाठक वा विद्यार्थीका आवाज धेरै सुनिएका छैनन् । सरकार समर्थक सामाजिक सञ्जाल प्रयोगकर्ता भने विदेशमा छपाएर स्वदेशी उद्योग डुबाउन खोज्ने किताब व्यवसायीका कारण हजारौं श्रमिकले काम नपाउने अवस्था भएकोले देशमै किताव छाप्नका लागि कर जरुरी रहेको तर्क गर्छन् । तर उनीहरूको माग पनि विदेशी किताबमा कुनै कर नलागोस् भन्ने छ । नेपालमा मूख्यतः भारतमा छपाएर नेपालमा बिक्रीका लागि ल्याइने कितावले पछिल्लो समय बजार ओगटेको देखिन्छ । कागज, मसी तथा अन्य प्रेससम्बन्धी सामाग्रीमा कर लगाउने तर प्रकाशन भएका सामग्रीमा कर नलाग्ने सरकारी व्यवस्थाका कारण यहाँका मुद्रण उद्योग तथा प्रेस धरासायी भएको गुनासो सुनिने गरेको थियो । पुस्तकालयहरू भने लागत बढ्दैमा आयात रोकिने निर्णयप्रति सन्तुष्ट छैनन् । पुस्तकालय प्रतिनिधिहरूका आवाज पुस्तकालयका लागि हुने आयातमा छुट दिनुपर्नेतर्फ मोडिनुपर्ने देखिन्छ । यस बारेमा व्यावसायिक पुस्तकालय संघहरू सार्वजनिक रूपमा बोलेका छैनन् । कितावको शक्तिका बारेमा एकपल्ट फेरि नेपाली बजार तातेको छ । यसले सवैलाई फाइदा नै देखिन्छ । पढ्ने पढाउने काम पुस्तकालयको मात्र हो ठान्ने व्यक्तिका लागि पुस्तक किन पढ्ने बहसले जवर्जस्त नै सही एकपटक तानेर अगाडि ल्याएको छ । पुस्तक पढ्नु र तिनको सार्वजनिक प्रयोगमा सहजता ल्याउनुसँग भविश्यको शिक्षा गोरेटो कोरिनेछ ।

# ई-लाइब्रेरीः समयको माग

– खिम लामिछाने काजि
पुस्तकालय अधिकृत, मटिपाल मेडिकल कलेज

ज्ञान तथा सूचनाका विविध विषयहरू, विभिन्न प्रकारका पुस्तकहरू, भिन्ना-भिन्नै क्षेत्र, भूगोल भाषा, संस्कृति, साहित्य, जीवनी, इतिहास, प्रविधि, कृषि, अनुसन्धान इत्यादीको नवीनतम् ज्ञानलाई इन्टरनेट प्रयोग गरेर वा नगरेर कम्प्युटर वा स्मार्टफोनको माध्यमद्वारा हेर्न, सुन्न वा पढ्न सकिने गरी व्यवस्थित गरिएका पुस्तकालयहरूलाइ ई-लाइब्रेरी अथात् विद्युतीय पुस्तकालय भनिन्छ। अहिले संसारका विकसित राष्ट्रहरूका अधिकांश पारम्परिक पुस्तकालयहरू द्रुत गतिमा ई-पुस्तकालयमा रूपान्तरित भइरहेका छन ।

विश्वमा ई-लाइब्रेरीको ईतिहास केलाउदा सन् १८८५ तिर विश्वमा शान्ती स्थापना गर्ने उद्देश्य राखेर ज्ञान र सूचनाहरूलाई एउटा प्रणालीमा आबद्ध गर्ने सोचको विकास भयो । अमेरिकाले हिरोसिमा माथि विनासकारी बम खसाले पश्चात् आधुनिक प्रविधिले कसरी विनास गर्न सक्छ भन्ने कुरा बुझाउन स्क्रिन, स्विच र बटनहरू भएको एउटा यन्त्र बनाइयो । जसलाई मेमेक्स नाम दिइयो। कालान्तरमा यो प्रबिधीको विकास हुँदै कम्प्युटरमा ज्ञान र सूचनाहरू भण्डारण गर्न सकियो। सन १९५६ तिर फोर्ड फाउण्डेसनको सहयोगमा कसरी प्रबिधिलाई पुस्तकालयमा उपयोग गर्न सकिन्छ भन्ने अनुसन्धान शुरु भयो। लगभग एक दशक पछि अनुसन्धानकर्ता लिक्लिडरले “लाइब्रेरिज अफ द फ्युचर” यथार्थ भविष्यको पुस्तकालय भन्ने किताब प्रकाशन गरे। जसमा उनले मानवीय ज्ञान र सूचनाहरूलाई कम्युटरको प्रयोग गरी मानवका हितमा प्रयोग गर्न सकिने बताएका थिए। सन १९६० को दशक तिर कम्प्युटरको बिकाससँगै शुरु भएको मानिन्छ। सन १६९५ देखि १९७५ को अवधीमा सूचना सम्प्रेसणमा कम्प्युटरको प्रयोग भएको थियो ।

नेपालमा पहिलोपटक बिसं. २०६६ देखि साझा शिक्षा ई-पाटी र नेपाल पुस्तकालय फाउण्डेसनले विद्युतीय पुस्तकालय ई-लाइब्रेरीको सुरुवात गरेको पाइन्छ। विभिन्न विधामा जस्तै लोकसेवा, कृषि र अन्य व्यक्तिका पुस्तक, शिक्षा, स्वास्थ्य लगायत थुप्रै बिषयका पुस्तकलाई भिडियो बनाएर विद्युतीय पुस्तकालयमा राखिएको छ। ई-पाटीले अहिले देशभरिका थुप्रै ठाउँमा विद्युतीय पुस्तकालय सञ्चालनमा ल्याएको छ। ई-लाइब्रेरी कतीपय विद्यालयहरूमा समेत सञ्चालित छन । ई-पाटी र फाउण्डेसनले कक्षा २ देखि ८ सम्म अंग्रेजी, नेपाली, गणित र विज्ञान विषयका पुस्तक डिजिटाइज गरेर पुस्तकालयमा राख्ने गरेका छन। यसका साथै शिक्षण सिकाइ, पाठ्यपुस्तक, सन्र्दभ पुस्तक, शिक्षक निर्देशिका, स्वाध्याय सामग्रीसमेत पाइने गरेको छ। यस्तै ई-पाटीले विद्युतीय पुस्तकालयमा पुस्तक पढ्नका लागि सजिलो होस् भन्ने हेतुले मोबाइल एप पनि बनाएको छ। साथै उनीहरूले बनाएको विद्युतीय पुस्तकालय पेन ड्राइभमा आफूले चाहेको पुस्तक लगेर घरमा पनि पढ्न सकिन्छ। जसले गर्दा पुस्तकालयमा बसेर पढ्नुपर्ने बाध्यता हट्ने देखिन्छ। एद्यपी परम्परागत पुस्तकालयमा नै विद्युतीय पुस्तकालय स्थापना गरिएको हुन्छ ।

सूचना र प्रविधिको विकाससँगै विद्युतीय पुस्तकालयको लोकप्रियता बढ्दै गएको छ। बिना इन्टरनेट पनि पढ्न सकिने सफ्टवेयरको विकास भएकाले परम्परागत पुस्तकालयको विकल्पको रूपमा विद्युतीय पुस्तकालयको प्रयोग बढ्न थालेको हो। पुस्तकको सट्टा पुस्तकालयमा गएर विद्युतीय माध्यम (कम्प्युटर, ल्यापटप, आइप्याड, ट्याब्लेट, किन्डल र मोबाइल) को प्रयोगबाट पुस्तकलाई पढ्न सकिने प्रणालीलाई नै विद्युतीय पुस्तकालय हुन। सफ्टवेरको माध्यमबाट कम्प्युटरमा पुस्तकलाई डिजिटाइज गरेर राखिएको हुन्छ। ती डिजिटाइज भर्सनका पुस्तकलाई कम्प्युटरमा राखिएका विद्युतीय पुस्तकालयमा गएर पढ्न सकिन्छ। कम्प्युटरमा आफैं कुन किताब पढ्न खोजेको हो त्यो

किताबको नाम टाइप गरेर पुस्तक खोजेर पढ्ने व्यवस्था विद्युतीय पुस्तकालयमा रहेको हुन्छ। अहिलेको युग भनेको इन्टरनेटको युग हो। इन्टरनेटको माध्यम ज्ञान र सूचना सस्तो, सुलभ र शीघ्र आदान प्रदान हुने सजिलो माध्यम भएको हुनाले संसारमा द्रुत गतिमा ई-लाईब्रेरीहरू स्थापना भइराखेका छन्।

एउटा किताबलाई धेरै जनाले पढ्नसक्ने भएकाले पनि यसको प्रयोग बढ्दै गएको हो। समयको व्यवस्थापनमा सजिलो, पुस्तकालय चाहरीरहनु पर्ने झन्झट नहुने, चौबीसै घण्टा आफूले चाहेको पुस्तक, चाहेको समयमा विद्युतीय माध्यमबाट पढ्न सकिने भएकाले इ-लाइब्रेरी दिन प्रतीदिन लोकप्रिय बन्दै गैरहेको छ। पेनड्राइभ वा कुनै डिभाइसमा राखेर घर लगी कम्प्युटरमा राखेर पनि पढ्न सकिने हुँदा शहर तथा ग्रामीण सबै क्षेत्रमा यसको प्रयोगकर्ताहरू बढिरहेको पाइन्छ।

अहिले संसारमा भएको जुनकुनै देशको भाषा, धर्म, संस्कृति, साहित्य, विषय र विधाको ज्ञान इन्टरनेटमा सजिलै हेर्न सुन्न र पढ्न सकिन्छ। ई-लाइब्रेरीमा पुस्तकहरूलाई कम्प्युटर वा स्मार्टफोन मोबाइलबाट श्रब्यदृष्य सामग्रीहरू छिटोछरितो गरी हेर्नु सुन्न सकिन्छ। प्रायजसो सूचना सामग्रीहरू अनलाइनमा पढ्न, सुन्न र हेर्न सकिने खालका हुन्छन् यद्यपी कतिपयलाई पैसा तिरेर किन्नु पर्ने पनि हुन्छ। त्यसैगरी कतिपय सूचना र ज्ञानका सामग्रीहरू निःशुल्क डाउनलोड गर्न मिल्ने र मिलने खालका हुन्छन भने कतिपय अनलाइन हुँदा मात्र पढ्न मिल्ने गरी राखिएको हुन्छ।

बजारमा पाउन छाडिएका पुस्तक र अन्य सहयोगी सन्दर्भ सामग्रीहरू ई-लाइब्रेरीको कम्प्यूटरमा इन्टरनेट लिंक राखिने चलन पनि हुन्छ। जसले गर्दा पाठकलाई चाहिएको सन्दर्भ सामग्री सहजै पाउन सकिने भएकोले पनि ई-लाइब्रेरीको लोकप्रियता झन्झन् बढेको छ। विद्वान्, अध्येता तथा अनुसधानकर्ता, स्तम्भ लेखक, पत्रकार लगायत सबै किसिमका पाठकहरूको लागि ई-लाइब्रेरीको महत्व दिनानुदिन बढ्दै गैरहेको छ। किताब बोकेर हिंड्न भन्दा मोबाइलमै डाउनलोड गरेर उपन्यास तथा अन्य पाठ्यसामग्री बोकेर आफूलाई मन परेको ठाउँमा बसेर पढ्नेहरूको संख्या बढेको पाइन्छ।

यद्यपी बर्तमान् अवस्थामा दिन दिनै लोकप्रियता बड्दै गैरहेको इ-लाइब्रेरीको मागलाई सरकारी, गैरसरकारी तथा विभिन्न शैक्षिक संघ संस्थाहरूले माग भएअनुसारको इ-लाइब्रेरीको व्यवस्थापन गर्न नसक्दा परम्परागत पुस्तकालयको नै भर पर्नु परेको पाइन्छ। हाल उपलब्ध भईरहेको स्रोत र साधन अनुसार नै पुस्तकालय इ-लाइब्रेरीको व्यवस्थापन गर्ने गरिएको छ। धेरै जसो शैक्षिक संस्थाहरूमा पुस्ताकालय भवन भित्र कुनै एक ठाउँमा ५/६ वटा कम्प्युटर राखेर इ-लाइब्रेरी सञ्चालन गर्ने गरेको पाइन्छ। भर्खर नयाँ खोलिएका स्कुल कलेजहरूमा भने इ-लाइब्रेरीको लागि भनेर छुट्टै भवन निर्माण गरेको पनि पाइएको छ। यसरी हेर्दा पुराना पुस्तकालयहरूले बिस्तारै इ-लाइब्रेरी व्यवस्थापन तथा सन्चालनलाई जोड दिदै आइरहेको र नयाँ खुल्दै गरेका शैक्षिक सस्थाहरूमा इ-लाइब्रेरीलाई बिशेष जोड दिएको पाइएको छ। केही समय अगाडि देखि नै खोज तथा अनुसन्धानात्मक थेसिस, लेख, रचना तथा बिभिन्न रिपोर्टहरू लेख्दा इ-लाइब्रेरीको प्रयोग गर्ने गरिएको थियो। वर्तमान अवस्थामा स्कुल कलेजहरूले नै आफ्नो शैक्षिक सस्था राम्रो देखाउनको लागि हाम्रोमा इ-लाइब्रेरीको राम्रो व्यवस्था रहेको छ भनी प्रचारप्रसार समेत गर्ने गरेको देखिन्छ। यसबाट भन्न सकिन्छ हाल इ-लाइब्रेरीको महत्व र यसको उपयोगीता व्यापकरूपमा बढ्दो छ। धेरैजसो कलेजहरूमा लाइब्रेरीलाई नै डिजीटाइज गर्ने र लाइब्रेरी अटोमेसन स्वचालीकरण गर्ने गरेको पाँइन्छ। जसले गर्दा इ-लाइब्रेरीहरूको व्यवस्थापनामा वृद्धि भईरहेको छ।

परम्परागत पुस्तकालयमा छुट्टाछुट्टै बिषयका पुस्तकहरूलाई छुट्टाछुट्टै र्याक वा छुट्टै पुस्तकालय भए झै इ-लाईब्रेरी अन्तर्गत छुट्टाछुट्टै बिषयलाई भिन्दाभिन्दै वेबसाइटहरूको विकास भएको छ। उदाहरणकोलागि कोर्नेल युनीभर्सिटी लाइब्रेरीले कृषि अनुसन्धानको लागि एगोरा डाटाबेस बनाएको छ। त्यसैगरी विश्व स्वास्थ्य संगठनले ठूला प्रकाशन गृहसँग मिलेर विश्वका १२० वटा विकाशोन्मुख देशहरूले प्रयोग गर्न पाउने गरी हिनारी डाटाबेसको बिकास गरेको छ। जसमा १५,००० जर्नलहरू, ६०,००० इ-बुक (किताब) हरू र १०५ भन्दा

बढी अन्य सोध तथा अनुसन्धानात्मक लेख, रचना र रिपोर्टहरू समाबेश गरिएको छ। जुन स्वास्थ्य शिक्षा तथा अनुसन्धानसँग सम्बन्धित रहेका छन्।

यस्ता विविध बिषयहरूसँग सम्बन्धित लाखौं करोडौं डाटाबेसहरू ईन्टरनेटको माध्यमबाट हामीले संसारको जुनसुकै कुनामा बसेर पनि पढ्न सक्छौं। गुगल, विकीपेडिया लगायत थुप्रै सर्च इन्जिन, वेबसाइट तथा पोर्टलहरू भित्र रहेका पाठ्यसामाग्रीहरू नै इ-लाइब्रेरीका ज्वलन्त उदाहरण हुन्। छुट्टाछुट्टै बिषयका छुट्टाछुट्टै वेबसाइट र पोर्टलहरूमा सम्वन्धित बिषयको व्यापक मात्रामा सन्दर्भ सामाग्रीहरू समाबेश गरिएको हुन्छ।

जसरी अहिले पत्रपत्रिका पढ्नेहरूले मोबाइल र ल्यापटपमा समाचारहरू पढ्न थालेका छन, त्यसैगरी पुस्तक पढ्नेहरूले मोबाइल र ल्यापटपका स्क्रीनहरूलाई स्क्रोल गर्दै पढ्ने बानीको विकास भईरहेको छ। मुख्यतया परम्परागत पुस्तकालयको ठाउँमा इ-लाइब्रेरीको महत्व बढ्नुको कारण प्रविधिको विकास, पढ्न सजिलो, चाहिएको सामाग्री छिट्टै उपलब्ध गर्न सकिने। पुस्तक प्रकाशित भएर पाठकको हातमा पर्न निकै समय लाग्ने तर इ(लाइब्रेरी अन्तर्गत प्रकाशित पुस्तक, जर्नल, रिपोर्ट, थेसिस, विभिन्न अनुसधानात्मक लेख रचाना आदि तत्काल पाठकको स्क्रीनमा उपलब्ध हुने। बर्षौं अगाडि प्रकाशित पुस्तकहरू च्यातिएको, ढुसी लाग्ने, खोल्दा धुलो निस्कने अवस्थामा हुनेहुँदा पाठकलाई सजिलो इ-लाइब्रेरीको प्रयोग नै हुने। कतिपय बिषयका ठुलाठुला ८-९ किलोका पुस्तकहरू उचालेर राख्नै गार्हो पर्ने भएको पनि इ-लाइब्रेरीको मह्त्व बढेको छ। पुस्तकालय प्रणाली अनुसार वर्गीकरण गरेर मिलाएर राखिएका पुस्तकहरू पाठकलाई खोज्न समय लाग्ने। मोवाइल, ल्यापटप, किन्डल, आइप्याड जस्ता डिभाइस तथा उपकरण सजिलै बोक्न सकिने, तथा आफूलाई मन परेको स्थानमा गएर पढ्न सकिने भएकोले पनि इ-लाइब्रेरीको महत्व बढ्दै गएको छ। पुस्तकालय भवन धाउनुको सट्टा घरमै बसीबसी पढ्न सकिने। बिश्वको कुनै कुनामा प्रकाशित सामाग्री सजिलै उपलब्ध हुने लगायतका थुप्रै फाईदा भएको हुनाले इ-लाइब्रेरीको महत्व दिन दिनै बढ्दै गैरहेको छ। एउटै यन्त्र (कम्प्युटर, मोबाइल, किन्डल, आइप्याड आदी) भित्र सयौको सख्यामा पुस्तक लगायतका पठ्य सामाग्रीहरू राख्ने सकिने। त्यसै गरी पुस्तक छपाउन देखी आयात निर्यात गर्न पनि बिभिन्न कर तथा शुल्कहरू तिर्नु पर्ने हुन्छ, इ-लाइब्रेरी अन्तर्गत त्यस्ता कर र शुल्कहरू तिर्नु नपर्ने हुनसक्छ। इ-लाइब्रेरीको व्यवस्थापनमा शुरुमा खर्च भएको जस्तो देखियता पनि एक पटकको खर्च पछी घरी घरी नयाँ पुस्तक किनेर पुस्तकालयमा राख्ने जस्तो खर्च हुँदैन। त्यैसैले इ-लाइब्रेरी मितब्ययी हुन्छ। एउटै सामाग्री संसारको थुप्रै ठाउँहरूबाट एकै समयमा पढ्न सकिन्छ। परम्परागत पुस्तकालय निर्माणको लागि बिशाल भौतिक समरचनाको निर्माण गर्नु पर्दैन। एउटा पुस्तक छाप्ने कागजको लागि थुप्रै रुखहरू काट्नु पर्ने हुन्छ, यदी इ-लाइब्रेरीको बिकास गर्दै जाने हो भने रुख बिरुवाहरू काट्नु पर्दैन। वन विनास रोक्नमा मद्दत पुग्छ।

परम्परागत पुस्तकालय भित्र राखिएका सामाग्रीहरू लामो समयसम्म जतन गरी राख्न नसकिने, किरा-धुलोले हानी गर्ने, झुत्रो भएर च्यातिने हुनसक्छ भने इ-लाइब्रेरी व्यवस्थापन पछि लामो समय जतन गरी राख्न सकिन्छ। चाहिएको बेला जुनसुकै स्थानमा सजिलै उपलब्ध गर्न सकिने हुन्छ। यद्यपी प्रविधीले ढोका नदिने भन्ने त हुँदैन। कहिलेकाही बिध्युतको अभाब, ब्याट्री तथा जेनेटरको लागी थप खर्च लाग्ने हुनसक्छ। दुर दराजका गाउँहरूमा बिजुली तथा इन्टरनेटको पहुँच नपुगेको ठाउँमा इ-लाइब्रेरी सन्चालन गर्न नसकिने पनि हुनसक्छ। इ-लाइब्रेरी अन्तर्गत नेपाली पठ्य सामाग्रीहरू प्रशस्त मात्रामा राखिएको छैन, विस्तारै नेपाली प्रकाशकहरूले पनि इ-लाइब्रेरीमा आफ्ना सामाग्रीहरू राख्न थालेका छन। तथापी हाम्रो जस्तो बिकासोन्मुख देशमा इ-लाइब्रेरी व्यवस्थापन र विकासमा सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास गर्न जरुरी छ।

# कीर्तिपुर सार्वजनिक पुस्तकालयको परिचय तथा भावी योजना

- विजय शर्मा
सचिव
कीर्तिपुर सार्वजनिक पुस्तकालय

### १. पृष्ठभूमि

कीर्तिपुर नेपालको केन्द्रीय राजधानी रहेको जिल्ला काठमाण्डौंमा अवस्थित एक ऐतिहासिक स्थान हो । यहाँका मूल बासिन्दा नेवार समुदायका भएपनि पछिल्लो समय राजधानीमा बसाइँसराइ तीव्र हुँदै जाँदा अन्य समुदायका मानिसहरूको पनि बाक्लो उपस्थिति रहेको छ । राजधानीका अन्य स्थानमा बसोबास गर्ने बासिन्दा भन्दा कीर्तिपुरमा बसोबास गर्ने बासिन्दाको शैक्षिकस्तर तुलनात्मक रूपमा उच्च रहेको अनुमान गर्न सकिन्छ जसको कारण नेपालको सबैभन्दा ठूलो र पुरानो शैक्षिक संस्था "त्रिभुवन विश्वविद्यालय" भएर पनि हुनसक्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रहेको सङ्कलन, पाठक सङ्ख्या, प्रदान गर्ने सेवा, ई-रिसोर्सेस आदिले नेपालकै ठूलो पुस्तकालयका रूपमा परिचित त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय पनि कीर्तिपुरमा नै रहेको छ । विश्वविद्यालय पुस्तकालय शैक्षिक पुस्तकालय भएकाले यसका निश्चित नीयम र मापदण्ड हुन्छन् जसले गर्दा आम समुदायको पहुँचभित्र नपर्न पनि सक्दछ । त्यसैले समुदायमा निरन्तर ज्ञानआर्जन गर्ने वातावरण बनाई आम मानिसमा अध्ययन संस्कृतिको विकास गरी शिक्षित, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न स्थानीय स्तरमा सार्वजनिक वा सामुदायिक पुस्तकालयको प्रभावकारी सञ्चालन हुनु अनिवार्य महशुस भई समुदायका व्यक्तिहरूको सामूहिक भेलाबाट मुनाफारहित, जनहितकारी, सेवामूलक, गैरराजनीतिक सामाजिक/शैक्षिक संस्थाको रूपमा सार्वजनिक पुस्तकालयको स्थापना गर्ने निर्णय भयो । सोही अनुरूप कीर्तिपुर नगरपालिकाको सहयोगमा कीर्तिपुर यातायात कम्पनीको भवन, नयाँबजारमा मिति २०७५ साउन १५ गते कीर्तिपुर नगरपालिकाका मेयरबाट पुस्तकालयको विधिवत् रूपमा उद्घाटन गरी पुस्तकालय सुचारु भएको हो ।

### २. दीर्घकालीन अवधारणा

यहाँका समुदायमा स्थानीय भाषा, संस्कृति, इतिहास र सभ्यताको जगेर्ना गर्दै प्रविधि मैत्री पुस्तकालयको माध्यमबाट समाजमा अध्ययन संस्कृतिको विकास गरी सुसंस्कृत, आधुनिक एवम् प्रतिस्पर्धात्मक क्षमतायुक्त समुन्नत समाजको निर्माण गरी "सुखी समाजः समृद्ध कीर्तिपुर" बनाउने कीर्तिपुर नगरपालिकाको लक्ष्यलाई पूरा गर्न पृष्ठपोषक बन्ने यस पुस्तकालयको दीर्घकालीन अवधारणा रहेको छ ।

### ३. उद्देश्य

पुस्तकालयको उद्देश्य देहाय बमोजिम रहने छ ।

(क) पाठकको माग अनुसारका ज्ञानविज्ञानसँग सम्बन्धित सामाग्री सङ्कलन गरी विभिन्न जातजाति, उमेर, लिङ्ग, समुदाय तथा व्यवसायमा कार्यरत सबैलाई विना भेदभाव पुस्तकालय सेवा प्रदान गर्ने ।

(ख) यस क्षेत्रसँग सम्बन्धित प्रकाशन तथा पर्यटक प्रवर्द्धन, भाषा, संस्कृतिको संरक्षण र ऐतिहासिक तथ्यहरूको अभिलेखीकरण गरी एक पुस्ताबाट अर्को पुस्तामा ज्ञानको हस्तान्तरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने ।

(ग) एक सुबिधा सम्पन्न अत्याधुनिक विद्युतीय सार्वजनिक पुस्तकालय सेवा सञ्चालन गर्ने ।

(घ) पुस्तकालय तथा सूचना विज्ञान र यससँग सम्बन्द्धित क्षेत्रमा सक्रिय संलग्नता जनाउँदै यस क्षेत्रलाई सशक्तताका साथ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापना गर्ने, गराउने ।

(ङ) अन्य पुस्तकालय, संघ, सङ्गठन र संस्थाहरूसँग सम्बन्ध विस्तार गरी पुस्तकालय तथा सूचना क्षेत्रको प्रवर्द्धनको लागि काम गर्ने ।

(च) कीर्तिपुर नगरपालिकामा पुस्तकलयको स्थापना, विकास र विस्तारको क्षेत्रमा पैरवी गर्ने ।

### ४. पुस्तकालय सञ्चालन समिति

यस पुस्तकालय उचित सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कीर्तिपुर नगरपालिका मेयर श्री रमेश महर्जनको संरक्षकत्वमा देहाय बमोजिमका महानुभावहरू सल्लाहकार रहने गरी ११ सदस्यीय कार्यसमिति रहेको छ ।

**संरक्षक:**
श्री रमेश महर्जन, मेयर कीतिपुर नगरपालिका

**सल्लाहकारहरू:**
श्री सरस्वती खड्का, उपमेयर, कीर्तिपुर नगरपालिका
श्री हिराकाजी महर्जन, पूर्वमेयर, कीर्तिपुर नगरपालिका
श्री शम्भुराम महर्जन, अध्यक्ष, सहिद स्मारक कलेज, कीर्तिपुर
श्री अमन महर्जन, वडा नं. १० अध्यक्ष, कीर्तिपुर नगरपालिका
श्री सुमन पोखरेल, कार्यपालिका सदस्य, कीर्तिपुर नगरपालिका

**कार्यसमिति:**
श्री रमेशकुमार भुसाल -अध्यक्ष
श्री कमला भुसाल - उपाध्यक्ष
श्री विजय शर्मा - सचिव
श्री कल्पना सुनार - कोषाध्यक्ष
श्री कृष्णप्रसाद अधिकारी - सदस्य
श्री ईश्वरमुनि बज्राचार्य - सदस्य
श्री मिलनमान महर्जन - सदस्य
श्री निर्मला महर्जन - सदस्य
श्री केशरत्न बज्राचार्य - सदस्य
श्री लोकलाल महर्जन - सदस्य
श्री संगीता उप्रेती - सदस्य

### ५. ज्ञान सामग्रीको सङ्कलन

यस पुस्तकालय स्थापना भएको एक बर्षसम्ममा कीर्तिपुर नगरपालिकाको नीयमित बजेटबाट खरिद गरिएका र उपहार स्वरूप नेपाल भारत पुस्तकालय, साहित्यकार उन्नती शिला बोहोरा तथा अन्य व्यक्ति र संस्थाहरूबाट प्राप्त विभिन्न भाषाका ८५० थान भौतिक पुस्तकहरू रहेका छन् । पुस्तकका साथसाथै यस पुस्तकालयमा कान्तिपुर, गोरखापत्र र नागरिक राष्ट्रिय दैनिक र पुस्तकालय आवाज मासिक पत्रपत्रिकाहरू आउने गर्दछन् ।

### ई-पुस्तकालय

पुस्तकालयमा अध्ययनका लागि भौतिक सामग्रीका साथसाथै स्कुलदेखि स्नातकोत्तर तहसम्मका पाठकहरूलाई मध्यनजर गरी ई रिसोर्सेसहरूको पनि व्यवस्था गरिएको छ । साझा शिक्षा ई-पाटीको इन्टरनेट विना नै अध्ययन गर्न सकिने ई-पुस्तकालयको व्यवस्था गरिएको छ । त्रि.वि.केन्द्रीय पुस्तकालयको सहयोगमा International Network for the availability of scientific publication (INASP) बाट प्राप्त हुने ई-रिसोर्सेसहरू र अन्तर्गतका निःशुल्क प्रयोग गर्न सकिने डाटाबेसका साथै अन्य डाटाबेसहरू DOAJ Research4life, DOAB Nepjol, Digital Himalaya आदि सहजै प्रयोग गर्ने व्यवस्था गरिएको छ। पुस्तकालयको लागि नगरपालिकाले निःशुल्क इन्टर नेटको व्यवस्था छ ।

### ७. पुस्तकालयको भौतिक सम्पत्ति

यस पुस्तकालयमा पाठकको प्रयोजनका लागि १० थान कम्प्युटर, ४ थान टेबुल, १० थान कुर्सी, १ थान सर्भर कम्प्युटर, १ थान प्रिन्टर, २ थान पुस्तक दराज र १ थान टेबुल तथा कुर्सी अफिस प्रयोजनका लागि राखिएको छ ।

### ८. पुस्तकालय खोल्ने समय र कर्मचारी

हाल पुस्तकालय हप्ताको एक दिन आइतबार बाहेक हरेक दिन दिउँसो १ बजेदेखि ६ बजेसम्म खुल्ने गरेको छ । तोकिएको समयमा पुस्तकालय नीयमित खोल्नका लागि दैनिक न्यूनतम् खाजा र यातायात खर्च दिने गरी पुस्तकालय तथा सूचना विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण एक जनालाई स्वयम्सेवकका रूपमा राखिएको छ ।

## ९. पाठक सङ्ख्या

अध्ययन कक्ष र प्रचारप्रसारको अभावमा हालसम्म यस पुस्तकालयमा अध्ययन गर्न आउने पाठकको सङ्ख्या अत्यन्त न्यून रहेको छ। पुस्तकालयमा पाठकहरूलाई छुट्टै अध्ययन कक्ष नभएकाले पनि दैनिक पाठक सङ्ख्या कम भएको महसुस गरी आगामी भाद्र १ गतेदेखि पाठकहरूलाई छुट्टै अध्ययन कक्षको व्यवस्था गर्ने योजना बनाइएको छ।

## १०. सदस्यता प्रकार

यस पुस्तकालयका ६ प्रकारका सदस्यहरूको प्रदान गर्ने व्यवस्था गरिएको छ।

| | |
|---|---|
| (क) साधारण सदस्य | (ख) संस्थापक सदस्य |
| (ग) आजीवन सदस्य | (घ) मानार्थ सदस्य |
| (ङ) संस्थागत सदस्य | (च) पाठक सदस्यता |

## ११. पुस्तकालयको आर्यस्रोत

यस पुस्तकालयको स्थापना गर्न आ.व. २०७४/०७५ मा कीर्तिपुर नगरपालिकाले रू.४,००,००० बराबरको कम्प्युटर, दराज, टेबुल, कुर्चीहरू उपलब्ध गराएको थियो भने पुस्तकहरू खरिदका लागि रू. १,००,००० प्रदान गरेको थियो। त्यसैगरी आ. व. २०७५/०७६ मा पुस्तकालयको दैनिक कार्य सञ्चालन गर्न पुस्तकालयले माग गरे बमोजिम रू. १,०६,०००/-(एक लाख छ हजार मात्र) प्रदान गरेको छ भने सोही आ.व.मा विनीयोजित रकमबाट रू. एक लाख बराबरका विभिन्न शीर्षकका पुस्तक पुस्तकालयको प्रथम वार्षिकोत्सव समारोहमा नगरपालिकाका मेयरले हस्तान्तरण पनि गरेको पाइन्छ। यसका साथै ३ नं. प्रदेश शिक्षा निर्देशनालय आ.व. २०७५/०७६ को वजेटबाट रू. ३०,०००/-(तीसहजार मात्र) प्राप्त भएको छ।

## १२. पुस्तकालयको भावी योजना

यस पुस्तकालयलाई भाविष्यमा कीर्तिपुर नगरपालिकाको सहयोगमा सञ्चालित नेपालकै नमुना सार्वजनिक पुस्तकालयका रूपमा स्थापित गराउने मूल लक्ष्यका साथ तत्कालका लागि देहाय बमोजिमका कार्य योजनाहरू अगाडि सारिएको छ। जस अनुसारः

क) पाठकहरूलाई प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्नका लागि ज्ञान सामग्रीको छनोट, सङ्कलन, व्यवस्थापन, सम्प्रेषण र संरक्षणका लागि निश्चित नीयम बनाई सञ्चालन गरिने छ।

ख) हाल एउटा कोठामा मात्र पुस्तकालय सञ्चालन हुदै आएकाले पाठकलाई अध्ययन गर्न असुविधालाई ध्यानमा राख्दै तत्काल पुस्तकालयका लागि थप एउटा कोठाको व्यवस्था गरिने छ।

(ग) पाठकको माग, रुचि र आवश्यकता अनुसारको पठन सामग्रीको सङ्कलनलाई प्रथमिकता गरिने छ।

(घ) समाजमा अध्ययन संस्कृतिको विकास तथा सचेतनाका लागि रचनात्मक, शिक्षामूलक, सूचना तथा ज्ञानमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ।

(ङ) कीर्तिपुको बारेमा अध्ययन, अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूको सहजताका लागि कीर्तिपुर सम्बन्धी प्रकाशित पुस्तक, पत्रपत्रिका, जर्नल, रिपोर्ट, अडियो, भिडियो, डकुमेन्ट्री आदिका लागि छुट्टै कक्ष स्थापना गरी सङ्कलन र संरक्षण गरिने छ।

(च) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विशेष क्षमता भएकाहरूको पुस्तकालयसम्म सहज पहुँच पुऱ्याउन महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विशेष क्षमता भएका नागरिक मैत्री पुस्तकालय सेवा प्रदान गर्ने व्यवस्था गरिने छ।

(छ) कीर्तिपुर नगरपालिकाको सहकार्यमा अन्य बडाहरूमा पनि शाखा बिस्तार गरी वडास्तरीय पुस्तकालयहरू विस्तार गरिनेछ।

(ज) पुस्तकालयलाई आवश्यक पर्ने कर्मचारी नीयुक्त गर्ने तथा सेवा सर्तहरू निर्धारण गर्ने।

(झ) पाठकहरूको सहजताका लागि घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ।

(ट) बालवालिकालाई पुस्तकालयप्रति आकर्षण बढाउनका लागि वेला वेलामा चित्रकला, वक्तृत्वकला, रिडिङ्ग, राइटिङ्ग कम्पिटिसन आदि जस्ता अक्तिरित कियाकलापहरू सञ्चालन गर्ने।

(ठ) ऐतिहासिक महत्वका ज्ञान सामग्रीहरूलाई डिजिटाइजेसन गरी राखिनेछ ।

(ड) पुस्तकालयको छुट्टै वेवसाइट बनाई पाठकहरूलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२. निस्कर्ष**

सार्वजनिक पुस्तकालयलाई जनताको विश्वविद्यालय पनि भन्ने गरिन्छ । जहाँ उमेर, लिङ्ग, वर्ग, पेसा, शैक्षिक योग्यता, धर्म, भाषा आदिका आधारमा भेदभाव वा पुस्तकालय प्रयोगमा कुनै रोक तोक हुँदैन । यहाँसम्म कि पुस्तकालय खुल्ने र बन्द हुने समय समेत पाठकको सहजता र अनुकूलतालाई मध्यनजर गरेर तोकिएको हुन्छ । सार्वजनिक पुस्तकालय हरेक स्थानीय निकायका अभिन्न अङ्गका रूपमा लिइन्छ ।

कीर्तिपुर सार्वजनिक पुस्तकालय मुख्यतया कीर्तिपुरमा अस्थायी वा स्थायी रूपमा वसोबास गर्ने समुदायलाई लक्षित गरी कीर्तिपुर नगरपालिकाको सहयोगमा स्थापना गरिएको पुस्तकालय हो । त्यसैले यस पुस्तकालयले प्रदान गर्ने सेवाबाट यहाँका सबै वर्ग तथा समुदाय लाभान्वित हुने कुरा निश्चित छ । सार्वजनिक पुस्तकालयले प्रदान गर्ने सेवा स्थानीय समुदायको आवश्यकता, माग र रुचिलाई ध्यानमा राखेर गरिने हुँदा यस पुस्तकालयले पनि यस वर्षदेखि यहाँको समुदायसँग निरन्तर अन्तरक्रिया गरी उनीहरूको माग र रुचि अनुसारका पाठ्यसामग्रीको सङ्कलन गर्ने र उनीहरूको अनुकूलतालाई ध्यानमा राखेर पुस्तकालय खोल्ने र बन्द गर्ने समय निर्धारण गर्ने योजना रहेको छ । पुस्तकालय विशेषत कीर्तिपुर नगरपालिकाको “यस कीर्तिपुर नगरपालिकालाई ज्ञान, विज्ञान, संस्कृति र विकासबाट सम्वृद्ध बनाउने” उद्देश्यलाई सार्थक बनाउन एक नमुना सार्वजनिक पुस्तकालयका रूपमा स्थापित भई विश्वमा चिनाउने लक्ष्यका साथ स्थापना गरिएकाले कीर्तिपुर नगरपालिकाको समन्वयमा अन्य पुस्तकालयहरूको अभिभावकत्व ग्रहण गर्ने छ । साथै यस पुस्तकालयले कीर्तिपुर नगरपालिकासँग सम्बन्धित इतिहास, भाषा, संस्कृति, धर्म, सीप, कला, पौरख, रितिरिवाज (विशेषतः नेवार समुदायका) आदिलाई अमूल्य निधिका रूपमा आत्मसात् गरी तिनको सङ्कलन र दिगो संरक्षण गर्ने कार्य गर्ने छ ।

अन्तमा, यो पुस्तकालय कीर्तिपुर नगरपालिकाले अगाडि सारेको “सुखी कीर्तिपुरबासीः समृद्ध कीर्तिपुर नगरबासी” भन्ने नारालाई सार्थक बनाउन सहयोग पुऱ्याउन सोही नगरपालिकाको सहयोगमा सञ्चालित सार्वजनिक पुस्तकालय हो । त्यसैले नेपालको वर्तमान संबिधान २०७२ लाई आत्मसात गर्दै हरेक स्थानीय निकायले कम्तीमा एउटा सार्वजनिक सार्वजनिक पुस्तकालय सञ्चालन गर्न वान्छनीय देखिएकोमा प्रारम्भमै आफ्नो नगरपालिकामा कम्तिमा एउटा सार्वजनिक पुस्तकालय सञ्चालन गर्नुपर्छ भन्ने दायित्व महसुस गरी यस कीर्तिपुर सार्वजनिक पुस्तकालय स्थापनादेखि नीयमित सञ्चालनमा समेत सहयोग गर्दै आएकोमा त्यस नगरपालिकाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

# सानैदेखि लगाऊ बानी पुस्तक पढून हाम्रा नानी

- निमा धिताल (पण्डित)
पुस्तकालय अधिकृत
नेपाल गुणस्तर तथा नापतौल विभाग

"Libraries are the future of reading" - Courtney Milan

“A library is not a luxury but one of the necessities of life.” - Henry Ward Beecher

नेपालको संविधान २०७२ जारी भई कार्यन्वयनमा आएसंगै देश संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थामा सञ्चालन भएको छ। मुलुकले समृद्ध नेपाल, सुखी नेपाली भन्ने राष्ट्रिय सोच अगाडि सारेको छ। सम्बृद्धिको आधार शिक्षा हो। सबै प्रकारका शिक्षाको मेरुदण्ड पुस्तकालय क्षेत्र हो। जीवनोपयोगी व्यावहारिक ज्ञानसेवा पुस्तकालयको उपयोगबाट संभव छ। उच्च जनआकांक्षा र परिवर्तित परिवेशलाई आत्मसात गर्दै पुस्तकालय जगत अघि बढ्ने समय आएको छ। यतिवेला पुस्तकालय पेशामा संलग्न व्यक्तित्वहरू, संघ, संस्था तथा सरकारको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय १२ औं पुस्तकालय दिवशको भव्य र सभ्य सफलताको लागि जुटिसकेको छ।

पुस्तकालय ज्ञानको मन्दिर एवं भण्डार हो। यसबाट व्यक्तिले जीवनको लक्ष्य तथा उद्देश्य अनुरूपको मार्गदर्शन प्राप्त गर्न सक्दछ। यो ज्ञानको सागरमा पौडन र ज्ञानरूपी मणि प्राप्त गर्न यसको उच्चतम् प्रयोग र उपयोग आवश्यकता पर्दछ। पढ्ने बानीको विकास एवं संस्कृतीको अभिवृद्धि भएमा व्यक्ति मनदेखि खुसि हुन सक्दछ र सम्वृद्धि चुम्न सक्दछ। पुस्तकालय पाठक, सङ्कलन, विशेषता, उद्देश्य तथा मातृसंस्थाको प्रकृती अनुरूप मुख्य चार प्रकारका हुन्छन्। सार्वजनिक/सामुदायिक, विशेष, शैक्षिक र राष्ट्रिय पुस्तकालय छन्। सबै प्रकारका पुस्तकालयको अन्तिम लक्ष्य जीवन पर्यन्त पढने, सिक्ने, नेतृत्व विकास गर्ने, कला संस्कृतिको विकास, सम्वर्द्धन तथा प्रबर्द्धन गर्ने रहेको हुन्छ। नागरिकको मौलिक हकको रूपमा रहेको सूचनाको हकको प्रयोग गर्ने वास्तविक प्रयोगशाला पुस्तकालय हो। सूचना माथिको पहुँच नागरिकको अधिकार हो। यस अधिकारलाई पुस्तकालय मार्फत् सुनिश्चित गर्न सकिएमा व्यक्ति, समाज राष्ट्रको साथै अन्तर्राष्ट्रिय जगतमा पनि गरिमा बढ्ने निश्चित छ।

शिक्षा विकासको आधार हो। विकासविना सम्वृद्धि संभव छैन। निरन्तर शिक्षाका लागि पुस्तकालय आवश्यक हुन्छ। पुस्तकालय समाज रूपान्तरणको माध्याम पनि हो। पढ्ने बानीले व्यक्तिको अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गर्दछ। पुस्तक पढ्दा, पुस्तकसंग रमाउदा व्यक्तिले जति अन्तरंग खुसीको अनुभूती गर्दछ त्यो सायदै अन्त पाँइदैन। पुस्तकसंग खेल्नु, पढ्नु, प्रयोग गर्नु, ज्ञान लिन, तथा व्यवहारिकरूपमा सक्षम हुन अध्ययनले अवश्य सहयोग गर्दछ। समृद्धि ल्याउने धेरै महत्वपूर्ण तत्वहरूमध्ये ज्ञान एक प्रमुख हो। ज्ञानको विस्तार तथा कुशल व्यवस्थापनको लागि पुस्तकालय उत्तम विन्दु हो।

पठन संस्कृति समाजको समृद्धिको परिसूचक हो। समाज रूपान्तरण र पठन संस्कृति प्रवर्द्धनको लागि पुस्तकालय उत्तम स्थान हो। हाम्रो समाजको मनोविज्ञान पठन संस्कृती मैत्री नभएको अवस्थामा पुर्वाधारको रूपमा पुस्तकालयको विकास र विस्तारलाई लिनु सकारात्मक पक्ष हो। मुलुकको सर्वपक्षिय विकास, विविधताको सम्बोधन, र सहभागिताको लागि कार्यन्वयन भइरहेको संघीय शासन व्यवस्था पुस्तकालयको विकास र विस्तारको लागि पनि अवसरको मैदान हो। यो मैदानमा खेल्ने सबै सरोकारवालाहरूको सोचमा परिवर्तन, तीव्र इच्छाशक्ति, प्रतिबद्धता र जागरुकताको खाँचो छ। संविधानतः हरेक समुदायलाई आफ्नो भाषा, संस्कृति, तथा लिपी संरक्षण र सम्वर्द्धनको अधिकार प्रदान गरेको छ। त्यसैगरि संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायीत्व शीर्षक अर्न्तगत धारा ५१ ज (४) मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक

सूचना केन्द्र र पुस्तकालयको स्थापना एवं प्रवर्द्धन गर्ने उल्लेख गरिएकोछ। शिक्षा, स्वास्थ्य र सूचना जस्ता विषय मौलिक हकका रूपमा उल्लेख छन्। त्यसैगरी धारा ३२ मा भाषा तथा संस्कृतिको हक अर्न्तगतको उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृती, साँस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार उल्लेख छ जसको १९ नं. बुदाँमा वाचनालयको सञ्चालन तथा स्थानीय पुस्तकालय व्यवस्थापन गर्नुपर्ने काम, कर्तव्य र अधिकार स्पष्ट छ।

नेपालमा वि.सं. १८६९ भाद्र १५ मा “पुस्तक चिताई तहविल” स्थापना गर्न गीर्वाणयुद्ध विक्रम शाहले जारी गरेको लालमोहरका आधारमा थालनी भएको पुस्तकालय इतिहासले गौरवमय २०७ वर्ष पार गरिसकेको छ। नेपालको पुस्तकालय विकासमा सरकारी, सामुदायिक तथा गैरसरकारी संस्थाहरूको भूमिका उल्लेखनीय रहँदै आएको छ। आम नेपालीलाई सफल, सक्षम र प्रतिस्पर्धी नागरिकको रूपमा सक्षम बनाउन ज्ञानवर्धक सामग्रीहरूका साथै सूचनाको महत्वपूर्ण भूमिका रहन्छ। संविधान प्रदत्त मौलिक हकहरूमध्ये सूचनाको हकलाई सुनिश्चित गरी सोको अधिकतम उपयोग गर्नका लागि सूचनाका स्रोतहरूमा नागरिकको सहज र सरल रूपमा पहुँच पुऱ्याउन पुस्तकालय एवम सूचना केन्द्रहरूको स्थापना र सञ्चालन गाउँस्तरदेखि केन्द्रस्तरसम्म अनिवार्य रूपमा हुनुपर्दछ। समाजको सर्वाङ्गीण विकासको लागि परम्परागत तथा मौलिक ज्ञान, सीप र प्रविधिहरूको संरक्षण, प्रवर्द्धन एवम विकास गर्ने एक सशक्त माध्यम पुस्तकालय हो।

नेपाल सरकार मातहतका तथा मन्त्रालय र विभागका पुस्तकालयहरूको अवस्था निकै दयनीय छ। उच्च पदस्थ प्रशासक, नीतिगत तथा कानुनी, कार्यक्रमगत सबै प्रकारको अवमुल्यन यस क्षेत्रमा भएको अनुभव हुन्छ। फलस्वरूप ज्ञानको तथा सोचको भण्डार पुस्तकालय नीतिगत, प्रशासनिक, संरचनागत, समाजिक तथा आर्थिक रूपमा सम्पन्न हुन सकेका छैनन्।

पुस्तकालयका प्रकार परिभाषित गरिएका छन्। सबै खालका पुस्तकालय सञ्चालन तथा व्यवस्थापनको लागि ऐन कानुनको तर्जुमा भएको छैन। पुस्तकालय तथा सूचना सेवा नीति, २०६४ आएको छ। त्यसैको आधारमा पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ आयो। यो दस्तावेजले सामुदायिक/सार्वजनिक पुस्तकालयको पक्षमा मात्रै बोलेको छ। पुस्तकालय सञ्चालन तथा व्यवस्थापनको लागि हालसम्म कुनैप्रकारको ऐन तथा नियमावली बनेको छैन। बेलगामको अवस्था छ। पुस्तकालय क्षेत्रमा कार्यरत व्यक्तित्वले उच्च पदस्थ प्रशासक सम्म पुस्तकालयको महत्व बुझाउन नसक्नु, नीतिगत तहमा बोध नहुनु तथा बोध गर्न नखोज्ने प्रवृत्ती, पुस्तकालयमा के काम हुन्छ र ? किन चाहिन्छ र पुस्तकालय? भन्ने जस्तो काइ काती लागेको सोच र पठन संस्कृतिको आचरण नभएका कारण यो क्षेत्र पछाडि परेको हो। लोकतन्त्रको प्राणवायुको रूपमा रहेको सूचनाको व्यवस्थापन साथै तल्लो तहमा जनचेतना अभिवृद्धि गर्ने र नीतिगत तहमा आवश्यक सूचना सम्प्रेषकको काम गरी मुलुकको योजना नीति तथा कार्यक्रम निर्माणमा भूमिका खेल्ने पुस्तकालय क्षेत्रको अवस्था यस्तो भएमा कसरी हुन्छ उन्नती, प्रगती र समृद्ध राष्ट्र ? यो विषयमा गम्भिर हुन जरुरी छ।

सन् १९५० को सुगौली सन्धी र १९६५ को सम्झौता परराष्ट्र मन्त्रालयमा नभएको भनिएको छ। ऐतिहासिक दस्तावेज गायब भन्ने दुखित प्रसंग पनि यतिवेला चर्चामा आयो। परराष्ट्र मन्त्री नै अलमलमा देखियो। सन्धी सम्झौताका सक्कल प्रति नेपालका सरकारी पुस्तकालयमा नभएको निष्कर्ष निकालेको छ। राष्ट्रिय अभिलेखालयमा हुनु पर्ने हो की? कानून मन्त्रालयमा? या त परराष्ट्र मन्त्रालयको आफ्नै पुस्तकालयमा? अन्यौलको अवस्था छ। आज पनि परराष्ट्र मन्त्रालयमा व्यवस्थित र दीर्घकालीन पुस्तकालय भएन भने यो अवस्था भोलि पनि आउने छ। उक्त पुस्तकालयले सन्धी सम्झौताहरू र सबै मित्रराष्ट्रसंग भएका कुटनितिक सम्बन्धका दस्तावेजहरूको वैज्ञानिक ढंगले व्यवस्थापन तथा संरक्षण गर्नु पर्दछ। अर्कोतफ राष्ट्रिय अभिलेखालयलाई

सरकारी दस्तावेजको सङ्कलन, सम्बर्द्धन तथा संरक्षण गर्ने गरी विकास गरिनु पनि आवश्यक छ। सूचना लुकाउने, पुस्तकालयकर्मी एवं सूचनासेवीभन्दा बाहिरका व्यक्तिले सूचनाको सङ्कलन तथा व्यवस्थापन गर्दा दस्तावेज हराउने, नासिएर जाने अवस्था पक्कै आउँछ। पुस्तकालय पेशाप्रतिको अवमूल्यनले भावी पुस्तालाई असर गर्दछ। भोलिका लागि पनि सोचौ यो क्षेत्रलाई पुस्तौं पुस्ताको लागि बहुउपयोगी वनाउन सकौं।

हरेक मन्त्रालय, आयोग तथा सरकारी विभागहरूसंग आआफ्ना विशेष प्रकृतीका पुस्तकालय हुन्छन्। यिनीहरूको व्यवस्थापन तथा सूचना सम्प्रेषणमा संवेदनशिलता नहुँदा महत्वपुर्ण सूचना गायब हुन्छन्। यसतर्फ सबैको ध्यान जाओस, ताकी खोजेको समयमा सूचना पाउन सकियोस्।

अब पठन संस्कृतीको पुर्वाधारको रूपमा पुस्तकालयको विकास गरी ज्ञानमा आधारित सभ्य समाज निर्माणमा तीनैतहका सरकार लाग्नु पर्दछ। प्रत्येक स्थानीय तहमा पुस्तकालय कोष खडा गर्ने प्रादेशिक पुस्तकालय स्थापना विकास र विस्तार गर्ने। केन्द्रीय/संघमा संघीय कानून वमोजिमका पुस्तकालय व्यवस्थापन समितिमा पुनरावलोकन गरी ऐन, नियम, कानून तर्जुमा गरी कार्यन्वयन गर्ने। सरकारी पुस्तकालय व्यवस्थापनका तथा सञ्चालन गर्नको लागि समन्वयात्मक सेवामा विविधता तथा एकरूपता कायम गर्न कार्यविधि तयार गरी कार्यन्ययन गर्ने। विषेश पुस्तकालयका रूपमा रहेका सरकारी निकायका पुस्तकालय सञ्चालन तथा व्यवस्थापनको लागि मूल कानूनको पनि आवश्यकता छ। सरकारी पुस्तकालयकर्मीहरूको कार्यक्षेत्र विस्तार गरी पुस्तकालयको नीतिगत कार्यमा जोड दिने साथै पुस्तकालयकर्मीको मनोवल उच्च राखी वृतिविकासका अवसर उपलब्ध गराउने। राष्ट्रिय धरोहरको रूपमा नेपाल राष्ट्रिय पुस्तकालयले भवन निर्माणको लागि जमिन प्राप्त गर्नु हाम्रा लागि गौरवको विषय हो। यसमा नेपाली मौलिकपन झल्कने गरी भाषा, कला, संस्कृति, संरक्षण गर्दै देशको विविधतालाई आत्मसाथ गर्दै समग्र पक्षको प्रतिनिधित्व हुने भवन निर्माण गरी पुस्तकालय सेवा विस्तार गरिनु पर्दछ। नेपाल राष्ट्रिय पुस्तकालय प्रवेश गर्ने जो कोहीले समग्र नेपाल वुझ्न सकोस्।

संघीय शासन प्रणालीमा प्रादेशिक पुस्तकालयको विकास तथा विस्तारमा प्रदेश सरकारको ध्यान जानु पर्दछ। यसमा प्रदेशको सामाजिक विकास मन्त्रालयले जिम्मेवारी लिएर पुस्तकालय कोषको समेत व्यवस्था गर्नु पर्दछ। त्यसैगरी प्रत्येक स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को पुर्ण पालना गर्दै आफ्नो काम कर्तब्य र अधिकार अर्न्तगतको वुदाँ १९ मा उल्लेखित स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापनलाई आत्मसाथ गरी अघि बढ्नु पर्दछ। यसोगर्दा एक स्थानीय तहमा एउटा नमूना पुस्तकालय भएमा मुलुकभर ७ सय त्रिपन्न सार्वजनिक पुस्तकालयले सेवा दिन सक्दछन्। फलस्वरूप ज्ञानको खोजीमा पढ्ने वानीको विकास हुन्छ। जनआवश्यकतामा आधारित सूचना तथा ज्ञानसेवा ती पुस्तकालयले प्रवाह गर्नु पर्दछ। यसोगर्दा सूचनाको हकको उपयोग तथा व्यक्तित्व तथा नेतृत्व विकासको माध्याम पुस्तकालय बन्न सक्दछ। साथै पुस्तकालयकर्मी, संघसंस्था वीचको समन्वयात्मक सम्बन्धले पेशागत मर्यादा उच्च राख्न भूमिका खेल्दछ यसतर्फ हामी सधै सचेत रहनु पर्दछ। नीतीनिर्माण तहका उच्च पदस्थ प्रशासकहरूमा नेपाल शिक्षा सेवा, पुस्तकालय विज्ञान समूहका कर्मचारीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ। सूचना प्रवाहको एकद्वार प्रणाली कायम गरिनु पर्दछ। पुस्तकालयलाई सबैप्रकारको सूचना प्रवाहको केन्द्र बनाउनु पर्दछ। यसले सेवा प्रवाहमा प्रभावकारिता आउनुका साथै सूचनासेवी पुस्तकालयकर्मीको मनोवल उच्च हुने छ। उच्च मनोवलका साथ गरिएका हरेक कार्य उपलब्धीमूलक हुन्छन्।

साँच्चै नानीदेखिको वानीले जीवनभरी प्रभाव पार्दछ। मानिस जन्मजात् गुणहरू लिएर आएको हुन्छ। ती जन्मजात गुण तथा विषेशताहरूलाई वातावरणले प्रभाव पार्दछ। आजको भोगाइ र गराइ भोलिको सिकाइ हो। हरेक अभिभावकलाई लाग्छ आफ्ना सन्तान सचेत, सभ्य, सुसंस्कृत, ज्ञानी र विवेकी बनुन्। हाम्रा सन्तान अध्ययन विना कसरी सिर्जनशील बन्न सक्छन्? निरन्तर

पढ्ने वातावरण कसरी बनाउने? यसतर्फ सोच्ने बेला भएको छ। त्यसैले त "पठन संस्कृतीको पुर्वाधारः पुस्तकालयको विकास र विस्तार" आज सान्दर्भिक हुन पुगेको छ

अन्ततः पढौ र पढाऊ । पढ्ने वानीको विकास आफैबाट गरौं । सबै बालबालिकाहरूले पढ्न सक्ने वातावरणको सृजना गरौ । पठन संस्कृतीको लागि "सानैदेखि लगाउँ वानी पुस्तक पढून हाम्रा नानी" भन्ने सोचका साथ अघि बढौ । सबैमा १२ औ पुस्तकालय दिवसको शुभकामना ।

**सन्दर्भ ग्रन्थहरू**

१. कानून किताब व्यवस्था समिति (२०७२). नेपालको संविधान २०७२, काठमाडौः लेखक ।

२. शिक्षा मन्त्रालय (२०६९). पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९, काठमाडौः लेखक ।

३. नेपाल सरकार. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७४). स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौः लेखक ।

# शैक्षिक पुस्तकालय सुदृढीकरणः चुनौति र अवसरहरू

- **प्रेमराज अधिकारी**
केन्द्रीय वन पुस्तकालय

**सारांश**

संसारका सबै शैक्षिक संस्थाहरूमा पुस्तकालयहरूलाई सबै शाखाहरूको केन्द्रको रूपमा हेर्ने गरिन्छ। पुस्तकालयले शैक्षिक संस्थाको प्राज्ञिक गतिविधिहरूलाई सहयोग गर्दै विद्यार्थी, शिक्षक र कार्यरत सवैमा पठन संस्कृतिको विकास ,पठन पाठन गतिविधिम सहयोग र सहि सूचनाका स्रोतबाट उचित तवरले सूचना प्राप्त गर्ने कलाको विकास गराउनु पर्दछ। २१ औं शताब्दीको सूचना प्रविधिको अवसरलाई पुस्तकालय विज्ञानसँग जोडेर प्रत्येक शैक्षिक पुस्तकालयले एउटा सक्षम सूचना साक्षर नागरिक उत्पादनमा सहयोगी भुमीका खेल्नु पर्दछ।

मुख्य शब्दहरू: शैक्षिक पुस्तकालय, सूचना साक्षरता, ई- पुस्तकालय, सूचनाका स्रोत

**बिषय प्रवेश**

विश्वका हरेक सक्षम देशहरूले आफ्नो कूल बजेटको ठूलो हिस्सा गुणस्तरीय शिक्षा, सूचना तथा यसको विकासमा खर्च गर्ने गरेको पाँईन्छ। देशको आर्थिक, सामाजिक, सांस्कृतिक र मानव विकासका लागि शिक्षा नै पहिलो प्राथमिकतामा पर्दछ। विश्व बैक तथा अन्य संस्थाहरूले गरेको अध्ययन अनुसन्धानले पनि प्रत्येक नागरिकलाई सभ्य, प्रजातान्त्रिक, ज्ञानी, विवेकशिल तथा देश, समाज र विश्वप्रति नै उत्तरदायी बनाउन शैक्षिक संस्थाहरूको महत्वपूर्ण देन हुने दर्शाएको पाईन्छ। विशेषतः हालका शैक्षिक संस्थाहरूले आफ्नो विद्यार्थीहरूलाई कसरी सिर्जनशील, अनुसन्धानात्मक बनाउने भन्ने कुरामा जोड दिने गरेको पाईन्छ। उनीहरूले कसरी एउटा सुक्ष्म कुरामा केन्द्रित भएर नयाँ कुरा (ज्ञानको) सिर्जना गर्ने र त्यसलाई सहि माध्यमबाट प्रस्तुत गर्ने तथा नयाँ माध्यमहरूको प्रयोग गरी सबैमा संक्षेपण गर्ने सिकाउने गुणस्तर शैक्षिक संस्थाका काम भएका छन्। यहाँ जोड खोजेको कुरा पनि यहि नै हो। अहिलेको विश्व परिवेश सूचना प्रविधिका कारण जति खुम्चिए पनि ज्ञान र सूचनामा भने बाढी नै आएको छ। सूचना तथा पुस्तकालय सेवा दिने हाम्रा शैक्षिक पुस्तकालयहरूले आफ्ना पाठकहरूलाई समय सुहाउदो सहि सूचना उचित समय र शैलीमा प्रदान गर्नु आजको आवश्यकता भएको छ। आज पनि हामी हाम्रा पुस्तकालयहरूबाट परम्परागत शैलीमा कार्य सम्पादन सेवा प्रदानमा मात्र सिमित हुने हो भने यो हामी र हाम्रा शैक्षिक संस्थाका लागि ठूलो चुनौति हुने छ। युग सुहाँउदो र पाठकको आवश्यकतालाई ध्यानमा राखी उनीहरूलाई नै सूचना सङ्कलन र विश्लेषण गर्ने काम अवका पुस्तकालयले गर्नु पर्दछ।

**शैक्षिक पुस्तकालयका चुनौतिहरू**

साधारण तया स्कूल, कलेज तथा विश्वविद्यालयका विद्यार्थी शिक्षक र कर्मचारीहरूलाई पुस्तकालय सेवा दिन स्थापना गरिएका पुस्तकालयहरूलाई जनाउने गर्दछ। यी पुस्तकालयहरूले शैक्षिक गतिविधिमा सहयोग पु्याउने र पाठ्यक्रम अनुसारका सामाग्री, पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री उपलब्ध गराउने गर्दछन्। नेपालको सन्दर्भमा पनि पाठ्यसामाग्रीहरू सङ्कलन व्यवस्थापन, वितरण र संरक्षण गर्ने काम शैक्षिक पुस्तकालयहरूले गरिआएको पाईन्छ। यी सबै सेवा र कार्यहरू हरेक शैक्षिक पुस्तकालयका दिनचर्यामा पर्दछन्। परम्परागत सेवा र शैलीका कारण नेपालका शैक्षिक पुस्तकालयहरू व्यवस्थापका हिसाबले संरक्षणका शैलीमा सवल नभएता पनि पाठक सेवा र समय परिवेश अनुसारका सेवा उपलब्ध गराउन नसक्दा दिनप्रति दिन नयाँ पाठकहरूको संख्या भने घट्दै गएको पाँइन्छ। यस परिवेशमा निम्न कुरामा ध्यान दिन सके यस्ता चुनौतिहरूको सहज समाधान गर्न सकिन्छ।

**पाठकको आवश्यकता**

प्रत्येक लेख र भाषणमा भए वमोजिम आजको युग भनेको सूचना प्रविधिको युग हो। यस युगका पाठक पनि प्रविधि मैत्री भइसकेको छन्। ती पाठकको सेवा सुविधा पनि प्रविधि मैत्री नै हुनु पर्दछ। यसको जलन्त उदाहरण अहिलेको Facebook, Twitter र Youtube हरूको प्रयोग हो। जसरी यस्ता सामाजिक संजालमा प्रयोगकर्ताहरू दिनमा २ गुणा रातमा ४ गुणाले बढ्नुको एक मात्र कारण यी र यीनले प्रदान गरेका सेवा

आजको समाजका प्रयोगकर्ताको आवश्यकता र रुची अनुसारको छ । यहाँ पुस्तकालयले आफ्ना सेवा छोडेर यस्ता सेवामा केन्द्रित हुनु पर्दछ भन्ने होइन । यहाँ भन्न खोजेको आजका पाठकलाई उनीहरूको आवश्यकता केलाएर के कस्तो र कसरी, कहाँ खोजिरहेका छन् यही माध्यमबाट सेवा दिनुपर्दछ । आजका शैक्षिक पुस्तकालयहरूले उनीहरूलाई सूचना, सन्दर्भ कसरी खोज्ने कहाँ पत्ता लगाउने सहि स्रोतहरू के के हुन् भनी सिकाउने परिआएका तालिम दिने, गोष्ठी गर्ने गरी पाठकलाई सवल बनाउनु पनि पर्ने हुन्छ । यसले गर्दा उनीहरूको सूचनाको आवश्यकता पुरा हुन जान्छ । आजको विश्व गतिशिल छ । पाठकहरू सधै र सबै पुस्तकालय सम्म नपुग्न पनि सक्दछन् । पुस्तकालयलाई विद्युतीय पुस्तकालयका रूपमा विकास गरेर भएता पनि उनीहरूको माग र आवश्यकता पुरा गर्नु आजका शैक्षिक पुस्तकालयकर्मीहरूको एउटा ठूलो दायित्व हो ।

**सूचनाको पहुँच**

पाठकका आवश्यकता र माग अनुसारको सेवा दिइने वातावरण सिर्जना भएपछि यस्ता सूचनामा कसरी पहुँच पुऱ्याउने भन्ने कुरामा पनि जोड दिनुपर्दछ । सही स्रोत र सन्दर्भहरूको छनोट शैक्षिक पुस्तकालयको सबैभन्दा महत्वपूर्ण कसी हो । सहि स्रोत, सामाग्री छान्न नसक्नु आजका हाम्रा पुस्तकालयहरूका लागि प्रमुख चुनौति भएका छन् । पाठकको आवश्यकता बाहिरका पाठ्यसामग्रीहरूको थुप्रोले अधिकाशं पुस्तकालयहरूलाई गिज्याइरहेको देखिन्छ । “खान पाए भन्दैमा क्वाप्प नखानु, बस्न पाए भन्दैमा थ्याच्च नबस्नु” भन्ने नेपाली उखान झै पाएका सम्मका सबै सामग्री संग्रह गर्न खोज्नु र त्यसको व्यवस्थापनमा रुमल्लीएर न त ति सामग्रीहरू व्यवस्थापन गर्नु न त नयाँ सेवा प्रदान गर्नु आजका अधिकाशं पुस्तकालयहरूको यथार्थ बनेको छ । त्यसैले चाहिने उचित र माग बमाजिमको मात्र सामग्री लिनु व्यवस्थापन गर्नु पर्ने हुन्छ । जति सामग्री छ त्यसको उचित संरक्षण, सम्बर्द्धन र तिनमा पाठकको सहज पहुँचलाई प्राथमिकता राख्नुपर्ने हुन्छ । अगाडि प्रस्तुत भए झै अवका पाठक पुस्तकालयका चौघेरामा रहेर बस्नुपर्छ भन्ने छैन । सेवालाई सूचना, प्रविधिको अधिकतम् उपयोग गदै विद्युतीय पुस्तकालयका विभिन्न माध्यमबाट उपलब्ध गराउन सकिन्छ ।

**सूचना प्रविधि मैत्री**

शिक्षालाई प्रविधिसँग जोड्ने कुरा हरेक देशको शिक्षा नीति, ऐन तथा कानूनमा समेत उल्लेख भएको पाँयन्छ । ई-शिक्षा,ई-कक्षा, ई-सिकाइ, ई-पुस्तकालय, ई-सामग्री आदिजस्ता अवधारणाहरू अबका हरेक शैक्षिक गतिविधिमा समटिएको पाईन्छ । त्यसैले अवका शैक्षिक पुस्तकालयहरूले पनि आफ्ना सेवा सुविधा र योजनाहरूलाई पनि सूचना प्रविधि मैत्री बनाउनु पर्दछ । विश्वको राम्रा शैक्षिक संस्थाको पुस्तकालयहरूले दशकौको अघिदेखि नै पुस्तकालय सेवाहरू सूचना प्रविधिसँग जोडिआएको पाँइन्छ । नेपालमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम संस्थाहरूले यो अवधारणालाई आत्मसाथ गरेका छन् । अव अन्य गर्न बाँकी हाम्रा ठूलो संख्यामा रहेका शैक्षिक पुस्तकालयहरूले आफ्ना कार्यहरूलाई सूचना प्रविधिसँग जोड्नु पर्दछ । विभिन्न हार्डवेयर, सफ्टवेयर निःशुल्क तथा सःशुल्क पाउने अहिले सहज छ । पुस्तकालयले यस्त सुविधा थप गरेर विद्यार्थीहरूलाई शैक्षिक लेख, सन्दर्भसूची निर्माण, सूचना चोरीमा समेत सचेत गराउने जस्ता थप नयाँ सेवा दिन तथा सिकाउन पनि सक्दछन् । शैक्षिक संस्थाहरूमा रहने सूचना प्रविधि शाखासँग सहकार्य गरेर शैक्षिक पुस्तकालयले नयाँ सेवा थप पनि गर्नु पर्ने हुन्छ । शैक्षिक पुस्तकालय र सूचना प्रविधि शाखाले अहिलेको युगमा सहि सूचना र सेवा दिन संयुक्त रूपमा काम गर्नु पर्दछ । पुस्तकालयमा उपलब्ध सूचनाहरूलाई छिटो, छरितो र सहि ढंगले प्रक्षेपण, वितरण गर्न सूचना, प्रविधि अपरिहार्य नै मानिन्छ यसले हरेक काम, सेवा र सुविधाहरूलाई सूचना मैत्री बनाउने योजना वमोजिम अघि बढेको खण्डमा पक्कै पनि हाम्रा शैक्षिक पुस्तकालयले काँचुली फेर्न सक्दछन् भन्ने कुरामा दुईमत छैन ।

**कक्षाकोठा र शिक्षकहरूसंग सहकार्य**

हाम्रो देशको शिक्षा अवधारणामा अवका कक्षाहरू र शिक्षकहरू सूचना मैत्री हुने छन् भन्ने कुरा प्रष्ट लेखिएको पाईन्छ । त्यसैले अवका दिनहरूमा हाम्रो पुस्तकालय तथा सूचना सेवा हरेक कक्षाकोठामा पुग्नु पर्दछ । पुस्तकालयले हरेक पल हरेक पाठकहरूमा सहयोगी हुनु जरुरी छ । त्यसैले अहिलेको कक्षाकोठाको नयाँ अवधारणामा समावेश भएका कर्नर पुस्तकालय, भर्चुअल कक्षा कोठा, ई-सिकाई जस्ता पुस्तकालयबाट प्रदान गर्न सकिने सेवा रहेका छन् । अव हाम्रा शैक्षिक पुस्तकालयका सामाग्रीहरू केवल दराजमा मात्र थुप्रो लगाएर बस्नु हुदैन । यी सामाग्री कसका लागि, कुन

पाठकका लागि उपयुक्त छन् सो वमोजिम कक्षा कोठा मै शिक्षकहरूको उपस्थिति मै पुऱ्याउन सक्नु पर्दछ । अवका शिक्षकहरू पनि सूचना मैत्री भैसकेको अवस्थामा, कुन सामाग्रीले कसरी विद्यार्थीहरूको पठन पाठनमा अध्ययन अनुसन्धानमा, नेतृत्व सृजनशिलतामा सहजीकारण गर्दछन् भन्ने कुरा खुलेर पुस्तकालयकर्मी र शिक्षकहरू विच छलफल चलाउनु पर्दछ । कक्षाकोठामा चाहिने सन्दर्भ पुस्तक तथा स्रोतहरूको बारेमा छलफल र आवश्यकता अनुसार उपलब्ध गराउन सक्नु पर्दछ । कक्षाकोठामा नै चाहिएको बेलामा नै विद्यार्थीहरूले सन्दर्भ सामग्री अध्ययन र छलफल गर्ने वातावरण मिलाउनु पर्दछ । अव रह्यो शिक्षकको कुरा, शिक्षक विषयगत ज्ञानका खानि मानिन्छन् । प्रत्येक शिक्षक आफ्ना विद्यार्थीहरूका लागि उक्त विषयको ज्ञानको भण्डार नै हुन् । यि ज्ञानको भण्डारहरूलाई हाम्रा शैक्षिक पुस्तकालयका पुस्तकालयकर्मी साथीहरूले अझ बढी ज्ञान र स्रोत जुटाइदिन सहयोग गर्नु पर्दछ । पुस्तकालयसँग शिक्षकहरूलाई सहज तवरले जोड्नु नै आजको शैक्षिक पुस्तकालयको एक उत्कष्ट कार्य पनि हो । यदि हामीले हाम्रा शिक्षकहरूलाई पुस्तकालय र तिनमा भण्डारण गरिएका पाठ्यसामग्रीहरूमा पहुँच र सम्बन्धन गर्नु भएको पुस्तकालयले आफ्ना सेवा र सुविधालाई कक्षाकोठासँग जोड्नेतर्फ ध्यान दिनुपर्ने हुन्छ । त्यसै गरी यी सबै सेवा सहज बनाउन हरेक कार्यहरूमा राय, सल्लाह लिनु पर्ने हुन्छ ।जसले गर्दा शैक्षिक पुस्तकालयको सेवा र सुविधा विस्तारमा मद्दत पुग्दछ ।

### जनसम्पर्क र प्रचार प्रसार

चलन चल्तीमा रहेको उखान "बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामाल बिक्दैन" भने झै अवका शैक्षिक पुस्तकालयहरूले आफ्नो सेवाको विस्तार गर्न वा सेवा प्रदान गर्न आफ्नै प्रचार प्रसारमा जोड दिनै पर्दछ । संसारका उत्कृष्ट पुस्तक सूचना, स्रोतहरू पुस्तकालयमा थन्काएर केहि हुनेवाला छैन । आफ्ना सेवा के हुन्, कसरी प्रदान गरिन्छ र आफूसँग के के छ भन्ने वारेमा सम्बन्धित पाठकहरूको बिचमा पूस्तकालयकर्मी पुग्नु पर्दछ । पुस्तकालय क्षेत्रमा के कस्तो विस्तार, विकास भइरहेको छ । ति कुराहरू आफ्नो पुस्तकालयमा कति अनुशरण गर्न सकिन्छ । कसरी सहज वातावरण सृजना गर्न सकिन्छ भन्नको लागि पनि जनसर्म्पक आवश्यक छ । सकारात्मक सोचका साथ विभिन्न पेशा समुहगत सघं, संगठन, व्यक्तिहरूसँगको सम्पर्कले मात्र हाम्रो पुस्तकालयको भविष्य निर्धारण गर्दछ । जनसम्पर्कबाट मात्र हामिले विगतमा गरिएको सेवा सुविधाहरूका वारेमा समिक्षा गर्ने, सुधार गर्न, आलोचनात्मक समीक्षा गर्ने र भावी रणनिति तय गर्न मार्ग निर्देशक गर्दछ । हाम्रा सेवाहरूको प्रचार प्रसार हुन पनि अत्यन्तै जरुरी छ । आज नेपालको सन्दर्भमा हाम्रा शैक्षिक पुस्तकालयहरूको प्रचार प्रसारमा पक्कै पनि कमि आएका छ । जसले गर्दा पुस्तकालयको काम कारवाही सेवा वारेमा आम सरोकारवालाहरूको बुझाई र सोचाई सिमित छ । आज पनि आम सर्वसाधारणहरूले पुस्तकालयलाई स्टोर हाउसको रूपमा र पुस्तकालयकर्मीहरू लाई सुरक्षा गार्डको रूपमा बुझ्नु भनेको पुस्तकालयको महत्व सेवा सुविधाहरूको वारेमा उचित प्रचार प्रसार र सचेतना जगाउन नसक्नु नै हो । हिजोको दिनमा जस्तो विना प्रसार अब पाठक पुस्तकालय धाउने छैन । उनिहरूलाई हाम्रा सेवा सुविधा सहित प्रचार प्रसार गर्नु अझ बढी बजारिकरण गर्नु पनि आजका शैक्षिक पुस्तकालयहरूको चुनौति बनेको छ ।

### सूचना साक्षरता केन्द्र रूपमा पुस्तकालयको विकास

सामान्य तया सूचना साक्षरता भन्नाले आफूलाई चाहिने सूचना भण्डारण गरिएको ठाउँबाट उचित तवरले प्राप्ति गर्नु र ति सूचनालाई विश्लेषण गरि आफु र आफ्नो समुदायको हितमा प्रयोग गर्ने सिपलाई जनाउँदछ । मानव सभ्यतामा शिक्षाको विकासलाई हेर्ने हो भने पहिलो चरणपा पढ्न, लेख्न र हिसाब गर्न सक्ने व्यक्तिलाई साक्षरता भनीयो । दोस्रो चरणमा पढ्न, लेख्नका साथै कम्प्यूटर साक्षरताको विकास भयो । त्यस्तै आज आएर आफुलाई आवश्यक सहि सूचनाहरू प्राप्त गर्नु, विश्लेषण गर्नु, उत्पादन गर्नु र उक्त सूचनाहरूलाई प्रयोग र प्रशारण गर्न मिल्ने गरि तयार पार्नुलाई सूचना साक्षरता भनेर विकास गरेको पाइन्छ ।

कुनै पनि समस्याहरूको सहि समाधान गर्न सूचना आवश्यक हुन्छ । सूचना साक्षरता सिप भनेको अहिलेको सूचना प्रविधिको युगमा सक्षम र सवल हुने ज्ञान हो । यसले कसरी आलोचनात्मक समीक्षा गर्ने, निर्णयमा पुग्ने तथा सूचनाहरूको सञ्जाल भित्रबाट समस्याहरूको समाधान गर्न मद्धत पुऱ्याउदछ । यस कलाले आधुनिक सूचना र तिनका स्रोतहरूमा सहज पहुच पुऱ्याउन मद्धत गर्दछ । हाल सम्पूर्ण निजी तथा

सरकारी संस्थाहरू, देशहरू आफ्नो हरेक प्रणालीलाई सूचना प्रविधिको माध्यमद्वारा सूचना संञ्जालमा जोड्न जोडतोडले लागेको पाईन्छ। यस्तै शैक्षिक पुस्तकालयहरू पनि यस क्षेत्रका लागि सहयोगि सिद्ध हुँदै गएको प्रमाण विदेशमा रहेका शैक्षिक पुस्तकालय र तिनीहरूबाट प्रधान सूचना साक्षरता सेवाले देखाएको छ। अवका नेपालका शैक्षिका पुस्तकालयहरूले पनि यो अवधारण अनुसार अघि बढेर आफ्ना पाठक, विद्यार्थी, अनुसन्धानकर्ताहरूलाई सेवा विस्तार गर्न ढिलो गर्नु हुन्न। कुनै पनि सूचना छिटो, प्रभावकारी र रचनात्मक तवरले प्राप्त गर्नका लागि सूचना साक्षरता हुन जरुरी छ। यस कार्यमा पुस्तकालयले नेतृत्वदायी भूमिका लिनु पर्दछ। विदेशी शैक्षिक संस्थाहरूमा सूचना साक्षरता शिक्षालाई अनिवार्य बनाए झै नेपाली शिक्षा प्रणालीले पनि यो धारणलाई आफ्नो प्रणालीमा जोड्नु पर्ने अब खाँचो छ। यस कार्यमा शैक्षिक पुस्तकालयहरूले पाठ्यक्रम विकास गर्ने देखि निति नीयम तर्जुमा गर्न सक्नेहरूको लागि सुझाव सल्लाह र उदाहरण दिन ढिलो गर्नु हुन्न। परम्परागत शिक्षा प्रणालीलाई युग सुहाउदो परिवर्तन गर्नका लागि पनि अनिवार्य सूचना साक्षरता शिक्षा लागू गर्न जरुरी छ। यस कार्यमा अग्रणी भूमिका हालका पुस्तकालयकर्मिहरूले गर्न सक्नु पर्दछ। यसका लागि सर्वप्रथम आफुहरूलाई सूचना साक्षर बन्न चाहिने ज्ञान, तरिका, अवधारणा, तालिम, शिक्षा, सिपद्धारा सु- शिक्षित हुन जरुरी छ। हाम्रा पुस्तकालयका दिवशहरूका आर्दश वाक्यमा उजागर गरे झै सर्व प्रथम आफूमा पढ्ने शैलीको विकास गर्न सक्नु पर्दछ। पठन शैली र अध्यायन अनुसन्धान बिनाको ज्ञानले हामीले सोचे जस्तो सूचना समाज निर्माण नहुन पनि सक्छ। त्यसैले योगी विवेकानन्दले भने झै शुरु आफैबाट गर्नु पर्दछ। जीवनउपयोगी शिक्षाको रूपमा सूचना साक्षरतालाई लिनु पर्दछ। यो क्षेत्रका वाहक, सञ्चालक, सम्बर्द्धक सबै पुस्तकालयकर्मी नै हुन्। त्यसैले अवका शैक्षिक पुस्तकालयले यस ज्ञान, सिप विस्तार र सृजनामा आफूले नेतृत्वदायी भुमिका लेख्नुपर्ने हुन्छ।

**पुस्तकालयकर्मीको भूमिका**

शैक्षिक पुस्तकालयमा पुस्तकालयकर्मीको कार्य तथा भूमिका बदलिने अध्ययन परिपाटी अनुरूपको हुन जरुरी छ। अवका पुस्तकालयकर्मीहरूले पुस्तकालय तथा सूचना कसरी प्रयोग गर्ने हो बारेका जानकार हुनु पर्दछ। सूचनाको बारेमा विज्ञता हासिल गर्ने तर्फ उद्दत्त हुनै पर्छ। सबैलाई सिकाउन अथवा सहजकर्ताको भुमिका निर्वाह गर्न आफुलाई उक्त विधामा क्षमता विकास गराउन प्रयत्नशील हुनु पर्दछ। सबैले सबै कुरा जानेको हुदैन तर सिक्ने कोशिस भने पक्कै गर्नु पर्छ। यही नै जीवन पर्यन्त अध्ययन सीपको एउटा आसय पनि हो। सूचनाको स्रोतहरू पत्ता लगाउन र ज्ञानको प्रणालीमा यिनिहरूलाई जोड्ने काम पनि पुस्तकालयकर्मीहरू कै हो। अवका पुस्तकालयकर्मीहरूले सूचना ब्रोकर वा सूचना विशेषज्ञको भुमिका निर्वाह गर्नु पर्दछ। कुन सूचना कति हदसम्म सहि हो यसको लेखाजोखा पनि पुस्तकालयले नै निर्कौल गर्नु पर्दछ। सूचना सामाग्री र स्रोतहरूको आवश्यकता, नीति, नीयम र नीयन्त्रणमा पनि संस्था र परिआएको खण्डमा प्रदेश तथा केन्द्रलाई सल्लाह दिने हैसियत विकास गर्नु पर्दछ। अवका पुस्तकालयकर्मीहरूले प्रविधि र संस्कृति सम्पदा विचको साँघुको रूपमा पनि काम गर्नुपर्ने हुन्छ। त्यस्तै पुस्तकालयकर्मीहरूको भूमिका र परिवर्तनशील समाज, शिक्षालाई मनन गरी उनिहरूको आवश्यकता र रुची अनुसार सेवा दिने तथा उनीहरूलाई नै सूचना साक्षर बनाउने तिर अघि बढ्नु पर्ने देखिन्छ।

२१ औं शताब्दीको विद्युतीय परिवेशमा पुस्तकालय तथा सूचना सेवा जो कोही प्राज्ञिकहरूको आवश्यकता बनेको छ। त्यसमा पनि शैक्षिक पुस्तकालय ज्ञान र ज्ञानीहरूको विचको सेतु हो। यसमा कुनै दुविधा छैन। ज्ञान भण्डारण, व्यवस्थापन, वितरण र संरक्षणमा जुटेको पुस्तकालय पेशा अरु पेशा भन्दा अब्बल हुनै पर्दछ। यसका लागि जुट्ने भनेको हामी नै हो। यस पेशाको सम्बृद्धिका लागि देश, प्रान्त, सरकार, सरोकार निकायको मात्र मुख ताक्नु भनेको हामी परिवर्तन हुन नखोज्नु वा नसक्नु भन्ने अर्थ पनि लाग्न सक्छ। आफ्नो पेशालाई मर्यादित, व्यवहारिक र व्यवसायिक बनाउनु प्रत्येक पेशाकर्मीको धर्म र जिम्मेवारी हो। यस लेखमा उल्लेख गरेका केहि नवीनतम अवधारणा साधन मात्र हुन साध्य होईन। अझ बढि उपयोगी, व्यवहारिक सीपमूलक, ज्ञानमूलक शैक्षिक अवधारणाहरूलाई पुस्तकालय सेवामा जोड्ने हो भने यसको श्रीवृद्धीको ढोकाहरू सधै र सबैका लागि खुल्ने छन्।

# नेपालमा हस्तलिखित ग्रन्थ केन्द्र स्थापनाको आवश्यकता

- विणा वैद्य
पुर्व सहलाईब्रेरीयन
त्रि.वि.केन्द्रीय पुस्तकालय
binavaidya64@gmail.com

पुस्तकालयहरूमा पुस्तक, पत्रिका तथा अन्य पाठ्यसामग्री सङ्कलनभन्दा हस्तलिखित ग्रन्थको सङ्कलन वढी महत्वपूर्ण हुन्छ। हस्तलिखित ग्रन्थहरू पुरातत्व, आदि विषयसंग सम्वन्धित प्राचिन दुर्लभ सामग्रीहरू हुन् जुन अहिले खरिद गर्न प्रायः असम्भव छ। यसैले यसलाई जोगाउन अति आवश्यक छ। ती हस्तलिखित ग्रन्थहरू अन्य मुलुकहरूमा भन्दा दक्षिण पूर्व एशियाली मुलुकहरूमा वढी उपलब्ध छन् भन्ने कुरा अर्न्तराष्ट्रिय जगतमा पनि जानकारी भईसकेको हुनाले समय समयमा यसबारे र सम्मेलन गर्ने प्रोजेक्टहरू उपलब्ध गराउने कार्य भईरहेको छ। यी हस्तलिखित ग्रन्थहरूमा सामावेश भएका महत्वपूर्ण सूचनाहरू अनुसन्धान तथा अध्ययनको लागि विद्युतीकरण (Digitization) गरी अनलाईन मार्फत सवै पाठकहरू समक्ष सूचना प्रदान गर्नु यो सम्मेलनहरूको मुख्य उद्देश्य रही आएको छ।

### नेपालमा उपलब्ध हस्तलिखित ग्रन्थहरू

नेपालमा ठूलो संख्यामा हस्तलिखित ग्रन्थहरू रहेका छन् यहाँ सबै भन्दा वढी सङ्कलन तथा संरक्षण निम्न चार पुस्तकलय तथा अभिलेखालयहरूमा उपलब्ध छन्।

| ग्रन्थसंख्या | थान |
|---|---|
| क) राष्ट्रिय अभिलेखालय : | ३०,०००.०० |
| ख) आशा अर्काइभ : | ७०२५.०० |
| ग) त्रि.वि.केन्द्रीय पुस्तकालय : | ५५०.०० |
| घ) केसर पुस्तकलाई : | ६००.०० |

यी चार पुस्तकालय तथा अभिलेखालयहरूमा लगभग ३८ हजार भन्दा बढी (३८१७५।- थान) हस्तलिखित ग्रन्थहरू सङ्कलित रहेका छन्।

हस्तलिखित ग्रन्थहरू उपलब्ध भएका काठमाडौंका अन्य पुस्तकालय तथा अभिलेखालयहरूमा मदन पुरस्कार पुस्तकालय, राष्ट्रिय संग्रहालय, पाटन संग्राहलय, राजदरबार संग्रहालयमा आदि छन। यसको साथै वौद्ध गुम्बाहरू, मठ मन्दिरहरू र केहि निजी घरघरमा पनि हस्तलिखित ग्रन्थहरू रहेका छन्। ती छरिएर रहेका ग्रन्थहरूको यकिन तथ्याङ्क छैन र पहुँच पनि छैन।

यी चार पुस्तकलाई तथा अभिलेखालयमा सङ्कलित हस्तलिखित ग्रन्थहरूको वारेमा तल जानकारी दिने प्रयास गरिएको छ। यहाँ भएका हस्तलिखित ग्रन्थहरूको सङ्कलन धेरै दुर्लभ एवम महत्वपूर्ण भएको र अर्न्तराष्ट्रिय जगतले समेत मान्यता दिएको छ।

यी पुस्तकालय तथा अभिलेखालयमा विभिन्न प्रकारका हस्तलिखित ग्रन्थहरू जस्तैः Palm leaf manuscripts, Rolled Palm Leaf manuscripts, Loose leaf manuscripts folded manuscripts आदि।

### भाषा प्रयोग

यी प्राचीन ग्रन्थहरू संस्कृत, देवनागरी, नेवारी, मैथिली, हिन्दी, अवधी, पाली आदि विविध भाषामा लेखिएका छन्।

त्रि.वि.केन्द्रीय पुस्तकालय र राष्ट्रिय अभिलेखालयमा सुन र चाँदीको अक्षरले लेखेका हस्तलिखित ग्रन्थ समेत रहेका छन्। यी दुर्लभ ग्रन्थहरूले विदेशीहरूलाई निकै आकर्षित गर्ने गरेको छ।

हस्तलिखित ग्रन्थहरूको महत्वलाई बुझी IFLA (International Federation of Library Associations and Institutions) ले प्रत्येक वर्ष आयोजना गर्ने कन्फरेन्समा यो विषयमा कार्यपत्र प्रस्तुती गराउने गर्दछ। गत वर्ष मलेशियामा भएको IFLA WLIC कन्फरेन्समा पनि लेखक लगायत अरु देशका चार जना

साथीहरूले यसै सम्बन्धी कार्यपत्र प्रस्तुती गरेका थियौं ।

- Designing metadata standards for ongoing IFLA work
- Digital union catalogue of Malay manuscripts at the National Library of Malaysia
- Bringing together the theory and practice of manuscripts description at the National Library France
- Developing a strategic programmes for safeguarding Palm leaf manuscripts in Sri Lanka
- Manuscript preservation, conservation digitization and metadata development for documentation access – case studies of four libraries of Nepal

पेपर लेख्न दिएको मुख्य शीर्षक "Fragile careful handling: required manuscript housing conservation and metadata documentation access – strange programe on preservation and conservation (PAC) with rare books and special collection"

**उपलब्ध विषयहरू**

हस्तलिखित ग्रन्थहरू भित्र हिन्दू धर्म, वौद्ध धर्म, चिकित्साशास्त्र, तान्त्रिक शास्त्र, ज्योतिश शास्त्र, वौद्धिक पौराणिक वज्रयान, आयुर्वेद, लालमोहर (कुमारी चोक वाट ल्याएका अफिसियल डकुमेन्टहरू) गुठी संस्थान, सन्धीहरू, ऐतिहासिक तिवेतियन डकुमेन्ट, इच्छा पत्र, सन्धी पत्र, सवालहरू, चिट्ठी पत्रहरू, हिन्दू संस्कार आदि रहेका छन् ।

**संरक्षण (Preservation)**

यी पुस्तकालय तथा अभिलेखालयहरूमा हस्तलिखित ग्रन्थहरूको उचित संरक्षण गरिएको छ । किराले खान नसक्ने खालको पहेलो, रातो, सेतो नेपाली कपडाले पोको पारेर ऱ्याकमा राखेको छ । ग्रन्थ राखेका कोठा भित्र तापक्रम नियन्त्रण तथा Air Conditioning प्रयोग गरेर तापक्रम मिलाईएको छ । राष्ट्रिय अभिलेखालयमा Conservation Laboratory मा ग्रन्थहरू मर्मत गरिसकेपछि वाईन्डीङ्ग गरेर Lignin box मा राख्ने गरिएको छ ।

आशा आर्काइभमा यी ग्रन्थहरू जापानको Nationl Diet Library वाट प्राप्त विभिन्न साईजका काठको बाकसमा राखिएको छ । यी सवै सङ्कलन छुट्टै भवनको पहिलो तल्लामा राखिएका छन् ।

त्रि.वि. केन्द्रीय पुस्तकालय र केसर पुस्तकालयमा पनि विभिन्न नेपाली कपडाहरूमा पोको पारेर ऱ्याकमा राखिएको छ ।

**Meta Data**

यी पुस्तकालय तथा अभिलेखालयमा ग्रन्थहरूको रेकर्ड अन्य वा मेटाडाटा क्याटलगमा इन्ट्री गरिराखेका छन् । तर यी मेटा डाटाहरू एकै प्रकारका छैनन् । त्रि.वि. केन्द्रीय पुस्तकालयमा यी ग्रन्थहरूको abstract सहित डाटावेस समेत उपलब्ध गराएको छ । त्रि.वि.का Buddhist studies मा संलग्न हस्तलिखित विज्ञले सबै ग्रन्थहरूको अध्ययन गरि abstract लेख्नु भएको र सो अनुसार पुस्तकालयले यसको डाटावेश वनाएको छ ।

**Digitization**

यी हस्तलिखित ग्रन्थहरूको Digitization राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म शाखा वाट ३०,०००।- ग्रन्थहरू मध्ये २०,०००।- ग्रन्थहरूको Digitize गरिसकेको छ । वाँकीको काम पनि भइरहेको छ ।

आशा आर्काइभ्समा Palm rolled leaf document हरू बाहेक सबै ग्रन्थहरू (PCAU) Paper Conservation Asia Unlimited गरिसकेको छ । Paml Leaf Rolled manuscript Digitize गर्न नमिल्ने भेएकोले छाडेको भन्ने बुझिएको छ ।

यी पुस्तकलाई तथा अभिलेखालयहरूले आफ्ना सङ्कलित ग्रन्थहरू संरक्षण व्यवस्थापन तथा डिजिटाइजेशनको कार्य सकाएको भएतापनि ति रेकर्डहरू राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा यहा भित्रकै

सूचनाहरू इन्टरनेमा राख्न सकेको भए संसारभरिको पाठकहरूले प्रयोग गर्न सकिने थियो ।

दुर्लभ हस्तलिखित ग्रन्थहरूको सूची निम्न छन् ।

Palm Leaf Manuscripts of Hindu Skanda Puran (लिच्छवी वंशको, विश्वमा सवैभन्दा पुरानो मानिएको - National Archives

1. Sadhharma Pundarika (Palm leaf Buddhist manuscript) लिच्छवी वंशको अर्को पुरानो मानिएको - National Archives
2. Nayabikasini (Manavadharma nyayaha) – King Jayasthithi Malla legal code 1380 A.D.- National Archives
3. Nisvasattatvasamhita (Earliest Surviving Tantric Manuscript)- National Archives
4. Astasaharsrika Prajnaparmita (Sutras based on the Perfection of wisdom in 8000 Slokes based on highest value of Buddhist Community) -T.U.Central Library
5. Karandavyuaha (Mahayana Sutras of Buddhism)- T.U. Central Libary
6. Pancaraksascetra (Collection of Five Sutras of Protective deities)- T. U. Central Library

उल्लेखित छ ५, ६ र ७ नम्बरको हस्तलिखित ग्रन्थ काठमाडौंको स्वयम्भूनाथ मन्दिर, भगवान वहाल र त्रि.वि. केन्द्रीय पुस्तकालयमा रहेको छ ।

- Susrusamhita (Sahottar Tantra (oldest document in the field of Ayurveda medicine popular in South Asia)-Kesar Library
- 1100 rolled palm leaf manuscript – Asha Archives

हस्तलिखित ग्रन्थ केन्द्रको स्थापना पछि निम्न कार्यहरू गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

१. माथि उल्लेखित चार पुस्तकालय तथा अभिलेखालयहरू (त्रि.वि. केन्द्रीय पुस्तकालय, केसर पुस्तकालय, राष्ट्रिय अभिलेखालय, आशा आर्काइभ्समा सङ्कलित सबै Digitize copy यस केन्द्रमा ल्याउने ।

२. विभिन्न पुस्तकालय तथा अभिलेखालयहरूमा छरिएर रहेका हस्तलिखित ग्रन्थहरू Digitize भई सकेको भए सोको बाँकी भए सो ग्रन्थहरूलाई digitize गर्ने र original copy संरक्षित राख्ने ।

३. Digitization प्रविधि चलाउन आवश्यक सामग्रीहरू उपकरणहरू ठूलो क्यामेरा, स्कानिङ्ग मेसिन इत्यादि सो सम्बन्धी प्राविधिक विज्ञहरूको सल्लाह अनुसार खरिद गर्ने ।

४. Digitize भई सकेको हस्तलिखित ग्रन्थहरूलाई अनलाईन वा इन्टरनेट मार्फत सेवा दिनका लागि आवश्यक वेब स्पेस खरिद गरि विज्ञको सल्लाह अनुसार अनलाईन सेवा प्रदान गर्ने ।

५. Digitize सामाग्री ल्याएको ठाँउहरूमा एक नेटवर्क स्थापना गर्ने ।

६. आर्थिक सहयोगको लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई वा समबन्धित निकायलाई अनुरोध गर्ने ।

७. हाललाई अस्थाई रूपमा भएता पनि एक स्थानमा हस्तलिखित केन्द्रको स्थापना गर्ने ।

८. पुस्तकालयप्रेमीहरू संग सम्पर्क राख्ने ।

९. स्थापना गर्नु अगाडि व्यावसायिक लाईव्रेरियनहरू, प्रविधिक विज्ञहरू तथा नेपाल सरकारको प्रतिनिधीहरू संग सल्लाह लिने ।

मलेसियामा हस्तलिखित संग्रह केन्द्र मलेसियाको राष्ट्रिय पुस्तकालयमा स्थापना गरिएको छ। त्यहाँ हालसम्म ४००० थान हस्तलिखित ग्रन्थहरूको सङ्कलन भैसकेको छ ।

नेपालमा माथि उल्लेखित पुस्तकालय तथा अभिलेखालयमा मात्र ३८१७५ थान हस्तलिखित ग्रन्थहरू छन् भने सबै ठाँउमा छरिएर रहेको ग्रन्थहरू सङ्कलन गर्न सकिएमा धेरै संख्यामा ठूलो हस्तलिखित केन्द्रको रूपमा स्थापना गर्न सकिन्छ । अर्को व्यवस्था नभएसम्म हाललाई राष्ट्रिय अभिलेखालयलाई हस्तलिखित केन्द्रको रूपमा स्थापना गर्न सकिन्छ ।

यी सवै महत्वपूर्ण तथा दुर्लभ ग्रन्थहरूलाई इन्टरनेट मार्फत संसारभरिको सबै पाठकहरूलाई सेवा प्रदान गर्न

सकिने छ। यसो गर्नाले नेपालमा भएका हस्तलिखित जस्तो महत्वपूर्ण, दुर्लभ ग्रन्थहरूबाट मुलुकको धर्म, संस्कृति, संस्कार, इतिहास र संस्कृति आदि वारे विश्वलाई चिनाउने ठूलो अवसर नेपालले प्राप्तगर्ने कुरामा कसैको दुई मत नहोला।

**सन्दर्भ ग्रन्थहरू**


1. Vaidya, Bina : Need and methods of preservation and conservation of library materials
2. www.nationalarchives.gov.np
3. www.klib.gov.np
4. www.tucl.org.np
5. http://www.unesco.org/new/en/communication-and-infO{rmation/flagship-project-activities/memory-of-the-world/register/access -by-year/2013/
6. Vaidya, Bina: Manuscript storage, preservation, digitization and metadata development for documentation access- case studies of four libraries in Nepal(Paper presented in IFLA WLIC 84 held in Kulampur , Malaysia, 24-30 August 2018

# पुस्तकालय परिचयः श्री प्रतिभा सामुदायिक पुस्तकालय

– लेखराज जोशी
पुस्तकालयध्यक्ष, प्रतिभा सामुदायिक पुस्तकालय

कैलाली जिल्लाको अत्तरिया क्षेत्रका केही साहित्यानुरागी, शिक्षक, बुद्धिजीवी, व्यापारी, स्थानीय समाजसेवी, लगायतको उपस्थितिमा अत्तरिया स्थित दुर्गा लक्ष्मी मा.वि.अत्तरिया, (कैलाली)को प्राङ्गणमा २०५६ साल कार्तिक २५ गते लक्ष्मीपूजाका दिन महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म-जयन्ती कार्यक्रमको आयोजना गरियो । उक्त साहित्यिक कार्यक्रमका प्रमुख अतिथि कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं साहित्यकार श्री वामनप्रसाद न्यौपानेज्यू हुनुहुन्थ्यो । उक्त कार्यक्रममा उहाँले दिनुभएको मन्तव्यबाट प्रेरित भएर त्यसै दिन पुस्तकालय स्थापनाका लागि निम्नानुसारको तदर्थ समितिको गठन गरिएको थियो ।

१. संयोजकमा :- (शिक्षक) श्री कृष्णदत्त पनेरु 'वञ्चित'

सदस्यहरूमा क्रमशः :-

२. (शिक्षक) श्री रामचन्द्र विनाडी,
३. (शिक्षक) श्री कुमारप्रसाद निरौला
४. (शिक्षक) श्री विनोद कुमार भट्टराई,
५. (शिक्षक) श्री डम्वरबहादुर पाल,
६. (शिक्षक) श्री दीर्घराज भट्ट र
७. (विद्यार्थि) श्री गोपालप्रसाद घिमिरे (सदस्य सचिव)

यिनै ७ जना सदस्यहरूलाई पछि पुस्तकालयको विधानमा संस्थापक सदस्य भनेर उल्लेख गरियो । उक्त तदर्थ समिति लाई मुख्यरूपमा निम्नवत् ४ कामको जिम्मा लगाइएको थियो ।

(१) भावी हुने पुस्तकालयको भवन निर्माणको लागि स्थान चयन,

(२) पुस्तकालयका लागि तत्काल आवश्यक पर्ने कटेरो निर्माण गर्न उप- समितिको गठन,

(३) पुस्कालयको विधान लेखन, र

(४) पुस्तकालयको नामकरण गरी सम्बन्धित निकायमा दर्ता गर्ने कार्य ।




प्रतिभा पुस्तकालयको कच्ची टहरोको उद्घाटन समारोहमा धनगढी स्थित लक्ष्मीनारायण मन्दिरका महन्त स्वामी देवराज आचार्य शुभकामना मन्तव्य राख्नु हुँदै ।

पुस्तकालय तदर्थसमितिले अत्तरिया पूर्वरोडमा पर्ने तत्कालीन गेटा गा.वि.स.वार्ड नं ३ दुर्गामन्दिरको प्राङ्गणमा २०५७ साल आषाढ १२ गते अनौपचारिक आमभेला बोलाईयो । उक्त आमभेलाले यस विषयमा व्यापक छलफल गरी यसक्षेत्रका सवै जनतालाई पायक पर्ने ठाउँ यसै दुर्गा मन्दिर संग जोडिएको पूर्व पट्टिको खाली २ कट्ठा सरकारी जग्गालाई पुस्तकालय भवन निर्माणार्थ छनौट गऱ्यो । पुस्तकालयको नाम 'श्री प्रतिभा पुस्तकालय' हुने भनेर सर्वसम्मति बाट पारित गरियो । २०५७ साल असोज ३० गते जिल्ला प्रशासन कार्यालय धनगढी कैलालीमा यस पुस्तकालयको विधान दर्ता गरियो ।

वि.सं २०५७ साल पौष १४ गते पुस्तकालय तदर्थ समितिका संयोजक श्रीकृष्णदत्त पनेरू वञ्चितको अध्यक्षतामा यसै गेटा-३ अत्तरिया चौराहा स्थित दुर्गामन्दिर प्राङ्गणमा प्रथम औपचारिक आमभेला बोलाईयो । उक्त आम भेलाले श्री चिन्तामणि घिमिरेज्यूको संयोजकत्वमा सात सदस्सीय कटेरो निर्माण उपसमिति गठन गऱ्यो । जसअनुसार

१.संयोजक : श्री चिन्तामणि घिमिरे
२.सह-संयोजक : स्व. श्री भीम बहादुर खत्री
सदस्यहरूमा क्रमशः-
३.श्री देवीदत्त ओफा,

४.श्री पुष्पराज जोशी,
५.श्री धनीराम पनेरु,
६.श्री तुलसीराम पौडयाल,
७.श्री नन्दलाल भट्ट




प्रतिभा पुस्तकालय उद्घाटन समारोहका प्रमुख अतिथि कैलाली जिल्लाका तत्कालिन जि.वि.स. सभापती श्री नारायण दत्त मिश्र शुभकामना मन्तव्य राख्नु हुँदै ।

गरी जम्मा ७ सदस्यीय उप-समिति गठन गरियो । साथै उक्त आम भेलाले कटेरो निर्माणार्थ चन्दा सङ्कलनको लागि आवश्यक छलफल गरी आगामी आमभेलामा ठोस निष्कर्श निकाल्ने निर्णय पनि लियो ।

यस प्रतिभा पुस्तकालयको 'दोश्रो आमभेला' पुस्तकालय कटेरो निर्माण समितिका संयोजक श्री चिन्तामणि घिमिरेज्यूको अध्यक्षतामा २०५७ साल फागुन १२ गते बस्यो । उक्तआम भेलाले सर्वप्रथम पुस्तकालय स्थापनाको लागि चयनगरिएको ठाउँ गेटा गा.वि.स.वार्ड नं ३ दुर्गा मन्दिर संगैको पूर्व पट्टिको खाली २ कट्ठा जग्गामा कटेरो निर्माण उप-समितिले ८ ट्रक बालुवा भरान गरिसकेकोले प्रति ट्रक रु.६७५/- का दरले जम्मा रु. ५४००/- खर्च अनुमोदन गऱ्यो । कटेरो निर्माणका लागि आवश्यक रु.१५०००/- को व्यवस्था मिलाउन कटेरो निर्माण उप-समितिले नयाँ कार्य समिति चयन भैसके पछि उक्त समिति संग सो रकम माग गर्ने निर्णय पनि गरेको थियो ।

२०५८ साल भाद्र २ गते नेपाली कांग्रेस आवद्ध कैलाली जिल्लाका तत्कालिन जि.वि.स.सभापती श्री नारायण दत्त मिश्र ज्यू बाट यस पुस्तकालयको अस्थाई कटेरोको समुद्घाटन गरिएको थियो । २०५८ साल असोज ६ गते यस पुस्तकालयको प्रथम लेखा परीक्षण श्री भरतराज जोशी ज्यूले निःशुल्क रूपमा गर्नु भएको थियो । आउँदा केही वर्षहरूसम्म यो सेवाकार्य लाई उहाँले निःशुल्क रूपमा निरन्तरता दिनु भएको थियो ।

पुस्तकालय तदर्थ समितिका अध्यक्ष श्री वञ्चितज्यूको संयोजकत्वमा २०५८ आषाढ २ गते सबै आजीवन सदस्यहरू लाई पत्राचार गरी यस पुस्तकालयको प्रथम साधारण सभा बोलाईयो । उक्त आम सभाले यसअघि लिइदै आएको आजीवन सदस्यता शुल्क रु.५०५/- र साधारण सदस्यता शुल्क रु.५५/- अनुमोदन गऱ्यो, साथै यथाशीघ्र नयाँ कार्यकारिणी समितिको चयन गर्ने निर्णय पनि सर्व सम्मतिबाट पारित गरियो । लगत्तै आषाढ १४ गते प्रथम कार्यकारिणी समितिको अध्यक्षमा यसै पुस्कालय तदर्थ समितिका संयोजक यसक्षेत्रका सु-परिचित दुर्गा लक्ष्मी मा.वि.का जेष्ठ शिक्षक श्री कृष्ण दत्त पनेरु (वञ्चित)लाई सर्वसम्मतिबाट यसपुस्तकालयको




प्रतिभा पुस्तकालयका संस्थापक अध्यक्ष श्री कृष्ण पनेरू वञ्चित, उपाध्यक्ष हरिप्रसाद ओझा, सदस्य श्री देवी दत्त ओझा, नेपाल राष्ट्रिय पुस्तकालयका मोलकुमार श्रेष्ठ तथा जापानी स्वयमसेवक नोवुए यामादा ।



प्रतिभा पुस्तकालयको टहरो उद्‌घाटन कार्यक्रम समापन पछि आयोजित ड्यौडा खेलको झलक ।

प्रथम का.अध्यक्ष चयन गरीयो । उहाँको अध्यक्षतामा निम्नानुसारको समिति गठन गरियो ।

अध्यक्ष :- कृष्ण दत्त पनेरु (वञ्चित)
उपाध्यक्ष :- श्री हरिप्रसाद ओझा,
सचिव :- श्री कुमार निरौला,
सह-सचिव :- श्री धनिराम पनेरु,
कोषाध्यक्ष :- श्री भीम बहादुर महरा,

सदस्यहरू क्रमश :- नविन्दुलाल कर्ण, श्री पिताम्वर न्यौपाने, श्री विनोद भट्टराई, श्री गोपाल ढुङ्गाना, श्री देवीदत्त ओझा, श्री महेश्वर बास्कोटा गरी विधान अनुसार जम्मा ११ सदस्यीय समितिको गठन भएको थियो ।

पुस्तकालय दैनिक सञ्चालनका लागी आर्थिक अभावका कारण थुप्रै समस्या र बाधा हरूको सामना गर्न निक्कै कठिन थियो । त्यसका वाबजुद पनि कार्यसमितिका पदाधिकारीले गच्छे अनुसारको मासिक लेवी दिने र बजारका केहि मनकारी व्यापारी र समाजसेवीज्यूहरू बाट आर्थिक सहयोग माग गर्ने निर्णय भयो । पुस्तकालय कार्य कारिणी समितिका सदस्यज्यूहरू बाहेक पुस्तकालयलाई नीयमित रूपमा रु.१० देखी रु.५० सम्म अंश दान गर्ने व्यापारीज्यूहरूमा श्री दलबहादुर खड्का (मारुति ट्रेडर्स), श्री परमानन्द जोशी (राजु मेडिकल), श्री राजेन्द्र कुँवर (राजु फोटो स्टुडिया) श्री कमल गिरि (पिङ्कु वस्त्रालय), श्री सुरत कार्की (एस.के. हार्डवेयर) श्री मदन राज पाण्डेय (ग्वासी मेडिकल), श्री भगिरथ रोस्यारा (रोश्यारा कपडापसल), हुनुहुन्थ्यो भने वार्षिक दानदाता महानुभाव हरूमा श्री पुष्पराज जोशी, श्री शान्तबहादुर कार्की, श्री तुलसीराम पौड्याल, हुनुहुन्थ्यो । जसको मासिक आम्दानी रु.७००/- आसपास मात्रै हुने गर्दथ्यो ।

पुस्तकालय दैनिक रूपमा सञ्चालन गर्नको लागी आर्थिक अभावका कारण समय सापेक्ष पारिश्रमिक दिन सक्ने परिस्थितिपनि थिएन, संयोग बस गायत्री परिवार शान्तिकुञ्ज हरिद्वारका परिब्राजक समाज सेवी श्री हेमराज जोशी मालाखेती ९ बास्कोटाले सामान्य चियापान खर्चमा पनि आफु पुस्तकालय सञ्चालन सेवागर्न तयार रहेको जानकारी गरे पछि निज लाई मासिक रु.५००/- पाउँने गरी २०५८ असोज ३० गते बाट यस पुस्तकालयको प्रथम कर्मचारीको रूपमा नीयुक्ति दिइयो ।

पुस्तकालयलाई पत्र-पत्रिका किन्न, कर्मचारी लाई पारिश्रमिक दिन, विजुलीको विल तिर्न र मसलन्द खर्चका लागि उपर्युक्त रकम पर्याप्त नहुने भए पछि २०५८ सालको तिहारमा अध्यक्ष कृष्णदत्त पनेरुकै संयोजकत्वमा देउसी/भैलो खेल्ने उप-समिति गठन गरिएको थियो । २ दिन खेलिएको देउसी/ भैलो बाट रु.११,७३९/- सङ्कलन भएको थियो । २०५९ श्रावण ३१ गते बसेको वैठकले चेतनाको स्वर भित्ते पत्रिकाका सञ्चालक एवं पुस्तकालय कार्य समितिका तत्कालिन सदस्य श्री गोपाल ढुङ्गानावाट उक्त भित्ते पत्रिका विघटन भएपछि कोषमा रहेको रु.८०००/- यस पुस्तकालयलाई सहयोग स्वरूप प्राप्त भएको थियो ।

पुस्तकालयको आजीवन सदस्यशुल्क रकम अन्यत्र खर्च नगरी अक्षयकोष स्थापना गर्ने निर्णय अनुसार २०५९ साल पुस १ गते पुस्तकालयको मुद्दती खातामा रु. १,००,०००/- (एक लाख) जम्मा गरिएको थियो ।

२०६० साल जेष्ठ ३० गते 'वल्ड भिजन' कैलालीले यस पुस्तकालय लाई रु.२०,०००/- को आर्थिक सहयोग उपलब्ध गरायो । जसमध्ये रु.८,०००/- को किताव राख्ने दराज बनाइयो भने रु.१२,०००/- का अत्यावश्यक पुस्तकहरू किनिएका थिए ।




पुस्तकालयको कच्चीघरको छाना टिनले छाएको हुनाले प्रतेक साल वैशाख/जेष्ठ महिनामा आउने भयंकर हावा-हुरीले पुस्तकालयको टिनको छाना उडाई पुस्तकालय भित्र पानी पसी कैंयौ पटक पुस्तकहरूलाई क्षति पुऱ्याइसकेको थियो। अध्यक्ष वञ्चितले पुस्तकालयको पक्की भवन बनाउने कुरामा चिन्तन गर्न लाग्नु भयो। त्यतिवेला उहाँ आफ्नो ४० वर्षे शिक्षणपेशा बाट सेवानिवृत भइसक्नु भएको थियो। उहाँले आफ्नो बाँकी अमूल्य समय पुस्तकालयको लागि समर्पित गर्ने दृढ सङ्कल्प लिनु भयो। उहाँ दैनिक जसो पुस्तकालय परिसरमा आउनुहुन्थ्यो २/४ घण्टा बसेर जानु हुन्थ्यो। सर्वप्रथम उहाँले विभिन्न सरकारी र गैर-सरकारी दातृ निकायबाट सहयोग प्राप्त गरी पक्की भवन बनाउने प्रयास गर्नुभयो। त्यो प्रयास सफलहुन नसके पछि उहाँले व्यक्तिगत चन्दा उठाएरै भएर भएपनि पक्की भवन बनाएरै छाड्ने प्रतिबद्धता लिनु भयो। यो इच्छा उहाँले सर्वप्रथम आफ्नो छोरा श्री चित्रराज पनेरुलाई व्यक्त गरे पछि छोरा चित्रराज पनेरु बाट रु.५१,१११/- चन्दा प्राप्त भएको थियो। त्यसपछी उहाँले आफूले चिनेका साथी, इष्टमित्र, विद्यार्थी, व्यापारी, शिक्षक सबै बाट रु.५,०००/- भन्दा माथिको चन्दा सङ्कलन तिर लाग्नु भयो र सफल हुनुभयो।

श्री प्रतिभा पुस्तकालयको २०६८ साल श्रावण ७ गते बसेको कार्यसमितिको बैठकले पुस्तकालयको पक्की भवन बनाउने विषयमा व्यापक छलफल गऱ्यो। भवन निमार्णको मुख्य बाधा अर्थ सङ्कलन कार्य थियो। अध्यक्ष वञ्चितले आफू अर्थ सङ्कलन कार्यको संयोजक बन्ने जिम्मेवारी लिन तयार भएको इच्छा व्यक्त गरे पछि बाँकी उप-समितिहरू पनि त्यसै दिन गठन गरिए। जस अनुसार :-

१. भवन निर्माण उप-समिति अर्थ सङ्कलन संयोजक: कृष्ण दत्त पनेरु
२. भवन निर्माण उप-समिति संयोजक: श्री गोकर्ण भट्ट,
३. उपभोक्त समिति संयोजक: श्री शान्त बहादुर कार्की
४. अनुगमन समिति संयोजक: श्री तुलसीराम पौडयाल
५. प्राविधिक संयोजक: श्री लाल बहादुर ऐर (गेटा गा.वि.स.का तत्कालिन प्राविधिक) लाई मनोनित गरिएको थियो।

२०६८ साल माघ १४ गते वसन्तपञ्चमीका दिन यस श्री प्रतिभा पुस्तकालय अत्तरिया कैलालीको कार्य समितिका अध्यक्ष श्री कृष्णदत्त पनेरु 'वञ्चित' बाट भवको शिलान्यास कार्य सु-सम्पन्न भएको थियो। सुरुका दिनहरूमा भवन निर्माण कार्य द्रुतगतिले अगाडि बढे पनि, २०६९ साल वैशाख/जेष्ठ महिनामा भएको दुइमहिने अखण्ड सुदूरपश्चिम अन्दोलनका कारण निर्माण कार्य २ महिना सम्म स्थगित हुनगएको थियो। पुस्तकालयको जग निर्माणकार्य समाप्ति संगै पुस्तकालयको खातामा रकम पनि समाप्त भैसकेको थियो। पुस्तकालयलाई नयाँ भवन निमार्णको क्रममा आईपर्ने आवश्यक सवै काम गर्न सक्ने, दक्ष, इमान्दार र आवश्यक परे राती पनी खट्न सक्ने एकजना स्थानीय पुरुष कर्मचारीको आवश्यकता थियो। २०७० साल वैशाख ६ गते बसेको कार्यसमितिको बैठकले पुस्तकालयको स्थायी आयस्रोत बृद्धि संगै पारिश्रमिक पनि बृद्धि गर्ने र हाललाई मासिक रु.४,०००/- पारिश्रमिक उपलब्ध हुन सक्ने भनी नयाँ कर्मचारी आवश्यकताका लागि १५ दिने सूचना प्रकाशन गरेको थियो। सोहि साल जेष्ठ ३ गते बसेको कार्यसमिति र निर्माण समितिको संयुक्त वैठकले प्राप्त निवेदनका आधारमा मालाखेती गा.वि.स.७ बस्ने श्री लेखराज जोशीलाई यस पुस्तकालयको कर्मचारीको रूपमा चयनगरी नीयुक्ति दिइएको थियो। जो हालसम्म यस पुस्तकालयमा ग्रन्थपालको पदमा कार्यरत हुनुहुन्छ।

पुस्तकालयको भुँईतला निर्माण कार्य सु-सम्पन्न भएपछि त्यसलाई भाडामा लगाइयो। माथिल्लो तला निर्माणका लागि आवश्यक रकम पुस्तकालय संग थिएन। २०७० साल असोज १२ गते बसेको वैठकले माथिल्लो तला निर्माण गर्नका लागि निर्माण उप-समिति गठन नगरी अध्यक्ष 'वञ्चित'कै रेखदेखमा कार्य अघि बढाउने निर्णय

सर्व सम्मतिले पारित गरेको थियो ।

२०७० साल मंसिर १५ गते बसेको विशेष बैठकमा कैलाली जिल्ला अत्तरिया स्थित साविक मालाखेती गा.वि.स. वार्ड नं ९ निवासी श्री सुरतबहादुर कार्की,मालाखेती गा.वि.स. वार्ड नं २ का स्रोत व्यक्ति श्री टेकराज भट्ट (काजी) धनगढी नगरपालिका वार्डनं ३ विशालनगर निवासी श्री भोजराज पाठक र यसै पुस्तकालयका संस्थापक अध्यक्ष समेत रहनु भएका वर्तमान कार्य समिति अध्यक्ष मालाखेती ७ अत्तरिया निवासी श्री कृष्णदत्त पनेरुले पुस्तकालयको माथिल्लो तल्ला निर्माणकार्यका लागि पूर्व प्रतिवद्धता जाहेर गरे अनुरूप प्रतिकोठाको अनुमानित लागत रु. २ लाखका दरले जम्मा रु. ८ लाख रूपैंयाँको चेक पुस्तकालयका तत्कालिन कोषाध्यक्ष श्री दिपकराज सुवेदीलाई हस्तान्तरण गर्नु भए पछि माथिल्लो तला निर्माणले गति लियो । यसका अलावा १५० अन्य दानदाताहरूले पुस्तकालय भवन निर्माणमा रु. ५०००/- वा त्यो भन्दा बढीको सहयोग स्वरूप प्रदान गरेका थिए ।

पुस्तकालय भवनको निर्माण सु-सम्पन्न भइसकेपछि आठौं साधारण सभावाट निर्वाचित समितिले पुस्तकालयको नवनिर्मित २ तले पक्की भवनको समुद्घाटन कार्यक्रम २०७२ साल आषाढ १९ गते विधिवत् रूपमा सु-सम्पन्नभयो । प्रमुख आमन्त्रित नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा.डा. जीवेन्द्र देव गिरीज्यू बाट नवनिर्मित पुस्तकालय भवनको समुद्घाटन गरिएको थियो ।

हाल यस पुस्तकालयमा नीयमित आउने पत्र-पत्रिकाहरूको विवरण :

| क.स. | पत्रिकाहरूको नाम | अवधि |
|---|---|---|
| १ | गोरखापत्र | राष्ट्रिय दैनिक |
| २ | कान्तिपुर | राष्ट्रिय दैनिक |
| ३ | नागरिक | राष्ट्रिय दैनिक |
| ४ | अन्नपूर्ण | राष्ट्रिय दैनिक |
| ५ | धनगढी पोष्ट | स्थानीय दैनिक |
| ६ | सेतो हिमाल | स्थानीय दैनिक |
| ७ | अग्निपोष्ट | स्थानीय दैनिक |
| ८ | युगअस्त्र | स्थानीय दैनिक |
| ९ | सुदूरचिनारी | स्थानीय द्वैमासिक डोटेली |
| १० | गुगुल्टी | स्थानीय द्वैमासिक बैतडेली |
| ११ | नारी | राष्ट्रिय मासिक |
| १२ | शब्दाङ्कुर | राष्ट्रिय मासिक |
| १३ | नेपाल | राष्ट्रिय साप्ताहिक |
| १४ | हुलाक | राष्ट्रिय अर्धवार्षिक |
| १५ | पुस्तकालय आवाज | राष्ट्रिय मासिक |
| १६ | छात्र विचार | द्वैमासिक पत्रिका |

यसरी चारपटक सो संस्थाको अध्यक्ष रहँदा संस्थालाई आफ्नै दुई तले व्यवस्थित भवनमा रूपान्तरण गर्ने प्रतिभा सामुदायिक पुस्तकालयका संस्थापक कवि एवम् पूर्व शिक्षक कृष्ण पनेरु वञ्चितले स्वेच्छाले २०७५ को बैशाख महिनामा सम्पन्न साधारण सभाबाट नयाँ नेतृत्वलाई पद हस्तान्तरण गर्नु भएको थियो । २०७५ साल वैशाख ८ गते भएको संस्थाको एघारौं साधारण सभमा सर्व सम्मत रूपमा गोदावरी न.पा.४ कैलाली निवासी अत्तरिया स्थित दुर्गालक्ष्मी बहुमुखी क्याम्पसका संस्थापक अध्यक्ष श्री पुष्पराज जोशीको अध्यक्षतामा निम्नानुसारको समिति गठन गरिएको थियो ।

अध्यक्षः पुष्पराज जोशी, उपाध्यक्षः शान्तबहादुर कार्की, सचिवः पदमबहादुर साउँद, कोषाध्यक्षः माला भण्डारी, सह-सचिवः राजबहादुर कडायत थिए भने सदस्यहरूमा क्रमशः- डा.टी.एन.जोशी नरेन्द्रराज शर्मा, नरेन्द्रराज भट्टराई र कालीमाया भट्टराई हुनुहुन्थ्यो । त्यस्तै पुस्तकालयको विधान अनुसार मनोनित सदस्यहरूमा धर्मी खड्का र लीलाधर बास्कोटा ज्यू गरिकुल ११ जना कार्य समिति सदस्यहरू निर्विरोध निर्वाचित भएका थिए ।

सबै तह र तप्काका पाठकहरूलाई निःशुल्करूपमा पत्र-पत्रिका र रुचि अनुसारका पुस्तकहरू पढ्न उपलब्ध गराउनु यस पुस्तकालयको प्रमुख उद्देश्य हो । यस पुस्तकालयको सभाकक्षमा वेला-वेलामा आयोजन भइरहने विविध साहित्यिक गतिविधिद्वारा स्थानीय मौलिकता, भाषा र संस्कृतिको जगेर्ना गर्नमा उल्लेख्य




पुस्तकालय भवन र भवनको छतमा निर्माणाधीन सभाहलको झलक

टेवा पुगेको छ । नयाँ पिढीका युवाहरूमा स्थानीय गीत, साहित्य र कविता लेखन प्रति थप उत्साह जागेको छ । यस पुस्तकालयमा हाल ४०६ जना आजीवन सदस्यहरू छन् । पुस्तकालयको एउटा कोठामा छुट्टै ई-लाईब्रेरी कक्ष स्थापना गरिएको छ। जसमा साझा ई-सर्भर जोडेर विभिन्न ई-पुस्तकहरू विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाईएको छ। साथ-साथै यहाँ गोदावरी नगरपालिका कैलालीको सहयोगबाट सञ्चालित हुने गरी वल्ड लिंकको फ्री इन्टरनेट सेवा पनि सञ्चालन गरिएको छ । त्यस्तै विगत २ वर्षदेखी प्रत्येक महिनाको अन्तिम शनिवारका दिन पुस्तकालयको सभाकक्षमा नीयमित रचना वाचन कार्यक्रम 'प्रतिभा सङ्गम' चली रहेकोछ। भानुजयन्ती, मोतिजयन्ती, पुस्तकालय दिवस, पृथ्वी दिवस र वसन्त पञ्चमीका दिनमा यस क्षेत्र वरपरका विद्यालयहरू संङ्ग सहकार्य गरेर हाजीरी जवाफ प्रतियोगिता, कविता वाचन, ड्यौडा प्रतियागिता, निवन्ध लेखन, चित्रकला प्रतियोगीता जस्ता कार्यक्रमहरू चलाईने गरिएको छ । यो लेख तयार पार्दासम्म विभिन्न विधाका ४२०० बढी पुस्तकहरू यस पुस्तकालयमा संग्रहित रहेका छन् । गत वर्ष २०७५ सालमा गोदावरी नगरपालिका अत्तरिया, कैलालीको चार लाख रूपैयाँ आर्थिक सहयोगबाट यस पुस्तकालयमा ई-पुस्तकालय सेवा पनि सञ्चालन गरिएको छ । सो सहयोग रकमबाट पाँच थान ब्रान्डेड कम्प्युटर, एकथान प्रिन्टर, दुईथान ठूला व्याट्री सहितको स्टेवलाईजर र एकथान ई-पुस्तकालय सर्भर खरिद गरि यो सेवा सुचारु गरिएको थियो । अहिले विभिन्न तह र तप्काका पाठकहरूले लोकसेवा आयोग, शिक्षा सेवा आयोग जस्ता उपयोगी र जरुरी वेवसाइटहरू कम्प्युटरमा निःशुल्क रूपमा हेर्न पाउछन् र आफूलाई चाहिने आवश्यक डकुमेन्ट प्रिन्ट वा फोटोकपी पनि गर्न पाइरहेका छन् । यहाँ ई-पुस्तकालय सर्भरको व्यवस्था पनि मिलाईएको छ । उक्त सर्भरमा कक्षा १० सम्मका संस्थागत ई-पुस्तकहरूका अलावा अन्य विभिन्न प्रकारका ज्ञानवर्धक करिव सात हजार जती ई-पुस्तकहरू रहेका छन् । यी पुस्तकहरूलाई कम्प्युटरबाट वा स्मार्ट फोनबाट पढ्ने गरिन्छ । यसरी वाइफाई र कम्प्युटर चलाए वाफत एवम् पुस्तकहरू र पत्र-पत्रिहरूका अध्ययन गरे वाफत पाठकहरू संग कुनै पनि प्रकारको शुल्क इत्यादि लिइदैन । पुस्तकालयका सबै सेवाहरू पूर्णरूपमा निःशुल्क छन्। पुस्तकालयका आजीवन सदस्यहरूलाई पुस्तक एकहप्ताको लागि घर लगेर पढ्न पाईने व्यवस्था पनि मिलाईएको छ , तर पत्र-पत्रिकाहरू भने पुस्तकालयमा नै बसेर अध्ययन गर्नु पर्ने नियम छ। इन्टरनेटको प्रचार-प्रसार हुनु अघि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका हेर्न टाढा-टाढाका पाठकहरू यस पुस्तकालयमा आउने गरेको यो पंक्तिकारको संज्ञानमा रहेको छ । हाल पुस्तकालय भवनको छतमा करिव २०० जना सम्म अटाउने सभाहल निर्माणाधीन अवस्थामा छ । यस पछिका कार्यक्रमहरूमा पुस्तकालयमा विविध विधाका ज्ञानवर्धक र जन उपयोगी पर्याप्त पुस्तकहरूको व्यवस्था गर्नु एवम् ती पुस्तकहरू राख्ने ऱ्याक निर्माण कार्य गर्नु रहेको छ ।



पुस्तकालय भवन बाहिर ड्यौडा खेलमाल हुदै गरेको झलक ।

# विशाल मिलन केन्द्र सामुदायिक पुस्तकालय

- नुतन ढुंगाना (गौतम)
सिनियर अधिकृत (पुस्तकालय)
बि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पताल

### १. परिचय

काठमाडौं महानगरपालिका वडा नं ४ चण्डोल मा अवस्थित विशाल मिलन केन्द्र यहाँका स्थानीय युवाहरू जस्तैः हरि अधिकारी, अच्युत सापकोटा, राजु पौडेल, सरोज पौडेल, चेतनाथ अधिकारी, कृष्णराज खनाल, प्रदीप खनाल चन्द्रराज न्यौपाने लगायतका को अथक प्रयास र यहाँका बुद्धिजीवी, समाजसेवी, विद्यार्थी, खेलाडी, बौद्धिक व्यक्तित्व, ब्यावसायी, शिक्षक, कर्मचारी, सेवा निवृत्त विशिस्ट ब्यक्तित्वहरू र अन्य टोलबासीहरूको पुर्ण समर्थनमा बि.सं २०४३ सालमा स्थापना गरिएको थियो । यो केन्द्रलाई के कसरी चलाउने भनेर यहीँका समाजसेवीहरू मध्येबाट एउटा समिति बनाइयो । त्यो समितिले केन्द्र सन्चालनका लागि विधान बनाइ दर्ता गर्यो । यहि विधान अनुसार यो केन्द्र अहिले संचालित छ । केन्द्रको स्थापना साथै यसका व्यवस्थापन समितिलाई यहाँका सूचना स्रोत, ज्ञान सम्बर्द्धन र प्रवर्द्धन गरि स्थानीयहरूको ज्ञान, अध्ययन र सीपलाई निरन्तर परिमार्जन गराउने उद्देश्यले पुस्तकालयको स्थापना गरियो। जसलाई आज विशाल मिलन केन्द्र सामुदायिक पुस्तकालय भनिन्छ । यसले हालसम्म नियमित रूपले सेवा दिइरहेको छ हालै मात्र यस क्षेत्रका माननीय रक्षा तथा उपप्रधानमन्त्री इश्वर पोखेलले एक कार्यक्रममा यो क्षेत्रमा एउटा राम्रो पुस्तकालय बनाउन आस्वासन दिनु भएको पनि छ ।

### २. पुस्तकालयका पाठ्यसामग्री र पाठकहरू

पुस्तकालयमा विभिन्न बिधाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पाठ्यसामग्रीहरू उपलब्ध छन । देशकै उच्च ओहदाका कर्मचारी लगायत प्रतिष्ठित व्यक्तिहरू बसोबास गर्ने यो क्षेत्र भएकोले तिनीहरूका लेखहरू पनि प्रशस्त छन । त्यस्तै विशिस्ट साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, पारिजात, भुपी शेरचन, धरणिधर कोइराला आदिका लेखहरू छन । स्वास्थ शिक्षा चेतना फैलाउनका लागि स्वास्थ शिक्षा, खेलकुद, बालसाहित्य, महिला विकास तथा शिक्षा, धार्मिक तथा सांस्कृतिक साहित्य, साधारण विज्ञान, जीव विज्ञान, अर्थशास्त्र, गिणत, सम्बन्धी पाठ्यसामग्रीहरू पनि प्रशस्त छन । यीनीहरूलाई डिडिसि अनुसार वर्गीकरण गरिएको छ । अध्ययन गर्न सबै तहका उपभोक्तहरू जस्तै विद्यार्थी, शिक्षक, समाजका प्रतिष्ठित व्यक्ति, सेवाबाट अबकाश प्राप्त, युवावर्ग, महिला, समाज सेवी, राजनीतिज्ञ र अनुसन्धानकर्ता आदि आउँदछन ।

### ३. पाठ्यसामग्रीहरूका स्रोत

#### ३.१ संस्थागत वा व्यक्तिगत उपहार

विभिन्न संग संस्थाहरू जस्तैः एशिया फाउन्डेसन, जाइका नेपाल, विश्व विद्यालय, कलेज र अन्य संस्थाहरूले उपहार स्वरूप पाठ्यसामग्रीहरू प्राप्त भएका छन् ।

३.२ व्यवस्थापन समितिले नयाँ प्रकाशित पुस्तक आफैले किनेर उपलब्ध गराउदछन । कतिपय उपहारस्वरूप प्राप्त हुन्छन ।

### ४. पुस्तकालयको संगठनात्मक व्यवस्था

यो पुस्तकालय को कार्यव्यवस्थापन विधान बमोजिम विशाल मिलन केन्द्र कार्य व्यवस्थापन समितिले नै गर्दछ । समितिमा अध्यक्ष, उपाध्यक्ष, सह-सचिव, कोषाध्यक्ष क्रमशः १/१ जना र सदस्यहरू ९ जना रहेका छन । पुस्तकालयको दैनिक कार्य सन्चालनका लागि पुस्तकालय विज्ञ (१) सहायक स्तरको र सहयोगी कर्मचारी (१/१ जना छन् । त्यसरी नै आजीवन र साधारण सदस्यता लिनेहरू पनि ले पनि समय समयमा सुझाव दिनुहुन्छ ।

### ५. उद्देश्य

५.१ स्थानीय सूचना स्रोतको व्यवस्थापन गर्ने ।
५.२ मौलिक ज्ञानको सन्चय गर्ने ।
५.३ नयाँ संशोधित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

पाठ्यसामग्रीहरू सङ्कलन गर्ने ।

५.४ सङ्कलन भएका पाठ्यसामग्रीहरूलाई व्यवस्थापन गर्ने ।

५.५ पुस्तकालय उपभोक्ताहरूलाई उनिहरूको माग अनुसार पाठ्यसामग्री हरू उपलब्ध गराउने ।

५.६ स्वदेश तथा विदेशी संघसस्थाहरू संग सम्पर्क र सम्बन्ध राख्ने ।

**६. सेवाहरू**

यो पुस्तकालयले स्थापनाकालदेखि नै निम्नसेवा दिदै आएको छ ।

६.१ दैनिक पत्रपत्रिका

६.२ पठन पाठनका लागि पाठ्यसामग्री

६.३ रेफरेन्स सेवा

६.४ रीफरल सेवा

६.५ केन्द्रमा गरिने सबै कार्यक्रममा आवश्यकता अनुसार सबै सेवा ।

६.६ शिक्षण प्रशिक्षण दिने ।

६.७ क्लबद्वारा संचालित सबै क्रियाकलापहरूमा सहभागि हुने

७. पठनपाठन व्यवस्थापन

यस पुस्तकालयमा पठन पाठनको लागि २ वटा कोठाहरू छन । एउटामा दैनिक पत्रपत्रिका तथा पुस्तकहरू छन र त्यहि बसेर अध्ययन गर्न सकिन्छ । अर्को कोठामा पुस्तकहरू पनि छन र अन्य विभिन्न कार्यक्रमहरू गरिन्छ । कोठाको बहिरपट्टि बरण्डामा पनि दैनिकी मासिक पाठ्यसामग्रीहरू राखिएको छ यहाँ पनि बसेर अध्ययन गर्न सकिन्छ । यो पुस्तकालय स्थापनाले यहाँका सबैतहका पाठकहरूलाई खाली बसिरहनु परेको छैन । यहाँ सबै बिधाका संशोधित पाठ्यसामग्रीहरू हुनाले पाठकहरूले, आफूहरूलाई दैनिक परिमार्जित हुने मौका पाइरहेका छन ।

**८. पुस्तकालय समय**

दिनको १ बजे देखि बेलुकी ६ बजे सम्म आइतबार देखि शुक्रवार । सार्वजनिक बिदा र सनिवार आवश्यकता अनुसार खोलिन्छ ।

**९. भावीयोजना**

९.१ निःशुल्क वाईफाईको सेवा दिने ।

९.२. इ-पुस्तक, इ-जर्नल फुल text मा निकाल्ने ।

९.३. पुस्तकालयल कोठा बढाउने ।

९.४ फोटोकपि सेवा आफ्नै राख्ने ।

९.५. पुस्तकालय सदस्य संख्या बढाउने ।

९.६. श्रव्यदृश्यसामग्री, सिडि, डिभिडि, जस्ता बिद्युतीय सामग्री कम्प्युटर, ईन्टरनेट प्रयोगमा ल्याई सूचना तथा ज्ञान लिने सक्ने बनाउने ।

९.१० नयाँ संशोधित पाठ्यसामग्री नियमितरूपमा उपलब्ध गराउने ।

आवश्यकता अनुसार अरु गर्दै जाने ।

**१०. पुस्तकालयको आयस्रोत :**

यो पुस्तकालय विशाल मिलन केन्द्र क्लबको मातहतमा भएको हुनाले आर्थिक कारोबार हालमा क्लबको समितिले नै गरेको छ । क्लबले पनि प्रर्याप्त मात्रामा पुस्तकालयलाई चाहिने साधन र स्रोतको व्यवस्थापन गर्न सकेको छैन । संभवत आर्थिक अभावको कारण होला । त्यसैले यो पुस्तकालय मार्फत् यहाँका बासिन्दाहरूको माग पूरा गर्न र अहिलेको परीवेश अनुसार वा समय सापेक्षित पुस्तकालय बनाउन क्लब ले नै प्रदेश सरकार तथा काठमाडौं महानगरपालिकासंग अनुदान बढाउन माग गर्नुपर्छ ।

**११. समस्याहरू**

प्राबिधिक कर्मचारी, यथेष्ट स्थानको अभाव, पुस्तक तथा पत्रपत्रिका, फर्निचर र अन्य प्राबिधिक साधन र स्रोत प्राप्तिका लागि अर्थको अभाव ।

**१२. सन्दर्भसामग्री**

१. विशाल मिलन केन्द्र "सौगात स्मारिका २०६८"

२. शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, निरौला यादवचन्द्र सम्पा.(२०६५) सार्वजनिक पुस्तकालयमा सम्मेलन पत्र काठमाडौं

३. एघारौं पुस्तकालय दिवस समिति "स्मारिका २०७५", निरौला यादवचन्द्र सम्पा. (२०७५)

४.विशाल मिलन केन्द्र "वाषिक प्रतिबेदन २०७६",

# प्रदेश केन्द्रीय पुस्तकालयको आवश्यकता र महत्व

- यादवचन्द्र निरौला

### १. विषय प्रवेश

नेपालको संविधान (२०७२) अनुसार मुलुक एकल शासन प्रणालीबाट सङ्घीय संरचनामा प्रवेश गरेको छ । अव मुलुकमा एक सङ्घ, सात प्रदेश र ७५३ स्थानीय गरी ७६१ वटा सरकारहरू रहेका छन् । छिमेकी मुलुक भारतको कलकत्तामा पनि केन्द्रमा भारतीय राष्ट्रिय पुस्तकालय, हरेक प्रदेश वा राज्यको राजधानीमा प्रदेश केन्द्रीय पुस्तकालय र हरेक स्थानीय निकाय (ग्राम पञ्चायत, नगरपालिका) हरूमा स्थानीय सार्वजनिक पुस्तकालयहरू रहेका छन् । यस्तै प्रणाली क्यानडामा पनि अपनाइएको छ । नेपालमा सङ्घमा नेपाल राष्ट्रिय पुस्तकालय रहेपनि प्रदेशमा प्रदेश केन्द्रीय पुस्तकालय र ७५३ वटै स्थानीय निकायमा सुविधासम्पन्न सार्वजनिक पुस्तकालयहरूको स्थापना र सञ्चालन हुन सकेको छैन । कतिपय स्थानमा स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवम् व्यक्तिगत पहलमा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रहरूको स्थापना भएको भएपनि तिनीहरूको प्रभावकारी रुपमा व्यवस्थापन एवम् सञ्चालन हुन सकेको छैन । स्थापना भइसकेका पुस्तकालयहरूको प्रभावकारी सेवा सञ्चालन गर्नु र स्थापना नभएका ठाउँमा स्थापना गरी प्रभावकारी रुपमा सेवा सञ्चालन गर्नु आजको आवश्यकता हो ।

हालसालै कर्णाली प्रदेश सरकारले राजधानी सुर्खेतमा प्रदेश केन्द्रीय पुस्तकालयको स्थापना गर्नका लागि संभाव्यता अध्ययन गर्न गैरसरकारी संस्था रुपान्तरण नेपाललाई जिम्मेवारी दिएकोमा सो संस्थाले कुशलतापूर्वक जिम्मेवारी पुरा गरी २०७५ जेठ २७ गते कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री माननीय दल रावलज्यूसमक्ष प्रतिवेदन पेश गरिसकेको छ । प्रतिवेदन बुझ्दै कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको थियो । आव. २०७६/०७७ को प्रदेशको बजेट बक्तब्यमा सुर्खेतमा प्रदेश केन्द्रीय पुस्तकालय भवन निर्माण गर्नका लागि बजेट विनियोजन समेत भइसकेको छ ।

अतः यस आलेखमा प्रदेश केन्द्रीय पुस्तकालयको स्थापना गर्दा ध्यान दिनुपर्ने आधारभूत कुराहरूको सङ्क्षिप्त चर्चा गरिएको छः

### २. प्रदेश केन्द्रीय पुस्तकालय स्थापना तथा व्यवस्थापनको खाका

नेपालको संविधानले निर्देश गरेअनुसार हरेक प्रदेशको राजधानीमा सुविधासम्पन्न प्रादेशिक पुस्तकालयको स्थापना र सञ्चालन हुनु आवश्यक छ । यसरी स्थापना हुने प्रदेश केन्द्रीय पुस्तकालयले प्रदेश संसद सचिवालयको पुस्तकालयको समेत काम गर्ने गरी जिम्मेवारी तोक्दा साधन र स्रोतको सदुपयोग हुने तथा पुस्तकालयको प्रभावकारिता बढ्छ । प्रदेश केन्द्रीय पुस्तकालयको स्थापना तथा व्यवस्थापन गर्नका लागि निम्नानुसारको खाका उपयुक्त हुन्छः

#### क. पुस्तकालयका लागि सम्भाव्य स्थान

प्रदेश केन्द्रीय पुस्तकालयका लागि भवन वनाउने जग्गा वा भवनको चयन गर्दा प्रदेशको राजधानीमा रहेको सबैलाई पायक पर्ने ठाउँमा, विशेष क्षमतामैत्री वा अपाङ्ग मैत्री (Disable friendly) र आवश्यकता अनुसार थप घट गर्न सक्ने (Modular) भवन बनाउनु उपयुक्त हुन्छ । पुस्तकालयका लागि जग्गाको व्यवस्था गर्दा कम्तिमा १०० वर्षका लागि र पुस्तकालय भवन वनाउँदा कम्तिमा २० वर्ष पछिसम्मका लागि पुग्ने दूर दृष्टि राख्नु उपयुक्त हुन्छ । प्रदेश केन्द्रीय पुस्तकालयका लागि तराइमा कम्तीमा एक विगाहा र पहाडमा १० देखि १३ रोपनी जग्गा आवश्यक पर्छ ।

#### ख. पुस्तकालय भवन

पुस्तकालय भवन निर्माण गर्दा निम्न कुरामा विशेष ध्यान दिनु उपयुक्त हुन्छः

- भवनको ड्रइङ तथा डिजाइन गर्दा प्रदेश विशेषको स्थानीय सभ्यता र संस्कृति झल्कने गरी गर्ने ।
- पुस्तकालय भवनमा सवैखालका पाठकहरूका लागि पहुँच (Access) पुग्ने गरी भवनको डिजाइन गर्नुपर्ने ।

- पुस्तकालयको प्रवेश कक्षसँगै विशेष क्षमता भएका (अपाङ्ग, दृष्टिविहिन वा न्यूनदृष्टि भएका तथा अन्य खालका विशेष क्षमता वा फरक क्षमता भएका पाठकका लागि काउण्टरसँगै पुस्तकालय कक्ष राखेर सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- अवको पुस्तकालय भवन कम्तिमा आठ रेक्टर स्केलको भूकम्प प्रतिरोधात्मक क्षमता भएको हुनुपर्ने ।
- पुस्तकालयका लागि छुट्याइएको कूल क्षेत्रफल मध्ये बढीमा ४० प्रतिशत जग्गामा पुस्तकालय भवन र बाँकी जग्गा बाग बगैचा तथा पार्किङको व्यवस्था गर्नु पर्ने ।
- जग्गा अत्यन्त कम भएमा पुस्तकालयको अण्डर ग्राउण्ड तथा बहुतल्ले पार्किग (Multi-level parking) को समेत सोच राखेर डिजाइन गर्नु उपयुक्त हुने ।
- पुस्तकालय भवनमा पर्याप्त पिउने पानी तथा शौचालयको व्यवस्था मिलाउनु पर्ने ।
- पुस्तकालय नजिकै सुविधा सम्पन्न क्यान्टिनको व्यवस्था मिलाउनु पर्ने ।
- प्रदेशको राजधानीमा निर्माण गरिने भएकाले यो पुस्तकालयमा कम्तिमा पनि ३०० देखि ५०० जनासम्म क्षमता भएको बहुद्देश्यिय हल निर्माण गर्ने । यसबाट प्रदेशस्तरमा सञ्चालन गरिने विभिन्न सभा, समारोह व्यवस्थापन गर्न सहज हुन्छ ।
- पुस्तकालयको भवनमा निर्माण गरिने विभिन्न कक्षहरूको नाम दिँदा प्रदेशमा रहेका प्रसिद्ध ठाउँहरूका नामबाट राख्न र ती ठाउँहरू झल्कने गरी डिजाइन गर्नु उपयुक्त हुन्छ । यसबाट पुस्तकालयमा आउने पाठकहरूले सम्बन्धित ठाउँमा नपुगे पनि सो ठाउँमै पुगेको महशुस गर्न सक्छन । अन्य मुलुकका पुस्तकालयमा रहेका विभिन्न कक्षहरूको नामाकरण यसरी गरिएको पाइन्छ ।
- प्रदेश केन्द्रीय पुस्तकालय भवन निर्माण गर्दा प्रदेशमा रहेका विभिन्न जिल्ला तथा स्थानीय निकायमा पाइने महत्वपूर्ण कच्चा पदार्थको उपयोग गरेर निर्माण गर्नु उपयुक्त हुन्छ ।
- पुस्तकालयको प्रभावकारिता बढाउनका लागि कम्तीमा प्रदेश राजधानीका विभिन्न ठाउँमा घुम्ती पुस्तकालय सेवा सञ्चालन गर्ने ।
- पुस्तकालय व्यवस्थापनका लागि आवश्यक सबै प्रकारका विद्युतीय सामग्रीहरू लगायतका पुर्वाधार को व्यवस्था गर्ने ।
- संभवभएसम्म प्रदेशस्तरीय सङ्ग्राहलय र प्रदेश केन्द्रीय पुस्तकालयको नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी एउटै संरचना भित्र पुस्तकालय तथा सङ्ग्राहलय सञ्चालन गर्नु उपयुक्त हुन्छ । यस्तो व्यवस्था अन्य मुलुकहरूमा पनि रहेको पाँइन्छ ।

**पुस्तकालयमा रहने संभावित शाखा तथा कक्षहरू**

- सन्दर्भ सेवा शाखा,
- स्ट्याक रुम (नेपाली, अङ्ग्रेजी, राष्ट्रभाषा, सन्दर्भ शाखा, बाल शाखा),
- अध्ययन तथा अनुसन्धान कक्ष (अनुसन्धानकर्ताहरूका लागि, साधारण पाठकका लागि तथा स-सानो समूहमा आएर छलफल गर्न चाहने हरूका लागि बेग्ला बेग्लै हुनुपर्ने,
- पत्रपत्रिका शाखा,
- स्टाफ रुम,
- विद्युतीय पुस्तकालय कक्ष तथा श्रव्य दृश्य कक्ष वा शाखा,
- कम्प्युटर ल्याव वा कक्ष, इ जोन वा वाइफाइ जोन,
- अनुसन्धान कक्ष,
- मर्मत सम्भार कक्ष, सिसिटिभी सर्भिलेन्स कक्ष,
- आराम कक्ष,
- अडिटोरियम हल,
- बैठक, सेमिनार कक्ष,
- उपहार/सोभिनियर सप,
- शौचालय (पुरुष, महिला, विशेष क्षमता भएका),
- कफी सप,
- लिफ्ट,
- ऱ्याम,
- संरक्षण तथा सम्वर्द्धन कक्ष
- विद्युत नियन्त्रण कक्ष
- विविध

### ग. जनशक्ति व्यवस्थापन

कुशल कालिगढको हातबाट विग्रेको वाद्ययन्त्र पनि र म्रोसँग बज्दछ भनेजस्तै पुस्तकालय सञ्चालन गर्नका लागि दक्ष जनशक्ति भएमा सिमित साधन र स्रोतका भरमा पनि प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्न सकिन्छ । त्यसकारण पुस्तकालयको स्थापना गर्दा कम्तीमा पुस्तकालय तथा सूचना विज्ञान विषयमा उच्च शिक्षा हाँसिल गरेको (कम्तीमा स्नातक) जनशक्तिको व्यवस्था गर्नु उपयुक्त हुन्छ । प्रदेश केन्द्रीय पुस्तकालय भएकाले यस पुस्तकालयको प्रमुख जिम्मेवारी प्रदेश भरीका विभिन्न जिल्ला तथा स्थानीय निकायमा स्थापना र सञ्चालन हुने सार्वजनिक तथा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिको पेशागत दक्षता विकासका लागि लामो तथा छोटो अवधिका पेशागत दक्षता विकाससम्बन्धी तालिम एवम् कार्यशालाका लागि उपयुक्त पाठ्यक्रम विकास गर्ने, पाठ्यक्रम अनुसारका विभिन्न तालिम सञ्चालन गर्न सक्ने, पुस्तकालयको विकास र विस्तार मा प्रदेश सरकारका सम्बन्धित निकायलाई उपयुक्त सल्लाह र सुझाव दिन सक्ने जनशक्तिको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

अतः जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य अगाडि बढाउँदा सातवटै प्रदेशमा रहेका प्रदेश सामाजिक विकास मन्त्रालयको अगुवाइमा अन्य सम्बद्ध मन्त्रालयको समेत रायका आधारमा सङ्क्षिप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी निर्णय गर्नु उपयुक्त हुन्छ । त्यसरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुभन्दा अगाडिसम्मका लागि देहाय बमोजिमको खाका उपयुक्त हुन्छ ।

अन्य मुलुक विशेषतः छिमेकी मुलुक भारतमा प्रदेश केन्द्रीय पुस्तकालयको पुस्तकालय प्रमुखका रूपमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी रहने व्यवस्था छ । नेपालमा तत्कालै सो व्यवस्था गर्न सम्भव नभएमा कम्तिमा नेपाल शिक्षा सेवा, पुस्तकालय विज्ञान समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पुस्तकालय प्रमुख र निज मातहत दुईजना सोही सेवाका पुस्तकालय अधिकृत, एक जना नेपाल विविध सेवाका कम्प्युटर अधिकृत तथा एक जना नेपाल प्रशासन सेवाको अधिकृत रहनु उपयुक्त देखिन्छ । प्रस्तावित संगठन संरचना निम्नानुसार छः

### जनशक्ति संरचना

**पुस्तकालय प्रमुख वा निर्देशक**
रा. प द्वि. प्रा पु. वि १

**प्राविधिक सेवा शाखा**
पुस्तकालय अधिकृत
रा. प तृ. प्रा पु. वि १
प्राप्ति तथा दर्ता एकाइ
रा. प.अनं प्रा. पुवि १
प्राविधिक प्रशोधन एकाइ
रा. प.अनं प्रा. पुवि १
संरक्षण तथा सम्वर्द्धन एकाइ
रा. प.अनं प्र मुद्रण १

**सामान्य तथा कर्मचारी प्रशासन शाखा**
शाखा अधिकृत
रापतृ प्र. (शा.प्र.) १
ना.सु रापअनं.प्रथम (प्र) १
ले.पा. रापअनं.प्र. (आ.प्र) १
कास. २
हसचा १

**जनसेवा शाखा**
पुस्तकालय अधिकृत
रा. प तृ. प्रा पु. वि १
सन्दर्भ सेवा तथा लेनदेन एकाइ
रा. प.अनं प्रा. पुवि १
भाषागत (नेपाली, अंग्रेजी, अन्य) एकाइ
रा. प.अनं प्रा. पुवि १
पत्रपत्रिका एकाइ
रा.प.अनं प्र. पुवि १

**सूचना तथा सञ्चार प्रविधि शाखा**
कम्प्युटर अधिकृत
रा. प.अनं प्रा. विविध १
कम्प्युटर अपरेटर
रा. प.अनं प्रा. विविध १

**घ. प्रदेश केन्द्रीय पुस्तकालयले सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू**

- नेपालवाट विशेषतः सम्बन्धित प्रदेशबाट प्रकाशन हुने राष्ट्रिय महत्वका सम्पूर्ण प्रकाशन तथा जहाँसुकैबाट प्रकाशित भएका प्रदेशसम्बन्धी सम्पूर्ण कृतीहरू सङ्कलन गरी भावी सन्ततीका लागि समेत उपयोगी हुने गरी संरक्षण गरी राख्ने ।
- पाठकहरूको सुझाव तथा पुस्तकालयको पुस्तक छनौट समितिले आवश्यक ठानेका कृतिहरू खरिद, उपहार तथा विनिमयद्वारा प्राप्त गर्ने ।
- उपयोगी श्रव्यदृश्य सामाग्रीहरू सङ्कलन गरी राख्ने ।
- पुस्तकालयमा प्राप्त प्रकाशनहरूको वैज्ञानिक व्यवस्थापन गर्ने ।
- पाठकहरूले खोजेका सूचनाहरू आफ्नो पुस्तकालयमा उपलब्ध नभए यथासम्भव Referral Service वा Interlibrary Loan द्वारा प्रदान गर्ने ।
- पाठकहरूलाई सेवा प्रदान गर्न प्रदेशभरी विभिन्न सार्वजनिक पुस्तकालयहरूको स्थापना, सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने ।
- बालसाहित्य सङ्कलन तथा प्रकाशन गरी बालबालिकाहरूलाई ज्ञानवर्द्धक सेवा उपलब्ध गराउने ।
- सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रहरूसँग समन्वय कायम गरी प्रदेश स्तरीय सूचना सेवा केन्द्र (Provential Information Service Center) को रूपमा काम गर्ने ।
- प्रदेश भित्र स्थापना र सञ्चालन भएका सवै खालका पुस्तकालयहरूको विवरण दुरुस्त राख्ने ।
- पुस्तकालयको सङ्ग्रहलाई विद्युतीकरण (Digitize) गर्दै लैजाने ।
- प्रदेश स्तरीय वाङ्मय सूची (Provential bibliography) प्रकाशन गर्ने तथा Union List of Periodicals तयार गरी वितरण गर्ने ।
- प्रदेश भित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूलाई पुस्तकालय व्यवस्थापनसम्वन्धी आवश्यक निर्देशन दिने तथा उनीहरूको क्षमता विकासको लागि विभिन्न तालिम, सेमीनार सञ्चालन गर्ने तथा विभिन्न आवश्यक प्राविधिक सरसल्लाह एवम् सुझाव प्रदान गर्ने ।
- नेपाल राष्ट्रिय पुस्तकालय लगायतका अन्य प्रदेशका प्रदेश केन्द्रीय पुस्तकालयसँग सुमधुर सम्वन्ध कायम गरी अनुभवको आदान प्रदान गर्ने, गराउने ।
- International Federation for Library Associations and Institutions (IFLA), जस्ता पुस्तकालय सम्वन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्वन्ध कायम राख्ने तथा त्यस्ता संस्थाले सञ्चालन गर्ने, गराउने विभिन्न गतिविधिहरूमा भाग लिने, पुस्तकालय तथा सूचना सेवासँग सम्बन्धित विभिन्न निकाय वा संस्थाहरूलाई भाग लिन लगाउने, सिफारिस गर्ने ।
- पुस्तकालयमा भएका सम्पूर्ण पठन सामग्रीको विब्लियोग्राफिक डाटावेश तथा विद्युतीय पुस्तकालय तयार गरी सेवा प्रदान गर्ने ।
- विशेष क्षमता भएका पाठक तथा जेलका कैदी बन्दीहरूलाई पुस्तकालय सेवा पुऱ्याउने ।
- ऐतिहासिक एवम् पुरातात्विक अभिलेखहरूको आँकडा तयार पार्ने र पाएसम्म सङ्ग्रह गरी राख्ने ।
- स्रोत साझेदारीको अवधारणा अनुसार विभिन्न विद्युतीय डाटावेश (Electronic Database) प्राप्त (Access) गरी सरोकारवाला निकायहरूलाई उनीहरूको आवश्यकताका आधारमा वितरण गर्ने, गराउने ।
- पुस्तकालय प्रमुखको विस्तृत कार्य विवरण
- नेपाल (प्रदेश सरकारको कार्यक्षेत्र) भित्र प्रकाशित सम्पुर्ण नेपालसम्बन्धी पुस्तक, पत्रपत्रिका, प्रलेख, रिपोर्ट आदि र विदेशमा प्रकाशित नेपाल सम्बन्धी पुस्तक, पत्रपत्रिकाहरू सम्भव भएसम्म सङ्कलन, सम्वर्द्धन र संरक्षण गर्ने ।
- प्रदेशभित्रका सम्पुर्ण सरकारी तथा गैरसरकारी पुस्तकालय, प्रलेख तथा सूचना केन्द्रहरूको संरक्षण, सम्वर्द्धन तथा विकासको लागि आवश्यक प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने ।
- सर्वसाधारण जनतालाई सुविधा प्रदान गर्न

प्रदेशभरिका विभिन्न पुस्तकालयहरू र सूचना केन्द्रहरूको स्थापना सञ्चालन र विकासको निम्ति आवश्यक नीति निर्धारण गराउन प्रदेश सरकारमा सिफारिस गर्ने ।

- प्रदेश केन्द्रीय पुस्तकालयलाई अन्तर्राष्ट्रिय स्तरको निर्धारित मापदण्डमा पुर्‍याउन सूचना तथा सञ्चार प्रविधि लगायतका आधारभूत साधन र सुविधाहरूको चाँजोपाँचो मिलाउन आवश्यक व्यवस्था गर्ने ।
- अन्य प्रदेशका सरकारी तथा गैर सरकारी पुस्तकालय तथा अन्तर्राष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रहरूसँग सम्बन्ध कायम गरी प्रदेश केन्द्रीय पुस्तकालयलाई अन्तर प्रदेश सूचना सेवा केन्द्रको रूपमा विकास गर्न आवश्यक कार्य गर्ने ।
- पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी, सभाको आयोजना गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन, सेमिनारमा भाग लिई तत्सम्बन्धी सिफारिसहरूलाई साधन र स्रोतले भ्याएसम्म कार्यान्वयन गर्ने, गराउने ।
- पुस्तकालयको सम्पुर्ण प्रशासनमा सुपरीवेक्षक, सबै शाखा तथा कक्षहरूको बीचमा समन्वय, रेखदेख, निर्देशन, नियन्त्रण गरी पुस्तकालय प्रशासनको समस्त अभिभाराको निमित्त प्रदेश सरकारप्रति उत्तरदायित्व वहन गर्ने ।
- संघ तथा प्रदेशका सरोकारवाला मन्त्रालयले दिएको निर्देशन बमोजिम सम्पुर्ण कार्यहरू गर्ने, गराउने ।
- पुस्तकालय विकासका लागि आवश्यक योजना, कार्यक्रम र नीति तर्जुमा गरी सम्बन्धित निकायमा स्वीकृतिका लागि पेश गर्ने ।
- विद्युतीय पुस्तकालयको अवधारणा विकास गरी प्रदेश केन्द्रीय पुस्तकालयलाई कर्णाली प्रदेशको ज्ञानकेन्द्रका रूपमा विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

### च. सङ्कलन व्यवस्थापन

- नेपाल सरकार तथा प्रदेश सरकारअन्तर्गतका सबै निकायबाट प्रकाशन हुने जुनसुकै प्रकारका पुस्तक, पत्रपत्रिका, निर्देशिका लगायतका सबै खालका प्रकाशनहरूको विद्युतीय प्रति भए एकप्रति तथा छापिएको प्रति भए पाँच प्रति अनिवार्य रूपमा पुस्तकालयमा पठाउनु पर्ने व्यवस्था गर्ने गरी नीति बनाउने ।
- पुस्तकालय व्यवस्थापन तथा विद्युतीय पुस्तकालय विकासका लागि Free and Open Source Software को प्रयोग गर्नु उपयुक्त हुने ।
To develop a love of reading, children need books in their own language with characters, themes, and settings that reflect their lives. Let's Read is a new initiative that draws on The Asia Foundation's deep expertise and networks in communities across Asia to cultivate the skills of local authors and illustrators while building Asia's only free digital library for children.

Digital initiatives – Let's Read – creates, translates and delivers educational content to children anytime, anyplace, in languages people use at homes and schools that dramatically improving access. While print remains an effective means of delivering information; e-books are fast becoming a cost-effective, scalable model given mobile technology's increasing affordability. Let's Read! is trying to dismantle barriers to literacy by using local talent with technology in an unprecedented and locally-driven digital library.

**Let's Read! Digital Library** as a program implemented under the Asia Foundation's Books for Asia program. It is one of the pioneering digital libraries of Nepal. Since the Asia Foundation is supporting public and community libraries all over the country by donating and distributing printed books to schools, public and community libraries and also realizing the difficult geographical terrain of the country, the Asia Foundation has initiated the concept of digital library. In the context where the Information & Communication Technology is playing an important role in the socio-economic development, the Asia Foundation has launched "Let's Read Digital Library" in Nepal in July 2017 as an online platform where anyone can easily access books and reading materials free of cost anywhere and anytime and print any e-books for offline use as well. The objective of this Let's Read! Project is to outreach even to rural and far flung areas of the country and provide easy access of local language story books, reading materials, other information resources, etc. to bridge the gap between information rich and information poor.

It is a first of its kind free Digital Library and will continue to grow and add exciting new stories/contents through local book creation and translation events using the platform's



innovative community-powered translation tool, and via locally sourced stories. The number of books will be increased through book creation, conversion of existing books into local ethnic languages, adaptation and translation of additional book materials. Books are being translated into multiple languages, including English, Nepali, Nepal Bhasha, Khmer Lao, Bangla, and Bahasa. The Foundation had already introduced Let's Read in Cambodia, Indonesia, Thailand, Laos, Philippines, Nepal and Vietnam. The books are a mix of locally and internationally created stories, all of which are available in national and indigenous languages including Nepali and Nepal Bhasha. Several successful events of book creation and book translation were organized to develop local language books with the support of Nepalese authors, writers, editors, translators and volunteers. Let's Read advances the professional skills and opportunities of new and experienced authors, illustrators and publishers to grow thriving book markets that support children, their families and their communities. It also nurtures reading habits that enable children to reach important developmental milestones; families share stories that affirm their culture; and communities benefit from the contributors of all members.

It is a free, open-source children digital library that provides access to engaging, high-quality storybooks. All the books can be read for free on the Let's Read! mobile app, which can be downloaded from Google Play as "let's read – digital library" or can be accessed through the online library at www.letsreadasia.org.

Let's Read has more that 2200+ books in 22 languages. And there are 330 different stories in Nepali and Nepal Bhasha for the children of 3-15 years old age group. There are already more than 2,250 plus reading ambassadors and more than 350,000 books that had been printed from Let's Read stories and it is growing more each day. So far, people from more than 144 countries are reading stories from Let's Read digital library as per the data collected in August 2019.

# प्रतिवेदनः ११ औ राष्ट्रिय पुस्तकालय दिवस

**– यादवचन्द्र निरौला**

### १. पृष्ठभूमि

श्रुति, स्मृति परम्पराबाट अनुप्राणित पुर्वीय परम्पराबाट प्राचीन नेपालको शिक्षा प्रणाली सञ्चालित थियो । यस आधारमा अनौपचारिक रूपमा शिक्षाको थालनी मानव सभ्यताको विकास संगसंगै भएको मानिन्छ । औपचारिक रूपमा अध्ययन अनुसन्धान तथा पठन संस्कृतिको प्रारम्भ हुनुभन्दा अगाडि नै नेपालमा पुस्तकालयहरूको स्थापना र सञ्चालन गरिएको थियो भन्ने कुराको प्रमाण मल्लकालमा भक्तपुर दरबार नजिक स्थापना भएको साकोथा नामक पुस्तकालय हो ।

नेपाल एकीकरण भएपछि एकीकरण प्रक्रियासंगै संकलन गरेर हनुमान ढोका दरबारमा राखिएका पुस्तकहरूलाई व्यवस्थित गनर्का लागि वि.सं.१८६९ भदौ १५ गते लालमोहर जारी गरी "पुस्तक चिताई तहविल" स्थापना गरिएको ऐतिहासिक दिनलाई आधार मानेर विसं. २०६५ देखि हरेक वर्ष भदौ १५ गतेलाई पुस्तकालय दिवसका रूपमा मनाउन थालिएको हो । यस वर्षपुस्तकालय दिवस मनाउन थालिएको दसौं वर्ष पुरा भएको छ । पुस्तकालय दिवस मनाउनुका थप उद्देश्यहरू निम्नानुसार रहेका छन्

### २. उद्देश्य

- पुस्तकालय प्रयोगमा रुचि जगाउने,
- अध्ययन संस्कृतिको विकास गर्ने र सूचना एवम् ज्ञानमा आधारित समाज निर्माणको लागि वातावरण सिर्जना गर्ने,
- विभिन्न शिक्षण सिकाइ सम्बद्ध क्रियाकलापमा पुस्तकालयको उपयोग गर्ने वानीको विकास गर्ने,
- पुस्तकालय तथा सूचना विज्ञानको क्षेत्रमा भएका प्रगति तथा गतिविधिहरूवारे आम नागरिकहरू, विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, लेखक, पाठक, पुस्तकालयप्रेमी एवम् अन्य सरोकारवाला निकायहरूवीच प्रचारप्रसार गर्ने,
- पुस्तकालय दिवसलाई संस्थागत गरी पुस्तकालयको आवश्यकता र महत्वका बारेमा जनचेतना बृद्धि गर्ने,
- स्थानीय निकायहरूलाई सार्वजनिक तथा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालनमा लगानी अभिबृद्धि गर्न प्रेरित गर्ने,
- सबैका लागि पुस्तकालय अभियान सफल पार्ने,
- पुस्तकालय सेवा र पेसालाई विश्वव्यापी मान्यताअनुसार सञ्चालन गर्न विभिन्न नीति निर्माण गरी सरकारलाई सहयोग गर्ने,
- नेपाल राष्ट्रिय पुस्तकालय लगायत भूकम्पले क्षतीग्रस्त पुस्तकालयहरूको जग्गा प्राप्ती तथा भौतिक पूर्वाधार निर्माणका लागि पहल गर्ने ।

### ३. हालसम्मका आदर्श वाक्यहरू

२०६५ सबैका लागि पुस्तकालय
२०६६ पुस्तकालयको विकास नयाँ नेपालको निकास
२०६७ सूचना, ज्ञान र सीपका लागि पुस्तकालय
२०६८ समृद्ध नेपाल निर्माणका लागि पुस्तकालय
२०६९ पुस्तकालय जाऔः पढ्ने बानी बसालौं
२०७० एक गाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय
२०७१ पुस्तकालयको विस्तार, सभ्य समाजको आधार
२०७२ पुस्तकलाई माया गरौं पुस्तकालयको विकास गरौं
२०७३ जीवनपर्यन्त शिक्षाका लागि पुस्तकालय
२०७४ जीवनपर्यन्त शिक्षाका लागि एक स्थानीय तहः एक नमूना पुस्तकालय
२०७५ समृद्ध पुस्तकालयः सुदृढ समाज

### ४. मूल समारोह समितिको गठन

विगतका बर्षहरूमा जस्तै यसवर्ष पनि विविध कार्यक्रमहरूको आयोजना गरी भाद्र महिनाको पहिलो हप्तादेखि १५ गतेसम्म पुस्तकालय दिवस मनाउने शिलशिलामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बरालको अध्यक्षतामा मिति २०७५ साल साउन १४ गते मन्त्रालयको हलमा बसेको बैठकले मूल समारोह समितिको गठन गरी एघारौं पुस्तकालय दिवसको आदर्श वाक्य तय गरेको थियो । साथै विभिन्न उपसमितिको गठन गरी कार्यविभाजन गर्ने र विभिन्न निकायमा पत्राचार गर्ने निर्देशन सचिवालयलाई दिएको थियो ।

**क. मूल आयोजक समितिमा रहनुभएका पदाधिकारी तथा संस्थाहरू**

श्री खगराज बराल, सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अध्यक्ष

श्री सुर्यप्रसाद गौतम, सहसचिव, विद्यालय शिक्षा महाशाखा

श्री यादवचन्द्र निरौला, उपसचिव, पुस्तकालय समन्वय शाखा तथा अभिलेख शाखा, सदस्य सचिव

**सदस्यहरू**

- नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर
- केसर पुस्तकालय, केसरमहल, काठमाडौं
- डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, लाजिम्पाट, काठमाडौं
- त्रिवि केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं
- त्रिवि पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं
- नेपाल पुस्तकालय संघ, भृकुटिमण्डप, काठमाडौं
- नेपाल सामुदायिक पुस्तकालय संघ, बालुवाटार, काठमाडौं
- विद्यालय पुस्तकालय परिचारिका संघ, धुम्बाराही, काठमाडौं
- भक्तपुर पुस्तकाल संघ, भक्तपुर
- पोखरा पुस्तकालय संघ, पोखरा
- चितवन पुस्तकालय संघ, चितवन (छ छैन सोध्ने)
- लुम्बिनी पुस्तकालय संघ
- पुर्वाञ्चल पुस्तकालय संघ
- दाङ पुस्तकालय संघ
- सिराहा पुस्तकालय संघ
- त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सूचना विज्ञान भूतपूर्व विद्यार्थी संघ, कीर्तिपुर, काठमाडौं
- मदन पुरस्कार पुस्तकालय, पाटनढोका ललितपुर
- काठमाडौ उपत्यका सार्वजनिक पुस्तकालय, भृकुटीमण्डप, काठमाडौं
- त्रिफला राष्ट्रिय पुस्तकालय, मेचीनगर, १० धुलावारी झापा
- पोखरा सार्वजनिक पुस्तकालय, पोखरा
- पुस्तकालय विकास मञ्च, कुलेश्वर, काठमाडौं
- सोसल साइन्स बहाः, रामचन्द्र मार्ग, बत्तीस पुतली, काठमाडौं
- प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, थसिखेल, ललितपुर
- रिड नेपाल, बालुवाटार, काठमाडौं
- रुसी सांस्कृतिक केन्द्र, कमलपोखरी, काठमाडौं
- पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र, विनायक नगर, काठमाडौं
- नेपाल लाइब्रेरी फाउन्डेसन, घट्टेकुलो काठमाडौं
- दि एशिया फाउण्डेसन, बालुवाटार, काठमाडौं
- लायन्स मनराम फाउण्डेशन, २००५ बालुवाटार, काठमाडौं
- शिक्षा नेपाल, बालुवाटार, काठमाडौं
- स्तम्भ नेपाल, बत्तिश पुतली काठमाडौं
- सामुदायिक बालविकास पुस्तकालय, साँचल, सानेपा, ललितपुर

**५. उपसमितिहरू**

सो वैठकले निम्नानुसारका उपसमितिहरू गठन गरी कार्यादेश समेत तोकी मिति २०७५।४।१६ गते पत्राचार गरिएको थियो ।

**क. प्रचारप्रसार तथा परिसम्बाद उपसमितिमा रहेका संयोजक तथा सदस्यहरू**

- श्री गोविन्दराज दाहाल, पुस्तकालय अधिकृत, काठमाडौ उपत्यका सार्वजनिक पुस्तकालय, संयोजक
- श्री रमेश भुषाल, प्रकाशक, पुस्तकालय आवाज मासिक तथा पुस्तकालय विकास मञ्च, सदस्य
- श्री प्रविण पौडेल, मदन पुरस्कार पुस्तकालय, सदस्य
- अध्यक्ष, वा निजले तोकेको प्रतिनिधि, शिक्षा पत्रकार समूह, सदस्य
- अध्यक्ष, वा निजले तोकेको प्रतिनिधि, शिक्षा पत्रकार सञ्जाल, सदस्य

**समितिलाई दिइएको कार्यादेश**

- ◆ एघारौं पुस्तकालय दिवस २०७५ का माध्यमबाट पुस्तकालयको प्रयोग र पठन संस्कृति विकास सम्बन्धमा परिसम्बाद कार्यक्रम सञ्चालन गर्न संभव भएसम्म सबै सञ्चार संस्थाहरूमा अनुरोध गर्ने ।
- ◆ मूल समिति तथा अन्य समितिका संयोजकहरूसंग समन्वय गरी सबै समितिले सम्पादन गरिरहेका गतिविधिहरूको प्रचारप्रसार गर्ने ।
- ◆ नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन लगायतका सबै टेलिभिजन, एफएम रेडियो, अनलाइन समाचारपत्र लगायत गोरखापत्र, कान्तिपुर दैनिकमा समेत व्यापक प्रचारप्रसारका लागि अनुरोध गर्ने ।

- विभिन्न जिल्लामा सञ्चालन भएका पुस्तकालय दिवससम्बन्धी गतिविधिहरूको अभिलेख राखी मूल समारोह समितिसमक्ष अन्तिम प्रतिवेदन तयारीका लागि पेश गर्ने ।

**ख. पुस्तकालय दिवस व्यवस्थापन तथा समन्वय उपसमिति**

उपसमितिलाई तोकिएको कार्यादेश:

- प्रमुख अतिथिको टुंगो लगाउने
- पुस्तकालय दिवस मूल समारोहका लागि स्थान पहिचान गर्ने
- उपत्यका ट्राफिक प्रहरीसंग समन्वय गरी प्रभात फेरी तथा र्‍यालीको व्यवस्थापन गर्ने
- आगन्तुकहरूको स्वागत गर्ने
- मूल समारोह समितिको ब्यानर तयार गर्ने, गराउने
- चियापानको व्यवस्थापन गर्ने
- अन्य उपसमितिहरूसंग समन्वय गर्ने

**सदस्यहरू**

- श्री यादवचन्द्र निरौला उपसचिव पुस्तकालय समन्वय शाखा, संयोजक
- श्री भोला पौडेल, आर्थिक प्रशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सदस्य
- नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि, सदस्य
- केशर पुस्तकालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि, सदस्य
- श्री भोला कुमार श्रेष्ठ, सदस्य सचिव, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, सदस्य
- नेपाल पुस्तकालय संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सदस्य
- त्रिभुवन विश्विविद्यालय पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख वा निजले तोकेको प्रतिनिधि सदस्य
- त्रिभुवन विश्विविद्यालय केन्द्रीय पुस्तकालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि, सदस्य
- त्रिभुवन विश्विविद्यालय पुस्तकालय तथा सूचना विज्ञान भूतपुर्व विद्यार्थी संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सदस्य
- श्री नर्वदा पोखेल, कार्यवाहक अध्यक्ष, पुस्तकालय परिचारिका संगठन नेपाल, सदस्य
- नेपाल सामुदायिक पुस्तकालय संघका अध्यक्ष वा निजले तोकेको, सदस्य
- रूम टु रिडका राष्ट्रिय निर्देशक वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- नेपाल लाइब्रेरी फाउण्डेसनका अध्यक्ष वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- रिड नेपालका राष्ट्रिय निर्देशक वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- पुस्तकालय विज्ञान विद्यार्थी समाजका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सदस्य
- पुस्तकालय तथा सूचना व्यवस्थापन केन्द्रका अध्यक्ष वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- द एशिया फाउण्डेनका राष्ट्रिय निर्देशक वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- लायन्स मनराम फाउण्डेसन, २००५ का अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सदस्य
- प्राथमिक स्वास्थ्य सेवा स्रोतकेन्द्रका राष्ट्रिय निर्देशक वा वा निजले तोकेको प्रतिनिधि, सदस्य
- मदन पुरस्कार पुस्तकालयका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, सदस्य
- इसिमोड प्रतिनिधि, सदस्य

**ग. प्रकाशन उपसमिति**

उपसमितिलाई तोकिएको कार्यादेश:

- पुस्तकालय सञ्चालन र व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको नीति तथा कार्यक्रमबारे जानकारीमूलक लेख रचना प्रकाशन गर्ने ।
- एघारौं पुस्तकालय दिवसका अवसरमा पुस्तकालय तथा सूचना विज्ञान, पुस्तकालयमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, पठन संस्कृतिको विकास र विस्तारमा पुस्तकालयहरूको योगदान, पुस्तकालयमा कार्यरत जनशक्तिको पेशागत दक्षाता विकास लगायत पुस्तकालय सम्बद्ध लेखरचनाहरू लेखकवर्गबाट माग गरी प्रकाशन गर्ने ।
- विगतमा सम्पन्न पुस्तकालय दिवसको समीक्षा गर्ने ।
- नेपालको पुस्तकालय विकासमा योगदान दिने संस्थाहरूले सम्पादन गरेका गतिविधिहरू समावेश गर्ने

**सदस्यहरू**

- श्री यादवचन्द्र निरौला उपसचिव, पुस्तकालय

समन्वय शाखा, सदस्य
- श्री इन्द्रप्रसाद अधिकारी, त्रिवि केन्द्रीय पुस्तकालय, सदस्य
- श्री अशोक थापा, उपप्राध्यापक, त्रिवि नेपाली केन्द्रीय विभाग, सदस्य
- श्री चन्द्रकिरण श्रेष्ठ, वरिष्ठ डकुमेन्टेसन अधिकृत, रेस्फेक, सदस्य

**घ. सामाजिक तथा रचनात्मक क्रियाकलाप उपसमिति**

**उपसमितिलाई तोकिएको कार्यादेश:**

- एघारौं पुस्तकालय दिवसका अवसरमा रक्तदान, सरसफाई, वृक्षारोपण, स्वास्थ्य सम्वन्धी गतिविधि, पुस्तक दान आदि सञ्चालन गर्ने ।
- विभिन्न शैक्षिक संस्था तथा सामाजिक संस्थामा पुस्तकालय संग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्न अनुरोध गर्ने ।

**सदस्यहरू**

- श्री प्रेमबहादुर बोहोरा, अध्यक्ष, शिक्षा नेपाल, संयोजक
- श्री भीमध्वज श्रेष्ठ, त्रिवि पुस्तकालय तथा सूचना केन्द्रीय विभाग, सदस्य,
- श्री प्रतिनिधि, नेपाल पुस्तकालय संघ, सदस्य
- श्री प्रतिनिधि, नेपाल राष्ट्रिय पुस्तकालय, सदस्य
- श्री प्रतिनिधि, नासल, सदस्य
- श्री प्रतिनिधि, रिड नेपाल, सदस्य
- श्री प्रतिनिधि तुलसा, सदस्य
- सम्मान तथा पुरस्कार उपसमिति

उपसमितिलाई तोकिएको कार्यादेश:

- एघारौं पुस्तकालय दिवसका अवसरमा पुस्तकालय तथा सूचना विज्ञानको क्षेत्रमा पुर्याएको योगदानको कदरस्वरूप व्यक्ति वा संस्थाको छनोट गरी पुरस्कारका लागि मूल समारोह समिति समक्ष सिफारिस गर्ने ।
- विभिन्न पुस्तकालय संग सम्पर्क गरी वर्षभरिका उत्कृष्ट पाठकहरूमध्येबाट एक जना सिफारिस गर्न अनुरोध गर्ने र प्राप्त सिफारिसहरूमध्येबाट एकजनालाई बर्षको सर्बोत्कृष्ठ पाठकका रूपमा सम्मानित गर्न सिफारिस गर्ने ।

**सदस्यहरू**

- श्री सूर्यप्रसाद गौतम, सहसिचव विद्यालय शिक्षा महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संयोजक
- श्री इन्दिरा दली, सदस्य, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, सदस्य
- श्री इन्द्र प्रसाद अधिकारी, पुस्तकालय प्रमुख, त्रिवि केन्द्रीय पुस्तकालय, सदस्य
- श्री जानकी कर्माचार्य, पुर्व प्रमुख, केसर पुस्तकालय, सदस्य
- श्री केशवराज लम्साल, उपाध्यक्ष, एनएलएफ, सदस्य

**च. शैक्षिक क्रियाकलाप उपसमिति**

उपसमितिलाई तोकिएको कार्यादेश:

- एघारौं पुस्तकालय दिवसको आदर्श वाक्य वा पठन संस्कृतिको विकासमा पुस्तकालयको योगदान वा उपसमितिले उपयुक्त ठानेको कुनै एक शीर्षकमा निबन्ध, कविता, वादविवाद प्रतियोगिता सञ्चालन गर्ने ।
- उत्कृष्ट प्रतियोगीहरू छनोट गरी मूल समारोह समिति समक्ष सिफारिस गर्ने ।

सदस्यहरू

- श्री इन्दिरा दली, सदस्य, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, संयोजक
- श्री प्रतिनिधि, केसर पुस्तकालय, सदस्य
- श्री प्रतिनिधि, रूम टु रिड, सदस्य
- श्री प्रतिनिधि, द एशिया फाउण्डेसन, सदस्य
- श्री प्रतिनिधि, पुस्तकालय परिचारिका संगठन नेपाल, सदस्य
- श्री प्रतिनिधि, तुलसा, सदस्य

**छ. परिसम्बाद उपसमिति**

उपसमितिलाई तोकिएको कार्यादेश:

- स्थानीय निकायका पदाधिकारीहरूसंग सार्वजनिक पुस्तकालयको आवश्यकता र महत्वका बारेमा परिसम्बाद कार्यक्रम सञ्चालन गर्ने ।
- विभिन्न आमसञ्चार (एफएम रेडियो, रेडियो, टेलिभिजन, छापा तथा अनलाइन पत्रपत्रिकामा) पुस्तकालय तथा सूचना व्यवस्थापन क्षेत्रका ब्यक्तिहरू, पुस्तकालयका सञ्चालकहरूका लेखरचना, विचार एवम् अन्तवार्ताहरू प्रकाशन, प्रसारण गर्ने व्यवस्था मिलाउने ।

- प्रदेशस्तर एवम् स्थानीय स्तरमा समेत प्रचारप्रसार गर्न स्थनीय अम सञ्चारसंग आबद्ध व्यक्तित्वहरूसंग सम्पर्क एवम् समन्वय गर्ने ।

**सदस्यहरू**

- श्री जुजुभाइ डंगोल, पुस्तकालय व्यवस्थापक, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, संयोजक
- श्री प्रतिनिधि, केसर पुस्तकालय, सदस्य
- श्री प्रतिनिधि, रूम टु रिड, सदस्य
- श्री प्रतिनिधि, द एशिया फाउण्डेसन, सदस्य
- श्री प्रतिनिधि, पुस्तकालय परिचारिका संगठन नेपाल, सदस्य
- श्री प्रतिनिधि, तुलसा, सदस्य

# प्रदेश तथा स्थानीय निकायमा पुस्तकालय दिवस मनाउन गरिएको अनुरोध

मिति २०७५।४।२४ गते एघारौं पुस्तकालय दिवस, २०७५ मनाउने सम्बन्धमा सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् मार्फत् ७७ ओटै शिक्षा विकास तथा समन्वय एकाइ, तथा संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् ७५३ ओटै स्थानीय निकायमा विविध कार्यक्रम गरी पुस्तकालय दिवस मनाउन अनुरोध गर्ने तथा जिल्लास्तरमा जिल्ला समन्वय समितिका सभापतिज्यूको संयोजकत्वमा शिक्षा विकास तथा समवन्य एकाइका प्रमुख सदस्यसचिव र आवश्यकताअनुसार अन्य सदस्य रहने गरी एक जिल्लास्तरीय पुस्तकालय दिवस मूल समारोह समितिको गठन गर्न तथा स्थानीय तहमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गरी पुस्तकालयसंग सम्बद्ध स्थानीयस्तरमा सक्रिय रहेका गैरसरकारी संस्थाहरूको समेत सहभागिता रहने गरी समितिको निवन्ध लेखन, हाजिरीजवाफ प्रतियोगिता, प्रवचन जस्ता विविध कार्यक्रम गरी मुलुकभर पठन संस्कृतिको विकासमा टेवा पुऱ्याउन अपरिहार्य भएकाले ताहाँबाट सबै जिल्ला समन्वय समिति तथा स्थानीय निकायहरूमा परिपत्र गरी दिनुहुन अनुरोध गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यूबाट पत्राचार गरिएको थियो ।

मिति २०७५ भाद्र १ गतेको गोरखापत्र दैनिकमा मुलुकभर विविध कार्यक्रमहरूको आयोजना गरी पुस्तकालय दिवस भव्य रूपमा मनाउनका लागि सूचना समेत प्रकाशन गरिएको थियो ।

### ६. विभिन्न उपसमितिबाट सम्पादित कार्यक्रम

भाद्र ७ गतेः सामुदायिक बाल विकास पुस्तकालय साँचल सानेपाको आयोजनामा कक्षा ८ सम्मका बालबालिकाहरूबीच नृत्य प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगीतामा ८ वटा विद्यालयका ११ जना छात्र र २४ जना छात्रा गरी ३५ जनाले भाग लिएका थिए । प्रतियोगिताको मूल्याङ्कन जापानी नृत्य प्रशिक्षकबाट गरिएको सानो समूह र ठूलो समूहमा विभाजन गरी प्रथम, द्वितीय र तृतीय घोषणा गरिएको थियो ।

गत साल २०७४ मा मनाइएको दसौं पुस्तकालय दिवस भाद्र १५ को अवसरमा सामाजिक तथा रचनात्मक क्रियाकलाप उपसमितिका संयोजक रेस्फेकका वरिष्ठ डकुमेण्टेसन अधिकृत श्रीमती चन्द्र किरण श्रेष्ठज्यूको अनुरोध तथा सुझाव अनुसार यस साँचल, सानेपास्थित सामुदायिक बालविकास पुस्तकालयले १४ वटा स्कुलका ३२ जना विद्यार्थीहरू (दुई समूह साना र ठूलामा विभाजन गरी के. जी. देखी कक्षा ४ सम्मका ५ कक्षा ५ देखि दश सम्मका) माझ प्रख्यात युवा कलाकार (Artist) श्रीमती जुनुमाली श्रेष्ठको संयोजनमा चित्रकला प्रतियोगिता सञ्चालन गरी सोही कलाकार तथा अन्य विशेषज्ञहरूवाट मूल्यांकन गराई दूवै समूहका प्रथम, द्वितीय र तृतीयका साथै दूवै समूहका विशेष समेत गरी जम्मा नौजनालाई भाद्र १५ गतेको मूल समारोहमा पुरस्कार तथा प्रमाणपत्र प्रमाणपत्र प्रदान गरिएको थियो ।

**सामुदायिक बाल विकास पुस्तकालय, साँचल, सानेपा**

एघारौं पुस्तकालय दिवस भव्यताकासाथ मनाउने सिलसिलामा यस सामुदायिक बाल विकास पुस्तकालय पोहर भन्दा वढी निम्न कार्यक्रमहरू निम्न दिनहरूमा भव्यताकासाथ मनाइएको थियोः

### १. भाद्र ७ गते २०७५ नृत्य प्रतियोगिता

साँचल, सानेपा ललितपुरस्थित सामुदायिक बालविकास पुस्तकालयका अध्यक्ष एवं एघारौं पुस्तकालय दिवस भाद्र १५, को मूल समारोह समितिअन्तर्गतको शैक्षिक क्रियाकलाप उपसमितिका संयोजक श्रीमती इन्दिरा दलीको संयोजनमा सामुदायिक बालविकास पुस्तकालयमा जापानी नृत्यप्रशिक्षक/कलाकार श्री कौसुके तानाका (Mr. Kousuke Tanaka) को प्रशिक्षण तथा सुपरीवेक्षणमा नृत्य प्रतियोगिताको आयोजना गरिएको थियो। उक्त प्रतियोगितामा ललितपुरस्थित ८ वटा स्कुल (१) श्री टीका विद्याश्रम माध्यमिक विद्यालय, सानेपा (२) मेरीवार्ड हाइ स्कुल झम्सिखेल (३) नाइल स्ट्रिम एकेडेमी, सानेपा (४) पाराडाइज स्कूल सानेपा (५) ज्ञानदिप सेकेण्डरी बोर्डिङ स्कुल सानेपा (६) निलबराही सेकेण्डरी स्कुल सानेपा (७) फोनेक्स स्कुल साँचल र (८) नाइटिङ्गेल इन्टरनेशनल सेकेण्डरी स्कुल कुपण्डोल का यु.के.जी देखी ८ सम्मका जम्मा ३५ जना (११ जना छात्र र २४ जना छात्रा) हरूले भाग लिएका थिए। ति ३५ जनालाई दुई समूह (१) साना र (२) ठूला समूहमा विभाजन गरी प्रतियोगिता गराइएको थियो।सो प्रतियोगितको मूल्याङ्कन पनि उनै जापानी नृत्य विशेषज्ञले गर्नुभएको थियो। उहाँको मूल्याङ्कनअनुसार घोषणा गरिएको नतिजा निम्नानुसार रहेको छः

**१. साना समूह**

| क्र.सं. | स्थान | नाम | उमेर | कक्षा | विद्यालय |
|---|---|---|---|---|---|
| १ | प्रथम | श्री अमीत पाशवान | ६ | यूकेजी | फोनेक्स स्कूल |
| २ | द्वितीय | श्री देवकृष्ण यादव | ८ | २ | पाराडाइस स्कुल |
| ३ | तृतीय | सुश्री युनिशा आलेमगर | १० | ५ | ज्ञानदिप सेकेण्डरी स्कूल |

**२. ठूला समूह**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | प्रथम | श्री विपिन सुवेदी | ११ | ७ | श्री टिका विद्याश्रम |
| २. | दोस्रो | श्री सुरज जैशबाल | १० | ३ | ज्ञानदिप सेकेण्डरी स्कूल |
| ३. | तृतीय | सुश्री संजीवनी रायमाझी | १२ | ७ | नाइटेङगेल इन्टरनेशनल सेकेण्डरी स्कूल |

### ३. भाद्र ८ गते प्रवचन/अन्तक्रिया कार्यक्रम

यस सामुदायिक बालविकास पुस्तकालयले साचल सानेपा स्थित प्याराडाइस स्कूलको हलमा कक्षा ४ देखि ७ सम्मका जम्मा २० जना सहभागीहरू ६ जना शिक्षक/शिक्षिका तथा प्रिन्सिपल पुस्तकालय संचालक समितिका सदस्यहरू समेतको उपस्थितिमा “पठन संस्कृतिको विकासमा बाल साहित्य तथा बालपुस्तकालयको भूमिका विषय” मा एउटा शसक्त प्रवचन/अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। यसको मुख्य उद्देश्य बालबालिकाहरूलाई पठन संस्कृति विकास गर्न बालसाहित्य तथा बालपुस्तकालयले कति महत्वपूर्ण भूमिका खेल्छ भनेर बुझाउनु थियो। बालसाहित्यको भूमिका बारे वरिष्ठ साहित्यकार श्री विनय कसजूले प्रस्तुत गर्नुभएको थियो। बालपुस्तकालयको भूमिकाबारे पुस्तकालयका अध्यक्ष श्रीमती इन्दिरा दलीले गर्नुभयो।

### ४. भाद्र ९ गते बालकथा लेखन प्रतियोगिता

एघारौं पुस्तकालय दिवसलाई मध्य नजरगरेर यस सामुदायिक बालविकास पुस्तकालयले भाद्र ६ देखि ८ गते सम्म जम्मा ३ दिनको 'बालकथा लेखन प्रशिक्षण' कार्यक्रम संचालन गरेको थियो। सो कार्यक्रममा ललितपुर स्थित जम्मा ५ वटा स्कुल (१) श्री टिका विद्याश्रम माध्यमिक विद्यालय, सानेपा (२) मेरी लार्ड स्कुल, झम्सिखेल (३) ज्ञानदिप सेकेण्डरी वोर्डिङ स्कुल, सानेपा (४) पाराडाइज स्कुल, साँचल र (५) नाइटिङगेल इन्टरनेशनल सेकेण्डरी स्कुल, कुपण्डोलका जम्मा १० जना विद्यार्थीहरूले भाग लिएका थिए। पुस्तकालयका सल्लाहकार तथा वरिष्ठ बाल साहित्यकार श्री विनय कसजूले प्रशिक्षकको भूमिका निभाउनु भएको थियो।

भाद्र ९ गते उक्त तालिम प्राप्त १० जना विद्यार्थीहरू/बालबालिका माझ कथा लेखन प्रतियोगिताको

आयोजना गरिएको थियो। सो १० वटा कथाहरू त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका प्रमुख पुस्तकालयध्यक्ष तथा बालसाहित्यकार श्री इन्द्रप्रसाद अधिकारी, श्रीमती इन्दिरा दली तथा श्री विनय कसजूको समूहले मूल्याङकन गरी निम्न अनुसारको नतिजा घोषणा गरेको थियो।

| क्र.सं. | स्थान | नाम | उमेर | कक्षा | विद्यालय |
|---|---|---|---|---|---|
| १ | प्रथम | सुश्री करिना जैशबाल | १३ | ६ | मेरी लार्ड स्कुल |
| २ | द्वितीय | श्री चन्दन जैशबाल | १२ | ६ | ज्ञानदिप सेकेणडरी सेकेण्डरी स्कुल |
| ३ | तृतीय | सुश्री संजिवनी रायमाझी | १२ | ७ | नाइटिङगल इन्टरनेशनल बोर्डिङ स्कुल |

## ४. भाद्र १४ गतेः पुरस्कार वितरण कार्यक्रम

भाद्र १४ गते पुरस्कार वितरण कार्यक्रमको आयोजना गरेको थियो। सो कार्यक्रममा ललितपुर वडा न. २ सानेपाका वडा अध्यक्ष श्री राजेश महर्जनलाई प्रमुख अथितिको रूपमा उपस्थित हुनुहुन्थ्यो। विजयी प्रतियोगिहरूलाई नगद पुरस्कार वितरण गरिएको थियो। श्री महर्जनजीले आफ्नो मन्तव्य दिदां पुस्तकालयलाई सर्हाना गर्दै आउँदा दिनहरूमा यस्तै राम्रा कामहरू गर्न शुभेच्छा दिदै यसको विकासको लागि सक्दो सहयोग गर्ने वचन प्रतिवद्धता समेत जाहेर गर्नु भयो। त्यस्तै अन्य अतिथी तथा अभिभावकहरूले पनि शुभेच्छा प्रकट गरेको थियो। अन्त्यमा सानो जलपान कार्यक्रमकोपनि व्यवस्था गरिएको थियो।

## त्रिवि केन्द्रीय पुस्तकालय, पुस्तक विमोचन

भाद्र १० गतेः शैक्षिक क्रियाकलाप उपसमितिको आयोजनामा त्रिभुवन विश्विवद्यालय केन्द्रीय पुस्तकालयमा सो पुस्तकालय पुर्वप्रमुख नारायणप्रसाद मिश्र र शान्ति मिश्रद्वारा लिखित तथा प्रकाशित “त्रि.वि. केन्द्रीय पुस्तकालयको गौरवशाली कहानी र हाम्रो सेवा” नामक पुस्तकको विमोचन गरिएको थियो। सो समारोहका प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालका शिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठीज्यू हुनुहुन्थ्यो। सभाको सभापतित्व शैक्षिक क्रियाकलाप उपसमितिका संयोजक श्रीमती इन्दिरा दलीले गर्नुभएको थियो।

विशिष्ट अतिथिका रूपमा प्रा.डा. सुरेन्द्र के.सी हुनुहुन्थ्यो। अन्य अतिथिहरूमा भीमध्वज श्रेष्ठ, इन्द्रप्रसाद अधिकारी, डा. मदूसुधन कार्की, कृष्णमणि भण्डारी, डा. तुलसीप्रसाद भट्टराई र यादवचन्द्र निरौला हुनुहुन्थ्यो।

मूल समारोह समितिका सदस्य सचिव यादवचन्द्र निरौलाले अतिथिहरूको स्वागत गर्नुभएको थियो। प्रमुख अतिथिबाट पुस्तक विमोचन पछि डा. मदूसुधन कार्की, कृष्णमणि भण्डारीले शान्ती मिश्र र नारायणप्रसाद मिश्रका बारेमा बोल्नु भएको थियो। विमोचित पुस्तकका बारेमा प्रा.डा. सुरेन्द्र के.सीले समीक्षा गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन तुलसी भट्टराईले गर्नु भएको थियो।

### दिदी बहिनी

**भाद्र १३ गतेः** प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रको भगिनी संस्था दिदीबहिनीले ललितपुरको लुभुमा रहेको पुस्तकालय तथा स्रोतकेन्द्र र भक्तपुरको साँगामा रहेको पुस्तकालय तथा स्रोतकेन्द्रमा कक्षा पाँचदेखि नौसम्मका विद्यार्थीहरूका वीचमा समुदायको विकासमा सामुदायिक पुस्तकालयको महत्व विषयक निवन्ध लेखन प्रतियोगिताको आयोजना गरेको थियो।

### केसर पुस्तकालय

सिही दिन केसर पुस्तकालयको आयोजनमा पुस्तकालयमा रहेका पुराना तथा बहुमुल्य सामाग्री तथा बर्षौ पुराना हस्तलिखित ग्रन्थहरूको दिर्घकालीन रूपमा संरक्षण तथा डिजिटाईज गर्ने उद्देश्यले “Digitization in Library Materials: Manuscript and Rare Books” विषयक एक दिने छलफल कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा केसर पुस्तकालयका प्रमुख श्री दशरथ मिश्र, राष्ट्रिय अभिलेखालयका पूर्व संरक्षण अधिकृत श्री गृहमान सिंह तथा श्री अशोक थापाले कार्यपत्र प्रस्तुत गरेका थिए।

## विद्यालय पुस्तकालय परिचारिका संगठन नेपाल

भाद्र १४ गते ललितपुरको बज्रबाराही माध्यमिक विद्यालय गोदावरी नगरपालिका भरिका माध्यममिक विद्यालयहरूका लागि दि एशिया फाउण्डेसनको आर्थिक

सहयोग र विद्यालय पुस्तकालय परिचारिका संगठन नेपालको प्राविधिक सहयोगमा पुस्तकालय परिचारिका संगठन ललितपुरले तीनदिवसीय पुस्तकालय व्यवस्थापन तालिम तथा प्रधानाध्यापकबीच अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

**भाद्र १५ गते**

**ट. समापन समारोह**

पुस्तकालय दिवस मूलसमारोह समितिको आयोजनामा रूसी साँस्कृतिक केन्द्रमा औपचारिक कार्यक्रमको आयोजना गरी समापन समारोहको आयोजना गरियो । प्रमुख अतिथि माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल विविध कारणले उपस्थित हुन असमर्थ भएपछि मन्त्रालयका सचिव श्री खगराज बरालज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन गरिएको थियो ।

आगन्तुक पाहुनाहरूलाई पुस्तकालय दिवस मूल समारोह समितिका सदस्य सचिव श्री यादवचन्द्र निरौलाले स्वागत गर्नुभएको थियो । सो अवसरमा डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका अध्यक्ष डा. तुलसीप्रसाद भट्टराई, पुस्तकालयविद् तथा सामुदायिक बाल विकास पुस्तकालयका अध्यक्ष श्रीमती इन्दिरा दली, नेकपाका केन्द्रीय सदस्य तथा पूर्व विज्ञान तथा प्रविधि मन्त्री गणेश शाह, रूसी साँस्कृतिक केन्द्रका निर्देशक युलिया आन्द्रोशोभाले आ-आफ्ना मन्तब्य दिनुभएको थियो ।

सो अवसरमा नेपालको सूदूर पश्चिममा बसेर लामो समयदेखि समाज सेवा गरिरहनुभएका बद्रीनाथ भण्डारीलाई यस वर्षका उत्कृष्ट पुस्तकालय अभियान्ताको सम्मान प्रदान गरियो । स्थापना कालदेखि नेपाली साहित्यको अनवरत सेवा गरेको तथा पाठक वर्गलाई सेवा दिएको सम्मानस्वरूप रत्न पुस्तकालय नयाँबानेश्वर काठमाडौलाई उत्कृष्ठ पुस्तकालय र पूर्व प्रशासक देवेन्द्रराज कंडेललाई वर्षका उत्कृष्ठ पाठकका रूपमा सम्मानित गरियो ।

सो अवसरमा पठन संस्कृतिको विकासमा विद्यालय पुस्तकालयको भूमिका विषयक उपत्यका ब्यापी निवन्ध प्रतियोगिताका विजेताहरू (प्रथम, द्वितीय र तृतीय) लाई पुरस्कृत गरिएको थियो ।

यसैगरी सामुदायिक बालबिकास पुस्तकालय साँचल सानेपाद्वारा आयोजित बालकथालेखन प्रतियोगितका विजयी बाल कथाकार तथा नृत्य प्रतियोगिताका विजयी प्रतियोगीहरूलाई समेत प्रमाण पत्र वितरण गरिएको थियो ।

**एघारौं पुस्तकालय दिवस मूल समारोहको कार्यक्रम**

समय: विहान ८.३० बजे

स्थान: रुसी साँस्कृतिक केन्द्र, कमलपोखरी

मिति २०७५ साल भाद्र १५ गते शुक्रबार

**कार्यक्रम:**

९.०० शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव तथा मूल समारोह समितिका उपाध्यक्ष श्री सूर्यप्रसाद गौतमज्यूबाट सभापतिको आसन ग्रहण

९.०० शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा मूल समारोह समितिका अध्यक्ष श्री खगराज बरालज्यूबाट प्रमुख आतिथ्यता ग्रहण

९.०३ विशिष्ट पाहुनहरूबाट आसन ग्रहण

डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका अध्यक्ष डा. तुलसीप्रसाद भट्टराई

त्रिवि केन्द्रीय पुस्तकायका प्रमुख, इन्द्रप्रसाद अधिकारी

पुर्व विज्ञान तथा प्रविधि मन्त्री श्री गणेश शाह

डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका सदस्य सामुदायिक बाल विकास पुस्तकालयका अध्यक्ष इन्दिरा दली

त्रिवि पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख श्री भीमध्वज श्रेष्ठ

नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुख उपेन्द्रप्रसाद मैनाली

केसर पुस्तकालय प्रमुख दशरथ मिश्र

आरसिएसीका प्रमुख युलिया आन्द्रोशोभा

द एशिया फाउण्डेसनका देशिय प्रतिनिधि

रिड नेपालका अध्यक्ष, भोलाकुमार श्रेष्ठ

नेलाफाका महासचिव धनकुमार श्रेष्ठ

उपसमितिका संयोजकहरू:

श्री जुजुभाइ डंगोल

गोविन्दराज दाहाल

यादवचन्द्र निरौला

९.१० खादा अर्पण तथा राष्टिय गान

९.१५ शिक्षा मन्त्रालय, पुस्तकालय समन्वय तथा अभिलेख शाखाका शाखाप्रमुख तथा एघारौं पुस्तकालय दिवस मूल समारोह समितिका सदस्य सचिवबाट पाहुनाहरूको स्वागत

प्रमुख अतिथिबाट दीप प्रज्जवलन गरी समारोहको उद्घाटन

९.२० प्रमुख अतिथिबाट एघारौ पुस्तकालय दिवस स्मारिका विमोचन, उत्कृष्ट पुस्तकालयकर्मी, पाठक तथा पुस्तकालयलाई सम्मानित गर्ने उपत्यकाव्यापी निवन्ध प्रतियोगिता, कथालेखन प्रतियोगिता तथा नृत्य प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण

९.३० पुस्तकालयः रत्न पुस्तकालय

९. ३३ व्यक्तिः बद्रीनाथ भण्डारी

९.३५ पाठकः देवेन्द्रराज कंडेल

९.३७ उपसमितिका तर्फबाट पुस्तकालयविद् इन्दिरा दलीवाट मन्तव्य

९.४५ पुरस्कृत व्यक्ति तथा संस्थाका तर्फबाट मन्तव्य शशीविक्रम राणा, अध्यक्ष, रत्न पुस्तकालय वानेश्वर

९.५५ समग्र पुस्तकालयका तर्फबाट डा. तुलसीप्रसाद भट्टराईबाट मन्तव्य

१०.०० आरएसियसका निर्देशक युलिया आन्द्रोशोभाबाट मन्तव्य

१०.०५ पूर्व विज्ञान तथा प्रविधि मन्त्री गणेश शाहाबाट मन्तव्य

१०.१० प्रमुख अतिथिबाट धन्यबाद सहित संवोधन र सभा विसर्जन

१०.२५ जलपान

## उपत्यका बाहिर

### १. पर्वत

फलेवास नगरपालिका वडा नं ५ स्थित मोती सामुदायिक पुस्तकालय वि.स. २०१६ सालमा स्थापना भई विभिन्न अवरोधका वावजुद प्रदेश नं ४ कै नमुना पुस्तकालयको रूपमा स्थापित हुन थालेको छ। पर्वत जिल्लाको दक्षिण पुर्वमा रहेको यस पुस्तकालयले ११औ पुस्तकालय दिवस (भाद्र १५ को) का अवसरमा साप्ताहिक रूपमा विविध कार्यक्रम गरी मनायो। वालबालिकादेखि ज्येष्ठ नागरिकहरूलाई समेटिएर गरिएको साप्ताहिक कार्यक्रममा फलेवास नगरपालिका वडा नं ५ मा भाद्र ९ गतेका दिन भवानी पोखरा टोल सुधार समिति र मोती पुस्तकालयका प्रतिनिधिहरूसंगको संयुक्त आयोजनामा गाउँघर सरसफाई सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। साथै पुस्तकालय हलमा सो पुस्तकालयको प्राविधिक ज्ञान सेवा कार्यक्रम अन्तर्गत बर्खे तरकारी खेतीमा देखिएको समस्या, धान खेतीमा लाग्न सक्ने रोगहरू र मुलाखेती गर्ने प्रविधि, माटोको तयारी, मलखादको प्रयोग, मुलाको विउ छनौट, विउ उपचार पछि लगाउने तरिका वारे फलेवास नगर कृषि अधिकृत श्री नारायण शर्मासंग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो।

वडा कार्यलय खानीगाउँको प्राविधिक सहयोगमा खानीगाँउका १ र २ वडाका पशुपालक किसानसंग वर्षादको समयमा पशुमा लाग्ने रोग, रोग नियन्त्रण तथा चिसो घाँसले गाई भैसीमा पर्ने असर र यसवाट जोगिने उपायबारेमा अर्न्तक्रियाको आयोजना गरिएको थियो।

यसवाहेक अन्तर नगरपालिका आधारभुत विद्यालय कक्षा १ देखि ८ सम्मका बालबालिका विच स्वच्छ सफा समाजको परिकल्पना गरि मनपरेको विषयमा चित्रकला प्रतियोगिता, पुस्तकालय दिवसको आदर्श वाक्य समृद्ध पुस्तकालयः सुदृढ समाज शीर्षकमा अन्तर मा.वि. स्तरीय निवन्ध लेखन प्रतियोगिताको आयोजना गरियो।

समापन समारोह भाद्र १५ गते मोती सामुदायिक पुस्तकालयका अध्यक्ष कृष्णराज पौडेलको अध्यक्षतामा गरिएको थियो।

### २. वझाङ

जयपृथ्वी नगरपालिका वडा नं. १० मा रहेको जयपृथ्वी सामुदायिक पुस्तकालयले स्थानीय समुदायको उपस्थितिमा पुस्तकालय र पठन संस्कृतिसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो।

### ३. संखुवासभा

स्वास्थ्य अधिमार तथा सूर्ति नियन्त्रण जिल्ला सञ्जाल संखुवासभा र जनसेवा सार्वजनिक पुस्तकालय तथा खाँदवारी सार्वजनिक पुस्तकाल संयुक्ता योजनामा पुस्तकालयसम्बन्धी अन्तक्रिया तथा १३ जना अनाथ बालबालिकाहरूलाई रू.४५०० बराबरको लेखन सामग्री वितरण गरिएको थियो। सोहिदिन हिमालय आधार भूत विद्यालय राम्चेले पुस्तकालयको महत्व विषयक बक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको थियो।

### ४. पर्सा

स्वास्थ्य अधिकार तथा सूर्ति नियन्त्रण जिल्ला सञ्जाल वीरगन्ज पर्साको आयोजनामा माध्यमिक विद्यालयस्तरीय निवन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको थियो । सो प्रतियोगितामा १५ जना प्रतियोगीहरूले भाग लिएका थिए ।

### ५. उदयपुर

संगम सामुदायिक पुस्तकालय तथा स्वास्थ्य अधिकार तथा सूर्ति नियन्त्रण सञ्जाला उदयपुरको संयुक्त आयोजनामा पुस्तकालयको आवश्यकता र महत्वका वारेमा अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

### ६. सप्तरी

फत्तेपुरमा विद्यार्थीहरूविच हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरीएको थियो । सो प्रतियोगितामा विभिन्न विद्यालयका १५ जना प्रतियोगीहरूले भाग लिएका थिए । यसैगरी समुदायका महिलाहरू वीचमा पपुस्तकालयको महत्व विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । यसैगरी प्रयास पुस्तकालय फत्तेपूर सप्तरीले सप्तकोशी नगरपालिका भित्र रहेको सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय स्तरीय बक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको थियो ।

### ७. रूपन्देही

"समृद्ध पुस्तकालय सुदृढ समाज" भन्ने मूल नाराकासाथ लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र सैनामैना-८, बाँसगढीले एघारौं पुस्तकालय दिवस तथा छैठौं सधारण सभा सम्पन्न गरेको थियो ।

### ८. चितवन

सौराहा सामुदायिक पुस्तकालयमा ११औं पुस्तकालय दिवसको अवसरमा महिला सशक्तीकरण सम्बन्धी एकदिने अन्तरक्रिया कार्याक्रमको आयोजना गरियो । सो का साथै परम्परा र संस्कृती जोगाउनको लागि महिला प्रतियोगीहरूवीच बत्ती कात्ने प्रतियोगिताको आयोजना गरियो । सो प्रतियोगितामा सरस्वती चालिसेले प्रथम स्थान हासिल हुनु भएको थियो ।

यसैगरी एघारौं राष्ट्रिय पुस्तकालय दिवस वीरेन्द्र बहुमुखी क्याम्पसमा पनि विविध कार्यक्रमको आयोजना गरी मनाइयो ।

रामेश्वर पुस्तकालय तथा वाचनालय र ब्राह्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा क्षेत्रपुरमा भरतपुर महानगरपालिका अन्तर मा. वि. स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरियो ।

दोभान पुस्तकालय भरतपुर-१० चितवनमा चितवन पुस्तकालय संघले ११औं पुस्तकालय दिवसको मूल नारा "समृद्ध पुस्तकालय सुदृढ समाज" मा २०७५ भाद्र १५ गते विविध कार्यक्रम गरी भव्य रूपमा मनायो । भाद्र १४ गते पुस्तकालय अवलोकन तथा भाद्र १५ गते चितवन पुस्तकालय संघ र दोभान पुस्तकालयको संयुक्त आयोजनामा "साहित्यिक कवि गोष्ठी" कार्यक्रम दोभान पुस्तकालय भरतपुर-१० (कालिका मन्दिर नजिकै) सञ्चालन गर्यो ।

यसैगरी रत्नमान टेकबहादुर दिव्यज्योती सामुदायिक पुस्तकालय, चितवनले चित्रकला तथा वक्तृत्वकला प्रतियोगिताको आयोजना गिरएको थियो । यसैगरी गर्दी सामुदायिक पुस्तकालयले निवन्ध तथा साहित्यिक कार्यक्रमको आयोजना गरेर मनायो ।

### ९. नुवाकोट

जनजागरण पुस्तकालय नुवाकोटमा आधारभूत विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरियो ।

### १०. नवलपरासी

प्रगतिनगर सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, देवचूली नवलपरासीले निमाविस्तरीय चित्रकाला तथा प्राविस्तरीय हस्तकला प्रतियोगिताको आयोजना गरेर पुस्तकालय दिवस मनायो । यसैगरी जहदा सामुदायिक पुस्तकालय नवलपरासीले प्राविस्तरीय चित्रकला प्रतियोगिताको आयोजना गरियो । यस्तै फूलबारी सामुदायिक पुस्तकालयले पनि आधारभूत (निमावि) विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरी मनायो भने देउराली सामुदायिक पुस्तकालयले स्थानीय जनतामाध्यमिक विद्यालयस्तरीय अन्तरसदनात्मक हिज्जेप्रतियोगिताको आयोजना गरेर मनायो । उता अग्यौली अन्तरमाध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गररे मनायो ।

### ११. कैलाली

**कैलाली जनपुस्तकालय, धनगढी**

११ औ पुस्तकालय दिवसको अवसरमा एकै साथ दुई पुस्तक विमोचन गरिए । कैलाली जन पुस्तकालयले

आयोजना गरेको कार्यक्रममा मनिराज अभिनन्दन ग्रन्थ र देवराज आचार्य स्मृति ग्रन्थ विमोचन गरिएका हुन । विमोचन कृतिका बारेमा साहित्यकार श्रेष्ठ प्रिया पत्थरले समीक्षा गरेको थिए । कार्यक्रमका स्रष्टाहरूले आफ्ना रचना वाचन गरेका थिए भने समृद्ध पुस्तकालयः सुदृढ समाज मूल नाराका साथ पुस्तकालय दिवस पनि मनाईएको थियो । कैलाली जनपुस्तकालयका अध्यक्ष डा. टिएन जोशीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि प्रदेश नम्बर ७ का प्रदेश प्रमुख मोहनराज मल्ल रहेका थिए । कार्यक्रममा नवजीवन शहकारी संस्था लिमिटेडकाअधध्यक्ष चक्रबहादुर सिंहलाई सम्मान समेत गरिएको थियो ।

**प्रतिभा सामुदायिक पुस्तकालय, गोदावारी**

प्रतिभा सामुदायिक पुस्तकालयका दानदाता एवं वर्तमान् सल्लाहकार समिति सदस्य समाजसेवी श्री बद्रिनाथ भण्डारीज्यू मिति २०७५ साल भाद्र १५ गते काठमाण्डौमा भएको एघारौं पुस्तकालय दिवस मूल समारोहमा नेपाल सरकारका शिक्षा सचिव खगराज बरालज्यूबाट सम्मानित हुनु भएकोमा पुस्तकालय परिवार हार्दिक बधाई ज्ञापन गर्दछ भनेर समाचार प्रकाशन गरेको छ । सुदूर पश्चिमाञ्चल साहित्य समाज, धनगढीले करिब ३६० पृष्ठको 'बद्रीनाथ अभिनन्दन (ग्रन्थ' शीघ्र प्रकाशन तथा लोकार्पण गर्दै छ ।

**भानु सामुदायिक पुस्तकालय, टीकापुर**

यस पुस्तकालयले सप्ताहव्यापी रूपमा दिवस मनाउने क्रममा साप्ताहिक योजना अनुसार मिति २०७५/५/९ गते पहिलो दिन टीकापुर-७, सत्ती बजार सरसफाई कार्यक्रम सञ्चालन गऱ्यो । उक्त सरसफाई कार्यक्रममा भानु सामुदायिक पुस्तकालयका पदाधिकारीहरू, युवा नेतृत्व उपसमितिका युवाहरू, प्रहरी चौकी सत्तीका ईन्चार्ज धनबहादुर नाथ सहितको प्रहरी टोली, स्थानीय ब्यावसायी, स्थानीय युवाहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्य सरसफाई मात्र गर्ने नभई आफ्नो वरपरको वातावरण स्च्छ राख्ने सबै घर परिवार र व्यक्तिहरूको दायित्व हो भनी बोध गराउने र स्वच्छ वातावरण नै स्वस्थ्य जीवनको आधार हो भनी चेतना जगाउने रहेको थियो ।

**टिकापुर सामुदायिक पुस्तकालय**

यस पुस्तकालयले माध्यमिक विद्यालयस्तरीय बक्तृत्वकलाको आयोजना गरी मनायो ।

**१२. दाङ**

घोराही उपमहानगरपालिकाको आयोजनामा पहिलो पटक आफ्नै सभाहलमा एक कार्यक्रमको आयोजना गरी ११औं पुस्तकालय दिवस २०७५ मनाइएको छ । कार्यक्रममा सर्वोदय पुस्तकालय तथा वाचनालयका अध्यक्ष शुसिल गौतम, नागरिक समाज दाङका संयोजक चन्द्रराज पन्त, राप्ती साहित्य परिषद्का अध्यक्ष पुरुषोतम खनाल, दाङ जिल्ला उद्योग बाणिज्य संघका अध्यक्ष नारायण भुसाल, नेपाल पत्रकार महासंघका कोषाध्यक्ष आर. के सितल, दाङ पुस्तकालय संघका अध्यक्ष बसन्त पुन, प्याबसन दाङका अध्यक्ष यादव गिरी लगायत स्थानीय बुद्धिजीवि, शिक्षक, कर्मचारी, पुस्तकालयकर्मी र विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले दाङमा पुस्तकालयको महत्व र आवश्यकता माथी चर्चा गर्दै पुस्तकालयको विकासमा जोड दिएका थिए ।

**१३. सिराहा**

सिर्जना सामुदायिक पुस्तकालय सिराहाले मोवाइल तथा इन्टरनेटमार्फत्र हुने सामाजिक अपराध कम गर्न युवाहरूसंग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरी पुस्तकालय दिवस मनायो ।

**१४. बर्दिया**

बाँसगढी सामुदायिक पुस्तकालय र त्रिभुवन सामुदायिक पुस्तकालयको संयुक्त आयोजनामा लागू औषध न्यूनीकरणमा युवाहरूको भूमिका विषयक बक्तृत्वकला तथा बर्दिया जिल्लामा समृद्ध पुस्तकालय विषयमा श्रुतिलेखन तथा विद्यालयस्तरीय बक्तृत्वकला प्रतियोगिताको आयोजना गरियो । यसैगरी कालिका सामुदायिक पुस्तकालय बर्दियाले पुस्तकालयको महत्व र आवश्यकता विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो ।

**१५. म्याग्दी**

पुस्तकालय दिवस मूलसमारोह समिति म्याग्दीको आयोजनामा भदौ १५ गते म्याग्दी सामुदायिक पुस्तकालयमा " एक घण्टाको समय पुस्तकालयलाई" कार्यक्रमको आयोजना गरियो ।

सामुदायिक तथा विद्यालयस्तरमा पुस्तकालय भएपनि अध्यन गर्ने बानीको विकास हुन नसकेको अवस्थामा जिल्लाका सरकारी कार्यालयका प्रमुख, स्थानीय जनप्रतिनिधि तथा पत्रकारहरूले एक घण्टा पुस्तकालयमा आई विभिन्न पुस्तक पढेर विताएका थिए ।

कार्यक्रममा म्याग्दी सामुदायिक पुस्तकालयका अध्यक्षले पुस्तकालयका गतिविधीहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउँदै यस पुस्तकालयले पाठकलाई पुस्तक तथा पत्रपत्रिका पढ्ने सुविधाका अतिरिक्त अन्य विविध सचनात्मक तथा सीपमूलक कार्यक्रम समेत सञ्चालन गरिरहेको बताउनु भएको थियो ।

**१६. बागलुङ**

नेपालकै पुरानो सामुदायिक पुस्तकालय विद्यामन्दिर पुस्तकालय बागलुङको आयोजनामा सप्ताहव्यापी कार्यक्रम गरी मनाइयो । सो अवसरमा बोल्ने वक्ताहररूले साँच्चै समाजलाई राम्रो बनाउने हो भने प्रत्येक गाउँमा सामुदायिक पुस्तकालय खोल्नुपर्ने धारणा राखेका थिए । सरकारले एक स्थानीय तह एक नमूना पुस्तकालय भनेर जुन नारा अगाडि सारेको छ, यसलाई व्यावहारिक रूपमा लागू गराउन सके यसले समाजलाई सकारात्मक प्रभाव पार्ने विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राजेशचन्द्र राजभण्डारीले बताउनु भएको थियो ।

**१७. बाँके**

कोहलपुरमा रहेको ज्ञानोदय सामुदायिक पुस्तकालय तथा श्रोत केन्द्रले मा. वि. स्तरीय बक्तृत्वकला प्रतियोगिता आयोजना गरेर ११औं पुस्तकालय दिवस मनायो ।

**१८. धनुषा**

सुहृद् पुस्तकालयले अन्तर्माध्यमिक जनकपुरधाम नगर स्तरीय हाजिरी जवाफ प्रतियोगिताको आयोजना हुने सो कार्यक्रममा रचना वाचन तथा अन्य प्रस्तुतिहरू पनि गरिएका थिए ।

**१९. मकवानपुर**

उत्तरी मकवानपुर जिल्लाको थाहा नगरपालिकाको दामनमा रहेको नवजागृत पुस्तकालयले ११औं पुस्तकालय दिवसको अवसरमा चियापान तथा छलफल कार्यक्रमको आयोजना गर्यो । वि. सं. २०२५ साल भाद्र १५ गते स्थापना भएको यस पुस्तकालयका अध्यक्ष मधुसूदन रायमाझीले सूचना तथा सञ्चार प्रविधिको विकासका कारण सञ्चार क्षेत्रमा मानिसको पहुँच बढेपछि पुस्तक पढ्ने पाठकहरू पाउँनै गाह्रो भएको अनुभव सुनाउनु भयो ।

**२०. कास्की**

'समृद्ध पुस्तकालयस सुदृढ समाज' भन्ने आदर्श वाक्यका साथ ११ औँ पुस्तकालय दिवस पोखरामा विविध कार्यक्रमहरूका साथ मनाइयो ।२०७५ भाद्र १५ गते, शुक्रबार, सूर्यचन्द्र विकास समाजको प्राङ्गण, मालेपाटनमा आयोजित कार्यक्रममा पुस्तकालय दिवसबारे परिचर्चा, ऐतिहासिक पुस्तकालयको सम्मान, स्मारिका विमोचन तथा पुस्तक हस्तान्तरण आदिजस्ता विविध कार्यक्रमहरूको आयोजना गरिएको थियो । समारोहका प्रमुख अतिथि प्रदेस मन्त्री विकास लम्सालले सुर्यचन्द्र विकास समाज रजत विशेष स्मारिका विमोचन गर्नुभयो । सो अवसरका तनहुमा रहेको भानु पुस्तकालय सम्मानित गरियो । कास्कि जेलका वन्दिलाई पुस्तक उपहार प्रदान गरियो ।

यसैगरी दिपशिखा सामुदायिक पुस्तकालय लेखनाथले पुस्तकालय परिसर सरसफाइ, माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता तथा बालनृत्य प्रतियोगिताको सञ्चालन गर्यो ।

**२१. सुनसरी**

सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं. ५ पचरूखी स्थित जनजागरण पुस्तकालयले एघारौं पुस्तकालय दिवस भव्यरूपमा मनाएको छ । पुस्तकालयले हरेक महिनाको तेस्रो शनिबार नियमित रचना वाचन कार्यक्रको पन्ध्रौं श्रृङ्खलाको कार्यक्रम एघारौं पुस्तकालय दिवससँग मिलाएर भाद्र १५ र १६ गते दुईदिन मनायो।उक्त कार्यक्रममा इटहरी आसपासका साहित्यप्रेमी समुदाय तथा सहित्यका सर्जक कवि, कवयित्री साथै पुस्तकालयका सदस्यहरूको उपस्थिती रहेको थियो ।

**२२. झापा**

शिक्षा विकास तथा समन्वय इकाइ झापा र बालसुबोधिनी आधारभूत विद्यालयले पुस्तकालय दिवसका अवसरमा बाल सुबोधिनी आधारभूत विद्यालय झापामा अन्तर सदनात्मक बक्तृत्वकला प्रतियोगिताको आयोजनामा सम्पन्न भयो । यसैगरी गौराहादह सामुदायिक पुस्तकालय गौराहादहमा भाद्र १५ गते अन्तर मा.वि. स्तरीय हाजिरीजवाफ प्रतियोगिता र १६ गते जेष्ठनागरिक सम्मान कार्यक्रम गरी भव्यताका साथ मनाइयो । सो प्रतियोगितामा गोल्डेन सनराइज बोर्डिग स्कूल प्रथम भएको थियो । मेचीनगर नगरपालिकाको सहयोगमा त्रिफला राष्ट्रिय पुस्तकालयमा विविध कार्यक्रमको आयोजना गरियो ।

**२३. सुर्खेत**

११ औं पुस्तकालय दिवसका अवसरमा औपचारिक रूपमा सुर्खेतमा सामुदायिक पुस्तकालय स्थापना अभियानको

सुरुवात गरियो । पुस्तकालय स्थापनाको प्रारम्भिक विषयमा आवश्यक छलफल र पूर्व तयारी वैठकको आयोजना गरियो । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा एक आधुनिक सामुदायिक पुस्तकालय आवश्यक छ भन्ने लाग्ने सम्पूर्णलाई उक्त छलफलमा उपस्थितिका इच्छुक सबैलाइ सामाजिक सञ्जालमार्फत नै उपस्थितिका लागि अनुरोध गरिएको थियो । भदौ १५ गते अमेरिकन कर्नर सुर्खेतमा कार्यक्रमको आयोजना गरिएको थियो ।

२४. **मोरङ**

राष्ट्रिय पुस्तकालय केराबारी मोरङले विपन्न वालबालिका सहयोग पाठ्यपुस्तक वितरण, केराबारी स्कूलस्तरीय वक्तृत्वकला र रचना वाचन गरी मनायो । कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभा सदस्य उपेन्द्र घिमिरे, पुस्तकालयका संस्थापक सदस्य पार्थप्रताप राणा, अतिथि मेदनि बराल, अतिथि मोहन काफ्लेज्यूको आतिथ्यमा मनाईएको थियो ।

२५. **गोरखा**

गोरखाको महालक्ष्मी मा.वि. लक्ष्मीबजारमा विद्यालयको प्रार्थनामा शिक्षक र विद्यार्थीहरू सबैले ५ मिनेट पुस्तक पढेर पुस्तकालय दिवस मनाइयो।

२६. **तनहुँ**

तनहुँको आदिकवि भानुभक्त क्याम्पस दमौलीमा भानुभक्तीय रचनाको प्रतियोगितात्मक पाठको आयोजना गरी मनाइयो।समारोहका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठी हुनुहुन्थ्यो । यसैगरी श्री राधा मा वि, म्याग्दे २ जामुने तनहुँमा विद्यार्थीहरूको रक्तसमूह छुट्याएर मनाईयो भने पवित्रा मा.वि. मा पुस्तकालय दिवस विशेष कार्यक्रमको आयोजना गरी मनायो । साथै धर्म मा.वि. भिमाद-६ बाघटारमा मनाइयो । उक्त अवसरमा रू.१५००० को आरिया श्रेष्ठ छात्रवृत्ति कक्षा ९ मा अध्ययनरत छात्रा सपना थापा लाई वितरण गरियो ।

२७. **लमजुङ**

लक्ष्मीनारायण सामुदायिक पुस्तकालय बेशीशहरमा अन्तरमाध्यमिक स्तरीय वक्तृत्वकलाको आयोजना गरी मनाइयो ।

२८. **इलाम**

इलाममा पुस्तकालय परिसरमा सरसफाइ तथा पठन संस्कृति विकास सम्बन्धमा छलफल र अध्ययन कार्यक्रमको आयोजना गरी मनाइयो ।

२९. **काभ्रेपलाञ्चोक**

ज्ञान विकास पुस्तकालय, पनौति

गतवर्ष नेपालकै उत्कृष्ट सामुदायिक पुस्तकालय घोषित हुन सफल पनौतीको ज्ञान विकास पुस्तकालयले ११औं पुस्तकालय दिवसको अवसरमा विविध कार्यक्रमको आयोजना गरेर मनाएको छ। विभिन्न संस्थाहरूसँग सहकार्य गर्दै सामाजिक कार्य समेत गर्दै आएको पुस्तकालयले १५ दिने पुस्तकालय व्यवस्थापन तालिम तथा सुनौला हजार किताबको उद्घाटन समेत गरेको छ ।

पुस्तकालय दिवसका अवसरमा पुस्तकालयले सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गरेको थियो । जसअनुसार स्पेलिङ कन्टेस्ट, चित्रलेखन प्रतियोगिता, निबन्धलेखन प्रतियोगिताको आदि । स्पेलिङ कन्टेस्टतर्फ क्रमशः पनौती बोर्डिङले सान्त्वना, एस ओ एसले तृतीय, अरुणोदयले द्वितीय र सामुदायिक प्रथम स्थान हाँसिल गरेका थिए ।

चित्र लेखनतर्फ नवरत्न बोर्डिङले सान्त्वना सूर्योदयले तृतीय, पनौती बोर्डिङ द्वितीय र नमोबुद्ध बोर्डिङ प्रथम भएका थिए। त्यसैगरी निबन्ध लेखनतर्फ सूर्योदय सान्वना, नमोबुद्ध तृतीय, अरुणेदय द्वितीय र काभ्रे बोर्डिङ प्रथम भएका थिए। विजेता स्कूल तथा विद्यार्थीहरूलाई प्रमाणपत्र तथा उपाहारबाट पुरस्कृत गरिएको थियो ।

सुविधायुक्त भवन रहेको पुस्तकालयले पुस्तकहरू सँगै आधुनिक विद्युतीय प्रविधिमा आधारित रहेरसमेत सेवा प्रदान गरेको छ भने समुदायमा आधारित रहेर माटो परीक्षण, कृषि क्षेत्रमा विभिन्न कार्यक्रम, अनौपचारिक कक्षा सञ्चालन, स्वास्थ्य शिविर, छाडा कुकुरको बन्ध्याकरण, स्वास्थ्य जानकारी शिविर, सांस्कृतिक कार्यक्रम लगायतका कार्य गर्दै आएको छ। त्यसैगरी पुस्तकालयले नेपालमै बस्दा वा विदेशमा सुरक्षित बसाइका विषयमा जानकारी दिन कार्यक्रम संचालन गर्न लागेको कुरा पुस्तकालयलका अध्यक्ष श्रेष्ठले जानकारी दिएका थिए ।

**३०. गुल्मी**

किरण पुस्तकालय गुल्मीले एक कार्यक्रम गरि सम्पन्न भयो । यो पुस्तकालय बाट २०३० देखि नियमित रूपमा हाम्रो पुरुषार्थ नामक पत्रिका प्रकाशन गरिरहेको छ । सो पत्रिका प्रेस काउन्सिल बाट 'क'बर्ग मा सुचिकृत भएको छ। किरण पुस्तकालय ले आफ्नो स्वर्ण वर्षको अवसरमा भाद्र २४ गते प्रदेश नंवर पाँचस्तरिय प्रथम पुस्तकालय सम्मेलनको आयोजना गरेको थियो ।

**३१. स्याङ्जा**

११औं राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा सूर्योदय क्लव र रूम टु रीडको संयुक्त आयोजनामा घुम्ति पुस्तकालय सेवा सञ्चालनको थालनी गरियो । साथै जनहित पुस्तकालय वालिङको समुद्घाटन, विद्यालयको पञ्चवर्षीय योजना निर्माण, अन्तरक्रिया कार्यक्रम जनहित मावि थुमपोखरा प्राङ्गणमा वालिङ नगरपालिका वडा नं. १४ का वडाध्यक्ष झम्मरबहादुर श्रेष्ठको प्रमुख आतिथ्यतामा भव्य रूपमा सम्पन्न भयो । सो अवसरमा निबन्ध, चित्रकला, पठन वेग, स्मरण खेलको आयोजना गरिएको थियो । उत्कृष्ट प्रतियोगीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

**३२. रूपन्देही**

**बुटवल**

एघारौं पुस्तकालय दिवसका अवसरमा आयोजित कार्यक्रम तथा अतिरिक्त क्रियाकलापको समापन, महिलाहरूको हरितालिका तिज तथा श्री कृष्ण जन्माष्टमीको अवसरमा आदर्श आधारभूत विद्यालयमा कार्यरत महिला शिक्षिकाहरूलाई शिक्षकहरूले दर खुवाउने कार्यक्रमको आयोजना गरिएको थियो ।

यसैगरी लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालय, सैनामैनाले पुस्तकालयको वार्षिकोत्सव तथा पाठक सम्मान कार्यक्रमको आयोजना गरेर मनायो ।

**३३. सिन्धुपाल्चोक**

इन्द्रावती सामुदायिक पुस्तकालय तथा श्रोत केन्द्रमा वडा अध्यक्ष जीवन कुमार थापाको प्रमुख आतिथ्यमा गाउँपालिका स्तरिय मा. वि. तहको वक्तृत्वकला प्रतियोगिता, वडास्तरीय आधारभुत तहको चित्रलेखन प्रतियोगिता साथै र्‍यालीको आयोजना गरिएको थियो ।

**३४. दाङ**

**घोराही,**

घोराही उपमहानगरपालिकाले आयोजना गरेको अर्न्तक्रिया कार्यक्रममा बोल्ने बक्ताहरूले पठन संस्कृतीले नै बौद्धिकताको विकास हुने र भौतिक विकासलाई मूर्तरूपमा दिने बताएका थिए ।

जिल्ला समन्वय समितिका प्रमुख जितेन्द्रमान नेपाली अध्ययन विना कुनै पनि विकास हुन नसक्ने बताए । पढाईले नै ज्ञान, सिप, क्षमता, बिचारको विकास हुने भन्दै उनले स्थानीय सरकारले गाउँगाउँमा पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना गर्नुपर्नेमा जोड प्रमुख अतिथिले दिनु भएको थियो ।

**३५. पाल्पा**

धवल पुस्तकालय पाल्पाले पुस्तकालयको महत्व सम्बन्धमा बिचार गोष्ठीको आयोजना गरेको थियो । यस्तै श्री रविकिरण पुस्तकालयले बिबिध कार्यक्रम गरी पुस्तकालय दिवस मनायो । सो पुस्तकालयले कक्षा १-३ विद्यार्थीहरूवीच अनु लेखन प्रतियोगिता, कक्षा ४-५ का विद्यार्थीहरूवीच चित्रकला प्रतियोगिता र कक्षा ६-१० का विद्यार्थीहरूवीच निबन्ध लेखन प्रतियोगिताको आयोजना गरेर मनायो ।

यस्तै श्री जनजागृति आधारभूत विद्यालय विरूवा ७ तल्लो बलेउमा स्थापना गरिएको पुस्तकालयको पाँचौ वर्ष र ११ औं पुस्तकालय दिवस विविध कार्यक्रमको आयोजना गरी मनायो । साथै श्री जनशान्ति माध्यमिक बिद्यालय, रामपुर -९ अर्बसिंमा निबन्ध लेखन प्रतियोगिताको आयोजना गरियो ।

**३६. सल्यान**

सल्यानको त्रिबेणि गाउपालिका, रुम टु रिड तथा दलित बिकास समाजको सहयोगमा नेपाल रास्ट्रीय मा.बि. फलाबाङमा पुस्तकालयको उदघाटन गरियो । साथै भाद्र २३ गतेसम्म सप्ताहब्यापी रूपमा सल्यानभर विविध कार्यक्रम गरी पुस्तकालय दिवस मनाइयो ।

बाह्रौं पुस्तकालय दिवस २०७६ का अवसरमा मेरो पुस्तकालय शिर्षकमा आयोजित विद्यालय स्तरीय चित्रकला प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका सम्मका प्रतियोगि बिच सान्त्वना स्थान हासिल गर्न सफल चित्र




गिनिज बुढा, कक्षा ८, पद्मकन्या मा.वि.

## बाह्रौं पुस्तकालय दिवस २०७६ को आदर्श वाक्य

**"पठन संस्कृतिको पूर्वाधार: पुस्तकालयको विकास र विस्तार"**

लाई सफल बनाउन पुस्तकालयको स्थापना र स्थापित पुस्तकालयको क्षमता अभिबृद्धि गर्ने कार्यमा हामी सबै लागि परौं भन्ने अनुरोध गर्दै पुस्तक तथा पुस्तकालयप्रेमी सबै महानुभावहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



मनमाया श्रेष्ठ
संरक्षक

MANARAM
FOUNDATION



सुजनकुमार श्रेष्ठ
अध्यक्ष

तथा

## लायन्स मनराम प्रतिष्ठान २००५ नेपाल परिवार

पुस्तकालय दिवस
Library Day

**Publisher**

Twelveth Library Day Main Organizing Committee